# अठारौं वार्षिक प्रतिवेदन

(२०८१ श्रावणदेखि २०८२ असार समान्तसम्म)




## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोग

# अठारौं वार्षिक प्रतिवेदन

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोग

## अठारौं वार्षिक प्रतिवेदन

### (२०८१ श्रावणदेखि २०८२ अषाढ मसान्तसम्म)

प्रकाशक : राष्ट्रिय महिला आयोग
प्रकाशन मिति : २०८२ असोज
प्रकाशन प्रति : ५०० प्रति
सर्वाधिकार : राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

सङ्कलन तथा संयोजन
श्री सीता अधिकारी (उप-सचिव)

कम्प्यूटर र सेटिङ्ग
श्री प्रकाश वि.क.

फोन नं. : ००-९७७-१-४२५६७०१
फ्याक्स नं. : ००-९७७-१-४२५९४११
ईमेल : info@nwc.gov.np
वेवसाइट : www.nwc.gov.np

मुद्रण : मनकामना प्रिन्टिङ्ग प्रेस
अनामनगर, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति
समक्ष प्रस्तुत गरिएको राष्ट्रिय महिला आयोगको

# अठारौं वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा राष्ट्रिय महिला आयोगबाट
२०८१ श्रावण १ देखि २०८२ अषाढ मसान्त सम्म सम्पादन
गरिएका कामकारवाहीहरु समेटिएका छन् ।

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल
फोन नं. : ००-९७७-१-४२५६७०१, फ्याक्स नं.: ००-९७७-१-४२५९४११
इमेल : info@nwc.gov.np, वेबसाइट : www.nwc.gov.np


प.सं.: २०८२/०८३ मिति : २०८२/०६/०२
च.नं.: ९०

**विषयः अठारौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाडौं।

नेपालको संविधानको धारा २९४ एवं राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २६ बमोजिम राष्ट्रिय महिला आयोगबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका काम कारवाहीहरुको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको व्यहोरा अनुरोध गर्दछु।

भवदीय
कमलाकुमारी पराजुली
अध्यक्ष

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



**कमलाकुमारी पराजुली**
अध्यक्ष



**कृष्णकुमारी पौडेल खतिवडा**
सदस्य



**विद्याकुमारी सिन्हा**
सदस्य



**सावित्राकुमारी शर्मा**
सदस्य



**रेखा कंडेल**
सचिव

# मन्तव्य

नेपाली महिलाको हक अधिकारको सुनिश्चितता र राज्यबाट भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन र अनुगमन गर्दै लैङ्गिक न्याय सुनिश्चित गर्ने उद्देश्यले वि.सं. २०५८ साल फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। नेपालको संविधान बमोजिम यस आयोगलाई संवैधानिक अधिकार प्रदान गरिएको छ। संविधानको धारा २५२ मा आयोगको गठन प्रक्रिया, धारा २५३ मा आयोगको काम, कर्तव्य र अधिकार तथा धारा २५४ मा प्रदेश कार्यालय स्थापना गर्न सकिने सम्बन्धी व्यवस्था गरिएको छ। राष्ट्रिय महिला आयोग सम्बन्धी संवैधानिक प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि राष्ट्रिय महिला आयोग ऐन, २०७४ र राष्ट्रिय महिला आयोग नियमावली २०७८ को समेत व्यवस्था भई आयोगले आफ्ना गतिविधिहरु संविधान र कानुन बमोजिम सञ्चालन गर्दै आएको छ।

२०७२ असोज ३ गते नेपालको संविधान जारी भएपछि लामो समय पदाधिकारी विहिन रहेको वि.सं. २०७७ माघ २१ गते अध्यक्ष सहित दुई सदस्य नियुक्ति भएसँगै आयोगले गर्ने कामकारबाही, नीतिगत पैरवी र सिफारिसका कार्यहरु एवं हिंसा पीडित महिलाहरूले पाउने सेवाको प्रभावकारिता वृद्धि भएको छ। आयोगको स्थापनाकाल देखिको यो प्रतिवेदन १८औं प्रतिवेदन हो र संवैधानिक रुपमा पदाधिकारीहरूको नियुक्ति भएपछिको पाँचौं वार्षिक प्रतिवेदन हो। आयोगले वर्षभरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने गरी नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले व्यवस्था गरे अनुरुप आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन तयार गरिएको छ।

हिंसा पीडित महिलाहरूलाई न्यायको पहुँचमा पुर्‍याउनका लागि खबर गरौं हेल्पलाइन ११४५ को २४ सैं घण्टा सञ्चालन हुनुका साथै महिला हिंसा सम्बन्धी उजुरी व्यवस्थापन गर्न मनोसामाजिक विमर्श, कानुनी परामर्श, कानुनी सहायता र सुरक्षित आश्रयस्थलको प्रबन्ध यस आयोगबाट भएसँगै हिंसाको जोखिममा रहनु भएका सबै नेपाली महिलाहरुले आयोगलाई एक आशाको धरोहर र कुशल अभिभावकको रुपमा ग्रहण गर्नुभएको छ। आम सरोकारवालाहरूको सुझावसँगै यस किसिमको सेवालाई थप सुदृढ गरी आम नेपाली महिलाको पहुँचमा पुर्‍याउनका लागि समेत आयोग अग्रसर भएको छ।

आयोगले संविधान प्रदत्त अधिकारको प्रयोग गर्दै आएका सचेतनामूलक कार्यक्रमहरू, अभियानहरू, अध्ययन अनुसन्धान एवं अनुगमनको माध्यमबाट प्राप्त भएका तथ्य तथ्याङ्कहरूको आधारमा गर्दिँदै आएका नीतिगत सिफारिसहरुबाट राज्यका कार्यकारी निकायहरु लैङ्गिकमैत्री नीति र कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनबाट लैङ्गिक समानताको गन्तव्य हासिल गर्नतर्फ उन्मुख भएको देखिन्छ। राज्यका कानुन निर्माण गर्ने निकायहरूले समेत आयोगले गरेका सुझाव र सिफारिसहरुलाई ग्रहण गर्दै

लैङ्गिक विभेदकारी कानुनी व्यवस्थाहरूको खारेजी र लैङ्गिकमैत्री कानुनहरूको तर्जुमा गर्ने लयतर्फ अग्रसर भएका थुप्रै उदाहरणहरु प्रस्तुत हुनु अत्यन्त सुखद पक्ष हो।

आयोगले आ.व. २०८१/०८२ मा सञ्चालन गरेका गतिविधि हरूको सारांशको रूपमा तयार गरिएको यो प्रतिवेदनका विषय सवालहरु एवं सुझावहरूलाई तीन तहकै सरकार र कानुन निर्माण गर्ने निकायहरूमा छलफल भई आयोगलाई भावी कार्य दिशामाथि थप दिशा निर्देश हुन सकोस् भन्ने अपेक्षा गरिएको छ।

हाल मुलुकको विषम परिस्थितिका कारण मानवीय तथा भौतिक क्षतिसँगै व्यक्तिका भावनहरूमा समेत गहिरो चोट र असर परेको छ। विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत पछाडि पारिएका समुदाय र समग्र समाज नै धरमराएको अवस्थामा छन। अतः यो संवेदनशील घडीमा सम्मानननीय राष्ट्रपतिज्यूको अनवरत प्रयास र अथक मेहनत तथा विवेकपूर्ण निचोडबाट निकास आएको अवस्थामा जे जस्तो परिस्थिति भएतापनि नेपालको इतिहासमा पूर्व प्रधान न्यायाधिश सुशिला कार्की पहिलो महिला प्रधानमन्त्री नियुक्त हुनु भएकोमा राष्ट्रिय महिला आयोगले गौरव महशुस गरेको छ। आफ्नो प्रीय सन्तान गुमाउनु भएका आमाबुबाहरु, जनधनको क्षति भएर विस्थापित हुनुभएका उद्यमी, व्यवसायी तथा सम्पूर्ण नागरिकहरूको पीडामा गहिरो दुःख प्रकट गर्दै, यस आन्दोलनमा भएको जन-धनको अपुरणीय क्षतिको छानबिन गरी पीडितलाई क्षतिपूर्तिसहितको न्याय र परिपूरणसंगै यस किसिमको अमानवीय कार्यमा संलग्नहरुलाई कानुन बमोजिम दण्ड-सजायको लागि समेत अनुरोध गर्दै, धैर्य र संयमतापूर्वक सहज परिस्थिति निर्माणका लागि आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्न गराउन समेत आग्रह गर्दछु। आगामी दिनमा आयोग स्वयम संवेदनशील भएर अगाडी बढने प्रण समेत गर्दछु।

अन्त्यमा, यस आयोगको सेवा प्रवाह र समग्र कार्यसम्पादनलाई प्रभावकारी बनाउन तथा सम्पूर्ण कार्यप्रगतिको आधारमा यो प्रतिवेदन तयार गर्नका लागि जुटनु हुने आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य सावित्रा कुमारी शर्मा, सचिव श्री रेखा कंडेल, सबै शाखा प्रमुखहरू लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।



कमला कुमारी पराजुली
अध्यक्ष

# कार्यकारी सारांश

१. यो प्रतिवेदन ११ वटा परिच्छेदमा तयार पारिएको छ। परिच्छेद-१ प्रारम्भिक, परिच्छेद-२ सँगठन संरचना, परिच्छेद-३ नेपालमा महिला सशक्तीकरण प्रयास र वर्तमान अवस्था, परिच्छेद-४ नेपालमा महिलाको विद्यमान अवस्था, परिच्छेद-५ आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका प्रमुख गतिविधिहरु, परिच्छेद-६ आ.व.२०८१/०८२ मा आयोगबाट संचालित कार्यक्रम तथा अध्ययन अनुसन्धानको विस्तृत विवरण, परिच्छेद-७ आयोगबाट भएका नीतिगत सिफारिसहरु तथा कार्यान्वयननको अवस्था, परिच्छेद-८ स्थलगत अनुगमन विवरण, परिच्छेद-९ उजुरी तथा मुद्दा व्यवस्थापन, परिच्छेद-१० लैङ्गिक न्याय तथा महिला सशक्तीकरणका सवालमा सन्देशमूलक सामग्री उत्पादन तथा प्रसारणका लागि नेपाल टेलिभिजन तथा रेडियो नेपालसँगको पाक्षिक कार्यक्रम विवरण र परिच्छेद-११ निष्कर्ष तथा भावी कार्यदिशाको शीर्षकहरु सँगसंगै केही अनुसूचीहरु तथा आयोगका गतिविधिहरु झल्कने तस्विरहरु समावेश भएका छन्।

२. यो राष्ट्रिय महिला आयोगको अठारौं प्रतिवेदन हो र आयोगले संवैधानिक निकायको मान्यता प्राप्त गरी सकेपछि तथा पदाधिकारी नियुक्तिले पूर्णता पाएपछिको यो पाँचौं प्रतिवेदन हो।

३. राष्ट्रिय महिला आयोगबाट सञ्चालित "खबर गरौं हेल्पलाइन ११४५" बाट देशभरका महिलाले टेलिफोन गरी आफू पीडित रहेको अवस्थामा जानकारी गराई हिंसाको प्रकृति अनुरुप आवश्यक सेवा लिन सक्ने प्रबन्ध गरिएको छ।

४. हिंसा पीडित महिलाले आयोगमा उजुरी गरे पछि घटनाको प्रकृति र पीडित महिलाको अवस्था अनुसार आयोगबाट मनोसामाजिक विमर्श, कानुनी सहायता, कानुनी परामर्श र सुरक्षित आश्रयस्थल जस्ता सेवाहरु उपलब्ध हुने प्रबन्ध गरिएको छ।

५. महिलाको हक हित प्रवर्द्धनको सवालमा नेपाल पक्ष बनेको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, महासन्धि र इच्छाधिन आलेखहरुको कार्यान्वयनको लागि गरिएका राष्ट्रिय पहलहरुको अनुगमन गरी नीतिगत सुझावको रुपमा पृष्ठपोषण गर्ने कार्यलाई आयोगले निरन्तरता दिइरहेको छ।

६. आयोगबाट उपलब्ध हुने विभिन्न सेवाहरुमध्ये जम्मा २८८५ जना सेवाग्रहीहरुले आ.व २०८१/०८२ मा प्रत्यक्ष रुपमा सेवा प्राप्त गर्नु भएको छ।

७. राष्ट्रिय महिला आयोगको छरितो संरचना र संङ्घीयस्तरको कार्यालय मात्र विद्यमान रहदा पनि आयोगको सेवा प्रवाह र नीतिगत कार्यहरु प्रभावकारी देखिएसंगै आयोगको सेवामा पहुँच विस्तार गर्न प्रदेश कार्यालय स्थापना गर्नु पर्ने आवश्यकता देखिन्छ।

८. महिला विरुद्ध हुने सयुक्त राष्ट्र संङ्घीय महासन्धिको सन्दर्भमा नेपालले पेश गरेको सातौं आवधिक प्रतिवेदन उपर नेपालका लागि प्राप्त भएका निष्कर्ष सुझावहरुको कार्यान्वयन, दिगो विकास लक्ष्यको कार्यान्वयन तथा नेपालको १६ औं आवधिक योजनामा समावेश भएका लैङ्गिकता र

विकास सम्बन्धी परिमाणात्मक लक्ष्यहरु हासिल गर्नुका लागि आवश्यक सुझाव र सिफारिस गर्नु राष्ट्रिय महिला आयोगको अबको मुख्य प्राथमिकताको विषय बनेको छ।

९. पछिल्लो दुई दशकको अबधिमा लैङ्गिक सूचकहरुमा तीब्र रुपमा सुधार हुदै आएकोमा पूर्ण लैङ्गिक समानता हासिल गर्नका लागि मौजूदा नीतिगत, संस्थागत र कार्यगत व्यवस्थाहरुमा थप सुधार गर्नु पर्ने देखिएको छ।

१०. आयोगबाट सञ्चालन हुने कार्यक्रमहरु, क्रियाकलापहरु, अध्ययन अनुसन्धान, प्रकाशन तथा सूचनामूलक सामग्रीहरुको प्रशारणमार्फत प्राप्त हुने सुझावहरु महिलाको सवालमा कार्यरत सरकारी निकाय र गैर सरकारी क्षेत्रका लागि समेत अत्यन्त उपयोगी सिद्ध भएको छ।

११. आ.व २०८१/०८२ मा विभिन्न किसिमका दिवस तथा अभियानहरु सञ्चालन भएकोमा यस्ता दिवस र अभियान अन्तर्गत सम्पन्न भएका कार्यक्रमले सरोकारवालाहरुमा लैङ्गिक सम्वेदनशीलता विकास गर्नुका साथै लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सुरु हुनु अघि नै सरकारी र गैर सरकारी निकायहरुले सञ्चालन गर्ने क्रियाकलापहरुको विस्तृत विवरण तयार गरी वेवसाईटमा प्रकाशन हुनुले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा दोहोरोपन नभई थप प्रभावकारी भएको छ।

१२. स्थानीय तहको न्यायिक समिति र राष्ट्रिय महिला आयोग वीच कार्यगत समानता रहेको हुँदा असल अभ्यासहरुको आदान प्रदान गर्नु र राष्ट्रिय महिला आयोगसम्म आएर सेवा लिने पहुँच उपलब्ध नभएको अवस्थाका हिंसा पीडित महिलाहरुलाई स्थानीय तहबाटै आवश्यक सेवा प्रवाहको व्यवस्थापनमा सहकार्य विकास गर्ने सन्दर्भमा गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सम्पन्न भएको न्यायिक समितिका पदाधिकारीसँगको अन्तरक्रिया कार्यक्रम अत्यन्त प्रभावकारी भएको छ।

१३. महिला भित्र पनि सिमान्तकृत महिलाका सवालहरु; जस्तै एकल महिला, अपाङ्गता भएका महिला, ज्येष्ठ महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदाय भित्रका महिलाको हक हित र अधिकारका विषयलाई राष्ट्रिय महिला आयोगले सूक्ष्म रुपमा नियाल्दै आवश्यक सिफारिस गर्दै आएको छ।

१४. महिला अधिकार र सशक्तीकरणका लागि नीति, कानुन र संस्थागत संयन्त्र लगायतका व्यवस्थाहरु गर्नकालागि तथ्य तथ्याङ्कको अपरिहार्यता रहन्छ। लैङ्गिक मूल प्रवाहीकरणको लागि क्रियाशील निकायहरुले तथ्यगत आधार मान्न सक्ने किसिमको अध्ययन गरी “नेपालमा महिलाको अवस्था" विषयक प्रतिवेदन प्रकाशन हुदै आएकोमा आ.व.२०८१/०८२ मा पनि नेपालमा महिलाको अवस्था अंङ्क तीन प्रकाशन भएको छ।

१५. लैंङ्गिक हिंसाका मौजुदा प्रवृत्ति र प्रकृति हेर्दा विघुतीय माध्यमबाट हुने हिंसा बढ्दै गएकाले यसको असरबाट बच्नका लागि महिलाहरु स्वयं सजग हुने पर्ने देखिन्छ। आ.व.

२०८१/०८२ मा आयोगले यसको न्यूनीकरणका लागि छलफल तथा अन्तर्क्रिया, डकुमेन्ट्री निर्माण र प्रशारण गर्नुका साथै यसबाट हुने असर न्युनीकरणका लागि आवश्यक प्रयास स्वरुप नीतिगत सिफारिसहरु समेत गरेको छ।

१६. संङ्घीय विषयगत मन्त्रालयका वार्षिक बजेट लैङ्गिक उत्तरदायित्वको दृष्टिकोणबाट कमजोर भएको हुँदा अबको आर्थिक वर्षहरुमा बजेट तर्जुमा प्रकृयालाई उत्तरदायी बनाउन लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ को प्रकृया अनुरुप प्रत्यक्ष लैङ्गिक उत्तरदायी हुने गरी बजेट तर्जुमा गर्नु पर्ने देखिएको छ।प्रदेश तथा स्थानीय तहमा समेत यसै अनुरुपको व्यवस्था कार्यन्वयन गर्नु पर्दछ।

१७. महिला विकास र सशक्तीकरणको प्रयासहरुले सार्थकरुप लिएको हुँदाहुदै पनि नीतिगत तहमा महिलाको पहुँचको अवस्थामा अझै पनि सुधार गर्नु पर्ने देखिएको छ। यस विषयको उचित सम्बोधन गर्नका लागि हरेक सरकारी निकाय र संगठीत संस्थाहरुको उच्च व्यवस्थापन तहमा लैङ्गिक सम्वेदनशीलता सम्बन्धी सघन एवं परिणाममुखी अभिमूखीकरणको अपरिहार्यता देखिएको छ।

१८. बालिका बिबाह अझै पनि एउटा गम्भीर समस्याको रुपामा रहिरहेको सन्दर्भमा यसको न्युनीकरणका लागि सरकार, प्रहरी, प्रशासन, न्यायिक क्षेत्र, स्थानीय सरकार, विद्यालय प्रशासन, धर्मगुहरू र आम नागिरकहरुको एकल तथा सहकार्यगत प्रयासहरु आवश्यक देखिएको छ।

१९. आ.व. २०८१/०८२ मा विभिन्न १६ वटा संङ्घीय निकायहरु मार्फत कार्यन्यनको अपेक्षा गरी १११वटा नीतिगत सिफारिसहरू गरिएको छ। गरिएका सिफारिसलाई पूर्ण रुपमा कार्यान्वयन गर्नसकेमा लैङ्गिक समानताको लागि गरिएका अन्य मौजुदा प्रयास समेत सहज रुपमा कार्यान्वयन हुन सक्ने देखिन्छ।विगत वर्षहरुमा गरिएका नीतिगत सिफारिसहरु समेत पूर्णरुपमा कार्यान्वयन गर्नका लागि सबै निकायहरुले आवश्यकक व्यवस्था गर्नुपर्ने देखिन्छ।

२०. आयोगले तेस्रो रणनीतिक योजना २०७८/८९-२०८२/८३ को कार्यान्वयनलाई लक्षित गरी विभिन्न किसिमका अध्ययन, अनुसन्धान र सचेतनमूलक कार्यक्रमहरु, अनुगमन तथा सेवा प्रवाहको प्रबन्ध गर्दै आएकोमा रणनीतिक योजना अन्तर्गतका धेरै विषय सवालहरु सम्बोधन भएका छन्। कार्यान्वयन हुन बाँकी विषयहरु आ.व २०८२/०८३का लागि लक्षित गरिएका छन्।

२१. राष्ट्रिय महिला आयोगको संस्थागत सुधार, लैंङ्गिक समानता प्रवर्द्धनका लागि नीतिगत व्यवस्थामा सुधार, महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताको पूर्ण कार्यान्वयन, लैङ्गिक न्याय सुनिश्चितताको लागि अध्ययन अनुसन्धान र सिफारिस, लैङ्गिक उत्तरदायी शासन पद्धतिको स्थापना, सबै किसिमका लैङ्गिक हिंसाको अन्त्य र महिलाको बहुआयमिक सशक्तीकरणको विषय आयोगको अबको मुख्य प्राथमिकताको विषयको रुपमा समेटिएको छ।

# विषयसूची

परिच्छेद १ः प्रारम्भिक

१.१ पृष्ठभूमि १

१.२ राष्ट्रिय महिला आयोगको गठन, काम, कर्तव्य र अधिकार २

१.२.१ आयोगको गठन प्रक्रिया २

१.२.२ नेपाल संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार २

१.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था ३

१.२.४ राष्ट्रिय महिला नियमावलि, २०७८ को व्यवस्था ४

परिच्छेद २ः संगठनात्मक संरचना

२.१ आयोगमा पदाधिकारीहरुको नियुक्ति ६

२.२ आयोगको संगठन संरचना ६

२.३ आयोगको शाखगत परिचय ८

२.३.१ प्रशासन तथा योजना शाखा ८

२.३.२ महिला विकास समन्वय शाखा ८

२.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारि कार्यान्वयन शाखा ९

२.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा ९

२.३.५ आर्थिक प्रशासन शाखा १०

२.४ पदपूर्तिको अवस्था ११

२.५ ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थाथी दरबन्दी संरचना १२

परिच्छेद ३ः नेपाल महिला सशक्तीकरण प्रयास र वर्तमान अवस्था

३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरण लागि भएका प्रयासहरु १३

३.२ नेपालको संविधान, नीति र कानुनहरुमा महिला अधिकार १६

३.३ महिलाको हक सम्बन्धमा भएका संवैधानिक व्यवस्थाहरुको विवरण १६

३.४ महिलाको हक अधिकार सम्बन्धी विध्यमान कानुनहरुमा गरिएको व्यवस्थाहरु २२

३.५ १६ औं पञ्चवर्षीय योजना (२०८२-२०८५/२०८६) मा लैङ्गिक समानता प्रवर्द्धनका लागि गरिएको व्यवस्थाहरु २३

३.५.१ पृष्ठभूमि २३

३.५.२ विद्यमान अवस्था २३

३.५.३ मुख्य सवाल तथा चुनौती २४

३.५.४ रुपान्तरणकारी रणनीति २४

३.५.५ प्रमुख कार्यक्रम २५

३.५.६ परिमाणात्मक लक्ष्य २६

३.४ संरचनात व्यवस्था २६

३.५ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरुको संक्षिप्त विवरण २७

३.६ महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयनको समीक्षा ३१

३.७ महिला अधिकार सम्बन्धी विभिन्न मुद्दाहरुको सवालमा न्याय प्रक्रियाका लागि प्रतिपापदित नजिरहरु ३८

परिच्छेद ४: नेपालमा महिलाको विद्यमान अवस्था

४.१ पृष्ठभूमि ४०

४.२ महिलासँगसम्बद्ध सूचकहरु तथ्य/तथ्याङ्क ४०

४.३ घरेलु हिंसासम्बन्धी सूचक तथा तथ्याङ्क ४४

४.४ महिला सशक्तीकरणका सूचकहरु ४५

परिच्छेद ५: आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न भएका प्रमुख गतिविधिहरु

५.१ केन्द्रीय स्तरमा सम्पन्न भएका क्रियाकलापहरु ४७

५.१.१ पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम ४७

५.१.२ विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम ४७

५.१.३ आयोगका क्रियाकलाप सम्बन्धमा पत्रकार अन्तरक्रिया कार्यक्रम ४७

५.१.४ लैङ्गिक तथा यौनिक अल्पसंख्यका सवालमा अन्तरक्रिया कार्यक्रम ४७

५.१.५ राष्ट्रि महिला अधिकार दिवस ४८

५.१.६ योगमाया स्मृति दिवस ४८

५.१.७ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान ४८

५.१.८ राष्ट्रि महिला आयोगको स्थापना दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस ४८

५.२ प्रदेश स्तरमा सम्पन्न भएको कार्यक्रम ४८

५.३ अध्ययन तथा अनुसन्धान ४९

५.४ अनुगमन ४९

५.५ प्रकाशन तथा प्रशारण ४९

परिच्छेद ६: आ.व. २०८१/०८२ मा आयोगबाट सञ्चालित कार्यक्रमहरु तथा अध्ययन अनुसन्धानको विस्तृत विवरण

खण्ड क: कार्यक्रमहरु

६.१ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान ५०

६.२ लैङ्गिक तथा यौनिक अल्पसंख्यकका हक अधिकारका सवालमा अन्तरक्रिया ५१

६.३ नेपालमा महिलाको अवस्था पुस्तक प्रकाशन ५२

६.४ राष्ट्रिय महिला अधिकार दिवस ५४

६.५ योगमाया स्मृति दिवस ५६

६.६ स्थानीय तहका न्यायिक समितिहरुको असल अभ्यास समस्गा तथा चुनौती र राष्ट्रिय महिला आयोगसँगको सहकार्य/समन्वयका लागि अन्तरक्रिया कार्यक्रम ५७

६.७ लैङ्गिक न्याय प्रवर्द्धन र सन्देश प्रवाहका लागि आयोगको डिजीटल डिस्प्लेबोर्डबाट सन्देशमूलक सामग्रीहरु प्रशारण ६२

६.८ सरोकारवाला संस्था साथै विज्ञहरुसँग नीतिगत सिफारिस तथा तत्काल आइपर्ने समस्याका विषयमा परामर्श बैठक तथा छलफल ६२

६.९ विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा विरुद्धको सन्देशमूलक सामग्री डकुमेन्ट्रि निर्माण ६४

६.१० CEDAW, समितिबमट प्राप्त List of Issues उपर छलफल कार्यक्रम ६५

खण्ड खः अध्ययन/अनुसंधान

६.११ अध्ययन अनुसन्धान ६६

६.११.१ सबै सङ्घीय मन्त्रालयहरुको लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्थाको अध्ययन ६६

६.११.२ सार्वजनिक र निजी संस्थाहरुमा व्यवस्थापकीय पदहरुमा कार्यरत महिलाहरुको निर्णय प्रकृयामा प्रभावः अवस्था, अवसर र चुनौतीको विषयमा अध्ययन ६८

६.११.३ बालिका बिबाह सम्बन्धी सवैधानिक, कानुनी, नीतिगत र कार्यविधिगत विश्लेषण तथा वर्तमान अवस्थाको अध्ययन ७०

६.११.४ नेपालको संविधानको धारा ३८ मा व्यवस्था भएका महिला सम्बन्धित अधिकारसँग प्रत्यक्ष सरोकार भएका कानुनहरुको संविधानका व्यवस्था अनुकुलताको अध्ययन प्रतिवेदन ७६

परिच्छेद ७ः आयोगबाट भएका नीतिगत सिफारिसहरु तथा सिफरिस कार्यान्वयनको अवस्था

७.१ आ.व. २०८१/०८२ मा आयोगबाट भएका नीतिगत सिफारिसहरु ७८

७.२ आयोगबाट विगतमा गरिएका सिफारिसहरुको कार्यान्वयनको अवस्था ८८

परिच्छेद ८ः अनुगमा सम्बन्धी विवरण

८.१ माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीको नेतृत्वमा आ.व. २०८१/०८२ मा भएको अनुगमनहरुको विवरण ९५

८.२ माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा आ.व. २०८१/०८२ मा सम्पन्न भएका अनुगमनहरुको विवरण १०८

८.३ माननीय सदस्य श्री विद्या कुमारी सिन्हाको नेतृत्वमा आ.व. २०८१/०८२ मा भएको अनुगमनको विवरण १२०

८.४ माननीय सदस्य सावित्रा कुमारी शर्माबाट आ.व. २०८१/०८२ मा भएको अनुगमनको विवरण १३२

परिच्छेद ९ः उजुरी तथा मुद्दा व्यवस्थापन

९.१ उजुरी सम्बन्धी व्यवस्था १३६

९.२ राष्ट्रि महिला आयोगमा आउने उजुरी/निवेदन सुनुवाई १३७

९.२.१ आ.व. २०८१/०८२ मा आयोगमा प्राप्त भएका जम्मा उजुरी तथा निवेदन सम्बन्धी विवरण १३८

९.२.२ आयोगमा प्राप्त हुन आएका गुनासो तथा उजुरीको प्रवृत्ति विश्लेषण १३९

९.२.३ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्वारा प्रदान गरिएको सेवाहरु १३९

९.२.४ हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु १४०

९.२.५ आयोगबाट पीडित/प्रभावितलाई प्रदान गरिएका कानुनी तथा मनोसामाजिक परामर्श सेवाको विवरण १४०

९.२.६ मनोसमाजिक विमर्श सेवा १४१

९.२.७ आयोगबाट पीडित तथा प्रभावितहरुको सेवाका लागि विभिन्न संघ संस्थाहरुमार्फत प्रदान गरिएको सेवाको विवरण १४२

९.३ खबर गरौं ११४५ हेल्पलाइन सेवा १४३

९.४ महिला बिरुद्धका हिंसासम्बन्धी कानुनी व्यवस्था १४३

९.४.१ नेपालमा महिला हिंसाका स्वरुपहरु १४४

९.४.२ लैङ्गिक हिंसा भएमा सम्बोधन गर्ने संयन्त्र/निकाय १४४

९.४.३ लैङ्गिक हिंसाका सम्बन्धमा भएको सवैधानिक व्यवस्था १४४

९.४.४ कानुनी व्यवस्था मुलुकी उपराध संहिता, २०७४ १४५

९.५ आयोगबाट प्रवाह हुने सेवा सम्बन्धी जानकारी १४७

९.५.१ सेवा प्रदायकले पालना गर्नुपर्ने सर्तहरु १४७

९.५.२ राष्ट्रिय महिला आयोगमा सेवा लिन आउनुहुने सेवाग्राहिले पालना गर्नुपर्ने सर्तहरु १४७

९.६ असल अभ्यासहरु १४७

९.६.१ असल अभ्यास १ १४७

९.६.१ असल अभ्यास १ १४८

९.६.१ असल अभ्यास १ १४८

परिच्छेद १०: लैङ्गिक न्याय तथा महिला सशक्तकिरणका सवालमा सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारणका लागि नेपाल टेलिभिजन तथा रेडियो नेपालसँगको महिला पाक्षिक कार्यक्रम विवरण

१०.१ पृष्ठभूमि १४९

१०.२ कार्यक्रमको उद्देश्य १४९

१०.३ नेपाल टेलिभिजनसँग संभ्फौता भएबोजिम नेपालमा महिला पाक्षिक कार्यक्रमको प्रशारण समय, विषय विज्ञ १५०

१०.४ रेडियो नेपालसँग संभ्फौता भएबमोजिम प्रशारण गरिएका महिला आवाज पाक्षिक कार्यक्रम विषय विज्ञ आवाज प्रशारण विवरण १५४

परिच्छेद ११: निष्कर्ष तथा भावी कार्यदिशा

११.१ निष्कर्ष १६०

११.२ भावी कार्यदिशा १६२

११.२.१ राष्ट्रिय महिला आयोगको संस्थागत सुधार तथा क्षमता विकासतर्फ १६२

११.२.२ महिलाको हक, हित र अधिकार सम्बन्धी नीति कानुनको तजुर्मा, परिमार्जन र कार्यान्वयनका लागि समन्वय, सहजीकरण र पैरवी गर्ने तर्फ १६२

११.२.३ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयनको अनुगमन गर्ने तर्फ १६३

११.२.४ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक न्याय सुनिश्चितता गर्न अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिनेतर्फ १६३

११.२.५ लैङ्गिक उत्तरदायी शासन पद्धतिको स्थापना र विकासमा सहयोग गर्नेतर्फ १६३

११.२.६ लैङ्गिक हिंसा, दुर्व्यवहार र विभेदको अन्त्यका लागि कार्यक्रमहरु सञ्चालन गर्नेतर्फ १६३

११.२.७ हिंसा पीडित महिलाको उद्धार, सुरक्षा र पून:स्थापना गराउने तर्फ १६४

११.२.८ राज्यका सबै तह र विषय क्षेत्रका नीति तथा कार्यक्रममा महिलाको सरोकार र आवश्यकतालाई सम्बोधन गराउने तर्फ १६४

११.२.९ सबै महिलको लागि आर्थिक अवसरहरुमा पहुँच सुनिश्चितताका लागि सहजीकरण गर्ने तर्फ १६५

अनुसूची १: आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमको प्रगति विवरण १६६

अनुसूची २: आ.व. २०८१/०८२ को आर्थिक विवरण १७१

अनुसूची ३: आयोगले आ.व. २०८१/०८२ सम्पादन गरेका मुख्य क्रियाकलापका तस्विरहरु १७७

# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

नेपालमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको प्रयासहरुलाई हेर्दा एक शताब्दी अघिसम्मको युगलाई फर्केर हेर्नु पर्दछ। तत्कालिन समाजको परिवर्तन गर्न अभियान चलाउने विरङ्गना योगमायाको योगदानसँग आजको महिला सशक्तीकरणका उपलब्धिहरु लाई जोडेर हेर्नु पर्दछ।

महिला अधिकार र सशक्तीकरणको लहरले आज सम्मको उपलब्धि हासिल गरिसक्दा विगतमा आन्तरिक रुपमा चलेका अभियानहरु, अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु विभिन्न काल खण्डका संवैधानिक व्यवस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरु एवं लैङ्गिक सम्वेदनशील सार्वजनिक निकायहरुको प्रभावकारितालाई आत्मसाथ गर्नुपर्दछ। नेपालमा महिलाको जनसंख्या ५१.१% प्रतिशत रहनु र अझै पनि महिलाका सवालहरुलाई सम्वोधन गर्नु राज्यका निकायहरु सक्रिय रहनु पर्ने अवस्थामा राष्ट्रिय महिला आयोग महिला अधिकार, महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि एक सशक्त र अधिकार सम्पन्न संवैधानिक निकायको रुपमा क्रियाशिल रहेको छ। आजको एक गरिमामय एवं सशक्त संवैधानिक निकायको रुपमा राष्ट्रिय महिला आयोग हुनमा महिला विरुद्धको सवै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of all forms of Discrimination against Women, CEDAW-1979) को नेपाल पक्ष राष्ट्र हुनु नै मुख्य आधारस्तम्भ हो भन्न सकिन्छ।

CEDAW मा महिला अधिकारलाई व्यवहारमा उतार्न पक्ष राष्ट्रहरुले महिलाको लागि छुट्टै विशेष प्रकृतिका निकायहरु, कानुनी व्यवस्था, तथा बजेट विनियोजन गर्नु पर्ने विषय उल्लेख गरिएको छ। यसै अनुरुप नेपालमा वि.सं. २०५२ मा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भयो। लैङ्गिक हिंसा पीडित महिलाहरुलाई सहज र छरितो प्रकृयाबाट न्याय प्रासिका लागि सहजीकरण गर्नु तथा लैङ्गिकमैत्री व्यवस्थाका लागि नीतिगत पैरवी र पृष्ठपोषण गर्ने निकायका रुपमा वि.स.२०५८ मा राष्ट्रिय महिला आयोगको स्थापना भएको छ। नेपाल सरकारको निर्णय बमोजिम गठित यस आयोगलाई वर्तमान नेपालको संविधानद्वारा संवैधानिक निकायको रुपमा स्थापित गरिएको छ। CEDAW, बेइजिङ्ग कार्यमञ्च तथा दिगो विकास लक्ष्यमा समावेश भएका महिलाका सवालहरुलाई सम्बोधन गर्नु पर्ने आयोगको आवश्यकतालाई आधार मानी नेपालको संविधानको धारा २५२ मा आयोग गठन गर्नु पर्ने व्यवस्था छ। संविधानको धारा २५४ मा आयोगको प्रदेश कार्यालय सम्बन्धी व्यवस्था रहेको छ।

आयोगको काम कारवाहीलाई व्यवस्थित गर्न सुरुमा राष्ट्रिय महिला आयोग ऐन, २०६३ र राष्ट्रिय महिला आयोग नियामवली, २०६५ जारी भई कार्यान्वयमा रहेकोमा आयोग संवैधानिक निकायको रुपमा स्थापित भएपछि राष्ट्रिय महिला आयोग ऐन, २०७४ र राष्ट्रिय महिला आयोग नियामावली, २०७८ को व्यवस्था भई आयोगका गतिविधिहरु सञ्चालन भइरहेको छ। संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले कार्यविधिहरु एवं कार्ययोजना तय गरी कार्य सम्पादन गर्दै आएको छ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकको रुपमा स्थापित गरी त्यस अन्तर्गत विभिन्न हक, अधिकारको व्यवस्था गरिएको छ। संविधान तथा प्रचलित कानुनमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धी हक, अधिकारको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनका लागि आयोगले नियमनकारी र सचेतकको भूमिका निर्वाह गर्दै आएको छ। आयोगले विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेद उन्मूलन गर्नु र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आएको छ। महिला मानव अधिकार हननको घटनाहरुको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरुलाई न्यायमा सहज पहुँच दिलाउन कानुनी परामर्श उपलब्ध गराउने लगायतका कार्यहरुलाई निरन्तरता दिंदै आएको छ।

## १.२. राष्ट्रिय महिला आयोगको गठन, काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालको सविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था छ जसमा अध्यक्ष र चारजना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ। कम्तिमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, पैंतालीस वर्ष उमेर पुरा भएका महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने साथै, अध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको थप योग्यता हुनुपर्ने व्यवस्था संविधानमा उल्लेख भएको छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ।

## १.२.२ नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिएको छः

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

- (क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।
- (ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपायसहित नेपाल सरकार समक्ष सुझाव दिने।
- (ग) महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्नु तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्नु मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने।

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्नु नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्नु सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्नु सक्नेछ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ।

## १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने कुरा उल्लेख भएको छः

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानुनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए/नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने।

(ख) संविधान तथा कानुन प्रदत्त महिलाका अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने।

(ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी संबोधन हुने विषय र रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने।

(ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्नु विध्यमान कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा वहिकरण, जोखिम, विस्थापित, पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने।

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने वा गराउने।

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने।

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

## १.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहायबमोजिमका काम गर्नसक्ने कुरा उल्लेख भएको छः

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन।

(ख) महिला विरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकार लगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका नीति तथा कानुन र कार्यक्रमको अध्ययन, अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन।

(ग) समाजमा विद्यमान महिला विरुद्धका कुप्रथा, सामाजिक कुरीति, हानिकारक अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकार लगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारको लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्नु।

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन।

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनःस्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्नु।

(च) सुरक्षित आश्रयस्थल, पुनःस्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यवसायिक तथा रोजगारीमूलक सीप, प्रशिक्षण आदि प्रदान गर्नु सम्बन्धित निकायसँग समन्वय गर्नु।

(छ) महिला हिंसा, विभेद, कुरीति विरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्नु।

(ज) महिलाको हक, हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी संघसंस्थाको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन।

(झ) हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनःस्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन/निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन।

(ञ) सरकारी तथा गैर सरकारी निकायबाट महिला तथा बालबालिकाको लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिकमैत्री भए नभएको अनुगमन गर्नु र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्नु।

(ट) लैङ्गिक समानता, महिला सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन, अनुसन्धान गरी, गराई नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्नु।

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्नु विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्नु।

# परिच्छेद - २

# संगठनात्मक संरचना

## २.१ आयोगमा पदाधिकारीहरूको नियुक्तिः

नेपालको संविधानले भाग २७ को धारा २५२ मा एक राष्ट्रिय महिला आयोग हुनेछ भन्ने व्यवस्था गरेको छ। कामको प्रकृति र आवश्यकताको आधारमा प्रदेशहरुमा आयोगको कार्यालय स्थापना गर्न सकिने भन्ने समेत प्रावधान राखेको छ। संवैधानिक आयोगको पदाधिकारी नियुक्ति, नियुक्तिपूर्व योग्यता, कार्यक्षेत्र, अधिकार र जिम्मेवारी एवं पदमा बहाली रहिरहन सक्ने अवस्था र पदमुक्त के कसरी हुने भन्नेसम्मको स्पष्ट व्यवस्था गरिएको छ। संवैधानिक परिषदको सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहायबमोजिका सदस्यहरुको नियुक्ति गरी जिम्मेवारी बहन गरिएको विद्यमान अवस्था छ।

१ अध्यक्ष - माननीय कमला कुमारी पराजुली

२ सदस्य - माननीय कृष्ण कुमारी पौडेल खतिवडा

३ सदस्य - माननीय विद्या कुमारी सिन्हा

४ सदस्य - माननीय सावित्रा कुमारी शर्मा

## २.२ आयोगको संगठन संरचना

राष्ट्रिय महिला आयोगले बालिका, किशोरी र महिलाहरुको संवैधानिक हक अधिकार सुनिश्चित गर्न/गराउन संस्था/सँगठनात्मक संरचना तयार गरी उक्त संस्थाभित्र कार्यगत स्वरुप अनुसार विविध दरबन्दीहरु सृजना गरी देहायअनुसारको पद/श्रेणीहरुमा रहने जनशक्तिको व्यवस्था गरिएको छ। जहाँ राजपत्राङ्कित प्रथम श्रेणी सचिवको मातहतमा ५ वटा शाखाहरुमा ३८ जना कर्मचारी रहने व्यवस्था छ भने खबर गरौ ११४५ हेल्पलाइन सेवा संचालनका लागि विभिन्न तहका गरी कुल १७ जनाको अस्थायी पदहरु सृजना गरिएको छ। आयोगको समगठन संरचना देहायबमोजिम रहेको छः-

# राष्ट्रिय महिला आयोगको संगठन संरचना




**अस्थायी दरबन्दी खबर गरौं ११४५**
**हेल्पलाइन सेवा**

कानून अधिकृत (न्याय/कानून/ रा.प.तृ. २)
सूचना प्रविधि अधिकृत (रा.प.तृ.) - १
मनोसामाजिक मनोविमर्शकर्ता (रा.प.तृ.)-१
हेल्पलाइन अपरेटर (रा.प.अनं. प्रथम) - १०
ह.स.चा. (श्रेणीविहिन)- १

नोटः आयोगका पदाधिकारीहरू र सचिवको निजी सचिवालयमा प्रशासन शाखाबाट कर्मचारी खटाउने

## २.३ आयोगको शाखागत परिचयः

### २.३.१. प्रशासन तथा योजना शाखा

प्रशासन तथा योजना शाखामार्फत आयोगका दैनिक प्रशासनिक कार्य सम्पादन गरिनुका साथै आयोगको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यान्वयनको कार्य हुँदै आएको छ। नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव शाखा प्रमुख रहने यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन तथा कार्यालयको आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, मेसिनरी औजार, सवारीसाधन र अन्य कार्यालय सामग्री खरिद गर्ने, कर्मचारीको लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा हेल्पलाइन सेवाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ। शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छनः-

- आयोगको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य,
- प्रचलित कानुन बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य,
- सूचना व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा रणनीतिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य,
- कार्यक्रम अनुगमन सम्बन्धी कार्य आदि।

### २.३.२ महिला विकास समन्वय शाखा

यस शाखा मार्फत महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने, महिलाको हक अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने तथा महिलाविरुद्ध हुने हिंसा, विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्न जागरणमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिने लगायतका कार्यहरू सम्पादन हुँदै आएका छन्। नेपाल विविध सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख महिला विकास अधिकृत शाखा प्रमुख रहने यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू देहायबमोजिम रहेका छनः-

- महिला विकास तथा सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन, महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य,
- महिलालाई अपहेलित गर्ने हानिकारक सामाजिक अभ्यास तथा कुरीतिहरू विरुद्ध तथा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन,
- महिला तथा किशोरीमाथि हुने हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्यक तथा निरोधात्मक कार्यक्रम कार्यक्रम सञ्चालन सञ्चालन,
- महिला विकास सम्बन्धी विषयमा आवश्यक अध्ययन, अनुसन्धान र सिफारिस,
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच विस्तार एवं आत्मनिर्भरताका लागि रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय,
- महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषण,

- हिंसा पीडित/प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय,
- विभिन्न तहमा सञ्चालित महिला विकास सम्बन्धी कार्यक्रमको कार्यान्वयनको अनुगमन र यस सम्बन्धी अन्य विविध कार्यहरू।

## २.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा

यस शाखाले महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण, महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी उक्त कानुनहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने तथा महिला हक अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काममा आयोगलाई सहयोग गर्दछ। नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाले मुख्यतः आयोगसँग सम्बन्धित नीतिगत काममा सहयोग पुन्याउँदछ। यस शाखाले सम्पादन गर्ने प्रमुख कामहरू देहायबमोजिम रहेका छन्ः

- महिलाको हकहितसँग सम्बन्धित कानुन वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी समूचित कार्यान्वयनका लागि उपायसहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- नेपाल पक्ष राष्ट्र भएका महिला अधिकार संरक्षण सम्बन्धी सन्धि सम्झौताको नियमित प्रतिवेदन तालिका अद्यावधिक गर्ने, पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू सङ्कलन गर्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अद्यावधिक गरी भावी कार्यदिशाबारे सुझाव तयार गरी पेश गर्ने,
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानुन निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सहयोग, समन्वय र सहकार्य गर्ने,
- आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानुन निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्ययन, अनुसन्धान सम्बन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत् शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

## २.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानुन सम्बन्धी सम्पूर्ण कार्यहरू उजुरी तथा मुद्दा व्यवस्थापन शाखा मार्फत हुने गरेको छ। यस शाखाले महिला हिंसा सम्बन्धी दैनिक उजुरी सुन्ने, हेल्पलाइन मार्फत प्राप्त उजुरीका घटनाको अभिलेखीकरण तथा वर्गीकरण गर्ने, हिंसा पीडित/प्रभावितहरुलाई कानुनी परामर्श लगायतका सेवा उपलब्ध गराउने तथा उजुरी सम्बोधन सम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ। आयोगलाई विपक्षी बनाइ अदालतमा

दायर भएको रिट निवेदनका सम्बन्धमा शाखाबाट लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानुनको मस्यौदा गर्ने तथा आयोगलाई कानुनी राय दिने काम पनि हुने गर्दछ। नेपाल न्याय सेवा, कानुन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाबाट महिला हिंसाको उजुरी सुन्ने, महिला हक अधिकार हनन भएको विषयमा सम्बन्धित निकायमा लेखी पठाउने तथा हिंसा पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारको सेवा उपलब्ध गराउन सम्बन्धित निकायमा प्रेषण तथा समन्वय गर्ने कार्य हुने गरेको छ। यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्।

- उजुरी दर्ता तथा सम्बोधन सम्बन्धी कार्य,
- हेल्पलाइन सेवामार्फत प्राप्त हुने उजुरीको व्यवस्थापन,
- कानुनी परामर्श उपलब्ध गराउने,
- निशूल्क कानुनी सहायता उपलब्ध गराउने,
- मनोसामाजिक विमर्श/परामर्श सेवा उपलब्ध,
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने, गराउने,
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा कुनै निकाय विरुद्ध मुद्दा चलाउनुपर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य,
- हिंसा पीडित/प्रभावितहरूका लागि सुरक्षित आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा पठाउनका लागि सिफारिस र समन्वय गर्ने,
- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- नेपाल सरकारबाट सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रमार्फत पीडितको निःशुल्क उपचारको लागि समन्वय र सिफारिस गर्ने।

## २.३.५ आर्थिक प्रशासन शाखा

आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। आयोगको वार्षिक बजेट अनुमान गरी पेश गर्ने, विनियोजित बजेट प्रचलित आर्थिक कानुनको अधिनमा रही खर्च गर्ने गराउने, खर्चको हिसाब किताब र स्रोत राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, बेरुजु फर्छ्यौट गर्ने गराउने लगायतका कार्य आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.तृतीय श्रेणीको लेखा अधिकृत शाखा प्रमुख रहने व्यवस्था छ।यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छनः-

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राखे,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराइ सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने,
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की बेरुजुको लगत राखे, सम्परीक्षण गराउने एवं पेश्की फछ्यौट गर्ने र अद्यावधिक गराउने,
- आय-व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने/ गराउने,

- आयोगको आर्थिक कारोवार सम्बन्धमा कार्यलय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।
- महालेखा नियन्त्रण कार्यलयमा परेको वेरुजु सम्बन्धमा जवाफ तथा जानकारी गराउने।

## २.४ पदपूर्तिको अवस्था:

नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आयोगमा विभिन्न तहका कुल ३८ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमा राजपत्राङ्कित तर्फ १२ जना, राजपत्र अनङ्किततर्फ १२ जना र श्रेणीविहीनतर्फ १४ जनाको दरबन्दी रहेको छ। स्वीकृत दरबन्दीमा पदपूर्तिको स्थिति देहायबमोजिम रहेको छः

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रित्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | – | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ३ | उपसचिव | रा.प. द्वितीय | न्याय | कानुन | १ | - | १ | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्वितीय | विविध | | १ | १ | – | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ६ | कानुन अधिकृत | रा.प.तृतीय | न्याय | कानुन | १ | १ | – | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | – | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | – | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | – | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | १ | – | कामकाज |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | – | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | १ | - | कामकाज |

| सिं.नं | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १५ | महिला विकास निरीक्षक | रा.प.अनं प्रथम | विविध | | १ | - | १ | |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | | |
| १७ | हेल्पलाइन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | १ | १ | कामकाज |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | | | ७ | ६ | १ | |
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहीन | | | ७ | ७ | – | |
| | **जम्मा** | | | | ३८ | ३४ | ४ | |

## २.५ ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्ने अस्थायी दरबन्दी संरचना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि 'खबर गरौं ११४५ हेल्पलाइन सेवा लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरीएकोमा देहाय बमोजिमको अस्थायी पदहरू स्वीकृत भएको दरवन्दीमा करार सेवामा कर्मचारीहरूको पदपूर्ति गरी हेल्पलाइन सेवा सञ्चालन गरीएको छः

| क्रम संख्या | पद | श्रेणी/तह | सेवा/समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | रा.प.तृतीय | नेपाल विविध सेवा | १ | |
| २ | कानुन अधिकृत | रा.प.तृतीय | नेपाल न्याय सेवा/कानुन समूह | २ | |
| ३ | मनोसामाजिक विमर्शकर्ता | रा.प.तृतीय | नेपाल विविध सेवा | १ | |
| ४ | हेल्पलाइन अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध सेवा | १० | |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहीन | - | २ | |
| ७ | ह.स.चा. | श्रेणी विहीन | - | १ | |
| | **जम्मा** | | | १७ | |

# परिच्छेद - ३

# नेपालमा महिला सशक्तीकरण प्रयास र वर्तमान अवस्था

## ३.१. अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू

मानव सभ्यताको प्रारम्भमा महिला र पुरुपबीच समानता नै थियो। महिला पुरुष दुवैले समान रुपमा विभिन्न कार्यहरु गर्दथे। सभ्यताको विकासक्रममा महिला र पुरुषले गर्ने कार्यको विभाजन हुँदा समाजमा पुरुषको अधिपत्य स्थापित भयो। यस्तो किसिमको लैङ्गिक सम्वन्ध वा भूमिका संसारका सवै समाजमा संस्थागत हुँदैगयो। पुरुष घर वाहिर काम गर्ने र शारीरिक रुपमा वलवान हुने हुनाले उसले गर्ने कामलाई सम्मानजनक रुपमा लिइयो। त्यसैगरी घरभित्रका काम गर्नै महिलाका कामलाई कम गर्ने आंकलन गरियो। यसरी महिला माथि विभिन्न किसिमका विभेदपूर्ण मूल्यमान्यता समाजमा शताव्दीऔ सम्म कायम रहिरहे। अन्ततः अठारौ शताब्दीदेखि विश्वमा महिला अधिकारका आवाजहरु गुन्जन थाले।

विश्व परिप्रेक्षमा सन् १७७२ मा Marry Wollstonecraft आफ्नो पुस्तकमा महिलालाई सामाजिक, शैक्षिक, राजनैतिक अधिकार तथा श्रम शक्तिमा समान अवसर हुनपर्ने कुरा उल्लेख गरी पुस्तक प्रकाशित भयो। त्यसैगरी महिला र पुरुषबीचका असमानता तथा महिलाको दासता विरुद्ध विश्वव्यापी आन्दोलनको रुपमा सन् १८३० देखि नै आवाज उठ्न थालेको देखिन्छ। तत्पश्चात सन् १९१९ मा लिग अफ नेसनको स्थापनाले महिलाहरुको काम गर्ने समय र महिला कामदारको सुरक्षाको प्रत्याभूति गरेको पाइन्छ। यसैगरी सन् १९४७ मा संयुक्त राष्ट्र संघको स्थापनाले महिला अधिकार तथा सशक्तीकरणमा उल्लेखनीय भूमिका खेल्यो। सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिलालाई समान अधिकारका हकदार हुन्छन भन्ने मान्यताको विकास भएको पाइन्छ। असमानता र विभेदका विरुद्धमा महिला अधिकारवादीले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा भएका व्यवस्थालाई व्यवहारमा उतार्न निरन्तर सघर्ष र आन्दोलन गर्नु परेको थियो। तत्पश्चात संयुक्त राष्ट्रसंघको आयोजनामा महिला अधिकारको संरक्षणका लागि पाँचवटा विश्व महिला सम्मेलनहरु भए। सन् १९९५ को वेइजिगंमा भएको पाँचौं सम्मेलनले महिलाका मुख्य १२ वटा सवालहरु पहिचान गरी ती क्षेत्रहरुमा नीति योजना र कार्यक्रम निर्माण गरी सदस्य राष्ट्रहरुले काम गर्न जोड दिएको थियो। संयुक्त राष्ट्रसंघको तत्वधानमा भएका २४ वटा मानवअधिकार सम्वन्धी महासन्धि घोषणापत्र र अनुवन्धहरुमा नेपालले हस्ताक्षर गरिसकेको छ। यी महासन्धिहरु मध्ये महिला हक अधिकार, लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि अत्यन्तै महत्वपूर्ण महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ (CEDAW) लाई नेपालले पनि सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको छ। नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधिन आलेखहरु निम्नानुसार गरेका छनः-

| सि.नं. | विवरण | ग्रहण गरिएको मिति | लागुभएको मिति | नेपालले अनुमोदन (Rectification) गरेको वा जनाएको मिति जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | दासत्व विरुद्धको महासन्धि, १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २ | दासत्व विरुद्धको महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर १९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३ | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, १९५६ | ७ सेप्टेम्बर १९५६ | ३०अप्रिल १९५७ | ७जनवरी १९६३ | सम्मिलन |
| ४ | जातिहत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, १९४८ | ९ डिसेम्बर १९४८ | १२जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५ | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका अन्त्यका लागि व्यवस्था भएको महासन्धि, १९४९ | २ डिसेम्बर १९४९ | २५जुलाई १९५१ | २७डिसेम्बर १९९५ | सम्मिलन |
| ६ | महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२ | २० डिसेम्बर १९५२ | ७जुलाई १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | २१ डिसेम्बर १९६५ | ४जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १० | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाई १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |
| ११ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ | १८ डिसेम्बर १९७९ | ९ ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | सम्मिलन |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १३ | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ १ मार्च | १ मार्च १९८९ | सम्मिलन |
| १४ | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधिन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाई १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १५ | बालअधिकार सम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | सम्मिलन |
| १६ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | सम्मिलन |
| १७ | बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | सम्मिलन |
| १८ | दक्षिण एशियामा बालकल्याण प्रवर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | सम्मिलन |
| १९ | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | सम्मिलन |
| २० | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | सम्मिलन |
| २१ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको इच्छाधिन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | सम्मिलन |
| २२ | संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | सम्मिलन |

## ३.२ नेपालको संविधान, नीति र कानुनहरुमा महिला अधिकार

कानुनी रुपमा नेपालमा पहिलो लिखित दस्तावेज वि.सं. १९१० को मुलुकी ऐनले महिला अधिकारका विषयमा उल्लेखनीय व्यवस्था गरेको पाइदैन। राणा शासनकालको अन्त्यतिर आएको अन्तरिम शासन विधान, २००७ मा महिलाको हकमा समान कामका लागि महिला र पुरुषबीच समान ज्याला र छोरी चेलीलाई शिक्षाको व्यवस्था गरिनेछ भनिएको थियो। त्यसैगरी नेपालको संविधान, २०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो। नेपालमा योजनावद्ध विकासको सुरूवात वि सं २०१३ देखि भएकोमा विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति पहिलोपल्ट छैटौं पञ्चवर्षीय योजना (वि सं २०३७-४२) मा समावेश गरिएको थियो। नेपालमा वि.सं.२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् महिला विकास र सशक्तीकरणका विषयमा व्यापक रूपमा चर्चा परिचर्चा हुँदै आएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको व्यवस्था गरेको थियो। महिला र पुरुषको सम्पत्तिमा समान हकको प्रत्याभूति, विभिन्न कारणले पछाडि परेका महिला वर्गको उत्थानका साथसाथै महिलाहरूको विकासको लागि राज्यले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी महिलालाई राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने नीति अवलम्बन गरेको थियो।

संविधानसभाद्वारा वि.सं. २०७२ सालमा निर्मित नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउने, सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर महिलाको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्थाहरू गरिएका छन्। यस संविधानले महिलालाई लैङ्गिक भेदभाव विना समान वंशिय अधिकार र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चितता समेत गरेको छ।

## ३.३ महिलाको हक अधिकार सम्वन्धमा भएका संवैधानिक व्यवस्थाहरुको विवरण

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | - | - | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | (१) | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन । |
| | ११. नेपालको नागरिक ठहर्ने | (२)(ख) | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । |

| | | | |
|---|---|---|---|
| | | (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । |
| | | (५) | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुन बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ । |
| | | (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ । |
| | | (७) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।तर, नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ । |
| भाग-३ मौलिक हक र कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| | १७. स्वतन्त्रताको हक | (१) | कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ । |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ । |

| | | | |
|---|---|---|---|
| | २१. अपराध पीडितको हक | (१) | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । |
| | | (२) | अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । |
| | २९. शोषण विरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुन बमोजिम हुनेछ । |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ । |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । |
| | | (३) | महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । |
| | ४२. सामाजिक न्यायको हक | (१) | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । |

| | | | |
|---|---|---|---|
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने<br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br>(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्ने,<br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |
| भाग - ६ राष्ट्रपति र उपराष्ट्रपति | ७०.राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने। | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । |
| भाग - ८ सङ्घीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | (२) र (८) | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।<br>(८) सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) (क) र (ख) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (२) | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| भाग-१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ । |
| भाग-१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन् । |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | (४) | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन् । |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | (३) | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | (३) | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |
| | २२३. नगर सभाको गठन | (३) | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |
| भाग-२७ अन्य आयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ । जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । |
| | २५३. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार | (१) | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने । |
| | | | ख) महिलाको हक हितसँग सम्बन्धित कानुन वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार लाई सुझाव दिने । |

| | | | |
|---|---|---|---|
| | | | ग) महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्याङ्कन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, |
| | | | घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नु पर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, |
| | | | ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने। |
| | | | च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने । |
| भाग-२८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्बन्धी व्यवस्था | (३) | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानुन बमोजिम सुनिश्चित गरिनेछ । |
| भाग-२९ राजनीतिक दल सम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४ (ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्नेगरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ । |
| भाग-३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | (६) | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | (१) | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । |
| | २८५. सरकारी सेवाको गठन | (२) | सङ्घीय निजामती सेवा लगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुन बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ । |

## ३.४ महिलाको हक अधिकार सम्बन्धी विध्यमान कानुनहरुमा गरिएको व्यवस्थाहरु

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ (CEDAW) नेपालले अनुमोदन गरे पश्चात महिला हक हित र अधिकारका धेरै कानुन निर्माण र संशोधन गरियो। तत्कालिन मुलुकी ऐनको ११औ संशोधनले छोरी पनि पैत्रिक संपत्तिको हकदार हुने व्यवस्था गरिएको थियो। त्यस वाहेक महिला अधिकार प्रवर्द्धन गर्ने ऐनहरुमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जसले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसूरदारलाई कडा सजायको व्यवस्था गरिएको छ। महिलाविरुद्ध हुने हिंसाहरू जस्तैः जबरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई गम्भीर फौजदारी अपराधको रूपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ ले करणी सम्बन्धी कसूरमा नयाँ व्यवस्था गरेको छ, जसअनुसार अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई मञ्जुरी लिएर करणी गरेमा जबरजस्ती करणी मानिने व्यवस्था छ। उक्त संहिताले महिलाको शारीरिक, सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन स्वास्थ्य सम्बन्धी अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ। यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएका छन्। निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशको लागि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम उमेर ४० वर्ष तोकिएको छ।

पछिल्लो समय राज्यले अवलम्बन गरेका विभिन्न नीति, रणनीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला अधिकार र महिलाविरुद्धको हिंसा सम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ मा महिला किशोरी र बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत, संरचनागत व्यवस्था गर्ने, लैङ्गिक समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापना गर्ने, लैङ्गिक उत्तरदायी शासन् पद्धति अवलम्बन गर्ने र महिलाको आर्थिक सशक्तीकरण गर्ने उद्देश्य राखिएको छ। लैङ्गिक समानता नीतिको कार्यान्वयन कार्ययोजना लैङ्गिक हिंसा विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८०, विभेदपूर्ण लिङ्ग छनोट अन्त्यका लागि राष्ट्रिय रणनीति २०७९-२०८८ अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना तथा संचालन निर्देशिका, २०७७ लैङ्गिक हिंसा व्यवस्थापन क्लिनिकल प्रोटोकल, २०७६ लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ र विभिन्न आवधिक योजनाहरू यस सन्दर्भमा उल्लेखनीय छन्।

यसैगरी नेपालले मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार गरिएको विभिन्न महासन्धिहरू लगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले सहभागिता जनाएको र प्रतिबद्धता जाहेर गरेको छ। यी दस्तावेजहरूमा लैङ्गिक विभेदलाई वर्जित

गर्नुका साथै महिला र पुरुषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरिएको छ। यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानुनहरू समेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ। यसै सन्दर्भमा नेपाल सरकारले अख्तियार गरेको लैङ्गिक उत्तरदायी बजेट प्रणाली, राष्ट्रपति महिला उत्थान कार्यक्रम र सार्वजनिक निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्थाले पनि महिलाको सशक्तीकरण तथा आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याएको छ।

## ३.५ १६ औं पञ्चवर्षीय योजना (२०८२-२०८५/२०८६) मा लैङ्गिक समानता प्रवर्द्धनका लागि गरिएको व्यवस्थाहरुः

### ३.५.१ पृष्ठभूमिः

नेपालको संविधानमा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा विभेदरहित आर्थिक समानतायुक्त, सामाजिक न्यायसहितको समतामूलक समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ। आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, प्रशासनिक तथा राजनैतिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्ग, समूदाय एवं लिङ्ग, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समूदाय, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न खस आर्य तथा विशेष संरक्षणको आवश्यकता भएका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र नीतिगत तथा कानुनी संरक्षण समेत प्रदान गरेको छ।

### ३.५.२ विद्यमान अवस्थाः

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा अधिकारको कार्यान्वयनका लागि गरिएका नीतिगत कानुनी तथा कार्यक्रमगत प्रयासका फलस्वरूप लक्षित वर्गको सशक्तीकरण, समावेशीकरण तथा सामाजिक परिचालनका क्षेत्रमा केही महत्वपूर्ण उपलब्धि हासिल भएका छन्।

यस दिशामा भएका उल्लेख्य नीतिगत तथा कानुनी व्यवस्थामा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९, महिला अधिकार र लैङ्गिक समानताका लागि बेइजिङ्ग प्लाटफर्म कार्ययोजना, १९९५, आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९ तथा आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र, २००७ को अनुमोदन र सोअनुरूपका नीति तथा कार्यक्रम कार्यान्वयनका साथै प्रदेश तथा स्थानीय तहमा आन्तरिकीकरण एवं मूलप्रवाहीकरण गरिँदै लगिएको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ तथा अपाङ्गता सम्बन्धी एशिया तथा प्रशान्त क्षेत्रीय आवधिक रणनीति तथा कार्ययोजना पनि कार्यान्वयनमा रहेको छ। बालबालिकाको अधिकार सम्बन्धी महासन्धि, १९८९, सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्न सम्बन्धी महासन्धि, १९६५, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९, लगायतको अनुमोदन साथै महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र सघ सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५, १८२० र अन्य प्रस्तावहरूको कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना, २०७६ लाई कार्यान्वयनमा ल्याइएको छ।

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयनसँगै सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका नीति तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गरिएको छ। दिगो विकास लक्ष्यमा महिला,

बालबालिका तथा किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लैङ्गिक यौनिक तथा अल्पसङ्ख्यक र आदिवासी जनजाति सम्बन्धी विषय समावेश गरी विविध कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्।

बालिका, किशोरी तथा महिलाहरूको स्वास्थ्य, शिक्षा, रोजगारी तथा नीतिगत तहमा समतामूलक पहुँच तथा प्रतिनिधित्व बढाउन भएका प्रयासका फलस्वरूप विभिन्न उपलब्धि हासिल भएका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार महिला र पुरुषको साक्षरता दर कमशः ६९.४ र ८३.६ प्रतिशत, घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला २३.८ प्रतिशत, मातृ मृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा १ सय ५१ र कुल प्रजनन दर २.१ प्रति महिला पुगेको छ। लैङ्गिक हिंसा निवारण कोष सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७६ बमोजिम ७ वटै प्रदेश र ७५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भई सञ्चालनमा आएको छ। अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या २.२ प्रतिशत रहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र नियमावली, २०७७ कार्यान्वयनमा रहेका छन्। आ.व.२०७९/८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने पूर्ण अशक्त अपाङ्गता भएका ६६ हजार १ सय ५७ र अति अशक्त अपाङ्गता भएका १ लाख ३८ हजार १ सय ६५ गरी कुल २ लाख ४ हजार ३ सय २२ रहेका छन्। ज्येष्ठ नागरिकको सङ्ख्यात्मक वृद्धिसँगै सम्मानजनक जीवनयापनका लागि उचित हेरचाह तथा सामाजिक सुरक्षाको व्यवस्थालाई सुदृढ गर्दै ज्ञान, सीप, क्षमता तथा अनुभवलाई विकास प्रयासमा उपयोग गर्ने नीति अवलम्बन गरिएको छ। १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या कुल जनसङ्ख्याको ३४.८ प्रतिशत पुगेपनि बालिकाको सङ्ख्या विगत १ दशकमा ५ प्रतिशतले घटेको देखिन्छ जसले गर्भावस्थामा नै लिङ्ग छनौटको चिन्ताजनक स्थितिलाई इङ्गित गर्दछ। भविष्यमा लैङ्गिक अनुपातमा ठुलो भिन्नता रहने जोखिम बढ्ने छ।

### ३.५.३ मुख्य सवाल तथा चुनौतीः–

१. कुरीति एवं कुप्रथाको अन्त्य,
२. सवै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य,
३. सीमान्तकृत वर्ग समूदायको आर्थिक सामाजिक एकीकरण,
४. लक्षित वर्ग तथा समूदायका अर्थपूर्ण सहभागिताको सुनिश्चितता,
५. महिलाको योगदानको सम्मान गर्ने संस्कृतिको विकास,
६. खास क्षेत्र, वर्ग र समूदायको लागि विशेष लक्षित कार्यक्रम,
७. सामाजिक परिचालनमा तहगत एवं क्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धि,
८. लक्षित समूह केन्द्रित विपद् उत्थानशील प्रवर्द्धन,

### ३.५.४ रूपान्तरणकारी रणनीति

१. लैङ्गिक समानता एवं सशक्तीकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने,
२. तहगत तथा क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने,
३. लक्षित वर्ग समूदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
४. लक्षित वर्ग तथा समूदायलाई विशेष संरक्षण गर्ने,

५. नवीनतम अवधारणा एवं प्रविधिको प्रयोग अभिवृद्धि गर्ने,
६. तथ्य र प्रमाणमा आधारित निर्णय प्रणाली विकास गर्ने,
७. उद्धार, राहत, पुनःस्थापना तथा सामाजिक एकीकरण प्रभावकारी बनाउने,
८. न्याय प्रणालीमा सुधार गर्ने,
९. सामाजिक परिचालन तथा संस्थागत सुशासन कायम गर्ने,
१०. सकारात्मक विभेदको नीति अवलम्बन गर्ने।

### ३.५.५ प्रमुख कार्यक्रमः

१. शासकीय प्रबन्ध तथा नीतिगत एवं कानुनी सुधार कार्यक्रम,
२. अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यक्रम,
३. लक्षित वर्ग तथा समूदायको पहिचान तथा वर्गीकरणसम्बन्धी कार्यक्रम,
४. अपाङ्गतामैत्री जीवन सहजीकरण कार्यक्रम,
५. लैङ्गिक समानता, आर्थिक सशक्तीकरण र हिंसा न्यूनीकरण,
६. बाल अधिकार संरक्षणतथा प्रवर्द्धन,
७. लक्षित समूदाय विशेष सामजिक विकास तथा एकीकरण,
८. ज्येष्ठ नागरिक सुरक्षा र संरक्षण,
९. तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन तथा अनुगमन, मूल्याङ्कन प्रणाली,
१०. दलित सशक्तीकरण,
११. सामाजिक जागरण तथा सचेतनामूलक अभियान,
१२. लक्षित वर्ग तथा समूदाय आत्मनिर्भर,
१३. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, लैङ्गिकमैत्री पूर्वाधार निर्माण तथा गुणस्तरीय सहायक सामग्री व्यवस्थापन,
१४. सामाजिक तथा गैरसरकारी संस्था परिचालन तथा संस्थागत सुशासन् र सुदृढीकरण,
१५. खास जाति, भाषा, संस्कृतिको संरक्षण र उपयोग प्रवर्द्धन कार्यक्रम।

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०७९/८० को अवस्था | आ.व.२०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| २ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.४६ | ०.५९ |
| ३ | सामाजिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.५८ | ०.६५ |
| ४ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २३.४ | २०.० |
| ५ | महिला प्रतिनिधित्व सङ्घीय संसद | प्रतिशत | ३३.६ | ४० |

| | | | | |
|---|---|---|---|---|
| | महिला प्रतिनिधित्व प्रदेश सभा<br>महिला प्रतिनिधित्व स्थानीयतह | | ३४.५<br>४०.९ | ४०<br>४५ |
| ६ | सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | २९.५ | ३५ |
| ७ | घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला | प्रतिशत | २३.८ | ३५ |
| ८ | श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर | प्रतिशत | २६.३ | ३५ |
| ९ | सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता | प्रतिशत | १३.७ | २० |
| १० | सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको अनुपात | प्रतिशत | ४० | ५० |
| ११ | सामाजिक सुरक्षामा आवद्ध ज्येष्ठ नागरिक | प्रतिशत | ९० | १०० |
| १२ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | २२५ | ७५३ |
| १३ | मानव बेचबिखन पीडित प्रभावितहरूका लागि पुनःस्थापना केन्द्र सञ्चालन भएका जिल्ला | संख्या | १० | १५ |
| १४ | महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालय | प्रतिशत | - | ८० |
| १५ | पछिल्लो बाह्र महिनामा महिनावारीका कारणबाट विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिला | प्रतिशत | ९.४ | ४ |

### ३.५.६ परिमाणात्मक लक्ष्यः

श्रोतः राष्ट्रिय योजना आयोग, सोह्रौ योजना (आ.व. २०८१-८२ –२०८५-८६)

## ३.४ संरचनागत व्यवस्था

महिला हक अधिकारको कार्यान्वयनका लागि संवैधानिक तथा कानुनी व्यवस्थाका अतिरिक्त देहायबमोजिमको संरचनागत व्यवस्था गरिएको छः-

- राष्ट्रिय महिला आयोग,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय,
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान व्यूरो,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू,

- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय,
- ७५३ स्थानीय तहमा महिला विकास एकाइ-शाखा,
- हरेक मन्त्रालय-निकायमा लैङ्गिक सम्पर्क बिन्दु,
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति,
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरूका लागि पुनःस्थापना केन्द्र,
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाहरूका लागि सेवा केन्द्र,
- हिंसा पीडितहरूको सेवाका लागि ९२ वटा सामुदायिक अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू,
- स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति,
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानुनी सहायता समिति,
- हरेक अदालतमा वैतनिक वकिलको व्यवस्था,
- नेपाल बार एशोसिएशनबाट निःशुल्क कानुनी सहायता।

## ३.५ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण

| क्र.सं | मिति (वि.सं.) | घटना |
|---|---|---|
| १ | २०१३ | महिला प्रशिक्षण केन्द्रको स्थापना |
| २ | २०२९ | महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्न शिक्षा तथा समाज कल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा |
| ३ | २०३० | तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमिति अन्तर्गत महिला सिप विकास परियोजना सञ्चालन |
| ४ | २०३२ | आमा मिलन केन्द्रको स्थापना |
| ५ | २०३३ | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १९५१ (नं. १००) लाई नेपाल सरकारबाट अनुमोदन (अनुमोदन मितिः ६ अक्टोवर १९७६) |
| ६ | ६ अक्टोबर १९७६<br>२०३४ | तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समिति गठन |
| ७ | २०३६ | नेपालमा महिलाहरूको मर्यादास्तर (Status of Women in Nepal) अध्ययन |
| ८ | २०३७ | छैटौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति समावेश |
| ९ | २०३८ | तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना |
| १० | २०३८ | साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन |
| ११ | २०३९/४० | महिला विकास कार्यक्रम प्रारम्भ |
| १२ | २०४२ | तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा |
| १३ | २०४४ | श्रम मन्त्रालयमा महिला महाशाखा स्थापना |

| क्र.सं | मिति (वि.सं.) | घटना |
|---|---|---|
| १४ | २०४७ | महिला विकास शाखाको महाशाखामा स्तरोन्नति |
| १५ | २०४८ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ लाई नेपाल सरकारबाट अनुमोदन |
| १६ | २२ अप्रिल १९९१ २०४९ | कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना |
| १७ | २२ अप्रिल १९९१ २०४९ | आठौँ पञ्चवर्षीय योजना (२०४९/५४) मा लैङ्गिक मूलप्रवाहीकरणको नीति अवलम्बन |
| १८ | २०५० | जल तथा शक्ति आयोगको सचिवालयमा महिला एकाइ स्थापना |
| १९ | २०५० | राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा स्थापना |
| २० | २०५२ | महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना |
| २१ | २०५२ | महिला सिप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सिप विकास परियोजनालाई समिति अन्तर्गत सिप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था |
| २२ | २०५२/६/६ | नेपाल प्रहरीमा महिला एकाइ स्थापना (प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ) |
| २३ | २०५४ | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| २४ | २०५५ | स्थानीय स्वायत्त शासन ऐन जारीः (क) गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान (ख) गाउँ परिषदमा एकजना, जिल्ला परिषदमा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता (ग) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक-एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त |
| २५ | २०५६ | महिला जागृति तथा आय आर्जन कार्यक्रम लागू |
| २६ | २०५६ | महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था |
| २७ | २०५७ | महिला तथा समाज कल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामकरण (निर्णय मितिः २०५७।३।२६) |
| २८ | २०५७ | महिला विकास महाशाखा महिला विकास विभागमा परिणत (निर्णय मितिः २०५७।३।२६) |
| २९ | २०५८ | राष्ट्रिय महिला आयोगको गठन |
| ३० | २०५८ | राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण |
| ३१ | २०५८ | नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामकरण (डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति, हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार) |
| ३२ | २०५९ | विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दु (Gender Focal Person) तोक्ने व्यवस्था |
| ३३ | २०६० | नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि |

| क्र.सं | मिति (वि.सं.) | घटना |
|---|---|---|
| | | कार्यान्वयनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजनाको स्वीकृति (निर्णय मितिः २०६०।९।१७) |
| ३४ | २०६० | जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत (निर्णय मितिः २०६०।१२।२६) |
| ३५ | २०६० | नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाइ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focal Agency) तोक्ने निर्णय (निर्णय मितिः२०६०।४।५) |
| ३६ | २०६१ | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| ३७ | २०६१ | नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृतिः स्थानीय स्तरमा पनि लैङ्गिक सम्पर्क-बिन्दुहरू तोक्नुपर्ने व्यवस्था |
| ३८ | २०६१ | सम्पत्तिमा महिलाको स्वामित्व वृद्धिगर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति (आ.व. २०६१/६२ को बजेट बक्तव्य) |
| ३९ | २०६४ | लैङ्गिक-उत्तरदायी बजेट (Gender Responsive Budget) को प्रारम्भिक सुरुवात (आ.व.२०६३ को बजेट) |
| ४० | २०६२ | वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ लाई नेपालको अनुमोदन (अनुमोदन मितिः ३१ अक्टोबर २००६) |
| ४५ | २०६२ | महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था |
| ४६ | २०६२ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन (अनुमोदन मितिः १८ डिसेम्बर २००६) |
| ४७ | २०६३ | प्रतिनिधि सभाको घोषणा जारीः राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प |
| ४८ | २०६३ | नेपालको अन्तरिम संविधान जारीः महिलाका मौलिक हकको प्रत्याभूति |
| ४९ | २०६३ | गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनु पर्ने व्यवस्था |
| ५० | २०६३ | नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा |
| ५१ | २०६३ | लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी |
| ५२ | २०६३ | राष्ट्रिय महिला आयोग ऐन जारी (प्रमाणीकरण मिति २०६३/९/३०) |
| ५३ | २०६४ | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन जारी |
| ५४ | २०६४ | निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधनः (क) निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला |

| क्र.सं | मिति (वि.सं.) | घटना |
|---|---|---|
| | | उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान (ख) महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाइ एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान (प्रमाणीकरण मिति २०६४/४/८, लालमोहर र प्रकाशन मिति: २०६४/४/२३) |
| ५५ | २०६५ | नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारी: स्थानीय स्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक-तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था |
| ५६ | २०६५ | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली जारी |
| ५७ | २०६५ | राष्ट्रिय महिला आयोग नियमावली जारी |
| ५८ | २०६६ | स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था |
| ५९ | २०६६ | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ (प्रमाणीकरण मिति २०६६/१/१४) |
| ६० | २०६७ | महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण (निर्णय मिति: २०६७।६।१२) |
| ६१ | २०६७ | घरेलु हिंसा (कसूर र सजाय) नियमावली जारी |
| ६२ | २०६७ | त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य |
| ६३ | २०६७/६/१२<br>२०६७ | नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना(२०६७/६८-२०७१/७२) को स्वीकृति |
| ६४ | २०६७/६/१२<br>२०६७ | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ जारी |
| ६५ | २०६८ | पुन:स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६६ | २०६८ | पुन:स्थापना कोष सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६७ | २०६८ | मानव बेचविखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८ जारी |
| ६८ | २०७० | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० जारी |
| ६९ | २०७१ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ जारी |
| ७० | २०७१ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ जारी (प्रमाणिकरण मिति: २०७१।८।५) |
| ७१ | २०७१ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ |
| ७२ | २०७२ | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी |

| क्र.सं | मिति (वि.सं.) | घटना |
|---|---|---|
| ७३ | २०७२ | बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी (प्रमाणीकरण मिति २०७२/६/१८) |
| ७४ | २०७२ | बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ |
| ७५ | २०७३ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड (संशोधन), २०७३ |
| ७६ | २०७४ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |
| ७७ | २०७४ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ |
| ७८ | २०७४ | कार्यस्थलमा हुने यौन दुर्व्यवहार आचारसंहिता, २०७४ |
| ७९ | २०७४ | मुलुकी देवानी (संहिता) ऐन, २०७४ |
| ८० | २०७४ | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ |
| ८१ | २०७५ | महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५ |
| ८२ | २०७५ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ |
| ८३ | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| ८४ | २०७७ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| ८५ | २०७७ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ |
| ८६ | २०७७ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ (नेपाल सरकारबाट २०७७/१०/०५ मा स्वीकृत) |
| ८७ | २०७७ | नेपाल लैङ्गिक तथा समावेशी नीति, २०७७ (निर्वाचन आयोग) |
| ८८ | २०७८ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ (मिति २०७८/०३/२१ गतेको नेपाल राजपत्रमा प्रकाशित) |

## ३.६ महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW- Convention on the Elimination of All Forms of Discrimination Against Women) को कार्यान्वयनको समीक्षा

महिला विरुद्धको भेदभाव उन्मूलन समितिले नेपालको सातौं आवधिक प्रतिवेदनमा गरेका समापन निष्कर्ष तथा सुझावहरुः-

**परिचयः**

समितिले राज्य पक्षले आफ्नो आवधिक प्रतिवेदन पेश गरेकोमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीको नेतृत्वमा गएको उच्चस्तरीय प्रतिनिधिमण्डलको प्रशंसा गरेको थियो। जसमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधिहरु, साथै राजदूत तथा स्थायी प्रतिनिधि र संयुक्त राष्ट्र संघ कार्यालय र जेनेभास्थित अन्य अन्तर्राष्ट्रिय संस्थाहरुका लागि नेपालको स्थायी नियोगका अन्य प्रतिनिधिहरु समावेश थिए।

राष्ट्रिय महिला आयोगसँग सम्बन्धित समितिबाट प्राप्त निष्कर्ष र सुझावहरुः-

१. संवैधानिक र विधायिकी ढाँचा

- विशेष अवसर विधेयक (Special Opportunity Bill) को स्वीकृतिलाई तीव्रता दिने र दिगो विकास लक्ष्यहरुको लक्ष्य ५.१ बमोजिम सार्वजनिक तथा निजी क्षेत्रहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष भेदभाव अन्त्य गर्ने, साथै भेदभावका अन्तरसम्बन्धित रुपहरुलाई समेट्ने कुरा सुनिश्चित गर्ने,
- उमेर, राष्ट्रियता, जातीयता, अपाङ्गता र सामाजिक आर्थिक स्थितिका आधारमा विभाजित महिला विरुद्ध हुने भेदभाव सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न एक प्रणाली स्थापना गर्ने।

२. न्यायमा पँहुच

- महिलाहरुलाई किफायती वा आवश्यक परेमा निःशुल्क कानुनी सहायता सेवाहरुमा विशेष गरी ग्रामिण महिलाहरु, पिछडिएका र सिमान्तकृत समूहका महिलाहरुको पहुँच सुनिश्चित गर्ने,
- महिला र किशोरीहरु विशेष गरी पिछडिएका समूहका महिलाहरुमा महासन्धि अन्तर्गतका आफ्ना अधिकारहरु र ती अधिकारहरु दाबी गर्न उपलब्ध उपचारहरु बारे जागरुकता बढाउने, नागरिक समाज संस्थाहरुसँगको सहकार्यमा र न्यायमा महिलाको पहुँचलाई रोक्ने वा सिमित गर्न अवरोधहरुलाई सम्बोधन गर्ने, विशेषगरी स्थानीय भाषाहरुमा व्याख्या, सेवाहरुको पँहुचयोग्यताका उपायहरु, उचित आवास, प्रक्रियागत समायोजन र समर्थित निर्णय प्रक्रियाको प्रावधान सहित सहजीकरण गरेर न्यायमा पँहुच सुनिश्चित गर्ने।

३. महिला, शान्ति सुरक्षा र संक्रमणकालीन न्याय संयन्त्र

- अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितहरुका लागि उपचार र परिपूरणको अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र निर्देशिकाहरु अनुरुप सशस्त्र द्वन्द्व पीडित महिला र किशोरिहरुको पूर्ण र प्रभावकारी क्षतिपूर्तिमा पँहुच सुनिश्चित गर्ने,
- महिला शान्ति तथा सुरक्षासँग सम्बन्धित सबै प्रक्रियाहरुमा विशेष गरी सम्बन्धित राष्ट्रिय कार्ययोजनाहरु अपनाउने, कार्यान्वयन गर्ने र मूल्याङ्कनको सन्दर्भमा, महिलाहरुको अर्थपूर्ण र समावेशी सहभागिता सुनिश्चित गर्ने।

४. महिला उन्नतिको लागि राष्ट्रिय संयन्त्र

- राष्ट्रिय महिला आयोगलाई सुदृढ पार्न तथा महिला र लैङ्गिक समानताको उन्नतिको विषयमा स्थानीय तहसँगको समन्वय र सहकार्यको लागि राष्ट्रिय महिला आयोगको ७ वटै प्रदेशहरुमा कार्यालयहरु स्थापनाको लागि सम्बोधन गर्ने,
- पिछडिएका समूहहरुलाई लक्षित सार्वजनिक समानता र गैर-भेदभाव नीतिहरुको परिभाषा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा अपाङ्गता, आदिवासी वा दलित स्थिति, यौन झुकाव, लैङ्गिक पहिचान र आप्रवासी स्थिति जस्ता पहिचानका लागि महिलाहरुको फरक अवस्थाहरुमा आधारित लैङ्गिक र विविधताको अन्तरसम्बन्धित (Intersectional Approach) दृष्टिकोण अपनाउने।

५. अस्थायी विशेष अवसर

- आदिवासी महिला, अपाङ्गता भएका महिला, दलित महिला, धार्मिक अल्पसंख्यक समूदायका महिला, आप्रवासी महिला र समलैङ्गिक, उभयलिङ्गि, ट्रान्सजेन्डर र अन्तरलिङ्गि महिलाहरुको सन्दर्भमा अस्थायी विशेष उपायहरु तर्जुमा गर्दा अन्तरसम्बन्धित प्रकारका भेदभावको सामना गरिरहेका सबै

महिला र किशोरीहरुको विशेष आवश्यकतालाई पहिचान गर्ने र यी उपायहरुको प्रभावकारिता नियमित रुपमा मूल्याङ्कन गर्न संयन्त्र स्थापना गर्ने,

- अस्थायी विशेष उपायहरुको प्रभाव सम्बन्धी तथ्याङ्क व्यवस्थितरुपमा सङ्कलन गर्ने र त्यस्तो तथ्याङ्कलाई यसको अर्को आवधिक प्रतिवेदनमा समावेश गर्ने।

६. लैङ्गिक रुढिवादी धारणा (Gender Stereotypes)

- लिङ्ग छनोट गर्भपतनको अभ्यास उन्मूलन गर्न भेदभावपूर्ण लिङ्ग छनोट विरुद्धको राष्ट्रिय रणनीति, (२०२१) कार्यान्वयन गर्ने, लिङ्ग-छनोट गर्भपतन गराउन दबावमा परेका महिलाहरुका लागि हेल्पलाइनहरु सहित सेवाहरु स्थापना गर्ने र घरेलु र बाल हेरचाह जिम्मेवारीहरुको समान साझेदारी साथै जिम्मेवार पितृत्वलाई प्रवर्द्धन गर्न जागरुकता अभिवृद्धि र पितृत्व वा साझा अभिभावकीय पछुति सहित लक्षित उपायहरु लिने,
- परिवार र समाजमा महिला र पुरुषहरुको भूमिका र जिम्मेवारीहरुको बारेमा भेदभावपूर्ण स्टिरियोटाइपहरु हटाउन समूदाय र धार्मिक नेताहरु, शिक्षकहरु, किशोर किशोरीहरु र महिला पुरुषहरुलाई लक्षित गर्दै अनलाइन डोमेन सहितको व्यापक रणनीति विकास र कार्यान्वयन गर्ने र गरिएका रणनीतिक हस्तक्षेपहरुको प्रभावलाई व्यवस्थित रुपमा मापन गर्न लक्ष्य र सूचकहरुको गेट निर्माण र विकास र कार्यान्वयन गर्ने,
- सम्बन्धित सार्वजनिक अधिकारीहरु र मिडिया, साथै निजी क्षेत्रका प्रतिनिधिहरुलाई क्षमता अभिवृद्धि प्रदान गर्ने जसले गर्दा उनीहरुलाई लैङ्गिक उत्तरदायी भाषा मार्फत भेदभावपूर्ण लैङ्गिक स्टिरियोटाइपहरुलाई सम्बोधन गर्न सक्षम बनाउन सकियोस र विकासका सक्रिय चालकको रुपमा महिलाहरुको सकारात्मक चित्रणलाई सञ्चार माध्यममा प्रवर्द्धन गराउने,

७. हानिकारक अभ्यास

- छाउपडी, बाल/जबरजस्ती बिबाह, जातीय बिबाह, जातीय भेदभाव, दाइजो, बहुबिबाह र बोक्सीको आरोप लगायत हानिकारक अभ्यासहरुलाई निषेध गर्न राष्ट्रिय कानुनलाई प्रभावकारी रुपमा लागु गर्न र ती अभ्यासहरुले महिला र किशोरीहरुले आफ्नो मानव अधिकारको उपभोगमा पार्ने नकरात्मक प्रभावको बारेमा जनचेतना अभिवृद्धि र सचेतनाका कार्यक्रमहरुलाई (परम्परागत र धार्मिक नेताहरु र हानिकारक अभ्यासहरु प्रचलित क्षेत्रहरुलाई लक्षित गरि) सुदृढ पार्ने

८. महिला विरुद्ध हुने लैङ्गिक हिंसा

- महिला र बालिकाहरु विरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसालाई विशेष रुपमा अपराधीकरण गर्न सुनिश्चित गर्न व्यापक कानुन अपनाउने, जसमा मनोवैज्ञानिक हिंसा, प्रविधि-सहयोगी हिंसा र जलवायु-प्रेरित हिंसा समावेश छ, जसमा ग्रामिण महिला, वृद्ध महिला, अपाङ्गता भएका महिला र बालिकाहरु, आदिवासी महिला र बालिकाहरु, धार्मिक र जातीय अल्पसङ्ख्यकका महिला र बालिकाहरु, आप्रवासी, ट्रान्सजेन्डर र अन्तरलिङ्गी महिलाहरु लगायत महिलाका पिछडिएका र सीमान्तकृत समुहरुको विशेष सुरक्षा आवश्यकताहरुलाई ध्यानमा राख्ने
- साइबर आक्रमण, साइवरबुलिङ्ग र साइबर बेचबिखन, जसमा सिंथेटिक मिडिया, डिप फेक, डक्सिङ्ग र लैङ्गिक हिंसालाई सहज बनाउने अन्य नयाँ प्रविधिहरु समावेश छन्, रोक्न राष्ट्रिय नियमक प्रक्रियाहरु र उचित परिश्रम संयन्त्रहरुको कार्यान्वयनलाई सुदृढ पार्ने, प्रयोगकर्ता-उत्पन्न सामग्रिको

लागि सामाजिक सञ्जाल प्लेटफर्महरुलाई जवाफदेही बनाउन र अनलाइन हिंसा र उत्पीडनका दोषीहरुलाई न्यायको कठघरामा ल्याउने संयन्त्रहरु राज्य पक्षमा रहेको सुनिश्चित गर्ने र साइबर अपराध विरुद्धको संयुक्त राष्ट्र महासन्धि (२०२४) लाई अनुमोदन गर्ने,

- लैङ्गिक हिंसाका पीडित महिला तथा बालबालिकाहरुका लागि विशेष सेवाहरुको उपलब्धता सुनिश्चित गर्ने, त्यस्ता सेवाहरु समावेशी, पँहुचयोग्य र ग्रामिण क्षेत्रमा उपलब्ध छन् भनी सुनिश्चित गर्ने,
- यौन हिंसाका घटननाहरुको रिपोर्टिङ्गको लागि हदम्यादको विधान खारेज गर्ने

९. महिला बेचबिखन र वेश्यावृत्तिको शोषण

- राज्य पक्षले गरेका प्रतिबद्धताहरु अनुरुप मानव बेचबिखन तथा ओसारपसार ऐन र अन्य सान्दर्भिक राष्ट्रिय कानुनहरुमा मानव बेचबिखनका सबै रुपहरुलाई अपराधीकरण गर्ने मानव बेचबिखनको परिभाषालाई अन्ताष्ट्रिय कानुन अनुरुप ल्याउने, र मानव बेचविखनका सबै पक्षहरुलाई समावेश गर्ने,
- बेचबिखनका पीडितहरुको पहिचान र उपयुक्त सेवाहरुमा सिफारिस सुनिश्चित गर्न मानक सञ्चालन प्रक्रियाहरु अनपाउने र बेचबिखनका पीडितहरु अदालतमा उपस्थित नभएमा जरिवाना गर्न अदालतलाई अनुमति दिने प्रावधान हटाउने,
- बेचबिखन सम्बन्धी राष्ट्रिय नितिको मस्यौदा र बेचबिखन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको अवलम्बनलाई तीव्रता दिने,
- वेश्यावृत्तिमा संलग्न महिलाहरुको शोषणबाट निगरानी र कानुनी सुरक्षा सुनिश्चित गर्ने र त्यस्ता गतिविधिहरुमा संलग्न भएकोमा उनीहरुलाई मुद्दा नचलाउने सुनिश्चित गर्न व्यापक नीति, विधायी र नियामक ढाँचाको निर्माणलाई तिव्रता दिने,
- महिलाको वस्तुकरणलाई सम्बोधन गर्न र वेश्यावृत्तिको मागलाई कम गर्न पुरुष र किशोरहरुलाई लक्षित शैक्षिक र जागरुकता अभिवृद्धि अभियानहरुलाई बलियो बनाउने, यौनकर्मीहरुको अधिकारको रक्षा गर्न, उनीहरुलाई सुरक्षित काम गर्ने अवस्था प्रदान गर्न प्रयास पँहुच प्रदान गर्न आवश्यक उपायहु अपनाउने,

१०. राजनीतिक तथा सार्वजनिक जिवनमा निर्णय प्रक्रियामा समान र समावेशी सहभागिता

- महिला राजनीतिज्ञ र उम्मेदवारहरुलाई राजनीतिक अभियान नेतृत्व र वार्तालाप सीपमा अभियान वित्तपोषण र क्षमता अभिवृद्धि प्रदान गर्ने र मिडियासँगको सहकार्यमा राजनीतिज्ञ, धार्मिक तथा समुदायिक नेताहरु र आम जनतामा राजनितिक र सार्वजनिक जीवनमा पुरुषहरुसँगै समान आधारमा महिलाहरुको पूर्ण, स्वतन्त्र र लोकतान्त्रिक सहभागिताको महत्वमा जागरुकता जगाउने,
- निजी क्षेत्रमा व्यवस्थापन पदहरुमा महिलाहरुलाई राजनीतिक साक्षरता बढाउने र तालिम प्रदान गर्ने, नेतृत्व पदहरुमा महिलाको समान प्रतिनिधित्वको महत्वमा रोजगारदाता र प्रबन्धकहरुमाझ चेतना जगाउने र सार्वजनिक तथा निजी सूचीबद्ध कम्पनीहरुलाई बोर्ड र नेतृत्व पदहरुमा महिलाहरुको संख्या बढाउन प्रोत्सहान प्रदान गर्ने,

- कुटनीतिक नियोगहरु लगायत न्यायपालिका, सार्वजनिक सेवा र विदेश सेवामा महिलाहरुको प्राथामिकता भर्ती सुरु गर्ने र अन्तर्राष्ट्रिय संस्थाहरुमा आवेदन दिने महिला उम्मेदवारहरुलाई सहयोग गर्ने।

११. राष्ट्रियता

- नागरिकता विधेयक पारित गर्ने कामलाई तीव्रता दिने यसले नेपाली महिला र उनीहरुका बालबालिका विरुद्ध हुने सबै प्रकारका भेदभावलाई सम्बोधन गर्ने कुरा सुनिश्चित गर्ने,
- राज्यविहीनता रोक्नको लागि "बुबा र आमा" भन्दा "बुबा वा आमा"द्धारा जन्म दर्ता गर्ने अनुमति दिन संविधानको धारा ११(३) संशोधन गर्ने,
- नेपाली महिलाहरुलाई नेपाली पुरुष सरह नै आफ्नो पति वा पत्नीलाई नागरिकता हस्तान्तरण गर्ने अधिकार सुनिश्चित गर्न संविधानको धारा ११(६) संशोधन गर्ने र पहिचान नभएका बाबु आफ्ना बच्चाहरुलाई नागरिकता हस्तान्तरण गर्न नेपाली आमाहरुले गर्नुपर्ने स्व-घोषणापत्र र सजाय/जरिवाना हटाउने,

१२. शिक्षा

- बालबिबाह र प्रारम्भिक गर्भावस्था, साथै लिङ्ग/अपाङ्गताको आधारमा हुने भेदाभाव लगायत बालिकाहरुमा विद्यालय छोड्ने कारणहरुलाई सम्बोधन गर्ने, शिक्षा पूरा गर्नेर उच्च शिक्षा वा रोजगारीमा पँहुच प्राप्त गर्ने उद्देश्यले बच्चा जन्माएपछि युवा आमाहरु विद्यालय फर्कनसक्ने कुरा सुनिश्चित गर्ने, र पक्ष राष्ट्रमा वैकल्पिक प्रसव विधि र वैकल्पिक सिकाइ प्रणालीहरुको प्रभावको बारेमा अर्को आवधिक प्रतिवेदनमा जानकारी प्रदान गर्ने,
- सबै अपाङ्गता भएका महिला र बालिकाहरुको गुणस्तरीय समावेशी शिक्षामा पँहुच सुनिश्चित गर्न र विद्यालयमा उनीहरुको विद्यालय टिकाईलाई प्रवर्द्धन गर्न अपाङ्गता भएका महिला र बालिकाहरु सहित महिला र बालिकाहरुलाई भेदभाव, उत्पीडन र हिंसाबाट मुक्त सुरक्षित र समावेशी शैक्षिक वातावरण प्रदान गर्न National Anti-Bullying Policy अपनाउने,
- शिक्षाका सबै तहमा मर्यादित महिनावारी सम्बन्धी निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयनलाई सुदृढ पार्ने र विद्यालयको पाठ्यक्रममा समावेश गर्ने, महिला मानव अधिकार र महिला तथा बालिकाहरु विरुद्ध हुने लैङ्गिक हिंसाको हानिकारक प्रभावहरु सहित लैङ्गिक समानतामा समावेशी र पँहुचयोग्य सामाग्रि व्यवस्था गर्ने, उमेर उपयुक्त यौनिकता शिक्षा, जिम्मेवार यौन व्यवहार र प्रारम्भिक गर्भावस्था र यौनजन्य रोगहरुको रोकथाममा विशेष ध्यान दिने।

१३. रोजगारी

- परम्परागत रुपमा पुरुषप्रधान पेशाहरु लगायत निर्णय लिने पदहरु र उच्च तलब भएका जागिरहरुमा महिलाहरुको पँहुचलाई प्रवर्द्धन गर्ने र ती क्षेत्रहरुमा महिलाहरुलाई प्राथामिकताका साथ भर्ती गर्न प्रोत्साहन प्रदान गर्ने लक्षित उपायहरु अपनाउने
- वृद्धवृद्धाहरुका लागि, बाल हेरचाह सुबिधा र सेवाहरु प्रदान गरेर महिलाहरुमा रहेको बेतलबी हेरचाह कार्यको भार पहिचान गर्ने घटाउने र पुनर्वितरण गर्ने र पारिवारिक व्यवसायमा कार्यरत महिलाहरुलाई पर्याप्त पारिश्रमिक दिने र सामाजिक सुरक्षा योजनाहरुमा पँहुच दिने कुरा सुनिश्चित गर्ने,

- विशेष गरी डिजिटल अर्थतन्त्र जस्ता उदीयमान क्षेत्रहरुमा अपाङ्गता भएका महिला र बालिकाहरु सहित महिला र बालिकाहरुका लागि समान अवसरहरु सुनिश्चित गर्ने

१४. महिला आप्रवासी कामदार

- नेपाली महिलाका आप्रवासी कामदारहरु, जसमा महिला घरेलु कामदारहरु पनि समावेश छन्, गन्तव्य देशहरुसँग गरिएका सबे द्विपक्षीय सम्झौताहरुमा उनीहरुको मानव अधिकारको सबै उल्लङ्घनको अनुसन्धान र अभियोजन गर्ने र पीडितहरुलाई क्षतिपूर्ति प्रदान गर्ने प्रोटोकलहरु समावेश गरिएको सुनिश्चित गर्ने,
- भर्ती अभ्यासहरुको अनुगमन गर्न, लागत घटाउन र महिला आप्रवासी कामदारहरुको लागि सुरक्षित अवस्था सुनिश्चित गर्न, उनीहरुलाई उपलब्ध उपचारहरुको बारेमा जानकारी फैलाउन र त्यस्ता उपचारहरुमा पँहुच गर्न लैङ्गिक र अन्तरसम्बन्धित अवरोधहरुलाई सम्बोधन गर्न सरकारी निकायहरु, नागरिक समाज र ट्रेड युनियनहरु बीच समन्वय बढाउने

१५. स्वास्थ

- मातृ मृत्युदर उच्च दर घटाउन पर्याप्त प्रसवपूर्व र प्रसवेत्तर स्वास्थ्य सेवाहरुमा महिलाहरुको पँहुच सुधार गर्ने, विशेष गरी ग्रामिण क्षेत्रहरुमा सम्बन्धित स्वास्थ्यकर्मीहरुलाई तालिम दिने,
- ग्रामिण महिला तथा बालिकाहरु, अभिवाहित महिलाहरु र अपाङ्गता भएका महिका तथा बालिकाहरु लगायत महिला तथा बालिकाहरुको परिवार नियोजन गर्भनिरोधका आधुनिकरुपहरु र सुरक्षित गर्भपतन र गर्भपतनपछिका सेवाहरु लगायत यौन तथा प्रजनन स्वास्थ्य सेवा र जानकारीमा पर्याप्त पँहुचसुनिश्चित गर्ने,
- विशेष गरी ग्रामिण र दुर्गम क्षेत्रहरुमा गर्भनिरोधक र महिनावारी स्वच्छता उत्पादनहरु, जातीय अल्पसंख्यक, अपाङ्गता भएका ग्रामिण महिला र किशोरीहरु, यौनकर्मी र समलैङ्गिक, उभयलिङ्गि, ट्रान्सजेन्डर र अन्तरलिङ्गी महिलाहरु सहित सबै महिला र किशोरीहरुको आत्महत्या रोकथाम कार्यक्रमहरु र यौन तथा प्रजनन स्वास्थ्य सेवाहरुरुको जानकारी साथै आधुनिक र आपतकालिन सहित मानसिक स्वास्थ्य सेवाहरुमा पर्याप्त पँहुच सुनिश्चित गर्ने

१६. महिलाको आर्थिक सशक्तीकरण

- सामाजिक सुरक्षाको लागि राष्ट्रिय रणनीतिमा लैङ्गिकतालई मुख्यधारामा ल्याएर गरिबीको महिलाकरणलाई सम्बोधन गर्ने र महिलाहरु, विशेष गरी पिछडिएका समुहका व्यक्तिहरु, राष्ट्रिय लै, गिक समानता नीतिको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नवीकरण समानरुपम सहभागी हुने र प्रयाप्त सामाजिक तथा आर्थिक लाभ, आर्थिक सशक्तीकरण र सामाजिक सुरक्षा योजनाहरुमा पँहुच सुनिश्चित गर्ने,
- महिलाको आर्थिक सशक्तीकरण लैङ्गिक रुढीवादीधारणा र अवरोधहरुलाई सम्बोधन गर्ने र महिलाहरुलाई जग्गा स्वामित्व, धितो बिना कम व्याजदर ऋण र अन्य प्रकारकावित्तीय ऋणमा पुरुषहरु सरह समान पँहुच सुनिश्चित गर्ने र उनीहरुको पँहुच व्यापार सञ्जाल, स्रोतहरु उद्यमशिलता अवसरहरु र सूचना प्रविधि विस्तार गर्ने,

१७. ग्रामिण, आदिवासी र दलित महिला

- ग्रामिण तथा आदिवासी महिलाहरुको स्वास्थ्य सेवामा पहुँच प्रवर्द्धन गर्न ग्रामिण क्षेत्रमा सेवा प्रवाह सुनिश्चित गर्न प्रायसहरुलाई तीव्र बनाउने,
- आदिवासी महिलाहरुको प्रभावकारी सहभागितामा मात्र आदिवासी क्षेत्रहरु र संरक्षित क्षेत्रहरुमा काठ काट्ने, पर्यटन र खानी, साथै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरु र संरक्षणपरियोजनाहरु लगायतका आर्थिकगतिविधिहरु कार्यान्वयन गर्न सकिन्छ भन्ने कुरा सुनिश्चित गर्ने,
- सरकारका सबै तहमा, विशेष गरी नीति निर्माण गर्ने निकाय संवैधानिक निकाय, विदेश सेवा र सार्वजनिक सेवामा दलित महिलाको प्रतिनिधित्व बढाउने, जातीय भेदभाव र छुवाछुतका रिपोर्टहरुको अनुगमन र अनुसन्धान गर्ने र जीवनका सबै क्षेत्रमा दलित महिला विरुद्ध हुने भेदभावमा शून्य सहनशिलताको नीति लागु गर्ने।

१८. अपाङ्गता भएका महिला र किशोरीहरु

- अपाङ्गता भएका महिला र किशोरीहरुले न्याय, समावेशी शिक्षा, रोजगारी र स्वास्थ्य सेवाहरुमा पँहुच गर्न सक्षम छन् भनी सुनिश्चित गर्ने (यसमा यौन तथा प्रजनन स्वास्थ्य सेवाहरु पनि समावेश छन् र उपचार सम्बन्धी कुनै पनि जाँच उनीहरुले आफ्नो स्वतन्त्र र सूचित सहनति दिएपछि मात्र गरिनुपर्छ)

१९. जलवायु परिवर्तन र प्रकोप जोखिम न्यूनीकरण

- महिला र बालिकाहरुमा जलवायु परिवर्तन र प्राकृतिक प्रकोपको प्रभाव सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन गर्ने,
- महिला तथा बालबालिकाहरुको लचिलोपन र जलवायु परिवर्तनमा प्रभावकारी अनुकूलन निर्माण गर्न लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको कार्यान्वयनलाई सुदृढ पार्ने र जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण कानुन, नीति, वित्तपोषण र कार्यक्रमहरुमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने,
- समूदाय र महिला तथा बालिकाहरु, ग्रामिण महिला तथा अपाङ्गता भएका महिलाहरु लगायत जलवायु परिवर्तन र विपद जोखिम व्यवस्थापन साक्षरता र जागरुकता बढाउने,
- COP 27th सत्रमा निर्णय गरिए अनुसार वातावरणीय क्षति र क्षतिको प्रतिक्रिया दिन नयाँ कोष व्यवस्थाको सिर्जना र सञ्चालनमा महिलाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने।

२०. बिबाह र पारिवारीक सम्बन्ध

- बालबिबाह अन्त्य गर्ने राष्ट्रिय रणनीति (२०१५) लाई बालबिबाह अन्त्य गर्न राष्ट्रिय कार्ययोजन २०१८-३० सँग तालमेत मिलाउने, बाल अधिकार सम्बन्धी महासन्धिले परिभाषित गरे अनुसार केटि र केटा दुवैको लागि बिबाहको न्यूनतम उमेर १८ वर्ष तोक्ने विवावहको लागि सहमति, बिबाहको लागि न्यूनतम उमेर र बिबाह दर्ता सम्बन्धी १९६२ को महासन्धिमा सहमति जनाउने र कम उमेरको बिबाहको लागि नाबालिगहरुलाई अपराधीकरण गर्ने कार्य खारेज गर्ने,
- राज्यद्धारा जबरजस्ती बिबाह र बहुबिबाह रोक्न स्वचालित बिबाह सम्बन्धी प्रावधानहरु खारेज गर्ने र वैवाहिक स्थितिलाई ध्यान नदिई पिताको रुपमा जिम्मेवारी सुनिश्चित गर्न कानुन अपनाउने

- बिबाह र सम्बन्ध विच्छेदमा महिलाको समान हधिकार सुनिश्चित गर्ने, सम्बन्ध विच्छेद प्राप्त गर्ने समान आधार र प्रक्रियाहरु र पारिवारीक सम्पति विभाजनमा समानता सहित, जबरजस्ती सम्बन्ध विच्छेद र दाइजो निषेधलाई प्रभावकारी रुपमा लागु गर्ने र यी अभ्यासहरु विरुद्ध आम जनतालाई जागरुकता अभिवृद्धि र शिक्षा प्रदान गर्ने, सम्बन्धित ग्रासरुट नागरिक समाज संस्थाहरुलाई सहयोग गर्ने लगायत,
- बच्चाको सर्वोतम हितको आधारमा Custody सम्बन्धी निर्णयहरु लिईएको र आमाले पुनर्विवाह गरेको कारणले मात्र बच्चाहरुलाई मातृ Custody बाट नहटाइएको सुनिश्चित गर्ने,
- उत्तारधिकार सम्बन्धी कानुनी प्रावधानहरु लागु गर्ने र महिलाहरु, विशेष गरी विधवाहरु, एकल आमाहरु र अपाङ्गता भएका महिला र बालीकाहरुलाई उत्तराधिकार प्राप्त गर्नका लागि सबै व्यवहारिक अवरोधहरु हटाउने, जागरुकता बढाउने उपायहरु र धम्कीबाट सुरक्षा, र न्यायपालिकाको लागि तालिम, जसमा परम्परागत न्यायकर्मीहरु र परम्परागत अदालतका न्याधीशहरु पनि समावेश छन्
- "अन्य" को रुपमा पहिचान गरिएका व्यक्तिहरुसँग सम्बन्धित समलिङ्गी बिबाह संघहरुलाई मान्यता दिन संहिताको धारा ६७ मा संशोधन गर्ने र विपरित लिङ्गि विवाहित जोडिहरुको अधिकार र कर्तव्यहरु समान बनाउने,
- विवाहित महिलाहरुले आफ्नो पारिवारीक नाम र ठेगना कायम राख्न सक्ने कुरा सुनिश्चित गर्ने।

### ३.७ महिला अधिकार सम्बन्धी विभिन्न मुद्दाहरुको सवालमा न्याय प्रक्रियाका लागि प्रतिपादित नजिरहरूः

नेपालको संविधानद्धारा प्रदत्त मौलिक हकको प्रचलन गराउन, सार्वजनिक सरोकारका विवादमा, संवैधानिक वा कानुनी प्रश्नको निरुपणको क्रममा सर्वोच्च अदालतबाट मुद्दाको रोहमा प्रतिपादन भएको सिद्धान्त नजिर हुन्। नजिर कानुनसरह बाध्यकारी हुन्छ। महिलाका हक अधिकारको सवालमा सर्वोच्च अदालतले प्रतिपादन गरेका प्रतिनिधिमूलक नजिरलाई यसप्रकार उल्लेख गरिएको छ।

१. शशी पराजुली उप्रेती विरुद्ध राहु पराजुली/तुलसा बस्नेत मुद्दा नं ०७८-DF-०००९, सर्वोच्च अदालत, पूर्ण इजलासको फैसला मिति २०८१/१२/२१, सौतेनी आमाले जुनसुकै श्रोतबाट पाएको सम्पत्तिमा आफ्नो उदर तर्फको छोरा सरह बिमातृक छोराको पनि समान अंश हक रहने।
२. रामहरी मुडभरी विरुद्ध पुनम मुडभरी, मुद्दा नं ०७५-DP-०००४, सर्वोच्च अदालतको बृहत्त पूर्ण इजलासको मिति २०८२/०३/१८ फैसला, मुलुकी देवानी संहिता, २०७४ जारी भएपश्चात् बिबाह गरेका छोरीले पनि पैतृक सम्पत्तीमा छोरासरह समान रुपमा अंशहक पाउने।
३. रुक्साना कपाली विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत, मुद्दा नं ०७७-wo-०९७३, सर्वोच्च अदालतको मिति २०८०/०७/२० को फैसला, व्यक्तिले स्वअनुभूतीको आधारमा लैङ्गिक पहिचान निर्धारण गर्ने सम्बन्धी अधिकार हुने।
४. कृष्टिना महर्जन समेत विरुद्ध नेपाल सरकार गृह मन्त्रालय समेत, मुद्दा नं ०७८-wo-०८५३, सर्वोच्च अदालतको फैसला मिति २०८०/०४/२३, आमाको नाम मात्र उल्लेख गरेर नागरिकता प्रदान गर्ने सम्बन्धमा।
५. पुनरावेदक/वादी चन्दा रोकाको जाहेरीले नेपाल सरकार विरुद्ध प्रत्यर्थी/प्रतिवादी रूपेन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.३ खजहना बस्ने सञ्जीव रोका मुद्दा नं ०७६-CF-०००९ बहुबिबाह मुद्दामा सर्वोच्च अदालतको मिति २०८१।१।६ गतेको बृहत्त पूर्ण इजलासको फैसला, बहुबिबाहसम्बन्धी कसुर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गतको कसुर भएको हुँदा जोसुकैले जहिलेसुकै पनि बल्ल थाहा पाएँ भनी जाहेरी दिन पाउने र अपराध अनुसन्धान तहकिकात गर्ने निकायले जाहेरी परेपछि

मात्र अपराध भए घटेको थाहा पाएको भनी मान्ने हो भने हदम्याद असीमित हुन पुग्ने। मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. द्वारा निर्दिष्ट गरिएको हदम्यादसम्बन्धी प्रावधान निस्तेज भई जोसुकैले जहिलेसुकै नालिस गर्न सक्ने अवस्था सिर्जना हुने हुँदा हदम्यादसम्बन्धी विधायिकी मनसायको प्रतिकूल हुने।

६. पुनरावेदक प्रतिवादी सकुन्तला जोशी शर्मा विरुद्ध सुदर्शनदेव जोशी मुद्दा नं ०७१-CI-०५००, मुद्दाः शेषपछिको बकसपत्र लिखत बदर हक कायम मुद्दामा सर्वोच्च अदालतको मिति २०७९/११/२३ गतेको फैसला, वृद्ध अवस्थाका पिताले आफ्नो पालनपोषण, हेरचाह गर्ने छोरीलाई आफ्नो शेषपछि खाने गरी आफ्नो हक पुग्ने केही सम्पत्ति बकसपत्र गरिदिएको कुरालाई अनुचित र कानुनप्रतिकूल कार्य भनी मान्न नमिल्ने। आफ्नो अंश हक पुग्न सक्नेमध्येको सम्पत्तिबाट छोरीलाई शेषपछिको बकसपत्र लिखत गरिदिँदा छोराको मन्जुरी लिनुपर्ने कानुनी अनिवार्यता रहेको समेत नदेखिने। बकसपत्र गर्ने निज बाबुको इच्छा वा स्वविवेकको पनि अर्थ र महत्त्व रहने। छोरा भएकै नाताले बाबुको सम्पत्तिमा यान्त्रिक तवरबाट स्वतः हक स्थापित नहुने। सम्पत्ति प्राप्तिको हकसँग सामाजिक सांस्कृतिक धार्मिक आदि कर्तव्य पनि जोडिएको हुने। जीवित छउन्जेल वास्ता नगर्ने छोराले बाबु मरेपछि केवल काजक्रिया गरेको कारण देखाई निजको सबै सम्पत्तिमा स्वतः हक पुग्ने दाबी गर्नु पनि मनासिब नदेखिने। बाबुको मृत्यु भएपछि काजकिरिया गर्नु पुत्र-धर्म वा सन्तानको कर्तव्यको विषय हो। धार्मिक वा संस्कारजन्य यस प्रकारको कर्तव्य निर्वाह गरेको कारणबाट मात्र मृतकको सम्पत्तिउपर हक स्थापित भएको मान्न नमिल्ने।

७. पुनरावेदक/ प्रतिवादी नारायणप्रसाद पोखरेल बिरुद्ध विपक्षी/वादी पार्वती आचार्य पुन भएको ०७८-CR-०७६२ लिखित गाली बेइज्जती मितिः२०८०/०९/१७ गतेको सर्वोच्च अदालतको फैसला, गाली बेइज्जतीले व्यक्तिको चरित्रमा कति असर र प्रभाव पारेको छ त्यसबाट सिर्जित परिणामले निजलाई समाजमा जीविकोपार्जन गर्न तथा समाजमा निजको प्रतिष्ठामा तथा निजी जीवनमा कति असहज बनाएको भन्ने विषय पनि विचार गर्नुपर्ने। मुद्दाका प्रसङ्गमा भए पनि प्रतिवादीले अरूको इज्जतमा प्रश्न उठाउन नसक्ने। यौन कार्यमा संलग्न महिलालाई पनि सहमतिबिना यौन सम्बन्धमा इन्कार गर्ने अधिकार छ भने जबरजस्ती मुद्दाका प्रतिवादीले एउटी महिला जसको नाबालक छोरी नै जबरजस्ती करणीको कारण मानसिक एवं शारीरिक रूपमा प्रताडित भइरहेको अवस्थामा उल्टै जाहेरवालाको चरित्रमाथि नै गम्भीर प्रश्न उठ्ने गरी बयान तथा बकपत्र बेहोराबाट यौनधन्दा जस्तो कार्यमा संलग्न रहेको भन्ने कुरा लिखित रूपमा नै प्रस्ट भएबाट प्रतिवादीहरूको त्यस्तो अभिव्यक्तिले फिरादीको मान इज्जत र सामाजिक प्रतिष्ठामा धक्का पुगेको देखिँदा लिखित गाली बेइज्जती ठहर्ने।

८. पुनरावेदक/ प्रतिवादी मनौवर हसन् बिरुद्ध विपक्षी/वादी सविया तनविर हसन्को जाहेरीले नेपाल सरकार भएको बहुबिबाह मुद्दा ०७२-wo-११५४ सर्वोच्च अदालतबाट मिति २०७९/१२/२६ मा भएको फैसला, प्रचलित नेपाल कानुनले कुनै समूदाय वा सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्ध विच्छेदको व्यवहारलाई मान्यता प्रदान नगरी सबै समूदाय र सम्प्रदायलाई लागु हुने एकीकृत कानुन प्रचलनमा रहेको अवस्थामा मुस्लिम समूदायमा हुने एकतर्फीय प्रकृतिको सम्बन्ध विच्छेद जस्तै तीन तलाक (triple talaq) लाई अन्य देशहरूमा कसुरजन्य कार्य बनाइँदै गरेको अवस्थामा छरछिमेक वा समाजमा इस्लाम परम्परा र संस्कृतिअनुसार गरेको तलाक वा सम्बन्ध विच्छेदलाई कानुनले मान्यता नगरेको अवस्थामा दोस्रो बिबाह गर्न छुट भएको मान्न नमिल्ने।

# परिच्छेद - ४
# नेपालमा महिलाको विद्यमान अवस्था

## ४.१ पृष्ठभूमि;

महिलाको अवस्थिति सुदृढ गर्न सरकार लगायत सरकारका सम्बद्ध निकायहरुबाट धेरै प्रयास भैरहेको अवगत नै छ। पुरुष प्रधान समाज, हाम्रा धर्म तथा संस्कार, आर्थिक, सामाजिक, सास्कृतिक, तथा भू-राजनैतिक अवस्थाका कारण बालिका, किशोरी र महिलाहरुको अवस्थालाई यथास्थितिबाट स्तरोन्नति गर्न त्यति सहज देखिदैन। महिलाका हक, अधिकार सुनिश्चित गर्ने विषय कुनै एक व्यक्ति, घर, परिवार, समाजको मात्र नभइ राज्यकै दायित्व अर्थात् बहुसरोकारका विषय र वहुसरोकार निकायहरुको प्रतिवद्धताबाट मात्र संभव हुने हुँदा वि सं २०५८ सालमा राष्ट्रिय महिला आयोगको स्थापना गरी वि सं २०७२ सालदेखि संवैधानिक मान्यता प्राप्त गरेको राष्ट्रिय महिला आयोगलाई विशेष जिम्मेवारी प्रदान गरिएको छ। राष्ट्रिय महिला आयोगले संविधान प्रदत्त बालिका किशोरी र महिलाहरुको मौलिक हक अधिकारलाई संबोधन गर्न सबै सरोकारवाला निकायहरुमाझ नीतिगत, कानुनी, संस्था/संरचना, वित्तीय, कार्यक्रमगत क्षेत्रमा महिलाको पहुँचको अवस्थाको विश्लेषण, अध्ययन, अनुगमन र नियमनको माध्यमबाट सबल पक्षको संस्थागतीकरण र अन्तर एवं असमान भएमा उजागर गरी सम्बन्धित निकाय र तहहरुमा नीतिगत, कानुनी, संस्थागत वित्तीय र कार्यक्रममा रुपान्तरणका लागि सिफारिस गर्ने मुख्य काम गरेको हुन्छ। फलस्वरुप राज्यका हरेक, क्षेत्र र आयामहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण हुँदै आएको छ। जसबाट प्राप्त उपलब्धि तथ्य/तथ्याङ्क देहायबमोजिम उल्लेख गरिएको छः-

## ४.२ महिलासँगसम्बद्ध सूचकहरु तथ्य/तथ्याङ्क

| क्र.सं | महिलाको अवस्था | तथ्य तथ्याङ्क | कैफियत |
|---|---|---|---|
| १ | जनसंख्या | ५१.१% | |
| २ | महिलाको औसत आयु | ६७.९ वर्ष | |
| ३ | मातृ मृत्यु दर | १५१ जना | प्रति एक लाखमा |
| ४ | बालिकाको संख्या | १९१८४२ जना | २, १९, ३१७ बालकको संख्या |
| ५ | महिलको औसत प्रजनन दर | २.१ | |
| ६ | १५-४९ वर्ष उमेरका महिलाहरुको गर्भको परिणाम मध्ये जीवित जन्म | ८०% | |
| ७ | गर्भ खेर जाने महिलाहरुको संख्या<br>खेर जानेको कारण मध्ये | २०% | |
| | • आफै गर्भ खेर गएको | ९% | |

| | | | |
|---|---|---|---|
| | • गर्भ पतन गराएको | १०% | |
| | • मृत बच्चा जन्मिएको | १% | |
| | • पहिलो गर्भाअवस्थामा गर्भपतन गर्नेहरुको संख्या | २% | |
| | • पाचौ वा सो भन्दा माथीको गर्भपतन गर्नेहरुको संख्या | २९% | |
| ८ | परिवार नियोजनका कुनै न कुनै साधन प्रयोगकर्ता | ५७% | |
| | • आधुनिक साधन/ विधि प्रयोगकर्ता संख्या | ४५% | |
| | • बन्ध्याकरण गर्नेहरुको संख्या | १३% | |
| | • सुइ लगाउने संख्या | ९% | |
| | • इम्प्लान्ट प्रयोगकर्ता संख्या | ६% | |
| | • परम्परागत विधि प्रयोगकर्ता संख्या | १५% | |
| | • विर्य वाहिर खसाउने संख्या | १३% | |
| | • संभोग नगर्ने संख्या | २% | |
| ९ | परिवार नियोजनका साधनको प्रयोग एवं महत्वका बारेमा सुसूचित महिलाको संख्या | ४२% | |

| | | | |
|---|---|---|---|
| १० | १५-४९ उमेर समूहका महिलाहरुलाई गर्भवती हुन दबाब पाएकाहरुको संख्या | ९% | |
| | • बच्चा नभएका महिलाहरुले दबाब सहेको संख्या | ११% | |
| | • ३/४ जना बच्चा भएका महिलाहरुले गर्भवती हुन दबाब सहेको संख्या | १३% | |
| | • ५ भन्दा माथि संतान हुने महिलाहरुले गर्भवती हुन दबाब सहेको संख्या | २३% | |
| ११ | पहिलो महिनावारी भएको औसत उमेर | १३.६ | |
| १२ | १५-४९ वर्ष उमेरका आधा महिलाहरुको विबाहको उमेर | १८.३ | |
| १३ | महिनावारी १५-४९ वर्ष उमेर समूहका किशोरी तथा महिलाहरुले महिनावारीको समयमा रगत सोस्ने/संकलन गर्ने आधुनिक स्यानिटरी प्याड प्रयोगकर्ता संख्या | ६०% | |
| | • कपडा प्रयोगकर्ता | ३% | |
| | • वन्डरवेर मात्र | १% | |
| | • महिनावारी हुँदा गोपनियता कायम गरी महिनावारी हुँदा प्रयोग भएका कपडा धुन र सुकाउने महिलाको संख्या | ९९% | |
| | • पुनः प्रयोग गर्न मिल्ने स्यानिटरी प्याड प्रयोगकर्ता | १% | |
| १४ | विबाहिता महिलाहरुमध्ये १ पछि अन्य बच्चा जन्माउन नचाहनेको संख्या | ६१% | |
| १५ | २ वर्षको अन्तरालमा बच्चा जन्माउन चाहनेको संख्या | ७८% | |
| १६ | परिवार नियोजनको अपरिपूर्त माग रहेको महिलाहरुको संख्या | २१% | |
| १७ | परिवार नियोजनको साधन आफू प्रयोग गर्ने वा नगर्ने आफैले निर्णय गर्ने महिलाहरुको संख्या | १४% | |
| | • श्रीमान तथा यौनसाथीसँग मिलेर परिवार नियोजनको साधन प्रयोग गर्नेको संख्या | ७७% | |
| १८ | परिवार नियोजनका साधनहरुको प्रयोग तथा महत्वका बारेमा सरकारी सूचनाहरुको पहूँचमा रहेका वा जानकारी पाएका बिबाहित महिलाको संख्या | २५% | |
| | • जानकारी नै प्राप्त नगरेका बिबाहिता महिलाहरुको संख्या | ३४% | |
| १९ | १५-४९ वर्ष उमेर समूहका महिलाहरुले दक्ष स्वास्थ्यकर्मीबाट गर्भवती सेवा प्राप्त गरेको संख्या | ९४% | |
| | • चार पटकभन्दा बढी स्वास्थ्य संस्थामा गर्भवती जाँच | ८१% | |

| | | | |
|---|---|---|---|
| | गराएका महिलाको संख्या<br>• पहिलो तीन महिनाभित्रमा पहिलो गर्भवती जाँच गराउने महिलाको संख्या | ७३% | |
| | • गर्भवतीको समयमा उच्च रक्तचाप मापन गर्ने महिलाहरुको संख्या | ९५% | |
| | • गर्भवतीको समयमा पिसाब जाँच गराउनेको संख्या | ९०% | |
| | • रगतको नमूना संकलन गर्नेको संख्या | ८६% | |
| | • आइरन चक्की तथा झोल औषधी प्राप्त गरेका महिलाको संख्या | ९६% | |
| | • गर्भको अवस्थामा धनुष्टंकारबाट सुरक्षित महिलाको संख्या | ९३% | |
| २० | स्वास्थ्य संस्थामा जीवित बच्चा जन्माउने महिलाहरुको संख्या | ७९% | |
| | • सरकारी स्वास्थ्य संस्थामा बच्चा जन्माउनेको संख्या | ६२% | |
| | • घरमै बच्चा जन्माउने महिलाको संख्या | १९% | |
| | • अप्रेशनद्वारा बच्चा जन्माउने महिलाको संख्या | १८% | |
| २१ | महिलाको शैक्षिक स्तर अनुसार सिजरिङ्ग सेक्शनबाट सुत्केरी हुनेको संख्या<br>• शिक्षा हासिल नगरेका<br>• प्राथमिक शिक्षा हासिल गरेका | ८%<br>१३% | |
| | • माध्यमिक शिक्षा हासिल गरेका | २३% | |
| | • माध्यमिक शिक्षाभन्दा माथि | ४८% | |
| | • हासिल गरेकाहरुको संख्या | | |
| २२ | सुत्केरी जाँच गराएका महिलाहरुको संख्या २ दिनभित्र | ७०% | |
| | जन्मेको ४१ दिनमा सुत्केरी जाँच गराउनेको संख्या | २८% | |
| २३ | नबजात शिशुका आमाहरुले स्तनपानसम्बन्धी परामर्श लिनेको संख्या | ६३% | |
| २४ | मातृस्वास्थ्य सेवामा पुरुषको सहभागिता संख्या | ७२% | |
| २५ | एच.आइ.भि. एडसको बारेमा सुनेका महिलाहरुको संख्या | ८०% | |
| २६ | एण्टिरेट्रो भाइरल औषधी ए आर भि उपचार औषधि पाएका महिलाको संख्या | २६% | |
| २७ | एच.आइ.भि. परीक्षण नगरेका महिलाहरुको संख्या | ९०% | |
| २८ | पाठेघरको मुखको क्यानसर परीक्षण गरेका महिलाहरुको | ६% | |

| | | | |
|---|---|---|---|
| | संख्या | | |
| २९ | स्तनक्यान्सर परीक्षण गरेका महिलाको संख्या | ४% | |
| ३० | १५-४९ वर्ष उमेर समूहका सूर्तिजन्य तथा मदिराजन्य पदार्थ सेवनगर्ने महिलाहरुको संख्या | ५% | |
| ३१ | क्षयरोगबाट ग्रसित महिलाको संख्या | १% | |
| ३२ | उच्च रक्तचाप भएका महिलाहरुको संख्य | १३% | |
| ३३ | १५-४९ वर्ष उमेर समूहका महिलाहरुको मानसिक अस्वास्थ देखिएको संख्या | २२% | |
| ३४ | शिक्षाको चेतना नभएका महिलाहरुमा मानसिक अस्वस्थ्यता चिन्ताका लक्षण भएकाको संख्या | २५% | |
| | • माध्यमिक तहभन्दा बढी शिक्षा भएका महिलाहरुमा चिन्ताको लक्षण देखिएकाको संख्या | १३% | |
| | • निरासा डिप्रेशनको लक्षण देखिएका महिलाको संख्या | ५% | |
| ३५ | अस्वस्थकर खाना खाने महिलाहरुको संख्या | ५४% | |
| ३७ | न्यूनतम ५ प्रकारका खाद्य आहारा खान पाउने महिलाहरुको संख्या | ५६% | |

## ४.३ घरेलु हिंसासम्बन्धी सूचक तथा तथ्याङ्क

| सि नं | हिंसाका स्वरुपहरु | प्रतिशत |
|---|---|---|
| १ | • १५-४९ उमेर समूहका १५ वर्षै नपुग्दै शारीरिक हिंसा भोगेका किशोरीहरुको संख्या | २३% |
| | • कहिल्यै बिबाह नगरेका र यौनसाथी नभएका महिलाहरुले हिंसा भोगेको संख्या | ६% |
| | • बिबाह कहिल्यै नगरेका तर यौनसाथी भएका महिलाहरुले लैङ्गिक हिंसा भोगेको संख्या | ९% |
| | • सम्बन्ध विच्छेद गरेका भिन्न भएका विधवा महिलाहरुले शारीरिक हिंसा भोगेको संख्या | ४७% |
| | • बिबाहिता र यौनसहकर्मीसँग संगै रहेका महिलाहरुले हिंसा भोगेको संख्या | २६% |
| २ | १५-४९ उमेर समूहका महिलाहरुले कुनैपनि समयमा कुनै पनि अपराधिक व्यक्तिबाट यौनजन्य हिंसाको अनुभव गर्नेहरुको संख्या | ८% |
| | • सम्बन्ध विच्छेद भएका भिन्न बसेका र विधवा भएका महिलाहरुले यौनहिंसा भोगेको संख्या | ५;१ |
| ३ | यौनसाथी तथा आफ्नै श्रीमानबाट हिंसा भोगेका महिलाहरुको संख्या | २७ |

| सि नं | हिंसाका स्वरुपहरु | प्रतिशत |
|---|---|---|
| | • भावनात्मक हिंसा भोग्नेको संख्या | १०% |
| | • शारीरिक हिंसा भोग्नेको संख्या | १२% |
| | • यौनजन्य हिंसा भोग्नेको संख्या | ४% |
| | • शारीरिक भावनात्मक तथा मानसिक हिंसा भोग्ने महिलाको संख्या | १७% |
| ४ | शैक्षिक स्तर अनुसार शिक्षाको पहुँच बाहिरै रहेका महिलाले भोग्नुपरेको हिंसाको संख्या | २३% |
| | • माध्यमिक शिक्षा वा सो भन्दा बढी पढेका महिलाहरुले भोग्नुपरेको संख्या | २% |
| ५ | लैङ्गिक हिंसामा परेका महिलाहरुले कहिल्यै पनि सहयोग नमाग्नेहरुको संख्या | ५८% |

## ४.४ महिला सशक्तीकरणका सूचकहरु

| सि.नं. | सशक्तीकरणका विषयहरु | प्रतिशत |
|---|---|---|
| १ | महिला साक्षरता दर | ६९.४% |
| २ | घरजग्गामा स्वामित्व पुगेका महिलाको संख्या | २३.८% |
| ३ | रोजगारीमा सहभागी महिलाहरुको संख्या | ४०% |
| ४ | कमाएको खर्चगर्दा आफ्नै र पुरुषसाथीसंगै मिलेर निर्णय गर्ने र खर्च गरेका महिलाको संख्या | ९३% |
| ५ | श्रीमानको कमाईभन्दा बढी कमाई गर्ने महिलाको संख्या | ८% |
| ६ | श्रीमानको कमाइ बराबर भएका महिलाको संख्या | १८% |
| ७ | १५-४९ वर्ष समूहका महिलाहरुले सम्पत्तिमाथि स्वामित्व राख्नेको संख्या | ८% |
| ८ | जमिनमाथि स्वामित्व राख्ने महिलाहरुको संख्या | ११% |
| ९ | स्मार्ट मोबाइल फोन बोक्ने महिलाको अनुपात | ५:३ |
| १० | निजामति सेवामा महिलाको सहभागिता | |
| ११ | इन्जिनियरिङ्ग सेवामा महिला प्रतिनिधित्व | १६.६७% |
| १२ | कृषि सेवामा महिलाको प्रतिनिधित्व | ४२.३१% |
| १३ | नेपाल विविध सेव | ४०.६७% |
| १४ | नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा | १५.९७% |
| १५ | नेपाल न्याय सेवा | २४.३७% |
| १६ | नेपाल परराष्ट्र सेवा | २४.२१% |

| सि.नं. | सशक्तीकरणका विषयहरु | प्रतिशत |
|---|---|---|
| १७ | नेपाल प्रशासन सेवा | १८.३३% |
| १८ | नेपाल लेखा परीक्षण सेवा | १९.३१% |
| १९ | नेपाल वन सेवा | १३.६% |
| २० | नेपाल शिक्षा सेवा | २५.६६% |
| २१ | नेपाल स्वास्थ्य सेवा | ४९.८% |
| २२ | संङ्घीय संसदमा महिलाको प्रतिनिधित्व | ३४% |
| २३ | राष्ट्रिय सभामा महिलाको प्रतिनिधित्व | ३७% |
| २४ | प्रतिनिधि सभामा महिलाको प्रतिनिधित्व | ३३% |
| २५ | प्रदेश सभामा महिलाको प्रतिनिधित्व | ३६% |
| २६ | स्थानीय तहमा महिलाको प्रतिनिधित्व | ४१.२% |
| २७ | बैकमा खाता भएका महिलाहरुको संख्या | ४९% |
| २८ | आफ्नो स्वास्थ्य हेरचाहमा एकल वा संयुक्त निर्णय गर्न सक्ने क्षमता भएका बिबाहिता महिलाहरुको संख्या | ७२% |
| २९ | घरायसी सरसामान किनमेलका बारेमा निर्णय लिने क्षमता भएका महिलाको संख्या | ६०% |
| ३० | टेलीभिजनको पहुँच भएका महिलाहरुको संख्या | ३६% |
| ३१ | हप्तामा एकपटक पत्रिका पढ्ने रेडियो सुन्ने महिलाहरुको संख्या | ४९% |
| ३२ | नेपाली घरपरिवार मूली भएका महिलाहरुको संख्या | एक तिहाइ |
| ३३ | इन्टरनेटको पहुँचमा भएका महिलाहरुको संख्या | दुइ तिहाइ |
| ३४ | स्वच्छ इन्धनमा खाना पकाउनेको संख्या | ४२% |
| ३५ | हिंसा विरुद्ध सहयोग माग्ने महिलाहरुको संख्या | २८% |
| ३६ | हिंसाबारेमा अन्य व्यक्तिलाई सुनाउने महिलाको संख्या | १४% |
| ३७ | महिलाहरुले हिंसा विरुद्ध सहयोग माग्ने श्रोतहरुमा<br>• आफ्नै परिवार | ६२% |
|  | • छिमेकी | ३५% |
|  | • साथी | २५% |

*स्रोत नेपाल जनसाख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२*

*निजामति किताबखाना वार्षिक प्रतिवेदन २०८१*

# परिच्छेद - ५

# आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न भएका प्रमुख गतिविधिहरुः

राष्ट्रिय महिला आयोगले स्थापना कालदेखि नै महिला अधिकार प्रवर्द्धन र लैङ्गिक मूल प्रवाहीकरणको माध्यमबाट महिला सशक्तीकरण तथा लैङ्गिक समानता प्रासिका प्रयास स्परुप विभिन्न कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ। आयोगले एक तर्फ महिलाका समग्र सवालहरुको संबोधन गर्नका लागि आफ्ना गतिविधिहरु सञ्चालन गर्ने गरेको छ भने अर्कोतर्फ महिला भित्रका विशेष सवालहरु तथा महिला भित्रका विविधता सम्बोधन गर्ने किसिमका अन्तरक्षेदीय सवालहरुलाई पहिचान गरी महिलाको अवस्था, स्थिति र मर्यादास्तर उच्च राख्ने कार्य गर्दै आएको छ। आयोगले लैङ्गिक हिंसाबाट पीडित महिलालाई न्यायको पहुँचमा पुर्याउने सन्दर्भमा आवश्यक सेवाहरु २४ घण्टा नै अनवरत रुपमा प्रवाह गरिरहेको छ। आयोगले चेतना जागरण सम्बन्धी कार्यक्रमहरु, अध्ययन अनुसन्धान, उजुरी व्यवस्थापन तथा सेवा प्रवाह तथा नीतिगत सिफारिसको विषयलाई प्रत्येक आर्थिक वर्षहरुमा सम्पन्न गर्दै आएकोमा यस वर्ष पनि देहायबमोजिमका गतिविधिहरु सम्पन्न भएका छन्।

## ५.१. केन्द्रीय स्तरमा सम्पन्न भएका क्रियाकलापहरुः

### ५.१.१. पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम

कर्मचारीहरुलाई आफ्नो जिम्मेवारी तत्पर र उत्प्रेरित भएर गर्ने तथा आयोगको उजुरी व्यवस्थापन सम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीलाई पुनर्ताजगी कार्यक्रमहरु तथा तनाव व्यवस्थापनको कार्यक्रम सम्पन्न भयो।

### ५.१.२. विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा सम्वन्धमा सरोकारवालहरुसँग अन्तरक्रिया कार्यक्रमः

विद्युतीय प्रविधिको प्रयोगसंगै महिला हिंसाका जोखिमपूर्ण कारक तत्वहरु समेत हावी हुन सक्ने विषयलाई मध्यनजर गरी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा सम्बन्धमा सरोकारवालहरु सँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

### ५.१.३. आयोगका क्रियाकलाप सम्बन्धमा पत्रकार अन्तरक्रिया कार्यक्रम

आयोगबाट सम्पन्न भएका विविध गतिविधिहरुका बारेमा सञ्चारकर्मीहरुवीच सूचना सम्प्रेषण गराउने तथा छलफल गर्ने उद्देश्यले प्रत्येक आर्थिक वर्षहरुमा यो कार्यक्रम गरिदै आएकोमा यस वर्ष पनि सम्पन्न भयो।

### ५.१.४. लैङ्गिक तथा यौनिक अल्पसंख्यका सवालमा अन्तरक्रिया कार्यक्रम

नेपालको राष्ट्रिय तथ्याङ्कमा २९२८ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरु रहेको देखिएको र यस्तो समूदायको जनसंख्या तथ्याङ्कमा देखिएको भन्दा ठुलो हुन सक्ने भन्ने गुनासो सरोकारवालाहरुबाट गरिदै आएकोमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदाय भित्रका महिलाका सवालहरु सम्बोधन गर्ने

उद्देश्यले विगत केहि वर्ष अघिदेखि प्रत्येक आर्थिक वर्षहरुमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

### ५.१.५. राष्ट्रिय महिला अधिकार दिवस

महिला अधिकार, महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धन गर्ने कोशेढुङ्गाको रुपमा सावित भएको वि.स २०६३ जेठ १६ गतेको प्रतिनिधि सभाको बैठकबाट पारित लैङ्गिक सवालका चारवटा प्रस्तावहरुको सम्मान गर्दै, वि.सं २०७६ देखि मनाइन थालेको राष्ट्रिय महिला अधिकार दिवस यस वर्ष सातौं राष्ट्रिय महिला अधिकार दिवसको रुपमा सम्पन्न भयो।

### ५.१.६. योगमाया स्मृति दिवस

भोजपुरको मझुवावेशीमा ध्यान साधना गरेर महिला अधिकार र समानताको लागि सति प्रथा, महिला हिंसा, जातिय विभेद, बालिका बिबाह, सामाजिक कुप्रथा विरुद्ध सँगठित रुपमा आवाज उठाउदै तत्कालिन राणा सरकारलाई ज्ञापन पत्र बुझाएर त्यसको सुनुवाई नभए पछि विद्रोह गर्दै वि.सं.१९९८ असार २२गते आफ्ना ६७ जना अनुयायी सहित अरुण नदिमा जल समाधि गरेको दिनलाई महिला अधिकार प्राप्तिको अधाराशिलाको रुपमा सम्मान गर्दै विगतदेखि नै मनाईदै आएकोमा यस वर्ष पनि राष्ट्रिय स्तरका सरोकारवालाहरुको उपस्थितिमा विशेष समारोहका साथ यो दिवस मनाइयो।

### ५.१.७. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

आयोगले प्रत्येक वर्ष नोभेम्वर २५ लाई लैङ्गिक हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवस र तत्पश्चातका १६ दिनलाई लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रुपमा मनाउदै आएकोमा यस वर्ष पनि विशेष कार्यक्रमहरुको साथ यो अभियान सम्पन्न भयो।

### ५.१.८. राष्ट्रिय महिला आयोगको स्थापना दिवस तथा अन्तर्राष्ट्रिय महिला दिवस

आयोगको स्थापना भएको दिन अर्थात् २०५८ फागुन २३ गते प्रत्येक वर्ष राष्ट्रिय महिला आयोगको स्थापना दिवसको रुपमा मनाउने गरिएको छ। ८ मार्च अर्थात् अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भलाई लिएर समेत एक विशेष कार्यक्रम गरिदै आएकोमा यस वर्ष पनि सोही अनुरुप सम्पन्न भयो।

## ५.२. प्रदेश स्तरमा सम्पन्न भएको कार्यक्रम

### स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुसँग अन्तरक्रिया कार्यक्रम

सुदूरपश्चिम प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशमा सम्पन्न भएको छ। राष्ट्रिय महिला आयोगको उजुरी व्यवस्थापन शाखा र स्थानीय न्यायिक समितिको उजुरी व्यवस्थापन सम्बन्धी सेवाको प्रकृति मिल्दो जुल्दो भएका कारण असल अभ्यासहरु आदान प्रदान गर्ने उद्देश्य स्वरुप ३ वटा प्रदेशमा यो कार्यक्रम सम्पन्न भयो।

## ५.३ अध्ययन तथा अनुसन्धान

क. बालिका बिबाह सम्बन्धी संवैधानिक, कानुनी, नीतिगत र कार्यविधिगत विश्लेषण तथा वर्तमान अवस्थाको अध्ययन।

ख. सवै संङ्घीय मन्त्रालयको लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयन अवस्थाको अध्ययन।

ग. सार्वजनिक तथा नीजि संस्थानहरुमा व्यवस्थापकीय पदहरुमा कार्यरत महिलाको निर्णय प्रकृया, प्रभाव, अवस्था, अवसर र चुनौतीहरु विषयको अध्ययन।

## ५.४. अनुगमन

नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम तीन वटै तहका सरकारका विभिन्न निकाय तथा इकाईहरुबाट लैङ्गिक सवालमा हुनु पर्ने र भइरहेको नीतिगत व्यवस्था, कार्यगत व्यवस्था तथा सेवा प्रवाहको अवस्था माथि निगरानी तथा सिफारिस गर्ने उद्देश्यले देशका विभिन्न स्थानहरुमा पुगी अनुगमन गर्ने र प्राप्त भएको वस्तुगत विवरणको आधारमा सिफारिस गर्ने कार्य सम्पन्न भएको छ।

## ५.५ प्रकाशन तथा प्रशारण

आयोगबाट लैङ्गिक न्यायका विषयहरुलाई एकत्रित गरी विभिन्न पुस्तकहरु उत्पादन तथा प्रकाशन गर्ने गरेको छ। यसै विषयमा प्रकाशन भएका सामग्रीहरु देहाय बमोजिम छन्ः-

क. नेपालमा महिलाको अवस्था (अंक-३) पुस्तक प्रकाशन,

ख. राष्ट्रिय महिला आयोगको सातौं वार्षिक प्रतिवेदन प्रकाशन,

ग. रेडियो नेपालबाट महिला हकहित, महिला हिंसा निवारण र महिला सशक्तीकरणका विषयमा सचेतनामूलक रेडियो सामग्री तयारी र प्रकाशन,

घ. नेपाल टेलिभिजनबाट महिला अधिकार र महिला हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रम "नेपालमा महिला" उत्पादन र प्रशारण।

ङ. लैंङ्गिक सवालका विविध सामग्रीहरू प्रकाशन र वितरण

# परिच्छेद - ६

# आ.व. २०८१।०८२ मा आयोगबाट सञ्चालित कार्यक्रमहरु तथा अध्ययन अनुसन्धानको विस्तृत विवरण

## खण्ड-कः कार्यक्रमहरु

## ६.१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान

### पृष्ठभूमि

महिला विकास, महिला सशक्तीकरण एवं लैङ्गिक समानता प्रवर्द्धनका लागि विभिन्न दिवसहरु एवं अभियानहरु सञ्चालन हुदै आएको देखिन्छ। अधिकांश अन्तर्राष्ट्रिय दिवस तथा अभियानहरुलाई नेपालमा पनि विशेष महत्व र प्राथमिकताकासाथ सञ्चालन गर्ने गरिएको छ। यस्तै एक महत्वपूर्ण अभियानको रुपमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान र लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय दिवस नोभेम्वर २५ रहेको छ। सन् १९६० नोभेम्वर २५ का दिन डोमिनिकन रिपब्लिकका तीन साहसिक दिदी बहिनीहरु (प्याट्रिया, मारिया र मिनर्भा)को तत्कालिन राफेल त्रुजिलो सरकारले निर्मम हत्या गरेको थियो। तीन दिदी बहिनीहरु लैङ्गिक समानता र न्यायको पक्षमा सरकार समक्ष उभिएका थिए। यस्ता साहसिक तीन जना पात्रहरुको बलिदानको उच्च सम्मान गर्दै, ल्याटिन अमेरिकी देशहरुमा २५ नोभेम्वरलाई लैङ्गिक हिंसा विरुद्धको दिवसकोरुपमा मनाउन थालियो। महिला अधिकारको प्रत्याभूति र लैङ्गिक हिंसाको अन्त्यको विषय मानव अधिकारको सवाल रहेको र १० डिसेम्वरमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस रहेको हुदाँ २५ नोभेम्वर देखि १० डिसेम्वर सम्मको १६ दिनको अवधिलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रुपमा मनाइदै आएको छ। आ.व. २०८१/०८२ मा Beyond 30 Years of the Beijing Declaration and Platform for Action: UNITE to End Violence against Women. भन्ने अन्तर्राष्ट्रिय नारा र "हामी सबैको प्रतिवद्धताः लैङ्गिक हिंसा अन्त्यको ऐक्यवद्धता" भन्ने राष्ट्रिय नाराका साथ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न भयो।

यस कार्यक्रमलाई आयोगले पूर्व तयारीको रुपमा छलफल तथा परामर्श बैठक र अभियान शुभारम्भ समारोह गरी दुई चरणमा सम्पन्न गरेको छ। पूर्व तयारी तथा परामर्श बैठकमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई प्रभावकारी र समन्वयात्मक बनाउन छलफल भयो। छलफलमा भएको निर्णय बमोजिम देशभर सरकारी र गैर सरकारी क्षेत्रबाट अभियान अवधिभरमा सम्पन्न हुने गतिविधिहरु आयोगबाट संकलन गरी आयोगको वेवसाइटमा प्रकाशन गरियो। अभियान सुरु हुने दिन अर्थात् लैङ्गिक हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवस (नोभेम्वर २५)मा एक वृहत कार्यक्रम सहित अभियान शुरभारम्भ गरियो।

### कार्यक्रमको उद्देश्य

- लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानमा सरकारी र गैर सरकारी निकायबाट सञ्चालन हुने सबै गतिविधि समन्वयात्मक ढंगले सम्पन्न गर्नु।

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अवधिभरका गतिविधिहरु परिणाममुखी ढंगले सम्पन्न गर्न वृहत सरोकारवालाहरुमाझ शुभारम्भ समारोह गरी अभियानको महत्व बारे विशिष्ट व्यक्तित्वहरु मार्फत जानकारी गराउनु।

### सरोकारवाला सहभागिता

- राष्ट्रिय महिला आयोगका माननीय अध्यक्षज्यू र माननीय सदस्यहरु,
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री,
- प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिका माननीय सदस्यहरु,
- सरकारी निकायका प्रतिनिधिहरु,
- गैरसरकारी क्षेत्रका प्रतिनिधिहरु,
- सञ्चारकर्मीहरु,
- राष्ट्रिय महिला आयोगका कर्मचारीहरु,
- अन्य सरोकारवालाहरु।

**सहभागी संख्याः** २२०

### उपलब्धि

- अन्तर्राष्ट्रिय रुपमा सञ्चालन हुने अभियानको राष्ट्रिय स्तरमा पनि दूरदराजसम्म पुग्ने गरी अभियान सञ्चालन गर्न राष्ट्रिय महिला आयोगको तर्फबाट औपचारिक रुपमा शुभारम्भ भएको।
- महिला हिंसासँग सम्बन्धित विभिन्न विषयगत क्षेत्रका विज्ञहरुको उपस्थितिमा भएको प्यानल छलफलबाट कानुनी र प्रकृयागत विषयमा रहेको अवरोध निराकरण गर्नका लागि उपस्थित सरकारी एवं नागरिक समाजका सरोकारवालहरुलाई पृष्ठपोषण प्राप्त भएको।
- अभियानलाई प्रभावकारी र परिणाममुखी बनाउन सरोकारवालाको ध्यानकर्षण भएको।
- राष्ट्रिय महिला आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको एक महत्वपूर्ण क्रियाकलाप सम्पन्न भएको।

## ६.२. लैङ्गिक तथा यौनिक अल्पसंख्यकका हक अधिकारका सवालमा अन्तरक्रिया

### पृष्ठभूमि

नेपालको संविधानको धारा २५३ तथा राष्ट्रिय महिला आयोग ऐन २०७४ बमोजिम राष्ट्रिय महिला आयोगलाई महिलाको हक/हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने, महिला अधिकारको सम्बन्धमा गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयको अवस्थाको अनुमान र पृष्ठपोषण, महिला अधिकारको सवालमा अध्यान अनुसन्धान तथा सिफारिस एवं हिंसा पीडित महिलालाई सहज न्यायको पहुँचमा पुर्याउने जिम्मेवारी प्राप्त भइको छ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदाय भित्र धेरै किसिमका महिलाहरुका सवालहरु रहेको हुँदा यो समूदाय पनि राष्ट्रिय महिला आयोगको कार्यक्षेत्रमा परेको देखिन्छ। यसै अनुरुप विगतको आर्थिक वर्षहरुमा पनि लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। यस आयोगको कार्य

जिम्मेवारी अन्तर्गत पर्ने महिलाको मुद्दामा हुने नीतिगत सिफारिसको विषयलाई प्रभावकारी बनाउन आवश्य पर्ने सूचना तथा तथ्यहरुको संकलनमा विगतका भएका अन्तर्क्रिया र छलफलहरु अत्यन्त प्रभावकारी भएको देखिन्छ। विगतका अनुभवलाई आत्मसात गर्दै यस बर्ष पनि लैंङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालहरुलाई सम्बोधन गर्न अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

## कार्यक्रमको उद्देश्य

- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका अधिकारका विषयहरु सम्बोधन गर्नु पर्ने राज्यको दायित्व अन्तर्गत नीतिगत, संस्थागत एवं कार्यगत व्यवस्थाका लागि सम्बन्धित निकायमा सिफारिस गर्न आवश्यक सूचनाको आधार तय गर्न।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदाय भित्र महिला अधिकारका सवालहरु विशेष रुपमा सम्बोधन गर्नुपर्ने देखिएकोले आयोगले यसको नेतृत्व लिएको विषय समग्र सरोकारवालाहरुमा जानकारी गराउनु।
- लैङ्गिक तथा यौनिक अल्पसख्यक समूदायका व्यक्तिहरु र राज्यका जिम्मेवार निकायहरुबीच स्पष्ट सञ्चारको वातावरण तय गर्नु।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायको अधिकारको विषयमा क्रियाशिल सरकारी निकाय र गैर सरकारी निकायबीच सहकार्यको वातवरण तय गरी समन्वयात्मक रुपमा अभियानहरु सञ्चालन गर्न ऐक्यबद्धता र सैद्धान्तिक सहमतिको वातावरण तय गर्नु।

## सरोकारवाला सहभागिता

- राष्ट्रिय महिला आयोगमा माननीय अध्यक्ष र सदस्यहरु,
- प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिका सभापति र सचिव,
- विषयगत मन्त्रालयहरु एवं संवैधानिक निकायका प्रतिनिधिहरु,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरु,
- सञ्चारकर्मीहरु,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु,
- राष्ट्रिय महिला आयोगका कर्मचारीहरु।

**सहभागी सख्याः १५०**

## कार्यक्रमको उपलब्धि

- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदाय महिलाकों मुद्दाहरु उजागर भएको।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूदायभित्र महिलाको हक/अधिकार सुनिश्चितताको लागि नीतिगत सिफारिसहरुको मुख्य विषयवस्तु जानकारीको रुपमा प्राप्त भएको।

# ६.३. नेपालमा महिलाको अवस्था पुस्तक प्रकाशन

महिला विकास र सशक्तीकरण नै महिला अधिकारको जननी हो। लैङ्गिक समानता र महिला सशक्तीकरण विकास र समृद्धिसँग अन्तरसम्बन्धित विषय हो। दिगो विकास लक्ष्य नं. ५ मा सन् २०३० सम्म पूर्ण लैङ्गिक समानताको प्रत्याभूति गर्ने विषय समावेश छ।

नेपाल पनि यस उद्देश्य हासिल गर्न सर्घषरत तीव्र प्रतिस्पर्धामा सामेल भएको छ। विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु, जस्तैः महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसघीय महासन्धि (CRC, 1980) अपाङ्गता भएको व्यक्तिको अधिकारसँग सरोकार राख्ने अन्तर्राष्ट्रिय व्यवस्थाहरुमा नेपाल पक्ष राष्ट्र भई प्रतिबद्धता व्यक्त गरेको छ। उक्त प्रतिवद्धता कार्यान्वयनका लागि राष्ट्रिय, प्रादेशिक र स्थानीय तहसम्म विविध प्रयास गरिएको छ। राज्यको उल्लेखनीय लगानी यस क्षेत्रमा रहेको छ। महिला विकास र सशक्तीकरणमा भएका प्रयास र उपलब्धिहरुलाई वस्तुगतरुपमा मापन गर्ने उद्देश्य यस पुस्तकको छ। यस पुस्तकमा समावेश तथ्य तथ्याँङ्कहरूबाट विभिन्न विषयगत मन्त्रालय, प्रदेश तह र स्थानीय तहहरुमा तर्जुमा हुने लैङ्गिक नीतिहरुलाई तथ्यमा आधारित बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छ।

लक्षित वर्गको सशक्तीकरणण र विकासका लागि विभिन्न निकायले तथ्याङ्क संकलन र प्रकाशन गरेको देखिन्छ। लैङ्गिक विषयमात्र नभएर अन्य समग्र विषयसँग सरोकार राख्ने यस्ता निकायबाट प्रकाशित तथ्याङ्कमा प्रायजसो लैंङ्गिक खण्डिकृत विवरणहरु उपलब्ध नहुने हुदाँ लैङ्गिक विषयलाई सम्बोधन गर्ने नीति निर्माणका लागि लैङ्गिक खण्डिकृत तथाङ्कलाई सरल र स्पष्टरूपमा समावेश गरिने यस किसिमको प्रतिवेदन अत्यन्त प्रभावकारी हुने अपेक्षा सहित स्पष्ट, छरितो र सबै लैङ्गिक सूचकहरुलाई सहज, सरल रुपमा बुझ्ने गरी प्रस्तुत गरिएको हुँदा महिला विकास र सशक्तीकरणमा क्रियाशील रहेका राज्यका निकायहरु मात्र नभएर नीजि क्षेत्र, गैर सकारी संस्थाहरु, नागरिक समाज र समुदायिक संयन्त्रका लागि पनि यो प्रतिवेदन अत्यन्त उपयोगी हुने देखिन्छ।

## अध्ययनको विधि

यस प्रतिवेदनमा समावेश तथ्य र तथ्याङ्कहरु वस्तुनिष्ठ र पूर्णतया आधिकारीक स्रोतमा आधारित भई सरोकारवालाहरुमाझ पस्किने उद्देश्यले तथ्याङ्कको आधिकारिक्तालाई जोड दिइएको छ। तीन तहको सरकारका विभिन्न निकाय, सुरक्षा संयन्त्रहरु, संवैधानिक निकायहरु, सरकारी वित्तीय संस्थाहरु, सार्वजानिक संस्थानहरु आदिवाट प्रकाशन भएका तथ्य र तथ्याङ्कहरु, विभिन्न निकायका आधिकारीक वेबसाइटहरु, सरकारी निकायका वार्षिक प्रगति प्रतिवेदनहरु, जर्नलहरुमा प्रकाशित लेखबाट प्राप्तभएका तथ्यहरु, सयुक्त राष्ट्रसघीय नियोगहरुबाट प्रकाशन भएका तथ्यहरु आदिलाई सूचना स्रोतका रुपमा प्रयोग गरिएको छ। राष्ट्रिय महिला आयोगले आफ्ना नियमित तथा आन्तरिक कार्यक्रमहरु सञ्चालन गर्ने क्रममा सरोकारवालाहरुबाट प्राप्त जानकारीहरु र लैङ्गिक हिंसाको घटनाहरु सम्बन्धी अनुगमन, महिला सम्बन्धी अन्तर्राष्ट्रिय, राष्ट्रिय व्यावस्थाहरु कार्यान्वयको चरणमा कार्यान्वय गर्ने निकायहरु उपर आयोगबाट हुने अनुगमन समेतका क्रममा प्राप्त भएका तथाङ्कहरुलाई समेत यस प्रतिवेदनको उपयुक्त ठानी समेट्ने प्रयास गरिएको छ।

अध्ययन पद्धतिलाई वस्तुगत, तथ्यगत, व्यावहारिक, र परिष्कृत वनाउनका लागि पुनरावलोकन समीक्षा, विषयविज्ञसँग बैठक, विशेषज्ञहरुको परामर्श सँगसँगै समसामयिक लैंङ्गिक विषयहरु सम्बोधन गर्ने क्षेत्रका विज्ञहरुमाझ विश्लेषणात्मक लेखहरु समेत समावेश गर्दै प्रतिवेदनलाई परिष्कृत रुपमा प्रस्तुत गरिएको छ।

### पुस्तक प्रकाशनका उपलब्धि

- महिलासँग सम्बन्धित तथ्य तथ्याङ्कहरु संकलन भई नेपालमा महिलाको अवस्था सम्बन्धी स्पष्ट परिदृश्य उजागर भएको।
- तीनै तहका सररकारका लागि लैङ्गिक विषयसँग सम्बन्धित नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथ्य उजागर भएको।
- राष्ट्रिय महिला आयोगबाट आगामी दिनमा गर्न पर्ने अध्ययन अनुसन्धान, सचेतनामूलक कार्यक्रम तथा छलफल, बहस र पैरवीका लागि तथ्यहरु प्राप्त हुनका साथै नीतिगत तथा कार्यगत सिफारिसका लागि आवश्यक तथ्याङ्कहरुबाट प्राप्त भएको।
- राष्ट्रिय महिला आयोगको संवैधानिक प्रावधान बमोजिमको काम, कर्तव्य तथा जिम्मेवारी सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने जिज्ञासुहरुको लागि अध्ययन सामग्री भएको छ।
- राष्ट्रिय महिला आयोगको संस्थागत सम्पत्ति थप भएको छ।

## ६.४. राष्ट्रिय महिला अधिकार दिवस

### पृष्ठभूमि

नेपालमा महिला अधिकार र महिला सशक्तीकरणको सवालमा राष्ट्रिय महिला अधिकार दिवसको विशेष महत्व रहेको छ। बि.स. २०६३ जेठ १६ गतेका दिन तत्कालीन पुनःस्थापित प्रतिनिधि सभाबाट महत्वपूर्ण ४ वटा संकल्प प्रस्ताव पारित भएको थियो। पारित भएका विषयहरु देहायबमोजिम रहेका छनः-

- हरेक नेपाली सन्तानले आमा वा बाबु मध्येकसैको नामबाट नागरिकता लिन पाउने अधिकार,
- छोरासरह छोरीको पनि पैत्रिक सम्पत्तिमा समान अधिकार,
- समानुपातिक सहभागिताको लक्ष्य अनुरुप राज्यको सबै तह र संरचनामा एक तिहाइ महिलाको अनिवार्य सुनिश्चितता,
- महिला-पुरुषबीचको विभेदकारी कानुन खारेज गरी महिलामाथि हुने सबै किसिमका हिंसा अन्त्यका लागि कानुनी व्यवस्था गराउने।

उल्लिखित विषयहरु सम्बोधन गर्न नेपालको अन्तरिम संविधान, २०६३ ले आरक्षण तथा सकारात्क विभेदका विषय उल्लेख गरेको र तत्पश्चात बन्ने कानुनहरूमा महिलाको आरक्षण, राजनीतिक सहभागिताको लागि समानुपातिक प्रतिनिधित्व जस्ता विषयहरु समावेश गर्दै आएका छन्। यस किसिमका नीतिगत व्यवस्थाहरुबाट दुई दशक नपुग्दै महिला सशक्तीकरणमा उत्साहजनक प्रगति हासिल भएको छ। उच्च गरिमा बोकेको संकल्प प्रस्ताव पारित भएको दिन जेठ १६ गतेलाई राष्ट्रिय महिला अधिकार दिवसको रुपमा मनाउने गरी वि.स २०७६ सालमा नेपाल सरकारको निर्णय भए बमोजिम यस वर्ष सातौं राष्ट्रिय महिला अधिकार दिवस मनाइएको छ। महिला अधिकारको सम्मानः आत्म निर्भरता हाम्रो अभियान भन्ने नाराका साथ मनाइएको सातौं राष्ट्रिय महिला अधिकार दिवस एक विशेष समारोहका साथ सम्पन्न भयो।

## कार्यक्रमको उद्देश्य

- राष्ट्रिय महिला आयोगको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको एक महत्वपूर्ण कार्यक्रम सम्पन्न गर्नु।
- महिला अधिकार प्रवर्द्धनका लागि सरोकारवाला निकायहरुको ध्यानाकर्षण गर्दै सहभागी एवं अतिथिहरु स्वयम जिम्मेवार निकायमा कार्यक्रममा उठेका विषय र सुझावहरु आन्तरिकीकरण गर्ने वातावरण तय गर्नु।
- महिला अधिकार प्रवर्द्धनका लागि वर्तमान अवस्थाको विश्लेषण र चुनौतीहरुको पहिचानसहित आगामी दिनमा अवलम्ब गर्नु पर्ने मार्गचित्र पहिचान गर्नु।
- महिलाको हक अधिकार स्थापनार्थ उल्लेखनीय योगदान गरेका व्यक्तिहरुको महत्वका वारेमा प्रकाश पार्दै योगदानको सदैव कदर गर्न।

## सरोकारवाला सहभागिता

- राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरु,
- प्रमुख अतिथिको रुपमा प्रतिनिधिसभाका महिला तथा सामाजिक मामिलासमितिका सभापति किरणकुमार साह,
- प्रतिनिधिसभाका माननीय सदस्य सुशीला कुमारी थिङ,
- प्रतिनिधिसभाका माननीय सदस्य रेणु यादव,
- प्रतिनिधिसभाका माननीय सदस्य प्रतिक्षा तिवारी,
- प्रतिनिधिसभाका माननीय सदस्य उमरावती देवी,
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका अध्यक्ष लिलादेवी गड्तौला,
- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव लक्ष्मी बस्नेत,
- सञ्चारकर्मी,
- सरकारी निकायका प्रतिनिधिहरू,
- गैरसरकारी क्षेत्रका प्रतिनिधिहरु।

**कार्यक्रममा सहभागी संख्या-२५०**

## कार्यक्रमको उपलब्धि

- कार्यक्रममा उपस्थित विशिष्ट व्यक्तित्वबाट सम्बोधनको क्रममा महिला अधिकार प्रवर्द्धनको सन्दर्भमा महत्वपूर्ण नीतिगत सुझाव प्राप्त भएको।
- महिला अधिकार र सशक्तीकरण मा वि.स २०६३ जेठ १६मा प्रतिनिधि सभाबाट पारित सङ्कल्प प्रस्तावको महत्व उजागर भई महिलाको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्न ऐक्यबद्धता र सैद्धान्तिक सहमति भएको।

## ६.५. योगमाया स्मृति दिवस

### पृष्ठभूमि

नेपालमा लैङ्गिक समानता, जातिय विभेद र अन्य कुप्रथाहरुको अन्त्य गर्न जस्ता सामाजिक परिवर्तनका विषयहरु उठान गर्ने सन्दर्भमा योगमायाको योगदान उच्च स्थानमा रहेको छ। योगमाया एक साहशिक महिला, विदुषी, तपस्वी एवं अभियन्ता समेत भएको। सती प्रथाको अन्त्य गर्न समेत योगमायाको योगदान अग्रस्थानमा रहेको। झण्डै एक शताब्दी अघिको नेपाली समाजमा एक महिलाले यस किसिमको योगदान गर्नु सामान्य विषय भएको। यस विषयलाई महिलाको क्षेत्रमा कार्यरत संघ संस्था एवं निकायलाई विशेष प्राथमिकतामा राखी योगमायाको योगदानको सम्मान गर्नु पर्ने भनी राष्ट्रिय महिला आयोग महिला अधिकार प्रवर्द्धन गर्न स्थापित संवैधानिक निकाय रहेको हुदा उनको योगदानको सम्मान स्वरुप आ.व ०८१/०८२को स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिमको योगमाया स्मृति दिवस विशेष समारोह सम्पन्न गरिएको।

### कार्यक्रमको उद्देश्य

- आयोगको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिमको दिवसीय कार्यक्रम सम्पन्न गर्नु।
- लैङ्गिक समानता र सामाजिक रुपान्तरणका लागि स्व. योगमायाले गर्नु भएको योगदानको सम्मान गर्नु।
- योगमायाले उठान गर्नु भएको विषयलाई सम्बोधन गर्दै महिला अधिकार, समानता र हानीकारक अभ्यासको अन्त्यका लागि कार्यक्रमका सहभागिहरुको ध्यानाकर्षण गर्नु।

### सरोकारवाला सहभागिता

- राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष एवं माननीय सदस्यहरु,
- प्रतिनिधि सभाका माननीय उपसभामुख इन्दिरा राना,
- राष्ट्रिय सभाका माननीय सदस्य जयन्ती देवी राई,
- राष्ट्रिय दलित आयोगका माननीय सदस्य मीना सोव,
- मधेशी आयोगका माननीय सदस्य आभाकुमारी सिंह,
- जिल्ला समन्वय समिति काठमाण्डौ उपप्रमुख श्री शान्ती पाण्डे,
- सरकारी निकायका प्रतिनिधिहरु,
- गैर सरकारी निकायका प्रतिनिधीहरु,
- सञ्चारकर्मीहरु,
- राष्ट्रिय महिला आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरु।

**कार्यक्रममा सहभागी संख्या-२००**

### कार्यक्रमको उपलब्धि

- आयोगको स्वीकृत वार्षिक कार्यक्रम मध्येको एक महत्वपूर्ण क्रियाकलाप सम्पन्न भएको।

- शताब्दी अगाडीको समयमा योगमायाले समाजमा पुर्याउनु भएको योगदानको स्मरण र सम्मान भएको।
- योगमायाको योगदानलाई सम्मान गर्दै अबका दिनमा महिला अधिकार र लैङ्गिक समानता प्रवर्द्धनका विषयमा मार्ग दर्शन भएको।

## ६.६ स्थानीय तहका न्यायिक समितिहरुको असल अभ्यास समस्या तथा चुनौती र राष्ट्रिय महिला आयोगसँगको सहकार्य/समन्वयका लागि अन्तरक्रिया कार्यक्रम

### पृष्ठभूमि

राष्ट्रिय महिला आयोग संवैधानिक आयोग हो। संविधानमै आयोगको काम, कर्तव्य र अधिकार प्रष्टयाइएको छ। महिला सशक्तीकरण, लैङ्गिक न्याय, सामाजिक सुरक्षा र सामाजिक न्याय जस्ता कार्यहरु वहुसरोकार निकायको सरोकारको विषय मानिन्छ र मानव अधिकारसँग यी विषयहरु सम्बन्धित हुन्छन्। आयोगले बालिका, किशोरी र महिलाहरुको हक र अधिकार राज्यका सबै तह र निकायमा क्षेत्र र आयामहरुमा खोज्ने गरेको हुन्छ। नीति, कानुन, संस्था/संरचना वित्त कार्यक्रमहरुको अध्ययन, विश्लेषण, अनुसन्धान र सर्वेक्षणका माध्यमबाट लैङ्गिक समानता र सामाजिक समावेशिता स्थापनार्थ सरकारलाई नीतिगत, कानुनी, संस्थागत, वित्तीय र कार्यक्रममा देखिएका न्यून पक्षहरु कार्यान्वयनका लागि सिफारिस गर्ने र सुधारका लागि लिखित सुझाव दिनेसम्मको कार्य गर्दछ। यसै विषयमा प्रदेश तथा स्थानीय सरकारसम्म आयोगको संरचना खडा नभएकाले लैङ्गिक समानता अर्थात् महिलाहरुको हक र अधिकार स्थापित गर्न र राष्ट्रिय महिला आयोगले कुन-कुन पक्षमा सहयोग, समन्वय र सहकार्य गर्न सक्छ? प्रदेश र स्थानीय तहमा भएका न्यायिक समितिहरुले आयोगलाई कसरी सहयोग गर्न सकिन्छ, भन्ने अभिप्रायले चालु आर्थिक वर्षको महत्वपूर्ण कार्यक्रम तीन वटा प्रदेश कर्णाली, सुदूरपश्चिम र गण्डकी प्रदेशभित्रका सबै स्थानीय तहका न्यायिक समितिहरुसँग लैङ्गिक न्यायका मुद्दाहरुमा १/१ दिनको अन्तर्क्रिया/छलफल गरियो।

### कार्यक्रमको मुख्य उद्देश्य

कार्यक्रमको मुख्य उद्देश्य संविधान, नीति, कानुन योजना तथा कार्यक्रममा वालिका, किशोरी र महिलाहरुका सामाजिक, आर्थिक, धार्मिक, सास्कृतिक, शैक्षिक, राजनैतिक विषयक हक अधिकार सुनिश्चित गर्न न्यायिक समितिले गरेका असल अभ्यास, समस्या तथा चुनौती एवं महिला आयोगसँगको समन्वय/सहकार्य वृद्धि गर्ने अभिप्राय रहेको। उल्लिखित हक अधिकार प्रयोग गर्ने सन्दर्भमा कही कतै अन्याय, शोषण, दमन तथा विभेद भएमा उद्धार, राहत, कानुनी सहायता, संरक्षण तथा सामाजिक पुनर्मिलनका माध्यमबाट क्षतिपुर्ति दिलाउन सहज बनाउने उद्देश्यले प्रदेशस्तरमा न्यायिक समितिका पदाधिकारी तथा सरोकारसँग अन्तरक्रिया गरिएको। अन्य उद्देश्य तपसिलबमोजिम रहेका छनः-

- लैंङ्गिक न्याय स्थानीय तहमै प्रदान गर्न प्रेरित गर्नु,
- महिला अधिकार वहुसरोकारका विषय भएकोले सरोकार निकायबीच समन्वय/सहकार्य र साझेदारी विकास गर्नु,
- न्यायिक समिति र राष्ट्रिय महिला आयोगको अधिकार र जिम्मेवारी प्रष्टयाउनु,

- राष्ट्रिय महिला आयोगको काम, कर्तव्य, जिम्मेवारी र अधिकारबारेमा न्यायिक समितिलाई जानकारी गराउनु,
- खबर गर ११४५ बाट कसरी लैङ्गिक हिंसालाई व्यवस्थापन भैरहेको छ र जानकारी गराउने,
- न्यायिक समितिका संयोजकहरुको दक्षता, क्षमता र सीप विकास के कसरी भैरहेको छ र के गर्न जरुरी छ सोको जानकारी लिनु,
- आगामी दिनमा महिलाको अधिकार सुनिश्चितका लागि के कस्ता कार्यक्रम र वजेट विनियोजन गर्न जरुरी छ सोको जानकारी हुन,
- न्यायिक समितका असल अभ्यास, समस्या चुनौती र आयोगसँगको सहकार्यता बारेमा जानकारी लिन,
- अन्त्यमा, सबैको अन्तिम लक्ष्य असमानतारहित समाज र राष्ट्र निर्माण गर्नु नै हो भने हाम्रा कार्यक्रम असल अभ्यास र कमजोरीलाई व्यवस्थापन गर्न प्रतिबद्धतासहितको ऐक्यवद्धता विकास गर्नु।

## कार्यक्रमको संचालन विधि/प्रकृया

- स्थानीय तहका न्यायिक समितिहरुका संयोजकहरुको सहभागितामा लैङ्गिक न्यायका विषयमा तहाँबाट भए गरेका असल अभ्यास, लैङ्गिक न्याय सम्पादन गर्दाका समस्या तथा चुनौती एवं राष्ट्रिय महिला आयोगसँगको समन्वय तथा गर्न सकिने सहकार्यका लागि आयोगको तेस्रो रणनीतिक योजनाले निर्धारण गरिएका न्यायिक सम्पादन सम्वन्धी कार्यलाई तोकिएको नतिजा हासिल गर्न यस कार्यक्रम संचालन गरिएको थियो। तीन वटै प्रदेशमा एकै प्रकारको ढाँचामा कार्यक्रम स्वीकृत गरी संचालन गरियो। जसको संचालन विधि र ढाँचा देहायअनुसार रहेको छ।
- कार्यक्रमको सुरुआत अन्य प्रचलित तरिका औपचारिक कार्यक्रम संचालनकै विधि अपनाइएको थियो। जस्तैः- विशिष्ट व्यक्तित्वहरुलाई अगाडि डयाक्समा आसन ग्रहण, राष्ट्रप्रति सम्मानका खातिर राष्ट्रिय गान, सहभागी पाहुनाहरुलाई स्वागत मन्तव्य, प्रमुख अतिथि सहित विशिष्ट व्यक्तिहरुको सहयोगमा पानसमा दीप प्रज्ज्वलित गरी कार्यक्रमको विधिवत समुदघाटन।
- तीनवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट समग्र प्रदेशको लैङ्गिक न्यायका सम्बन्धमा न्यायिक समितिको कार्य प्रगति, असल अभ्यास समस्या, देखिएका चुनौती र मुख्यमन्त्री तथा मन्त्रिपरिषद लगायत प्रदेश सरकारबाट भएका सहयोग सम्वन्धित विषयक प्रस्तुतीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कानुन सचिवबाट गरिएको थियो।
- सबै प्रदेशमा राष्ट्रिय महिला आयोगले लैङ्गिक न्यायका विषयमा गरिएका कार्य उपलब्धि समस्या तथा चुनौतीहरुका बारेमा आयोगका उजुरी तथा मुद्दा व्यवस्थापन शाखाका प्रमुख/संलग्न कानुन अधिकृत र सहायक न्यायधिवक्ताबाट समग्र प्रस्तुतीकरण गरिएको थियो।
- सबैभन्दा महत्वपूर्ण पक्ष तीनवटै प्रदेशका न्यायिक समितिबाट सम्पादित कार्यहरुको असल अभ्यास, समस्या तथा चुनौती र आयोगसँगको आगामी सम्बन्ध र समन्वयका बारेमा सुझाव जिल्लागतरुपमा स्थानीय तहका न्यायिक समितिको समूह बनाइ समय १ घण्टा तोकी चार्ट

पेपरमा लेख्न लगाइ प्रस्तुतीकरण गराइएको थियो र सबै लेखिएका सुझावहरुलाई आयोगमै ल्याई सोहीको आधारमा प्रतिवेदन तयार पारिएको थियो।

- अन्त्यमा, कार्यक्रमको नेतृत्व गरेका माननीय अध्यक्ष तथा सदस्यबाट जिज्ञासाहरुको संबोधन गरी कार्यक्रम समापन भएको थियो।
- उल्लेखनीय कार्य कार्यक्रम सम्पन्न भइ आयोगले तीनै तहबाट प्राप्त भएका विषय/मुद्दाहरुलाई सम्बन्धित मन्त्रालय/निकाय/आयोगका जिम्मेवार प्रतिनिधिहरुको सहभागिता गराई नीतिगत सिफारिस तथा सिफारिस कार्यान्वयनका लागि लेखी पठाउने निर्णय समेत आयोगको बैठक राखी नीतिगत वुँदाहरु पठाइएको।

## कार्यक्रमबाट प्राप्त उपलब्धि

यथार्थमा स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न हुनु आफैमा उपलब्धि मानिन्छ। तथापि अन्य उपलब्धिहरु यसप्रकारका छनः

- न्यायिक समितिको अधिकार क्षेत्रका बारेमा प्रदेश सरकारबाट जानकारी गराउँदा आगामी दिनमा आफ्नो अधिकारभित्रको काम गर्न र अधिकार नभएको कार्य नगर्न सक्ने।
- न्यायिक समितिले राष्ट्रिय महिला आयोगमा लैङ्गिक हिंसा पीडित प्रभावितहरुको प्रेषण गर्दा कस्ता मुद्दा र विवाद निरुपणका लागि पठाउने भन्ने विषय जानकारी गराउन सकियो।
- स्थानीय तहले न्यायिक परामर्श र कानुनी सहायताका लागि आयोगमा पठाउन सकिने जानकारी गराइयो।
- प्रदेश/प्रदेशका असल अभ्यासहरुका बारेमा जानकारी गराउँदा जोखिम वहन गराउन सहज भयो।
- समस्या र चुनौतीहरुलाई नीतिगत तथा कानुनी सम्बोधनका लागि सम्वन्धित निकायमा सिफारिस गरी सेवा प्रवाहमा गुणस्तरीयता ल्याउन सहज हुने देखियो।
- आयोगबाट संचालित निःशुल्क हेल्पलाईन सेवा खबर गरौ ११४५ को प्रचार प्रसारमार्फत सेवामा पहुँच विस्तार भयो।
- आयोगसँग समन्वय, सहकार्य र साझेदारी दोहोरो बनाउन सहज भयो।

## सहभागिहरुको साझा जिज्ञासा र मूल मुद्दाहरु

तीनै प्रदेश कर्णाली, सुदूरपश्चिम र गण्डकी न्यायिक समितिका संयोजकहरुले कार्यक्रममा राखेका साझा विषयहरु यस प्रकार रहेः-

- राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र जिम्मेवारीप्रति अनभिज्ञता जानकारी वृद्धि गरिनुपर्ने,
- महिलाहरुको मुद्दा असीमित हुने तर स्रोत र साधनको न्यूनता हुने हुँदा आयोगले यस विषयमा अध्ययन अनुगमन गरी सुझावको सिफारिस गर्नुपर्ने,
- क्षमता, दक्षता, विज्ञता अभिवृद्धिमा लगानी गरी आयोगले कानुनी सीपका लागि तालिम लगायतका अन्य विषयहरुमा बोलिदिनुपर्ने,
- न्याय सम्पादन गर्ने जिम्मेवारी न्यायिक समितिकै हो भन्ने तर प्रमुखहरुले निर्णय यस्तै हुनुपर्छ यहि गर्नुहोस् भनी दबाब र हस्तक्षेप गर्ने,

- अपराधको सीमा नै पार गरेकाहरुको लागि कानुनी सजायको रुपमा पठाउँदा अदालतले सानो परिमाणमा धरौटी राखी छोडिदिनाले न्याय प्रभावित हुने गरेकोप्रति गुनासो,
- न्यायिक पाटोमा महिलाहरुलाई अन्याय भएका धेरै विषयहरु छन त्यसमा सुधार हुन जरुरी भएको,
- राष्ट्रिय महिला आयोग वा अन्य निकायहरुले कुनै पनि कार्यक्रम संचालन गर्दा जिल्लामा वा स्थानीय तहमै गएर यस्ता कार्यक्रमहरु संचालन गरिनुपर्ने,
- न्यायिक समितिबाट पीडित प्रभावितहरुका लागि न्याय संम्पादन गरिरहँदा सेवा प्रदायकहरुमा पनि मानसिक कमजोरी तथा अरुको पीडाको महसूस आफैभित्र सर्ने भएकोले समय समयमा पुनर्ताजकी तालिम रिफ्रेसमेन्ट र मनोरञ्जन गराउनु पर्ने,
- न्यूनतम एक हप्ताको समयावधि दिएर पत्राचार भएको भए अति राम्रो र सबैको सहभागिता हुने,
- राष्ट्रिय महिला आयोगले हामी महिलाहरुको बारेमा कुनै नीति योजना नबनाउनु आयोग छ भन्ने महसूस नभएको गुनासाहरु राखिएको
- अन्त्यमा, चाँडोभन्दा चोडो न्यायिक कार्य सम्पादनको लागि कानुनी जनशक्तिको व्यवस्थापन गरिदिने।

## राष्ट्रिय महिला आयोगलाई सुझाव

- न्यायिक समितिका पदाधिकारीहरुलाई क्षमता विकास गर्नुपर्ने,
- न्यायिक निरुपणका लागि कानुन न्यायका कर्मचारी नियुक्त गर्न सहजीकरण गर्नुपर्ने,
- आयोगको ११४५ सहायता नम्बर स्थानीय तहका न्यायिक समितिसँग जोड्ने,
- महिला आयोगको कार्यक्रम लक्षित महिलाहरुकै लागि तर आवास यातायातको व्यवस्था नहुनु र पुनर्ताजकी हुने मौका समेत नहुनाले खल्लो महसूस,
- जिल्ला लक्षित स्थानीय तहको कार्यक्रम प्रत्येक जिल्लामै गएर गर्न सके अति राम्रो,
- निरन्तर न्यायिक समितिको सेवा प्रभावकारीताका लागि कार्यक्रमको परिणाम र गुणस्तरीयता वृद्धि गर्नुपर्ने,
- प्रदेश सरकारको नीति, कानुन, संस्थागत विषयको अध्ययन विश्लेषण गरी प्रदेश सरकारलाई नीतिगत सिफारिस गर्नुपर्ने,
- प्रदेशतहमा आयोगको सम्पर्क कार्यालय स्थापना गर्नुपर्ने,
- हेल्पलाइन ११४५ को सेवालाई प्रदेशस्तरसम्म अर्थात् न्यायिक समितिसँग जोडि सीधा समन्वय हुनुपर्ने।

## कार्यक्रम संचालन सम्बन्धी विवरणः-

| सि. न. | कार्यक्रम संचालन समय | कार्यक्रमको नाम/ | कार्यक्रमको नेतृत्व | विशिष्ट व्यक्तिहरुको सहभागिता नाम नामेसी | कार्यक्रम सम्पन्न प्रदेश | जम्मा सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| १ | २०८१/१२/२७ | स्थानीय तहका न्यायिक समितिसँग असल अभ्यास समस्या/चुनौती तथा आयोगसँगको आगामी समन्वय तथा सहकार्य | आयोगको माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडा | प्रदेशको माननीय मुख्यमन्त्री प्रदेशका माननीय उपसभामुख सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री मुख्य सचिव | सुदूर पश्चिम प्रदेश कैलाली धनगढी | १९० जना सबै ८८ स्थानीय तहका न्यायिक समितिका संयोजक लगायत अन्य |
| २ | २०८२/०१/१० | “ | आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी पराजुली र सचिव श्री रेखा कंडेल | “ | गण्डकी प्रदेशको पोखरा | १९५ जना सबै ८७ स्थानीय तहका न्यायिक समितिका संयोजक लगायत अन्य |
| ३ | २०८२/०१/१२ | “ | आयोगका माननीय सदस्य श्री विद्या कुमारी सिन्हा | “ | कर्णाली प्रदेशको सुर्खेत | १९५ जना सबै ८८ स्थानीय तहका न्यायिक समितिका |

## ६.७ लैङ्गिक न्याय प्रवर्द्धन र सन्देश प्रवाहका लागि आयोगको डिजीटल डिस्प्लेबोर्डबाट सन्देशमूलक सामग्रीहरु प्रशारणः-

राष्ट्रिय महिला आयोगले केवल लैङ्गिक हिंसामा परेकाहरुको उद्धार, राहत, मनोपरामर्श सेवा, कानुनी परामर्श, कानुनी सहायता, संरक्षण, सशक्तीकरण मात्र नगरी, लैङ्गिक हिंसाका घटना घट्नै नपाओस् भन्ने अभिप्रायले हिंसा भनेको के हो ? यो किन हुन्छ? र भैगएमा कहाँ जाने? भन्ने जानकारी गराउन रोकथामका विविध उपायहरु प्रशारण गर्ने गरेको छ। केही प्रशारित सन्देशमूलक सूचना यस प्रकारका छनः

- छोरा र छोरी ईश्वरका वरदान; भिन्न छैनन यी दुवै हुन समान,
- बिबाह वारी; वीस वर्ष पारी,
- म गर्भ गर्छु; लैङ्गिक हिंसा विरुद्ध उभिँदा,
- लैङ्गिक हिंसा भएमा; खबर गरौ ११४५,
- लैङ्गिक हिंसा र दुर्व्यवहार; छैन हामीलाई स्वीकार,
- राष्ट्रिय महिला आयोगको गन्तव्य; लैङ्गिक हिंसा को अन्त्य,
- सामाजिक रुपान्तरण सहितको आर्थिक सशक्तीकरणः सबै प्रकारको हिंसा निर्मूलीकरण,
- लैङ्गिक हिंसा उपर; पुरुषहरुको सहकार्य,
- लैङ्गिक हिंसा सामाजिक अपराध; अपराधलाई गरौ है वहिष्कार,
- व्यक्ति, परिवार, समाजको प्रतिवद्धता; हिंसा विभेद र दुर्व्यवहार विरुद्ध ऐक्यवद्धता
- राष्ट्रिय महिला आयोग; पीडित र प्रभावितलाई गर्दछ सहयोग,
- छोरीहरुमा लगानी; सम्वृद्धिको थालनी,
- विकास, उन्नति र सम्वृद्धिको लागि; व्यक्ति, समाज र राष्ट्रको सहभागी,
- संचार र प्रविधि; आउँछ सम्वृद्धि,
- सशक्त महिला; सम्वृद्ध राष्ट्र,
- स्वच्छ, स्वस्थ र मर्यादित वातावरण: हाम्रो मौलिक अधिकार,
- जसको सवाल; उसकै आवाज,
- सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य; महिलाको हक अधिकार,
- यत्र, तत्र सर्वत्र; जपौ हिंसा विरुद्धको मन्त्र,
- आर्थिक सशक्तीकरण सहितको सामाजिक रुपान्तरण; संभव छ लैङ्गिक हिंसा को निर्मूलीकरण,
- अबको गन्तव्य; लैङ्गिक असमानताको अन्त्य।

## ६.८ सरोकारवाला संस्था साथै विज्ञहरुसँग नीतिगत सिफारिस तथा तत्काल आइपर्ने समस्याका विषयमा परामर्श वैठक तथा छलफल

राष्ट्रिय महिला आयोगको सेवालाई प्रभावकारी बनाउने प्रयोजनले राखिएको वार्षिक कार्यक्रम सरोकारवाला संस्था साथै विज्ञहरुसँग नीतिगत सिफारिस तथा तत्काल आइपर्ने समस्याका विषयमा परामर्श वैठक तथा छलफल कार्यक्रमलाई कार्यान्वयन गर्न तपसिल बमोजिमको कृयाकलाप सहभागी/प्रतिनिधित्व, उद्देश्य उपलब्धिसहित कार्यक्रमको बाँडफाँट गरी कार्यक्रम संचालन गरियो।

| सि. नं | कृयाकलापको विवरण | उद्देश्य | प्राप्त उपलब्धि | सहभागी संस्था /संख्या |
|---|---|---|---|---|
| १ | लैङ्गिक हिंसा मा परेका पीडित प्रभावितहरुलाई लैङ्गिक न्याय प्रदान गर्न/ समन्वय बैठक | लैङ्गिक हिंसा मा परेका पीडित प्रभावितहरुलाई लैङ्गिक न्याय प्रदान गर्न/कानुनी सहायता प्रदान गर्न ल्याक र नेपाल बार एशोसियसन लगायतसँग कानुनी सहायता प्रभावकारी बनाउन समन्वय सहकार्य तथा आगामी वर्षमा थप प्रभावकारी बनाउन सुझाव। | आर्थिक अवस्था कमजोर भएका एवं लैङ्गिक हिंसा मा परेका पीडित प्रभावितहरुलाई निःशुल्क कानुनी सहायता प्रदान गर्ने | नेपाल बार एशोसियन ल्याक सर्वोच्च अदालत महान्यायधिवक्ताको कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय गरी जम्मा २० जना। |
| २ | अल्पकालिन तथा दीर्घकालीन पुनःस्थापना केन्द्र सेवा केन्द्रहरुसँग सेवा प्रभावकारी सम्बन्धमा बैठक/अन्तरक्रिया | लैङ्गिक हिंसा पीडित प्रभावितहरुलाई उद्धार, राहत, पुनःस्थापना सुरक्षा संरक्षण, लगायत सेवाका लागि पुनःस्थापना सेवा प्रभावकारी बनाउने पहल। | आयोगको ११४५ को हेल्पलाइन सेवामार्फत तथा अन्य निकायबाट हिंसा पीडित प्रभावितहरुलाई तत्काल उद्धार राहत र पुनःस्थापनालाई चुस्त दुरुस्त र गुणस्तरीय बनाउने | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय रक्षा नेपाल एपिरोन शुभग्राम ए.वि. सी. नेपाल माइती नेपाल शक्ति समूह लगायत ४० जना |
| ३ | नीतिगत सिफारिसका सम्बन्धमा सरोकारवाला मन्त्रालय तथा निकायहरुमा | संविधानले दिएको महत्वपूर्ण जिम्मेवारी कार्यान्वयनमा रहेका नीति कानुनमा | नीतिगत सिफारिस पठाउनुपर्ने मन्त्रालय निकायहरुमा | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय, सर्वोच्च अदालत, |

| सि. नं | कृयाकलापको विवरण | उद्देश्य | प्राप्त उपलब्धि | सहभागी संस्था /संख्या |
|---|---|---|---|---|
| | सिफारिस कार्यान्वयसम्बन्धी बैठक | भएका प्रावधानहरुमा महिलाका हक अधिकारका विषयमा संवोधन नभएका विषय र संबोधनका लागि गरिनुपर्ने विषयलाई नीतिमा राख्न नीतिगत सुझावहरु तय गर्न | सिफारिसका बुँदाहरु नीतिमा समावेश गर्न र कार्यान्वयनका अवस्थाका बारेमा निरन्तरप्रगति उपलब्ध गराउन सहमति | महान्यधिवक्ताको कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मानव अधिकार आयोग सहित ५० जना |
| ४ | महिलाको हक अधिकार संरक्षण सम्बर्द्धन तथा अपाङ्गता भएका महिलालाई सशक्तीकरण गरी लैङ्गिक न्याय सुनिश्चित गर्न सरोकार बैठक | अपाङ्गता भएका व्यक्तिहरुलाई सार्वजनिक सेवामा भएका सूचनाहरुको जानकारी तथा अपाङ्गता पहुँच विद्युतीय सूचना जानकारी गराउने | सरकारी दस्तावेज सूचना तथा कार्यक्रमका गतिविधिहरु अपाङ्गताको पहुँचयोग्य बनाउन सम्बन्धितसँगै जानकारी लिएको | योङ्ग इनोभेटिभ संस्थाका प्रतिनिधिका विज्ञहरु अपाङ्गता महिला संघका प्रतिनिधि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नेपाल अपाङ्गता महासंघका प्रतिनिधि लगायत ३८ जना |

## ६.९ विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा विरुद्धको सन्देशमूलक सामग्री डकुमेन्ट्रि निर्माण

राष्ट्रिय महिला आयोगको महत्वपूर्ण कार्यभित्र उद्धारका लागि खबर गरौ ११४५ हेल्पलाइन सेवा, राहत अन्तर्गत मनोसामाजिक/कानुनी परामर्श, निःशुल्क कानुनी सहायता, पुनःस्थापना अन्तर्गत अल्पकालिन तथा दीर्घकालीन पुनःस्थापना सेवा, लैङ्गिक हिंसा घट्नै नदिने अर्थात् हिंसा रोकथामका लागि सचेतना छलफल अन्तर्क्रिया सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारण र अन्त्यमा क्षतिपुर्तिसहित मर्यादित जीवनका लागि सामाजिक पुनर्मिलनसम्मका सेवाहरु अन्य सरोकारवाला सेवा प्रदायकसँगको निरन्तर सहयोग, समन्वय र सहकार्यबाट हुँदै आएको छ। लैङ्गिक हिंसा घट्नै नदिनका लागि विविध उपायहरु अवलम्बन गर्ने सिलसिलामा समाजमा विद्युतीय माध्यमबाट हुने र हुनसक्ने हिंसा दुर्व्यवहार र यातना विरुद्ध सन्देशप्रवाहका लागि छोटो डकुमेन्ट्रि निर्माण गरिएको। उक्त डकुमेन्ट्रिको स्क्रिप्ट लेखनमा यस आयोगका शाखा अधिकृत समिता थापा र कानुन अधिकृत सृष्टि तिमल्सिना लगायत कर्मचारीहरुको सक्रियता रहेको थियो।

१. **लक्षित समूहः** महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका महिला आदि।

२. **डक्युमेन्ट्रिको उद्देश्यः** विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा न्यूनीकरण सचेतना अभिवृद्धि गर्नु।

- विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसाका घटनाबाट बच्ने उपाय बारे जानकारी दिलाउनु।

- विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई उपचारका तरिकाका बारेमा जानकारी गराउनु।
- विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा न्यूनीकरणमा रा.म.आ.ले निर्वाह गरेको भूमिकाको बारेमा जानकारी गराउनु।

## ६.१० CEDAW, समितिबाट प्राप्त List of Issues उपर छलफल कार्यक्रमः

### पृष्ठभूमि

महिला, कानुन र विकास मञ्च (एफ.डब्लु.एल.डी) र इक्वालिटी नाउँको सहकार्यमा राष्ट्रिय महिला आयोगले आयोजना गरेको संयुक्त राष्ट्रसघीय महिला महासन्धि समिति (यूएन सिड कमिटी) को प्रतिवेदनमाथिको छलफलमा यूएन सिड कमिटीले नेपालको सातौं आवधिक प्रतिवेदन उपर दिएको List of Issues का प्रत्येक बुँदाहरुको बारेमा चर्चा भएको थियो।

**उद्देश्यः**

- महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयनको अवस्था उपर नेपालसँग राखेका जिज्ञाशाहरुको सूची विषयमा छलफल गर्ने।

### सरोकारवाला सहभागिता

- कार्यक्रम अध्यक्षताः माननीय कमला कुमारी पराजुली,
- प्रमुख अतिथि; परराष्ट्रमन्त्रि डा. आरजु राणा देउवा,
- विशिष्ट अतिथिः महिला तथा सामाजिक मामिला समिति सभापति किरण कुमार साह,
- विशिष्ट अतिथिः सिड कमिटीमा नेपालका तर्फबाट निर्वाचित हुने महिला अभियानकर्मी बन्दना राणा,
- विशिष्ट अतिथिः पहिलो महिला मुख्यसचिव लिलादेवी गडतौला,
- FWLD का कार्यकारी निर्देशक अधिवक्ता सबिन श्रेष्ठ,
- विभिन्न संघसंस्थाका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी,
- राष्ट्रिय महिला आयोगका कर्मचारीहरु।

### उपलब्धि

- सातौ आवधिक प्रतिवेदन उपर दिएको लिष्ट अफ इस्यूकाबारेमा नेपालले गर्न पर्ने कामहरुको बारेमा विस्तृतरुपमा छलफल गरिएको।
- प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिका सभापति किरणकुमार साहले मन्त्रिपरिषद्मामा महिला आरक्षणको कानुनी व्यवस्था नहुँदा यससम्बन्धी कानुन निर्माण गर्नु आवश्यक रहेको साथै महिला शिक्षा अनिवार्य गरिनुपर्नेमा पनि उनले जोड दिनुभएको।
- कार्यक्रममा परराष्ट्रमन्त्रि डा. आरजु राणा देउवाले तीन पटकसम्म सिड कमिटीमा नेपालका तर्फबाट निर्वाचित हुने महिला अभियानकर्मी बन्दना राणा र नेपालको इतिहासमा पहिलो महिला मुख्यसचिव नियुक्त हुनुभएको लिलादेवी गडतौलालाई सम्मान गर्नु भएको।
- विभिन्न संघसंस्थाका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी उपस्थित कार्यक्रममा नेपालको सातौ आवधिक प्रतिवेदन उपरको लिष्ट अफ इस्यूकाबारेमा आगामी दिनमा गर्नुपर्ने कामहरुको बारेमा छलफलमा सहभागिहरुले आफ्ना विचारहरु प्रकट गर्नु भएको।

# खण्ड-खः अध्ययन/अनुसंधान

## ६.११. अध्ययन अनुसन्धान

राष्ट्रिय महिला आयोगलाई संविधान, ऐन र कानुनले दिएको जिम्मेवारीमा महिलाका महत्वपूर्ण सवालहरु र समसामियक विषयहरुमा अध्ययन, अनुसन्धान गरी आएको निश्कर्ष सुझावको आधारमा सरकारका सम्बन्धित निकायहरुमा कार्यान्वयनका लागि नीतिगत सिफारिस गर्नु पनि हो। सोही अनुरुपमा आ.व. २०८१/०८२ मा यस आयोगबाट देहायबमोजिमको अध्ययनहरु गरिएको छः-

### ६.११.१. सबै सङ्घीय मन्त्रालयहरुको लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्थाको अध्ययन

### पृष्ठभूमिः

लैङ्गिक समानता आर्थिक विकास र सामाजिक न्यायका लागि महत्वपूर्ण तत्व हो र लैङ्गिक उत्तरदायी बजेट आर्थिक स्रोतहरुको न्यायोचित वितरण र सबैको सहभागिता सुनिश्चित गर्न प्रयोग गरिन्छ। लैङ्गिक उत्तरदायी बजेटको अवधारणा भनेको बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा महिला, पुरुष र लैङ्गिक अल्पसंख्यक भएका समूहको आवश्यकतालाई समावेश गर्नु हो। नेपालमा लैङ्गिक उत्तरदायी बजेटको पृष्ठभूमि समाजमा विद्यमान लैङ्गिक असमानता, नीति निर्माणमा लैङ्गिक संवेदनशीलताको अभाव र स्रोतहरुको असमान वितरणजस्ता समस्या समाधान गर्न केन्द्रित छ। साथै लैङ्गिक उत्तरदायी बजेट निर्माण गर्न कानुन तथा संस्थागत आधारहरु पनि निर्माण गरिएका छन् महिलाको आर्थिक-सामाजिक सशक्तीकरण, हकहित एवं समानताको प्रवर्द्धनका लागि सङ्घीय मन्त्रालयहरुले गर्ने बजेट विनियोजन तथा कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने र सोको प्रभावकारी कार्यान्वयनमा विद्यमान समस्याहरुको पहिचान गरी अर्थपूर्ण कार्यान्वयनको लागि राष्ट्रिय महिला आयोगले आवश्यक पहल गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ।

### अध्ययनको उद्देश्य

यस अध्ययनले सङ्घीय मन्त्रालयहरुको बजेट निर्माण र कार्यान्वयनमा लैङ्गिक समानतालाई व्यवहारमा कसरी र कति मूलप्रवाहीकरण गरेको छ भन्ने अवस्थाको विश्लेषण गरेको छ र अध्ययनको उद्देश्यहरु निम्न प्रकारका रहेका छनः-

- नेपालको संङ्घीय संस्थाहरुमा लैङ्गिक उत्तरदायी बजेटको विद्यमान अवस्थाको अध्ययन गर्नु,
- विगत तीन आर्थिक वर्षहरुको लैङ्गिक उत्तरदायी बजेटको विनियोजन तथा कार्यान्वयनको बारेमा विश्लेषण गर्नु,

### उपलब्धिः

यस अध्ययनमा पछिल्लो २०७२/७३ देखि २०८१/८२ सम्मको प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजनको प्रतिशतलाई विश्लेषण गर्दा दोब्बरले बढेको देखिन्छ। विशेष गरी २०७४/७५ देखि प्रत्यक्ष बजेट विनियोजन स्थिररुपले वृद्धि हुदै गएको छ। अप्रत्यक्ष बजेटमा भने केहि घटबढ देखिएको छ, जुन कार्याक्रमहरु प्रष्ट लक्षित नभएको संकेत गर्दछ, जसबाट नेपाल सरकार महिलाको सशक्तीकरण, लैङ्गिक समानता र सामाजिक समावेशीकरण थप संवेदनशील हुँदै गएको मान्न सकिन्छ। प्रत्यक्ष उत्तरदायी बजेट दोब्बरले बढ्दा तटस्थ बजेटको प्रतिशतमा पाँच प्रतिशत मात्र घट्नु भनेको समग्रमा सरकारले कार्यक्रम तय गर्ने र बजेट विनियोजन गर्ने सन्दर्भमा समावेशी तथा अन्तर संवेदनशील आवश्यकतालाई अझ प्रभावकारी मूल्याङ्कनको माध्यमबाट अवलम्बन गर्नुपर्ने देखिन्छ।

त्यसै गरी तीन आ.व को तुलनात्मक अध्ययन गर्दा आएका उपलब्धिहरुः

- प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजनमा सकरात्मक वृद्धि देखिएको छ भने अप्रत्यक्ष बजेट विनियोजनमा कमी आएको देखिन्छ, यस प्रवृत्तिले सरकारको बजेट संरचनामा लैङ्गिक संवेदनशीलता र नीति सुधारको संकेत गर्दछ,
- मन्त्रालयगत विश्लेषण गर्दा मन्त्रालयहरुले राष्ट्रिय औसतभन्दा बढी लैङ्गिक उत्तरदायी बजेट विनियोजन गरेका छन् भने कतिपयमा प्रत्यक्ष बजेट विनियोजनको अभाव देखिन्छ, यद्यपि विनियोजनतर्फ प्रगतिशील सुधार देखिएतापनि कार्यान्वयन पक्षमा चुनौतीहरु विद्यमान रहेको देखिन्छ।
- प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको खर्च प्रतिशत समग्र बजेट खर्चभन्दा कम देखिनु र तटस्थ बजेटको खर्च उच्च रहनुले नीति र व्यवहारिक कार्यान्वयनबीच फरक रहेको देखाउँछ।

## सुझावहरुः

यस अध्ययन प्रतिवेदनले नेपालमा लैङ्गिक समानता र महिला सशक्तीकरण प्रवर्द्धनमा लैङ्गिक उत्तरदायी बजेटको भूमिकालाई उजागर गरेको छ। नेपालमा लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारिता अभिवृद्धिका लागि देहायबमोजिमका सुझावहरु रहेका छनः

### १. प्रत्यक्ष उत्तरदायी बजेट तथा खर्चको वृद्धि

- Classification of the Functions of Government (COFOG) को तथ्य अनुसार प्रत्यक्ष खर्च कम र घट्दो रहेको क्षेत्रहरु (शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा)मा महिलालाई प्रत्यक्ष प्राथमिकता दिने लक्षित कार्यक्रमहरुको निर्माण र कार्यान्वयन गर्ने,
- महिला केन्द्रीत मन्त्रालयहरुको सशक्तीकरणका लागि मन्त्रालयले लैङ्गिक उत्तरदायी बजेटको प्रभाव मापन गर्न स्पष्ट लैङ्गिक सूचकहरुको विकास गर्न जरुरी रहेको र लैङ्गिक क्षेत्रमा बजेट कार्यान्वयन क्षमता वृद्धि गर्न प्राविधिक सहायता, कर्मचारी तालिम प्राविधि विकासमा विनियोजनमा जोड दिनुपर्ने देखिन्छ,
- लैङ्गिक बजेटको सुधारका लागि बजेट निर्माण तथा कार्यान्वयनको अवस्थाको हरेक तहबाट समीक्षा तथा विश्लेषण गरेर पहल हुन जरुरी रहेको छ।

### २. लैङ्गिक उत्तरदायी शासन प्रवर्द्धन

- संस्थागत संरचना सुदृढीकरणका लागि प्रत्येक मन्त्रालय तथा सार्वजनिक निकायमा लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person) तोकेर क्षमता अभिवृद्धि गर्ने र सम्पर्क व्यक्तिहरुले लैङ्गिक समानताको लक्ष्यलाई बजेट योजनामा एकीकृत गर्न र समन्वयकारी भूमिका खेल्न प्रशिक्षित हुनुपर्ने,
- लैङ्गिक तथ्याङ्क संकलन, विश्लेषण र अनुगमनका लागि एक केन्द्रीकृत डिजिटल प्रणाली विकास गर्नुपर्ने,
- प्रत्येक निकायहरुको लैङ्गिक बजेट खर्चको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नको लागि आन्तरिक तथा वाह्य लेखा परीक्षणलाई लैङ्गिक संवेदनशील बनाउन मापदण्डहरु विकास गरिनुपर्ने र साथै प्रचलित कानुनबमोजिम गरिने लेखापरीक्षण प्रतिवेदनमा लैङ्गिक प्रभावको विश्लेषण अनिवार्य गरिनुपर्ने,

- लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारिताको लागि विभिन्न सरोकारवाला संस्थाहरु जस्तैः नेपालमा सक्रिय महिला सशक्तीकरण संस्थाहरु, नागरिक समाज र अन्तर्राष्ट्रिय दातृ निकायहरु (जस्तैः UN Women, World Bank) सँग नियमित सहकार्य गर्नुपर्ने,
- लैङ्गिक उत्तरदायी बजेट विनियोजन कम भएका मन्त्रालयहरुमा GRB को प्राथमिकता र कार्यान्वयन सुधार गर्न समन्वय, क्षमता अभिवृद्धि र प्राविधिक सहयोग आवश्यक रहेको

### ३. लैङ्गिक लेखापरीक्षणलाई संस्थागत गर्ने

- लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारिता र जवाफदेहिता सुनिश्चित गर्न लैङ्गिक लेखापरीक्षणलाई वित्तीय लेखापरीक्षण जस्तैः- मानक र अनिवार्य प्रक्रियाको रुपमा संस्थागत गर्नुपर्ने र यसका लागि लैङ्गिक लेखापरीक्षण दिशानिर्देशको विकास, महालेखा नियन्त्रकको भूमिकाका विस्तार र नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्ने,

### ४. प्रदेश र स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेटको अध्ययन तथा क्षमता अभिवृद्धि

- यस अध्ययन सङ्घीय संरचनामा लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्थाको सीमामा रहेको छ। यस्तै अध्ययन प्रदेश र स्थानीय तहमा गरी यथार्थ अवस्था बुझ्न सकिन्छ र सहि रणनीतिहरु लागु गर्न सकिन्छ। साथै सङ्घीय संरचनामा जस्तै प्रदेश तथा स्थानीय तहमा पनि लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनलाई प्रभावकारी बनाउन लैङ्गिक बजेट निर्देशिका निर्माण, क्षमता अभिवृद्धि, अनुगमन र मूल्याङ्कन संयन्त्र स्थापना, सङ्घीय र स्थापना, सङ्घीय र स्थानीय तहको समन्वय र अनुभव आदानप्रदानको संयन्त्र स्थापना र स्थानीय समूदायको संलग्नता जस्ता विभिन्न कार्यहरु गर्न सकिने।

## ६.११.२ सार्वजनिक र निजी संस्थाहरुमा व्यवस्थापकीय पदहरुमा कार्यरत महिलाहरुको निर्णय प्रकृयामा प्रभावः अवस्था, अवसर र चुनौतीको विषयमा अध्ययन

### पृष्ठभूमि

सन् २०१५ मा संयुक्त राष्ट्रसंघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्ष (२०१५-२०३०)मा पूरा गर्न विश्वव्यापीरुपमा १६९ वटा परिणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मूल्याङ्कन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन्।जसमा दिगो विकास लक्ष्य नं ५ ले ६ वटा परिणात्मक लक्ष्य सहित सबै महिला, किशोरी र बालिकाहरुलाई सशक्त बनाई लैङ्गिक समानता हासिल गर्ने लक्ष्य लिएको छ।उक्त लक्ष्य अन्तर्गत सूचक नं ५.५.२ मा व्यवस्थापकीय तहमा कार्यरत महिलाहरुको अनुपात अभिवृद्धि गर्दै लैजाने उद्देश्य रहेको छ।यसै अन्तर्गत रहेर महिला सशक्तीकरण एवं महिलाहरुको हकहित संरक्षणका क्षेत्रमा नेपाल सरकारले लिएको दिगो विकास लक्ष्यमा समेटिएको सूचक ५.५.२ को कार्यान्वयनको अवस्थाको जानकारी लिने हेतुले यस अध्ययन गरिएको छ।

### अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य दिगो विकास लक्षय नं. ५ अन्तर्गतका सूचकहरु लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउने लक्ष्य अन्तर्गत परिणात्मक लक्ष्य ५.५.२ "नेपालमा सार्वजनिक र निजी क्षेत्रका संस्थाहरुमा व्यवस्थापकीय पदहरुमा महिलाहरुको अनुपात वृद्धि गर्दै लैजाने" लक्ष्यको

कार्यान्वयनमा विद्यमान समस्याहरु मध्ये सार्वजनिक र निजी संस्थाहरुमा व्यवस्थापकीय पदहरुमा कार्यरत महिलाहरुको अवस्था, अवसर एवं चुनौती लगायत पक्षहरुको अध्ययन/विश्लेषण गरी आवश्यक सुधारका लागि सिफारिस गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## उपलब्धि

यस अध्ययन सार्वजनिक तथा निजी क्षेत्रका संस्थाहरुमा व्यवस्थापकीय तहमा कार्यरत महिलाहरुको निर्णय प्रक्रियामा सहभागिता, भूमिकाको प्रभावकारिता, तथा प्रशासनिक कार्यान्वयन सम्बन्धी अवस्था, अनुभव, चुनौतु र अवसरको विस्तृत मूल्याङकनमा केन्द्रित छ। अध्ययनबाट प्राप्त उपलब्धिहरु यस प्रकार रहेका छनः-

१) सामाजिक-जनसांख्यिक पृष्ठभूमि र सहभागिता

१०१ जना महिला व्यवस्थापकहरुमाथि गरिएको सर्वेक्षणमा अधिकांश ४० वर्षमुनिका, सहरी क्षेत्रमा जन्मिएका, स्नातकोत्तर शिक्षा प्राप्त, बिबाहित र ब्रामण-क्षेत्री समूदायका थिए। उत्तरदाताहरुमा ८२% भन्दा बढी सरकारी संस्थाबाट थिए भने निजी क्षेत्रका प्रतिनिधित्व तुलनात्मक रुपमा न्यून थिए। अधिकांश महिलाहरुको व्यवस्थापकीय अनुभव पाँच वर्षभन्दा कम देखियो, जसले यो पंक्तिमा उनीहरुको संलग्नता हालै बढ्दै गएको संकेत गर्दछ।

२) कार्य क्षत्रमा महिलाहरुको सशक्त उपस्थिति

महिला व्यवस्थापकहरु कार्यालय सञ्चालन, योजना निर्माण, स्रोत परिचालन, अनुगमन, सेवा प्रवाह, सामाजिक न्याय स्थापना लगायतका जिम्मेवारीमा क्रियाशील रहेका छन्। ९५% उत्तरदाताहरुले आफ्नो जिम्मेवारी निर्वाह गर्न पूर्णआत्मविश्वास रहेको बताएका छन्। तथापि, सरकारी संस्थामा निजी संस्थाको तुलनामा जिम्मेवारिप्रति सन्तुष्टि केहि कम देखियो।

३) बैठक र निर्णय प्रक्रियामा सहभागिता र प्रभाव

महिला व्यवस्थापकहरुको व्यवस्थापकीय बैठकमा सहभागिता नियमित देखिए पनि पूर्व जानकारी अभाव, समयको अनुकुल, वा कार्याक्रमको प्राथमिकता नमिल्दा सभागितामा कमी आएको देखिएको।

- समग्रमा ३९.६% महिला व्यवस्थापकहरुलाई नियमित रुपमा बैठकमा सहभागी हुनुभएको देखिन्छ।
- त्यस्तै ३२.७% लाई बैठकको ऐजेन्डा समयमै दिइँदैन भन्ने कुरा उल्लेख रहेको छ।

बैठकमा सहभागिता हुनेहरुमध्ये ९०% महिला छलफलमा सक्रिय सहभागी हुने जनाईएको छ। तथापि, निर्णयमा प्रभाव पार्ने क्षमताका लागि तथ्यगत प्रस्तुति, विषयमा जानकारी, तथा नेतृत्व क्षमतालाई प्रमुख कारण मानिएको छ।

४) लैङ्गिक र सामाजिक समावेशीताको अवस्थिति

बैठकमा लैङ्गिक समानता र सामाजिक समावेशीताका विषयहरु प्रायजसो उठाइए पनि ३३.७% उत्तरदाताले यस्ता विषयहरु कर्म प्राथमिकतामा ल्याइने धारणा व्यक्त गरे। यस्ता विषयहरु मुख्यतया महिला र सिमान्तकृत समूहबाट उठाइने गरिन्छ। हिंसा, भेदभाव, वञ्चितीकरण, तथा महिला सम्बन्धी खर्च र कार्यक्रमहरुको प्रभाव सम्बन्धी छलफलमा पनि कमजोर उपस्थिति देखिएको छ।

५) निर्णय कार्यान्वयन र प्रशासनिक रणनीतिहरु

महिलाहरुले निर्णय कार्यान्वयनका क्रममा समन्वय, सहभागिता, अनुगमन र सूचनाको प्रवाहमा ध्यान दिने रणनीति अपनाइरहेका छन्। ५३.५% महिलाहरु आफु पूर्णरुपमा निर्णय कार्यान्वयन गर्न सक्षम रहेको बताएका छन्।

## मुख्य चुनौतीहरु

- महिला व्यवस्थापकहरुलाई बैठक र निर्णय प्रक्रियामा पहिले नै जानकारी नदिइनु,
- केही निर्णयहरु प्रमुख वा उपप्रमुखद्धारा मात्र लिइनु,
- बैठक र निर्णय प्रक्रियामा पुरुष सदस्यहरु प्राथमिकतामा पर्नु र कम प्रोत्साहनले महिलाहरुको सहभागितामा अवरोध सिर्जना हुनु,
- संस्थागत रुपमा लैङ्गिक विषयलाई कम प्राथमिकता दिइनु,
- प्रभावकारी कार्यको मान्यता र पुरस्कारको अभाव।

## सुझावहरु

नेपालमा महिलाहरु व्यवस्थापकीय तहमा बढ्दो संख्यामा सहभागी भएसँगै उनीहरुको नेतृत्वदायी भूमिका प्रभावकारी बन्दै गएको छ। उनीहरु मुख्यगरी कार्यालय संचालन, निर्णय प्रक्रिया, नीति निर्माण, तथा सँगठनात्मक प्रबन्ध जस्ता कार्य तथा जिम्मेवारी संलग्न भएका छन्।

- बैठकहरुमा सहभागी हुँदा छलफलमा भाग लिने महिलाहरु शत प्रतिशत ९०% हुनु तर निर्णयलाई प्रभाव पार्ने तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने महिलाहरु लगभग एक चौथाई मात्र (क्रमशः २५.६% र २४.८% ) हुनु र आधा भन्दा कम (४८.५%) महिलाले मात्र आफुसँग सम्बन्धित विषयमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने क्षमता छ भन्नुले व्यवस्थापकीय ज्ञान र सीप तथा नेतृत्व क्षमता र व्यवसायिक दक्षता अभिवृद्धि गर्न विशेष जोड दिनुपर्ने देखिन्छ।
- व्यवस्थापकीय र निर्णय गर्ने बैठकहरुमा महिला व्यवस्थापकहरुको नियमित सहभागिता अभिवृद्धि गर्न संस्थागत र व्यक्तिगत पक्षबाट पहल गरिनुपर्ने,
- नीति निर्माणदेखि कार्यान्वयनसम्म महिलाको भूमिका सशक्त बनाउन पूर्वसूचना प्रवाह, क्षमता अभिवृद्धि, सहभागिता सुनिश्चितता र पुरस्कारप्रणालीमा सुधारको जरुरी देखिन्छ।

## ६.११.३. बालिका बिबाह सम्बन्धी संवैधानिक, कानुनी, नीतिगत र कार्यविधिगत विश्लेषण तथा वर्तमान अवस्थाको अध्ययन

## पृष्ठभूमि

संविधान, कानुन र नीतिहरु समयानुकुल निर्माण गरिएको भएतापनि व्यवहारिक पृष्ठभूमि अझै पनि बालिका र किशोरीहरुप्रति हेर्ने हाम्रा दृष्टिकोणहरु समान हुन सकेको देखिँदैन। नेपाल सरकारले कानुनी रुपमा बिबाह गर्ने योग्य उमेर, सजायको व्यवस्था गरेतापनि नेपालको भौगोलिक अवस्था, भाषा, क्षेत्र, खुला सीमाना, धार्मिक तथा परम्परागत मान्यताहरुले सहर्ष स्वीकार गरेको र बालिका बिबाहको बारेमा सकभर कसैले नै उजुरी नगर्ने र कसैले उजुरी नगर्ने र कसैले कुनै कारणले उजुरी गरेपनि यो सामाजिक रीतिरिवाज, धार्मिक एंव सास्कृतिक प्रचलन हो भन्दै सामाजिक मान्यता मिलापत्र गराइएको अवस्था रहेको छ। सरकार र संघसंस्थाहरुले बालिका बिबाह रोक्न कानुनी प्रक्रिया र अभियान मार्फत् थुप्रै महत्वपूर्ण कदमहरु सञ्चालन

गरेका छन्। नेपालमा बालबिबाहलाई रोक्न कडा कानुन निर्माण गरेको छ भने बालबिबाह भएमा स्वतः बदर हुने व्यवस्था गर्दै मुलुकी देवानी संहिता, २०७४ मा बिबाह गर्ने उमेर पुरुष र महिलाका लागि २० वर्ष तोकिएको छ। नेपाल बाल अधिकार सम्बन्धी महासन्धि (CRC) १९८९ र महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) १९७९ को पक्ष राष्ट्र हो, जसले बालिका बिबाह रोक्ने प्रतिबद्धता जनाएको छ। तर यी कानुनी प्रावधानहरुको कार्यान्वयन कमजोर भईरहेको देखिन्छ। विशेष गरी ग्रामिण भेग र समूदायमा बालबिबाह सामान्यरुपमा लिएको पाईन्छ। जसअन्तर्गत जनचेतनाको अभाव, कानुनी प्रवर्तनको कमजोरी र सांस्कृतिक परम्परामा हस्तक्षेप गर्न सम्बन्धित सरोकारवालाको अहस्तक्षेपको भूमिका र बालबिबाहलाई परिवारको निजी मामिलाको रुपमा हेरिएको कारण बालबिबाहको समस्या निरन्तर कायम रहेको पाईन्छ।नेपाल सरकारले कानुनीरुपमा बिबाहको न्यूनतम उमेर निर्धारण गरी बालबिबाहलाई गैरकानुनी ठहर गरे पनि यसको कार्यान्वयनमा अझै धेरै चुनौतीहरु छन्। बालबिबाह अन्त्य गर्नका लागि SDGs को भूमिका महत्वपूर्ण छ, तर यसलाई प्रभावकारी रुपमा लागु गर्न नीति निर्माण मात्र नभई समूदायस्तरमा चेतना अभिवृद्धि, बालिका सशक्तीकरण र समाजिक संरचनामा परिवर्तन अपरिहार्य छ। यदि सिक्षा, स्वास्थ्य र आर्थिक अवसरहरुलाई समान रुपमा प्रवर्द्धन गर्न सकियो भने SDG अन्तर्गतको लक्ष्य ५.३ हासिल गर्न सकिन्छ। जसले गर्दा बालिकाबिबाह अन्त्य गर्दै समानता समेत प्रवर्द्धन गर्नेछ। यस अध्ययनले बालिकाबिबाहको अवस्था चित्रण गरी आवश्यक सुधारको लागि सिफारिस गर्ने हेतुका साथ यस अध्ययन गरिएको छ।

## अध्ययनको उद्देश्यः

यस अध्ययन मार्फत नेपालमा बालबिबाह (२०वर्ष अगाडिको समेत) अन्त्य गर्नको लागि भएका विद्यमान कानुन कार्यान्वयनको अवस्था अध्ययन तथा अनुसन्धान गरी विद्यमान समस्याको पहिचान गर्दै अपेक्षित नतिजा हासिलका लागि आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा पृष्ठपोषण प्राप्त गर्नुरहेको छ। यस अध्ययनको उद्देश्य निम्न प्रकारको रहेको छ :

- नेपालमा बालबिबाह सम्बन्धी विद्यमान संवैधानिक व्यवस्था, ऐन, नियम, नीति कानुन तथा कार्यक्रम, अन्तर्राष्ट्रिय प्रावधानहरुको अध्ययन गरी नीतिगत तथा कार्यान्वयनको खाडल तथा अन्तर पत्ता लगाई सुदारका उपाय प्राप्त गर्नु,
- नेपालमा बालिका बिबाह पूर्ण रुपमा अन्त्य गर्नको लागि कार्यान्वयनमा समस्या र चुनौतीका बारेमा जानकारी प्राप्त गरी सो को लागि आगामि चाल्नु पर्ने कदमका बारेमा जानकारी प्राप्त गर्नु,
- नेपाल न्यायिक दृष्टिकोणमा बालबिबाह सम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसलाहरुको तुलनात्मक अध्ययन गरी कार्यान्वयनको अवस्था पहिचान गर्नु।

## उपलब्धि

१. बिबाहको उमेर २० बनाई कानुनमा सुधार गरेपनि समाजमा बालबिबाह व्याप्त रहेको पाइयो। साथै बालबिबाहहरुलाई संवैधानिक बन्देज लगाई अपराधीकरण गरेर मुलुकी अपराध संहिता, २०७४ के संहितावद्ध गरेपनि बालबिबाहमा कम उजुर हुने भएका, उजुर अन्य विषय तथा धेरै सजाय हुने तर्फ उजुर भई अनुसन्धान तथा अभियोजन हुने पाईएको,

२. बालबिबाह भएकोमा बिबाह दर्ता नहुने कारणबाट राज्य तथा परिवार समेतबाट सम्पूर्ण सुविधाबाट सम्बन्धविच्छेद लगायतका कानुनी उपचार वञ्चित हुनुका साथै नागरिकताबाट वञ्चित हुनु पर्ने अवस्था विद्यमान रहेको छ।

३. स्थानीय तहको बाल समूह, निगरानी समूह तथा विद्यालयाको परामर्शले सकरात्मक भूमिका खेलेको पाइएको र समूदाय तथा अभिभावक शिक्षा सञ्चालन गर्दा प्रभाव राम्रो परेको पाइएको,

४. समूदायमा बिबाहको उमेर धेरै भएको तथा उमेरको सन्दर्भमा केही लचकता हुनुपर्छ भन्ने पाइएको,

५. बालबिबाह र बालिका बिबाह अन्त्य सम्बन्धी विद्यमान कानुनको पालनालाई प्रभावकारी नबनाउने र तीनवटै तहका सरकार तथा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा उपर्युक्त रंणनीति बनाई तथा कार्ययोजना समेत निर्माण गरी कार्यान्वयन गरिएन भने बालिका बिबाह गर्न अझै निकै समय लाग्ने देखिन्छ,

६. नेपाली समाज परापूर्वकालदेखि बिबाहललाई धार्मिक, सांस्कृतिक मान्यताका आधारमा निरन्तरता दिइरहेको कारणले गर्दा छोरीलाई सानै उमेरमा बिबाह गरिदिने कार्यले गर्दा कानुनी रुपमा बालिका बिबाह निषेध भएतापनि व्यवहारिक रुपमा स्थलगत अध्ययन गरिएको ठाँउहरु विद्यमान भएको देखिएको,

७. आधुनिक सञ्चार प्रविधि र सामाजिक सञ्जालको दुरुपयोगले पनि बालबिबाह वृद्धि भएको घटनाहरु अध्ययन प्रतिवेदनमा सामेल गरिएको,

८. नेपाली समाजमा समस्याको रुपमा रहेको बालिका बिबाहलाई अन्त्य गर्नको लागि सबै सरोकारवालाहरुको सहयोगमा अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय प्रयासहरु साथै मुलुकभित्र प्रदेश सरकार, स्थानीय सरकार लगायत अन्य निकायहरुले व्यवहारमा आमूल परिवर्तन ल्याउनु पर्ने यो अध्ययन प्रतिवेदनले देखाएको,

९. तीन तहको स्पष्ट सहकार्य र समन्वय नभएको हुँदा बालिका बिबाह वृद्धि हुँदै गएको,

१०. नेपालका केही जिल्लाहरु विशेष गरी पश्चिममा लुम्बिनी प्रदेश दक्षिणमा भारतको उत्तर प्रदेशसँग जोडिएका गाँउपालिका, नगरपालिकाहरुमा बहुसंस्कृतिको प्रभाव परी बालिका बिबाह भएको देखिएको, भारत र नेपालमा फरक-फरक बिबाहको उमेर भएकोले समेत अन्तरदेशीय बिबाहमा समस्या भएको र नेपालमा बिबाह गर्न नपाएका भारत गई बिबाह गर्ने प्रचलन समेत रहेको,

११. बालिका बिबाह रोकथाम गर्ने समूदायमा शिक्षामा पँहुच वृद्धि गर्न अथक प्रयास हुँदाहुँदै बालिका बिबाह पूर्ण रुपमा निर्मूलीकरण गर्न नसकिएको,

१२. बालिका बिबाह रोकथाम गर्न सम्बन्धित निकायहरु जस्तै सरकारी वकिल, स्थानीय निकाय, प्रहरी कार्यालय, सरकारी तथा गैरसरकारी संस्था बीच उपर्युक्त समन्वय, सहकार्य नभएको कारणले गर्दा बालिका बिबाह रोकथाम गर्न कठिनाई गर्न स्थलगत प्रतिवेदनबाट बुझिन आएको,

१३. स्थानीय निकाय आफै बजेट बनाउने भएपनि बालिका बिबाहको संवेदनशिलतालाई बाल समूह, निगरानी समूह तथा बाल सञ्जालहरु संचालन गर्ने आर्थिक स्रोतको कमी समेत हुने देखिएको,

१४. विद्यालयमा हुने लैङ्गिक फोकल पर्सन र शिक्षक शिक्षिकाको परामर्श बालिकाहरुले सकरात्मक रुपमा लिएको,

१५. नेपाल सरकार बाल अधिकार सम्बन्धी महासन्धि लगायत अन्य अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, महासन्धि, अनुबन्ध लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धतामा अन्य छिमेकी तथा विकासोन्मुख भन्दा नेपालको बढी हुनुको कारण के हो? भन्ने प्रश्न समाजमा अनुत्तरित भएको पाइएको,

१६. नेपाल पश्चिम देश जस्तो खुला तथा १८ वर्ष पछिको प्रेम, शरीरिक सम्बन्ध भएमा समाज तथा परिवारले झुठा जाहेरी, अनुसन्धान तथा अभियोजन हुने सम्भावना देखिएको,

१७. नेपालको संविधानको धारा ३८(३) र धारा ३९ मा बालबालिका सम्बन्धी मौलिक हकको व्यवस्था भएपनि र बालबिबाह बालबिबाह गर्न हुने र भएको खण्डमा दण्डनीय हुने त्यस्तो कार्यबाट पीडित भएका बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक सुनिश्चित गरेको भएतापनि यो अध्ययन अनुसन्धानले बालबिबाहलाई विषयान्तर गरी जाहेरी पर्ने गरेको,

१८. नेपालको संविधानको अनुसूची ७ मा पारिवारीक मामला विशेषगरी बिबाहसँग सम्बन्धी नीति र कानुन तर्जुमा गर्ने अधिकार संघ र प्रदेशको साझा अधिकार अनुसूची ५ समावेश गरिएको भए तापनि नेपाल सरकारले प्रदेशमा भएका विभिन्न अवस्था, फरक परिवेश र नयाँ संङ्घीय संरचना लागु भएको सन्दर्भमा यो साझा अधिकारलाई सबै तहका सरकारले बालिका बिबाहका विषयमा समन्वयात्मक कार्य नदेखिएको,

१९. बालबिबाह समाजमा व्याप्त रहेपनि कम उजुरी पाइएको,

२०. स्थानीय तह तथा स्थानीय तहको सामाजिक तथा महिला विकास शाखाले बालिका बिबाह रोक्न सकरात्मक भूमिका खेलेको पाइएको,

२१. गर्भवती भई बाध्यात्मक अवस्थामा हुने बालबिबाहमा समेत बिबाहमा दर्ता समस्या हुँदा अंश हक तथा सम्पति साथै सम्बन्ध विच्छेद समेतमा असर पुगेको पाइएको,

२२. बाल विकाहलाई पारिवारले जबरजस्ती छुट्टाउँदा आत्महत्या समेतलाई रोजेको पाइएको।

## सुझावहरु

नेपालमा बालबिबाह अन्त्य गर्नका लागि बलियो कानुन कार्यान्वयन, सबै बालबालिकाका लागि शिक्षा, कमजोर परिवारहरुलाई आर्थिक सहायता र हानिकारक सांस्कृतिक मान्यतामा परिवर्तन ल्याउन समूदाय केन्द्रित अभियान यो अध्ययनले प्राप्त गरेको पहिचानका आधारमा सम्बन्धित सरोकारवालालाई अध्ययन समितिले नेपालको सात वटा प्रदेश अन्तर्गतका एक-एक जिल्लालाई नमुना जिल्लाको रुपमा अध्ययन गर्दा प्राप्त भएको स्थानीय स्तरबाट प्राप्त यथार्थता, वस्तुनिष्ठता, वास्तविकता, व्यवहारिकता तथा संवैधानिक, कानुनी र नीतिगत अध्ययनबाट प्राप्त भएको निष्कर्षका आधारमा निम्नबमोजिमको सुझाव प्रस्तुत गरिएको छ।

### १. विधायिका

बालबिबाहको सन्दर्भमा फौजदारी कानुनले बालबिबाहलाई अपराधीकरण गरी बालबिबाह गर्ने गराउनेलाई सजाय गरेको भए तापनि बालबिबाहबाट सिर्जित अन्य व्यवहारिक तथा कानुनी कठिनाईलाई सम्बोद्धन गर्नको लागि हालको कानुन अपर्याप्त देखिएकोले विद्यमान कानुनलाई संशोधन वा थप गर्नुपर्ने निम्न विषयवस्तुहरु देखिएको छः-

- बालबिबाह भएको उमेरले वीस वर्ष उमेर नपुगी सन्तानको जायजन्म भइसकेको अवस्थामा बालिकाको सम्पति हक सुनिश्चित हुने व्यवस्था गर्नुपर्ने,
- बालबिबाह भई वीस वर्ष नपुगी सन्तान समेत भएको अवस्थामा दुवै पक्षबीच वेमेल भई सम्बन्ध विच्छेद गर्नुपर्ने अवस्था देखिएमा सम्बन्ध विच्छेद गरिदिने व्यवस्था संशोधन हुनुपर्ने,
- बालबिबाह भइसकेको अवस्थामा बालिकाको माइती पक्षले सनाखत नगरी दिने तथा श्रीमान् पक्षको स्थानीय निकायले नागरिकता बनाउने सिफारिस नदिने अवस्था देखिएकोले नागरिकताकोहकबाट वञ्चित भएको हुँदा कानुनले यो जटिल विषयलाई सम्बोधन गर्नुपर्ने

२. **सरकार (कार्यपालिका)**

- विद्यालय शिक्षाको अन्त्यसम्म पनि बालिकाको उमेर २० वर्ष भन्दा कम रहेको पाइएको साथै सो पश्चात विश्वविद्यालय शिक्षा लिन आर्थिक कठिनाई हुने बालिकाले सो परिस्थितिमा बालबिबाह हुने पाइएकोले विश्वविद्यालय शिक्षामा बालिकाहरुको लागि विशेष अवसर र छात्रवृत्तिको प्रबन्ध गर्नुपर्ने,
- बेरोजगारी तथा आर्थिक कठिनाईका कारणबाट बालबिबाह हुने मुख्य समस्या देखिएकाले बालिकाहरुप्रति लक्षित सीपमूलक कार्यक्रम, आयआर्जनका कार्यक्रम, वैकल्पिक कार्यक्रम र अन्तिम विकल्पको रुपमा आर्थिक सहायता गर्ने गरी योजना, कार्यक्रम र वित्त व्यवस्थापन गर्नुपर्ने,
- प्रथा, परम्परा, धार्मिक विश्वास र संस्कृतिका धारमा बालिका बिबाह हुने भएकाले धार्मिक गुरु, पण्डित, सामाजिक अगुवाहरुले यस विषय वस्तुमाथि कानुनी आधारलाई शिरोपर गरी यस्ता प्रथा परम्परालाई निरुसाहित गर्न विविध कार्यक्रमहरु सञ्चालन गर्ने,
- सबै तहका सरकारले बालिका बिबाह निरुत्साह गर्न योजना बनाउनु पर्ने, वित्तीय व्यवस्तापन गर्नुपर्ने, बालिकाहरुको लागि बालबिबाह विरुद्ध परामर्श केन्द्र स्थापना तथा सेवा उपलब्ध गराउनु पर्ने,
- स्थानीय सरकारले पाठ्यक्रमा बालिका बिबाह र यसले व्यक्तिको जीवनमा पार्ने असरबारे अध्ययन सामग्री तयार गरी पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने,
- बाल बालिकामा आउने जैविक परिवर्तनलाई बुझ्न नसक्नु तथा जैविक चाहना पुरा गर्ने माध्यम बिबाहलाई गराएको पाइएकोले उमेरजन्य परिवर्तनलाई र वास्तविकता बुझाउन परामर्श तथा सचेतना जगाउनु पर्ने,

३. **जिल्ला प्रशासन कार्यालयः**

- बालबिबाहबाट प्रभावित भएका व्यक्तिहरु सेवाग्राहीको रुपमा नागरिकता, नाबालक परिचय-पत्र, बच्चाको जन्मदर्ता लगायतका अन्य सेवाहरु लिन आएमा प्रक्रियामा सहजता अपनाइ सहजीकरण गर्नुपर्ने,
- बालबिबाहबाट प्रताडित भएका पीडितहरुलाई र निजहरुको सन्तानलाई जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेबालाई सरलता र शीघ्र सुनुवाई उपलब्ध गराउनु पर्ने,
- बालिका बिबाह भएको जानकारी प्राप्त भएमा स्थानीय नगरपालिका वा गाँउपालिकामा समन्वय गरी आवश्यक परामर्श तथा त्यसले पारेको असरबारे सचेतना फैलाउन स्थानीय बाल समूह, बाल क्लब जस्ता निकायहरुमा समन्वय गर्ने वातावरण तयार गर्नुपर्ने।

४. **प्रहरी कार्यालय**

- बालबिबाह सम्बन्धी उहुरीको हटलाईन सबै प्रहरी कार्यालयमा राख्ने,
- बालबिबाहको उजुरी सम्बन्धमा संवेदनशिलता अपनाउनु पर्ने बालबिबाह उजुरी व्यवस्थापनको लागि छुट्टै सेल (cell) निर्धारण गर्ने,
- बालबिबाह न्यूनीकरणका लागि प्रहरी र विभिन्न बालबालिका सम्बन्धी सञ्जालको मासिक रुपमा बैठक बसी बालबिबाहको अवस्थाको बारेमा जानकारी लिने,
- बालबिबाहको अवस्थाभन्दा फरक रुपमा गलत उजुरी आएमा सजग हुने,
- बालबिबाहको सम्बन्धमा पीडितको भनाईलाई प्राथमिकता दिने,
- बालबिबाह विरुद्ध हामी सबैको सरोकारः प्रहरीले गर्छ है खबरदार जस्ता अभियान समूदायमा सञ्चालन गर्नुपर्ने,
- देशैभरका सम्पूर्ण प्रहरि कार्यालयहरुमा सम्बन्धित क्षेत्रमा बोलिने स्थानीय भाषामा बालिका विरुद्ध जागरण हुने किसिमका लेख, पोष्टर उल्लेख गर्नुपर्ने,
- स्थानीय स्तरमा बालिका बिबाह हुने सम्भावनालाई मध्यनजर गर्दै सादा पोशाकका प्रहरीहरुलाई खटाई गस्ति गर्नुपर्ने,
- बालिका बिबाह भएको पाइएमा प्रहरी प्रतिवेदनबाट मुद्दा उठाई बालिका बिबाह गर्ने गराउनेलाई कारवाहीको दायरामा ल्याउनु पर्ने।

५. **सरकारी वकिल**

- बालिका बिबाहको सन्दर्भमा परेको जाहेरीमा बालिका बिबाह, जवरजस्ती करणी वा मानव बेचविखन गरी विषयन्तर भएर आएको जाहेरीमा ध्यान दिई पीडितको भनाइलाई मुख्य आधारमानी अभियोजन गर्नुपर्ने।

६. **स्थानीय निकाय**

- अध्ययन प्रतिवेदन अनुसार स्थानीय तहमा बाल समुह, बाल सञ्जाल तथा किशोरी समुहले बालबिबाह न्यूनीकरणमा प्रभावकारी भूमिका निर्वाह गरेको देखिएकोले हरेक स्थानीय तहमा माथि उल्लेखित समुहहरु र सञ्जाल गठन गर्न अनिवार्य गराउनु, बजेटको व्यवस्थापन साथै विधायिकी अधिकार प्रयोग गरी तत् समुह नियमनका लागि आवश्यक कानुन, कार्यविधि र मापदण्ड निर्माण गर्नुपर्ने
- जनचेतना अभिवृद्ध र बाबिबाह न्यूनीकरण गर्नमा सकरात्मक भूमिका देखिएकोले स्थानीय तहले आफ्नो वार्षिक योजना तथा कार्यक्रममा बालबिबाह न्यूनीकरण सम्बन्धमा विभिन्न कार्यक्रमहरु अन्तरक्रिया, सडक नाटक, अभिभावकसँग घरदैलो कार्यक्रम तथा बालबिबाहबाट प्रभावित रहेका अभिभावकहरुलाई प्रेरणादायी व्यक्तिको रुपमा प्रस्तुत गरी सकरात्मक सन्देश संप्रेषण गर्ने गराउने,
- स्थानीय निकायले विभिन्न सरकारी संयन्त्रहरु जस्तै प्रहरी, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा बालबिबाहको हक अधिकारमा अग्रसर रहेका गैरसरकारी संस्थाहरुलाई राखी जिल्ला तहको संयन्त्र, जिल्ला जिल्लाको संयन्त्र सहकार्य, प्रादेशिक संयन्त्र तथा प्रादेशिक संयन्त्रहरुबीच सहकार्य गरी एक राष्ट्रिय संयन्त्र गठन गर्न आवश्यक हुने,

- स्थानीय निकायले स्थानीय भाषामा बालबिबाह न्यूनीकरणको सन्दर्भमा स्थानीय भाषाको प्योग गरी चेतना अभिवृद्धि गर्ने साथै बालबिबाह न्यूनीकरणको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको व्यक्तिहरुलाई उत्प्रेरित गर्न सम्मान र पुरस्कारको घोषणा गर्ने।

७. **विद्यालय**

- विद्यालयले अभिभावक तथा विद्यालयको सेतुको भूमिका खेल्ने हुनाले प्रत्येक विद्यालयको शिक्षक शिक्षिकाको लागि तालिम दिनुपर्ने,
- बालबिबाह भइसकेको अवस्थामा बालिकालाई विद्यालयको शिक्षालाई निरन्तर दिनको लागि विद्यालयका शिक्षक शिक्षाका तथा प्रधानाध्यापकले सकरात्मक भूमिका खेल्नुपर्ने,
- विशेषगरी बालिकाको आर्थिक विपन्नताका कारण विद्यालय शिक्षकलाई निरन्तरता दिन नसक्ने अवस्था देखिएको हुँदा बालबालिकाको लागि विशेष छात्रवृत्ति एवं अवसरको सिर्जना गर्नुपर्ने,
- बालबिबाहबाट समस्या भोगेको हाल अध्ययनरत तथा पूर्व विद्यार्थीलाई रोल मोडलको रुपमा आफ्ना समस्या राख्न लगाई व्यवहारिक शिक्षा प्रदान गर्नुपर्ने,
- बालबिबाह सम्बन्धी विद्यालयमा उजुरी तथा गुनासो पेटिकाको व्यवस्थापन गर्नुपर्ने, साथै बालबिबाहबाट पर्न सक्ने असरको बारेमा विद्यार्थी, शिक्षक र अभिभावकसँग अन्तरक्रिया कार्यक्रम गर्नुपर्ने,
- विद्यालयको पाठ्यक्रममै बालबिबाहबाट हुने जोखिम, यसका असर र बालबिबाहको कारण व्यक्तिको जीवनमा परेको प्रभाव सम्बन्धी विषय समावेश गर्नुपर्ने।

*अध्ययन अनुसन्धान गर्ने निकाय: त्रिभुवन विश्वविद्यालय, कानुन संकाय*

## ६.११.४ नेपालको संविधानको धारा ३८ मा व्यवस्था भएका महिला सम्बन्धित अधिकारसँग प्रत्यक्ष सरोकार भएका कानुनहरुको संविधानका व्यवस्था अनुकुलताको अध्ययन प्रतिवेदनः

आ.व. ०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस अध्ययन प्रतिवेदन तयार गरिएको हो। यसको मुख्य उद्देश्य महिलाको हक सम्बन्धी वर्तमान कानुनी व्यवस्थाको विश्लेषण गर्ने, महिलाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुकुल हुन नसकेका कानुनी व्यवस्थाहरुको पहिचान गर्ने, महिलामैत्री कानुन निर्माणका लागि कानुनमा आवश्यक संशोधन र परिमार्जनको लागि आधारसहितको बाटो पहिल्याउने, संशोधन र परिमार्जनको लागि सुझाव सहितको खाका तयार गर्ने, संविधान र कानुनमा बाझिएका विषय संशोधनका लागि सिफारिस गर्ने रहेको छ।

यस विषयमा राष्ट्रिय महिला आयोगबाट हालसम्म कुनै अध्ययन अनुसन्धान नभएकोले यस अध्ययनको आवश्यकता महसुस गरी नेपालको संविधानको धारा ३८ को उपधारा १ देखि ६ सम्मका विषयमा मौजुदा कानुनी व्यवस्थाको अनुकुलताबारे अध्ययन गरी सो सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ। यस अध्ययन प्रतिवेदन तयार गर्न नेपालमा मौजुदा २० वटा ऐन र ८ वटा नियमावलीको अध्ययन गरिएको छ। उक्त अध्ययन प्रतिवेदनमा नेपालको मौजुदा कानुनी व्यवस्था, संशोधनका प्रस्ताव र संशोधनका कारण सहितको तीन महले सूची तयार पारिएको छ। यसले महिलाका अंश र वंशका सवाल, सम्पत्तिको अधिकार, वालबिबाह, बहुबिबाह, घरेलु हिंसा परिभाषा र कसूरको संकुचितता, कार्यस्थलमा हुने हिंसाको क्षेत्र, महिलाको शिक्षा, स्वास्थ्य, रोजगारी र श्रम सम्बन्धी अधिकार, सुरक्षित मातृत्व र प्रसूति विदा, विधवा महिलाको अंशहक स्वेच्छिक हुने लगायत विषयमा सूक्ष्म अध्ययन

गरी सुझाव सहितको अध्ययन प्रतिवेदन तयार पारेको छ। यस अध्ययन प्रतिवेदनलाई नेपाल सरकारसमक्ष सिफारिस गर्ने उद्देश्यका साथ तयार गरिएको छ।

अध्ययन प्रतिवेदनले कानुनको अध्ययन, विश्लेषण तथा पृष्ठपोषणका आधारमा लैङ्गिक कानुन अन्तर्गत विभिन्न कानुनमा रहेका छिद्रता र गरिनु पर्ने सुधारका क्षेत्रहरु पहिचान गरेको छ। अध्ययनले पहिचान गरेका समस्याहरुको समाधानका लागि सम्बन्धित कानुनको पहिचान गरी उल्लेख गरिएको छ। पहिचान गरिएका समस्याहरुको संबोधन गर्न सुझाइएका सुधारका उपायहरु लागू भएमा लैङ्गिक न्याय कार्यान्वयनमा प्रभावकारिता हुने र वास्तविक लैङ्गिक न्यायको उद्देश्य प्राप्त गर्न सक्ने देखिन्छ।

# परिच्छेद - ७

# आयोगबाट भएका नीतिगत सिफारिसहरु तथा सिफारिस कार्यान्वयनको अवस्था

## ७.१. आ.व. २०८१/०८२ मा आयोगबाट भएका नीतिगत सिफारिसहरुः

| क.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| १ | • द्वन्द्वबाट पीडित/प्रभावित किशोरी तथा महिलाहरुलाई सेवामा पहुँच पुर्याउन सबै सरोकारवाला निकायहरुमा आर्थिक सशक्तीकरण सहित लक्षित कार्यक्रम संचालन गर्न निर्देशन गर्न,<br>• राष्ट्रिय महिला आयोगद्धारा गरिएको GRB को अध्ययन प्रतिवेदनबाट तहाँ कार्यालयको प्रत्यक्ष लैङ्गिक उत्तरदायि बजेट शून्य रहेकोले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धि गर्ने,<br>• सबै स्थानीय तहका न्यायिक समितिमा कानुनी परामर्शका लागि अनिवार्य रुपमा कानुन अधिकृतको व्यवस्था गर्ने/गराउने,<br>• समाजमा छोरीहरुको महत्व उजागर गर्न र छोरीहरुको जन्मलाई सुनिश्चित गर्न तीनै तहमा प्रधानमन्त्री छोरी कार्यक्रम विशेष प्राथमिकताकासाथ कार्यान्वयन गर्न निर्देशन गर्ने,<br>• बालिका, किशोरी तथा महिलाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेका जोखिमपूर्ण कार्यहरुलाई उजागर गरी अन्य जोखिममा रहेकाहरुको लागि शाहस, उत्प्रेरणा र मनोवल वृद्धि गर्ने नवीनतम योजना कार्यान्वनमा ल्याउने,<br>• लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरुको अनुगमन गर्दा राष्ट्रिय महिला आयोग लगायतका सरोकारवाला निकायहरु सहित Joint Monitoring गर्ने निर्देशिका बनाउने (व्यवस्था गर्ने),<br>• नीति विश्लेषणका माध्यमबाट कार्यान्वयनमा रहेका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरुको प्रभावकारिता अध्ययन गरी सवल पक्षहरुको संस्थागत गर्दै, अन्तर देखिएका विषयहरुमा सम्बन्धित निकायहरुलाई निर्देश गर्ने,<br>• राष्ट्रिय महिला आयोगलाई सुदृढ पार्न तथा महिलाको न्यायमा सहज पँहुच स्थापित गराउन र लैङ्गिक समानताको उन्नतिको विषयमा स्थानीय तहसँगको समन्वय र सहकार्यको लागि राष्ट्रिय महिला आयोगको ७ वटै प्रदेशमा प्रादेशिक | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
| --- | --- | --- |
| | कार्यालयहरु स्थापनाको लागि सम्बोधन गरी नीतिगत निर्णय गर्ने (CEDAW निष्कर्ष सुझावबाट समेत प्राप्त),<br>• लैङ्गिक हिंसालाई सहज बनाउने नयाँ प्रविधिहरु (साइवर आक्रमण, साइवरबुलिङ्ग, साइवर बेचविखन, आदि) रोक्न, सामाजिक सञ्जाल प्लेटफर्महरुलाई जवाफदेही बनाउन तथा अनलाइन उत्पीडनको न्यायका लागि राष्ट्रिय संयन्त्रहरु रहेको सुनिश्चित गर्ने र साइवर अपराध विरुद्धको संयुक्त राष्ट्र महासन्धि(२०२४) लाई अनुमोदन गर्ने विषय सम्बोधन गर्ने। (CEDAW निष्कर्ष सुझावबाट प्राप्त) | |
| २ | • लैङ्गिक उत्तरदायी शासन व्यवस्थाका लागि तहाँ मन्त्रालयले स्थानीय तहसम्म लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारीता अध्ययन, मूल्याङ्कन र मूल्याङ्कन पश्चात अन्य निकायलाई सुसूचित र निर्देशन गर्ने,<br>• तहाँ मन्त्रालयको समेत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट न्यून रहेको हुँदा अभिवृद्धिमा जोड दिने,<br>• लैङ्गिक फोकल पर्सनको व्यवस्था गरी लैङ्गिक न्यायका सम्बन्धमा अन्य मन्त्रालय तथा निकायहरुसँग सिधा सम्पर्क र समन्वय वृद्धि गर्ने,<br>• तोकिएको लैङ्गिक सम्पर्क बिन्दुले आन्तरिक रुपमा लैङ्गिक विषयमा अभिमुखीकरण गर्ने,<br>• प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धिका लागि हरेक निकायका प्रशासन, लेखा र नीति एवं जेसीसँग सम्बन्धित कर्मचारीलाई क्षमता अभिमुखीकरण गर्ने। | अर्थ मन्त्रालय |
| ३ | • प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धिका लागि महिला पँहुचयोग्य कार्यक्रम संचालन गर्ने,<br>• विदेशमा रहने नेपाली महिलाहरुको जोखिमसम्बन्धी विषयलाई प्राथामिकतामा राखी उद्धार, राहत र स्वदेश फिर्तीका लागि विशेष व्यवस्था गर्ने,<br>• वैदेशिक रोजगारीमा जान चाहने र महिलाहरुमाथि विभिन्न प्रकारका हिंसा र दुर्व्यवहार गरेको जानकारी प्राप्त पश्चात विदेश जानबाट रोक लगाइदिने एवं दायित्व निर्वाह पश्चात मात्र फुकुवा गरिदिने व्यवस्थाका लागि कुनै आदेश तथा निर्देशनात्मक आधार तयार गरी सम्बन्धित निकायलाई जानकारी गराउने,<br>• तोकिएको लैङ्गिक सम्पर्क बिन्दुले आन्तरिक रुपमा तहाँ मन्त्रालय अन्तर्गतका निकायहरुमा लैङ्गिक विषयको अभिमुखीकरण गर्ने। | परराष्ट्र मन्त्रालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| ४ | • प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट अभिवृद्धिका लागि लैङ्गिक न्यायसम्बन्धी कार्यक्रम वृद्धिमा जोड दिने,<br>• वैदेशिक रोजगारीमा जान चाहनेहरु जो महिलाहरुमाथि विभिन्न प्रकारका हिंसा र दुर्व्यवहार गरेको जानकारी प्राप्त पश्चात विदेश जानबाट रोक लगाइदिने एवं दायित्व निर्वाह पश्चात मात्र फुकुवा गरिदिने व्यवस्थाका लागि कुनै आदेश तथा निर्देशनात्मक आधार तयार गरी सम्बन्धित निकायलाई जानकारी गराउने,<br>• अदालतले हिंसा पीडित र प्रभावितका पक्षमा गरिदिएको फैसलाहरुको कार्यान्वयन प्रभावकारी बनाउन सुरक्षा निकायलाई उचित वातावरण तयार गरिदिने तथा स्रोत, साधन, ज्ञान, सिप, तालिम र अनुसन्धानको दायरा वृद्धि गर्ने,<br>• महिला/किशोरीहरुमा प्राकृतिक प्रकोपको प्रभाव र राज्यबाट प्राप्त राहत कार्याक्रममा महिलाको पँहुच सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन गर्ने (CEDAW निष्कर्ष सुझावबाट प्राप्त),<br>• आमा सूचक बनी नागरिकता, बच्चाको जन्मदर्ता लगायतका सरकारी कामका लागि आवश्यक प्रमाण लाग्ने प्रमाणपत्रहरु सम्बन्धितलाई उपलब्ध गराउन सम्बन्धित निकायमा प्रक्रियागत सरलीकरण गर्ने/गराउने,<br>• अनौपचारिक क्षेत्र (जस्तै डान्स बार, रेष्टुरेन्ट, मसाज केन्द्र, सैन्दर्य केन्द्रहरु, आदि)मा कार्यरत किशोरी तथा महिलाहरुको श्रमको उचित व्यवस्थापन तथा मर्यादित वातावरणका लागि कार्यविधि सहित सरोकारवाला निरन्तर अनुगमन, नियमन गरी सचेत र मर्यादित बनाउने,<br>• राष्ट्रिय महिला आयोगमा आउने पीडित तथा प्रभावितहरुको सुरक्षा तथा संरक्षणका लागि राष्ट्रिय महिला आयोगमै प्रहरी उपरिक्षकको नेतृत्वमा कम्तीमा ५ जनाको २४ घण्टे प्रहरी-सेवाको (सुरक्षा डेस्क) व्यवस्थापन गरिदिने,<br>• प्यारोल तथा सजाय छुटमा महिलाको सँख्या तथा महिलाको निवेदन न्यून रहेको हुँदा सजाय भोगिरहेका महिलालाई प्यारोल तथा सजाय छुटका विषयमा जानकारी गराउदैं महिलाको पँहुच अभिवृद्धि गराउनुपर्ने। | गृह मन्त्रालय |
| ५ | • अनौपचारिक क्षेत्र (जस्तै डान्स बार, रेष्टुरेन्ट, मसाज केन्द्र, सैन्दर्य केन्द्रहरु, आदि)मा कार्यरत किशोरी तथा महिलाहरुको श्रमको उचित व्यवस्थापन तथा मर्यादित वातावरणका लागि कार्यविधि सहित निरन्तर अनुगमन, नियमन गरी सचेत र मर्यादित बनाउने,<br>• श्रम गरिने स्थलहरुमा श्रमिकहरुको यथार्थ विवरण (जस्तै कामको यकिन, समय, तलब, सुविधा, विदा, आदि) को सबैको पारदर्शी र लिखित सम्झौता राखिनुपर्ने भन्ने नीतिगत निर्देश दिनुपर्ने, | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| | • श्रमको विभेद र श्रम शोषणको अवस्थालाई नियमन र सुधारका लागि निरन्तर अनुगमन वृद्धि गरी अनुगमन/ नियमन गर्दा सरोकारवाला निकायहरु सहित संयुक्त अनुगमन (Joint Monitoring) गर्ने,<br>• वैदेशिक रोजगारीमा संलग्न महिलाहरुको अवस्था, चुनौती र जोखिम पक्षको अध्ययन तथा अनुसन्धान गर्ने,<br>• आन्तरिक रोजगारीका अवसरहरु वृद्धि गर्ने र महिलाहरुलाई प्राथमिकतामा राख्ने,<br>• हेरचाहमूलक, घरेलु कार्यहरुको आर्थिक गणनाका लागि तथ्याङ्क सहित विविध योजना कार्यक्रम तय गर्ने,<br>• श्रम ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार महिला कामदारहरु भएको संघ संस्थामा अनिवार्यरुपमा स्तनपान कक्ष/ शिशु स्याहार केन्द्र संचालन गर्ने/गराउने। | |
| ६ | • प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धि गर्दै स्थानीय तहसम्मको लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको अध्ययन गर्ने,<br>• सबै स्थानीय तहका न्यायिक समितिमा कानुनी परामर्शका लागि अनिवार्य रुपमा कानुन अधिकृतको व्यवस्था गर्ने/गराउने,<br>• सबै स्थानीय तहलाई मानवीय, सामाजिक तथा विकासका कार्यक्रमहरु समानुपातिक रुपमा अघि बढाउन समन्वय र सहजीकरण गर्ने,<br>• विभिन्न तहका नवप्रवेशी कर्मचारीहरुलाई लैङ्गिक हिंसा विरुद्ध तथा सामाजिक न्याय सहितको सभ्य व्यवहारका लागि सुरुमै अभिमुखीकरण गरी सम्बन्धित कार्यालय/निकायमा पठाउने,<br>• जुनसुकै प्रकारबाट संगठनमा भित्रिएका महिला कर्मचारी तथा पुरुष कर्मचारीहरुलाई क्रमशः सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिमको तलबसहितको ९८ दिनको सुत्केरी विदा र पुरुषका लागि १५ दिनको सुत्केरी स्याहार विदाको अनिवार्य कार्यान्वयन गर्ने/गराउने,<br>• लैङ्गिकता सम्बन्धी सरकारी तथ्य र जानकारीहरु, सूचना लगायतका अन्य सामग्रीहरु खण्डीकृत, समावेशी, पँहुचयोग्य बनाउने तथा स्थानीय तहका लागि निर्देश गर्ने,<br>• सबै मातहत कार्यालयमा अपाङ्गतामैत्री अर्थात् प्रयोगकर्तामैत्री सेवा पहुँचका लागि भौतिक पूर्वाधार सेवा प्रवाहका माध्यम र कर्मचारीको मैत्रीपूर्ण व्यवहार बनाउने तथा सबै कार्यालयलाई निर्देश गर्ने,<br>• आत्महत्या न्यूनीकरण तथा मनोसामाजिक परामर्शका लागि स्थानीय तहमा अनिवार्य रुपमा मनोसामाजिक | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| | परामर्शकर्ताको व्यवस्था गर्ने,<br>• लैङ्गिक हिंसा निवारण कोष संचालन नियामावली, २०६७ को व्यवस्था अनुसार सबै प्रदेशमा हिंसा पीडित महिलाका लागि एकिकृत सेवा सहितको दिर्घकालिन पुनर्स्थापना केन्द्र तथा सबै जिल्ला तथा स्थानीय तहमा अल्पकालिन आवास केन्द्रहरु संचालन गरिने प्रावधान अनुसार व्यवस्थाका लागि समन्वय तथा सहजीकरण गर्ने र हालसम्म संचालनमा रहेको विवरण अद्यावधिक गर्ने। | |
| ७ | • तत्काल बन्ने भौतिक संरचना र भैरहेका संरचना समावेशी पहुँचको प्रभावकारीता मूल्याङ्कन गरी सुधारका लागि सम्बन्धित कार्यालय/ निकायलाई कार्यान्वयनका लागि पठाउने,<br>• लैङ्गिक उत्तरदायी शासन व्यवस्थाका लागि प्रत्यक्ष लैङ्गिक उत्तरदायी कार्यक्रम कार्यान्वयनमा ल्याउने,<br>• लक्षित वर्गहरुका लागि लक्षित गरिएका यातायात सेवाहरुमा छुट सुविधा अनिवार्य लागु हुने व्यवस्था गर्ने,<br>• सार्वजनिक स्थलहरुमा तथा सडकहरुमा समावेशी पँहुचयोग्य विम्ब, चिन्ह बत्तिहरुको विशेष व्यवस्था गर्ने। | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय |
| ८ | • विद्यालयमा लैङ्गिक न्यायमा जोड दिन नर्स कार्यक्रमलाई प्रभावकारी बनाउन कार्य जिम्मेवारी तोकी जिम्मेवार बनाउने,<br>• विद्यालयमा मर्यादित महिनावारी सम्बन्धी निर्देशिकाको कार्यान्वयन(CEDAW निष्कर्ष सुझावबाट प्राप्त) तथा किशोरीहरुका लागि निःशुल्क वितरण हुने महिनावारी सामग्री व्यवस्थापन, सामग्री वातावरण मैत्री र गुणस्तरीयताका लागि निरन्तर अनुगमन गर्ने,<br>• लैङ्गिक संवेदनशिलता र लैङ्गिक हिंसा (विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा सहित) विरुद्धका विषयहरु प्राथमिक तहदेखि पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापनको विषय बनाउने,<br>• विद्यालय परिवारका सम्पूर्ण जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुको मर्यादित व्यवहारका लागि आचारसंहिता बनाई लागु गर्ने,<br>• विद्यालयलाई बालबालिका मैत्री बनाउदैं समाजमा असल नागरिक बनाउन विशेष योजना र कार्यक्रम लागु गर्ने,<br>• लैङ्गिकमैत्री समावेशी शिक्षा प्रणालिका लागि नीतिगत, कानुनी, संस्था/संरचनात्मक व्यवस्था गर्ने,<br>• महिलाहरुको सहभागिताका लागि वैकल्पिक (गुम्बा, मदरसा, गुरुकुल, आदि) विद्यालयलाई साथ सहयोग, समन्वय र सहकार्य गर्ने तथा अध्ययन गर्ने छात्र/छात्राहरुको भाषिक गुणस्तरको विषयमा अनुगमन गर्ने, | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| | • सबै विद्यालयहरुमा सि.सि. क्यामेरा सहित गुनासो पेटिकाको अनिवार्य व्यवस्था गराउने,<br>• विद्यालय परिसरमा मानसिक स्वास्थ्य सबलताका लागि मनोसामाजिक परामर्शकर्ताहरुको व्यवस्था मिलाउने,<br>• बालबिवाह तथा हानिकारक अभ्यासहरुको निषेध तथा रोकथामको लागि अभिभावक शिक्षा कार्यक्रम लागु गर्ने,<br>• सबै प्रदेशमा प्रमाण संकलन, संरक्षण, भण्डारण तथा प्रयोगका लागि विधिविज्ञान प्रयोगशाला संचालनमा ल्याउने। | |
| ९ | • लैङ्गिक हिंसा पीडितका लागि सञ्चालित एकीकृत सेवा प्रभावकारीताका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रको, सुदृढीकरणमूलक कार्यक्रम कार्यान्वयन गर्ने,<br>• अस्पतालहरुले एकद्वार संकट व्यवस्थापन केन्द्रलाई अस्पतालको महत्वपूर्ण पक्ष मानी उचित व्यवहार गर्नुपर्ने,<br>• एकद्वार संकट व्यवस्थापन केन्द्रलाई व्यवस्थित भौतिक पूर्वाधार सहित पहुँचयोग्य बनाउने र समावेशी वातावरण तथा स्वास्थ्यकर्मीहरुमा पीडितमैत्री समावेशी सोचको विकासका लागि ज्ञान, सिप, दक्षता र क्षमता विकास तालिम तथा अभिमुखीकरण कार्यक्रम गरिनुपर्ने,<br>• सबै प्रदेशमा लैङ्गिक हिंसा पीडितको न्यायमा सवलीकरणका लागि प्रमाण संकलन संरक्षण भण्डारण तथा प्रयोगका लागि विधिविज्ञान प्रयोगशाला संचालनमा ल्याउने,<br>• एक विद्यालय एक नर्सको व्यवस्था व्यवहारमै कार्यान्वयनका लागि शिक्षा मन्त्रालयसँग समन्वय गरी कार्यान्वयनमा ल्याइनु पर्ने,<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार प्रभावकारी बनाउन सबै सेवाप्रदायक निकायका महिला कर्मचारी (स्थायी, अस्थायी वा करार अन्य प्रकारका कर्मचारी) सबैलाई ९८ दिन तलबसहितको बिदा कार्यान्वयनमा ल्याउने,<br>• विभेदपूर्ण लिङ्ग छनोट अन्त्यका लागि र छोरीहरुको उचित वातावरण तय गर्ने सबै प्रकारका स्वास्थ्य संस्थाहरुमा सूचक सहित छोरीको भ्रुण पहिचान गरिन्छ/ गरिन्न वा कुन-कुन तहमा लिङ्गको छनोट गरिन्छ सोको अनुगमन गरी नियमन कडा गर्ने,<br>• सबै एकद्वार संकट व्यवस्थापन केन्द्रहरुमा छ महिने मनोसामाजिक परामर्श तालिम क्लिनिकल मेडिको लिगल तालिम लेङ्गिक हिंसाको पहिचान सम्बन्धी तालिमहरु निरन्तर गरिनुपर्छ,<br>• महिलाहरुमा हुने स्तन क्यानसर, पाठेघरको मुखको क्यानसर विरुद्ध Screening विस्तार गर्ने, | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| | • एकद्वार संकट व्यवस्थापन केन्द्रका लागि छुट्टै कर्मचारीहरुको नियुक्त गरिनुपर्छ र सबै तिर ओ एण्ड एम (O and M) गरी O.C.M.C कै लागि नियुक्त गर्ने,<br>• Medico- Legal को दृष्टिकोणले स्वास्थ्य सेवाभित्रको कार्यक्रम प्रभावकारीताको अध्ययन गर्नुपर्ने। | |
| १० | • सबै प्रदेशमा लैङ्गिक हिंसा पीडितको लागि एकीकृत सेवासहितको दीर्घकालिन पुनस्थापना केन्द्र संचालनमा नेतृत्व गर्नुपर्ने,<br>• लैङ्गिक हिंसा निवारण कोषबाट लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको आर्थिक सशक्तीकरणका लागि सहज र पँहुचयोग्य बनाउने,<br>• CEDAW निष्कर्ष सुझावमा लैङ्गिक हिंसालाई सहज बनाउने नयाँ प्रविधिहरु( साइवर आक्रमण, साइवरबुलिङ्ग, साइवर बेचविखन, आदि) रोक्न, सामाजिक सञ्जाल प्लेटफर्महरुलाई जवाफदेही बनाउन तथा अनलाइन उत्पीडनको न्यायका लागि राष्ट्रिय संयन्त्रहरु रहेको सुनिश्चित गर्ने र साइवर अपराध विरुद्धको संयुक्त राष्ट्र महासन्धि(२०२४) लाई अनुमोदन गर्ने सुझाव प्राप्त भएको हुँदा सो विषयलाई सम्बोधन गर्ने,<br>• एकल महिला सुरक्षाकोषमार्फत एकल महिलाहरुको आर्थिक सशक्तीकरणमा लगानी गर्ने वातावरणका लागि नियमावली बनाई लागु गर्ने,<br>• लैङ्गिक हिंसामा परेका बालिका, किशोरी तथा महिलाहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाकालागि सम्बोधन गर्ने व्यवस्था मिलाउने,<br>• लैङ्गिक हिंसाका घटनाहरुको खण्डिकृत तथ्याङ्कका लागि नीतिगत संस्थागत र संरचनात्मक व्यवस्था गर्ने,<br>• अनौपचारिक क्षेत्रमा कार्य गर्ने र घरेलु तथा स्याहार संभारका कार्यमा संलग्न महिलाहरुको मर्यादित वातावरण र श्रमको उचित मूल्याङ्कन गर्दै आर्थिक मूल्यमा गणना गर्ने वातावरण तय गर्ने,<br>• द्वन्द्वको समयमा बलात्कार तथा यौनजन्य दुर्व्यवहारमा परेकाहरुको न्याय, क्षतिपूर्ति र परिपुरणका लागि राज्यका हरेक क्षेत्र र आयामहरुमा सहज पहुँचको व्यवस्था गर्ने तथा आर्थिक सशक्तीकरणका लागि विशेष पहल गर्ने,<br>• लैङ्गिक हिंसा विरुद्धका कार्यक्रमहरुको अनुगमन गर्दा सरोकारवाला निकायहरु सहित Joint Monitoring गर्ने,<br>• बालिका, किशोरी तथा महिलाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेका जोखिमपूर्ण कार्यहरुलाई उजागर गरी अन्य | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
| --- | --- | --- |
| | जोखिममा रहेकाहरुको लागि<br>• शहास, उत्प्रेरणा र मनोवल वृद्धि गर्ने नवीनतम योजना कार्यान्वनमा ल्याउने,<br>• नेपालको संविधान तथा कानुनले पैतृक सम्पत्तिमा छोरा र छोरीको समान अधिकार कायम गरेको हुँदा यस कानुनको कार्यान्वयनमा ठोस नीति-योजना र कार्यक्रम लागु गर्ने,<br>• प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धिका लागि अर्थमन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, रक्षा मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, पर्यटन तथा संस्कृति मन्त्रालय र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयहरुसँग समन्वय गरी विशेष निर्देशन गर्ने। | |
| ११ | • हिंसा पीडित तथा अन्यायमा परेका महिलाको न्यायमा पँहुचका लागि निःशुल्क कानुनी सहायता, सरल र सहज कानुनी सहायता, शिघ्र कानुनी सहायताका लागि मन्त्रालयले व्यवहारगत समस्याहरुको संबोधन गर्न सरलीकरण गर्ने,<br>• वैतनिक कानुन व्यवसायीहरुलाई लैङ्गिक न्यायसम्बन्धी मुद्दाको लागि जिम्मेवार बनाउन विशेष अभिमुखीकरण र उत्प्रेरणा जगाउने कार्य गर्ने,<br>• प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट वृद्धि गरी लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संबोधन गरिनुपर्ने,<br>• लैङ्गिक हिंसा सम्बन्धमा कानुनी साक्षरता कार्यक्रम संचालन गर्ने,<br>• अदालतमा लैङ्गिक हिंसाका मुद्दाको अनुपातिक आधारमा वैतनिक वकिलको संख्या निर्धारण गर्नुपर्ने,<br>• फैसला कार्यन्वयनका क्रममा कार्यान्वयनको दरखास्त दर्ता गर्दा अदालती शुल्क (नपुग कोर्ट फी) दरखास्त दर्ता गर्दा सिफारिस प्राप्त भएको खण्डमा नलिई दरखास्त दर्ता गरी कार्यान्वयनको काम कारवाही अगाडी बढाउनु पर्ने तथा कार्यान्वयनको कारवाही सकीसके पश्चात सम्बन्धित कार्यालयमा दा.खा दर्ता गर्ने क्रममा उक्त अदालती शुल्क असुल गरी दा.खा दर्ता को लागि दिन सकिने कानुनी व्यवस्था मिलाउनु पर्ने। | कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय |
| १२ | • महिलाको सरोकारको विषयको लागि लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person ) कार्यक्षेत्रगत शर्त समेत तोकी व्यवस्था गरिनुपर्ने,<br>• अदालतमा लैङ्गिक हिंसाका मुद्दाको अनुपातिक आधारमा वैतनिक वकिलको संख्या निर्धारण गर्नुपर्ने, | सर्वोच्च अदालत, |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| | • लैङ्गिक न्याय, घरेलु हिंसा, महिला हिंसा, विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा तथा महिला माथि हुने दुर्व्यवहारका लगायतका हिंसाहरुको सम्बोधनको लागि स्थानीय तहमा न्यायीक पँहुच (Judicial Outreach) पुग्ने गरी कानुनी साक्षरता अभिवृद्धि गर्ने,<br>• सबै अदालतमा दर्ता भएका/फैसला भएका लैङ्गिक हिंसा तथा महिला हिंसाका मुद्दाको खण्डिकृत तथ्याङ्क अभिलेख गर्ने। | |
| १३ | • महिलाको सरोकारको विषयको लागि लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person) कार्यक्षेत्रगत शर्त समेत तोकी व्यवस्था गरिनुपर्ने,<br>• प्यारोल तथा सजाय छुटमा महिलाको सँख्या तथा महिलाको निवेदन न्यून रहेको हुँदा सजाय भोगिरहेका महिलालाई प्यारोल तथा सजाय छुटका बिषयमा जानकारी गराउदैं महिलाको पँहुच अभिवृद्धि गराउनुपर्ने,<br>• जिल्ला कानुनी सहायता समितिलाई स्थानीय तहसँग समन्वय गरी प्रभावकारी भूमिकाको व्यवस्था मिलाउनु पर्ने,<br>• लैङ्गिक हिंसा/यौनजन्य हिंसा/जवरजस्तीकरणी जस्ता सरकारवादी मुद्दाको अभियोजनको क्रममा पीडितमैत्री अवधारणा बारे अभिमुखीकरण गर्ने। | महान्यायधिवक्ता कार्यालय |
| १४ | • महिलाको सरोकारको विषयको लागि लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person) कार्यक्षेत्रगत शर्त समेत तोकी व्यवस्था गरिनुपर्ने,<br>• प्यारोल तथा सजाय छुटमा महिलाको सँख्या तथा महिलाको निवेदन न्यून रहेको हुँदा सजाय भोगिरहेका महिलालाई प्यारोल तथा सजाय छुटका बिषयमा जानकारी गराउदैं महिलाको पँहुच अभिवृद्धि गराउनुपर्ने।<br>• निशुल्क कानुनी साहयतालाई थप विस्तार गर्ने। | नेपाल बार एसोसिएसन |
| १५. | • राष्ट्रिय महिला आयोगको मुद्दा तथा उजुरी व्यवस्थापन ११४५ हेल्पलाइन सेवाको आन्तरिक मूल्याङ्कनको व्यवस्था गर्ने,<br>• लैङ्गिक उत्तरदायी शासन व्यवस्थाका लागि तहाँ मन्त्रालयले स्थानीय तहसम्म लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारीता अध्ययन, मूल्याङ्कन र मूल्याङ्कन पश्चात अन्य निकायलाई सूसुचित गर्ने,<br>• बालिका, किशोरी तथा महिलाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेका जोखिमपूर्ण कार्यहरुलाई उजागर गरी अन्य जोखीममा रहेकाहरुको लागि साहस, उत्प्रेरणा र मनोवल वृद्धि गर्ने नवीनतम योजना कार्यान्वनमा ल्याउने, | राष्ट्रिय योजना आयोग |

| क्र.स | सिफारिसका विषयहरु | सिफारिस गरिने निकाय |
|---|---|---|
| | • सेवा प्रवाहको उच्च तहमा रहने महिला व्यवस्थापकहरुलाई नीति निर्माण तथा निर्णय प्रकृयामा सहज र स्वतन्त्र अधिकारको सहजीकरण व्यवस्था मिलाउने। | |
| १६. | • लागु औषध बिक्री वितरण, भण्डारण एंव प्रयोगलाई व्यवस्थापन गर्ने,<br>• सबै स्थानीय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको कार्यगत शर्त सहित तोकी व्यवस्था गर्ने,<br>• न्यायिक समितिको व्यवस्थित तथा प्रभावकारिताको लागि कानुनी सल्लाहकारको व्यवस्था गर्ने,<br>• लैङ्गिक हिंसाका तथा हिंसा पीडित महिलाहरुको लागि सुरक्षित आवास गृह तथा पुनःस्थापना गृहको व्यवस्था गर्ने,<br>• मेलमिलापकर्ताको लागि उचित स्रोत, साधन तथा तालिमको व्यवस्था मिलाउने,<br>• आत्महत्या रोकथामका लागि सचेतना अभिवृद्धि एवं वडा तहसम्म मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गर्ने,<br>• प्राथामिक तह देखिनै स्थानीय तहमा प्रचलनमा रहेका हानीकारक अभ्यास विरुद्धका विषयवस्तुहरु पाठ्यक्रममा समावेश गरी सम्बोधन गरीनुपर्ने,<br>• आफ्नो क्षेत्रभित्रका बालिका, किशोरी तथा महिलाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेका जोखिमपूर्ण कार्यहरुलाई उजागर गरी अन्य जोखीममा रहेकाहरुको लागि साहस, उत्प्रेरणा र मनोवल वृद्धि गर्ने नवीनतम योजना कार्यान्वनमा ल्याउने,<br>• बालबिवाह तथा हानिकारक अभ्यासहरुको निषेध तथा रोकथामको लागि अभिभावक शिक्षा कार्यक्रम लागु गर्ने,<br>• हिंसा पीडित तथा प्रभावितहरुको एकीकृत तथ्याङ्क व्यवस्थापन गरी उद्धार तथा पुनर्स्थापना प्रभावकारी बनाउने। | सबै प्रदेश |

## ७.२ आयोगबाट विगतमा गरिएका सिफारिसहरुको कार्यान्वयनको अवस्था

### २०८०/८१ मा भएका नीतिगत सिफारिस कार्यान्वयनको अवस्था

| क्र.स | निकाय | सिफारिसको विषय/विवरण | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १. | गृह मन्त्रालय | • नेपाल प्रहरी अन्तर्गत सबै महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुमा जनशक्ति संरचना पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक लगायत अल्पसङ्ख्यक व्यक्तिहरुको हकहितको संरक्षण तथा उनीहरुको न्यायमा सहज पहुँचको लागि नेपाल प्रहरीमा एक विशिष्ट इकाईको रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको स्थापना Pilot Project को रुपमा वि.सं. २०५२ सालमा (काठमाडौं, ललितपुर, कास्की र मोरङ्ग) भई हाल नेपालभर २३२ प्रहरी इकाईहरुबाट उक्त सेवा केन्द्रहरुले प्रभावकारी रुपमा सेवा प्रवाह गरिरहेका छन्। महिलाबालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको जम्मा दरबन्दी संख्या ११५९ रहेकोमा कार्यरत संख्या जम्मा ७१४ जना रहेको। |
| | | • सेवा केन्द्रमा पदस्थापन भएका कर्मचारीहरुलाई पर्याप्त लैङ्गिक संवेदनशील सेवा प्रवाह सम्बन्धी अभिमुखीकरणको व्यवस्था गर्नुपर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीलाई लैङ्गिक संवेदनशील बनाउनका लागि घरेलु हुंसा उजुरी सुनुवाई तथा मेलमिलाप सिप विकास सम्बन्धी तालिम, Basic Psychosocial Counseling Skills and GBV Legal Framework तालिम, बाल न्याय प्रणाली तालिम, लैङ्गिक उत्तरदायी अनुसन्धान तथा सञ्चार सिप सम्बन्धी तालिम, लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण तालिम, Case Management of Child Sexual Abuse and Exploitation तालिम Online, Orientation on Stress Management and Psychological first aid (PFA) तालिम, सामाजिक सञ्जाल माध्यमबाट हुने बालयौन दुर्व्यवहार तथा हिंसा सम्बन्धी १ दिने online लगायतका तालिमहरु सञ्चालनमा रहेको। |

| | | | |
|---|---|---|---|
| | | ● सेवा केन्द्रहरुमा एक जना मनोविमर्शकर्ताको समेत व्यवस्था गर्ने। | हाल ८ वटा (मोरङ्ग, जनकपुर, सिराहा, बर्दिया, कञ्चनपुर, दैलेख, बाग्लुङ र सिन्धुपाल्चोक) जिल्ला प्रहरी कार्यालय, महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरुमा मनोविमर्शकर्ता रहेको। |
| | | ● विभेदपूर्ण लिङ्ग छनौटको विषयलाई नियन्त्रण गर्नका लागि केही प्रयासहरु भएको भएतापनि यसको पूर्णरुपमा नियन्त्रण हुन नसकेको हुँदा नियन्त्रणको विधि, प्रक्रिया, मापदण्ड र व्यस्थापकीय प्रबन्ध माथि पुनरावलोकन गरी विभेदपूर्ण लिङ्ग छनौट पूर्ण रुपमा नियन्त्रण गर्ने। | विभेदपूर्ण लिङ्ग छनौटको विषयलाई नियन्त्रण गर्नका लागि सो विषयसँग सम्बन्धित विद्यमान कानुनी व्यवस्थाहरुको कार्यान्वयनका लागि विभिन्न समयमा निर्देशन गरिएको। |
| | | ● भारतसँगका नाकाहरुमा मानव वेचविखन विशेष गरी महिला तथा किशोरी बेचविखन को अवस्था रहेको हुँदा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउदै महिला बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नाका प्रहरी चौकीमा आवतजावतको चाप हेरी नाकामा खटिने महिला प्रहरीको संख्या बढाउने। | इलाम, मोरङ्ग, सुनसरी, झापा, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, पर्सा, रौतहट, चितवन, न.प.(पूर्व), दाङ्ग, नवलपरासी९पश्चिम), बाँके, रुपन्देही, बर्दिया, कपिलवस्तु, कैलाली, कञ्चनपुर, दार्चुला, बैतडी लगायतका जिल्लाहरुमा भारतसँगका नाकाहरुमा मानव वेचविखन विशेष गरी महिला तथा किशोरी बेजविखनको अवस्था रहेको हुँदा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाँउदै महिला बेचविखन तथा ओसारपोसार नियन्त्रणका लागि नाकामा हालसम्म २२२ स्थानमा प्रहरी चौकी स्थापना गरी सञ्चालनमा रहेको र जम्मा ९८ जना महिला जनशक्ति कार्यरत रहेको। |
| | | ● योगमायालाई राष्ट्रिय विभूति घोषणा गर्ने र योगमाया स्मृति दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउन निर्णय गर्ने। | यस सम्बन्धमा योगमायासँग सम्बन्धित कागजात संकलन तथा अध्ययन भइरहेको। |
| २. | श्रम, रोजगार तथा सामाजिक | ● महिलाको सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको लागि प्रचलित प्रक्रिया र मापदण्डमा पुनरावलोकन गर्नुपर्ने र सो को लागिः<br>● महिलाको वैदेशिक रोजगारी सम्बन्धी देशगत | ● संसदीय समितिको निर्देशन अनुसार पाइलट परियोजनाको रुपमा घरेलु कामदार यु.ए.ई मा पठाउने गरी बेग्लै सम्झौताको मस्यौदा तयार भई रायको लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको |

| | | | |
|---|---|---|---|
| | सुरक्षा मन्त्रालय | रुपमा छुट्टै मापदण्ड तयार गर्ने। | |
| | | • सुरक्षित पारिवारीक पुनः एकीकरणको लागि वैदेशिक रोजगारीमा जानुपूर्व र वैदेशिक रोजगारीबाट फर्केपछि मनोसामाजिक विमर्शको व्यवस्था गर्ने। | • वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनःएकीकरण परियोजना अन्तर्गत मनोसामाजिक परामर्श उपलब्ध गराउने क्रियाकलाप संचालनमा रहेको। |
| | | • स्थानीय तहको रोजगार सेवा केन्द्रलाई वैदेशिक रोजगारी सम्बन्धी लैङ्गिक खण्डिकृत तथ्याङ्क संकलन र अभिलेखीकरण गर्ने गरी जिम्मेवारी तोक्ने। | • राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय तहमा रहने रोजगार सेवा केन्द्रलाई जिम्मेवारी तोकिएको। |
| ३. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • नेपाल सरकारका विषयगत मन्त्रालयहरु अन्तर्गत सञ्चालित विकास आयोजनाहरुको कम्तिमा वर्षको एक पटक लेङ्गिक परीक्षणको व्यवस्था गर्ने,<br>• प्रत्येक स्थानीय तहमा लेङ्गिक हिंसा निवारण कोषको स्थापना गरी हिंसा पीडित महिलाको तत्काल, उद्धार, राहत, पुर्नस्थापना तथा जीविकोपार्जन सहयोगमा परिचालन गर्ने र प्रत्येक जिल्लामा लेङ्गिक हिंसा पीडितहरुको लागि अल्पकालिन आश्रयस्थलको व्यवस्था गर्ने/गराउने,<br>• विगतमा क्रियाशील रहेका महिला तथा बालबालिका जिल्ला कार्यालयहरुको खारेज भएसँगै महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायत जोखिममा परेको समूदायका सवाललाई सहजीकरण र सम्बोधन गर्ने निकायको अभाव | • General Audit Manual को मस्यौदा तयार भएको,<br>• २१ वटा जिल्लामा अल्पकालिन आश्रयस्थलको स्थापना भई प्रति वर्ष रु. ५ लाख रकम अनुदान तथा हालसम्म २८६ वटा स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको,<br>• मन्त्रालय र स्थानीय तहबिच सम्पर्क बिन्दुकोरुपमा कार्य गर्न जिल्ला समन्वय समितिमा कार्यरत शाखा अधिकृतलाई मन्त्रालयको सम्पर्क व्यक्ति तोकिएको, |

| | | | |
|---|---|---|---|
| | | भएको हुँदा प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क कार्यालय स्थापना गर्न यस आयोगसँग सम्बन्धित बहुआयामिक सरोकारवालाहरुबाट बृहत रुपमा पृष्ठपोषण प्राप्त भएकोले सम्पर्क र समन्वय गर्ने भूमिकाको लागि प्रत्येक जिल्लामा महिला तथा बालबालिका सम्पर्क कार्यालयहरु स्थापना गर्ने। | |
| | | • सबै जिल्लाका स्थानीय तहहरुमा लेङ्गिक उत्तरदायी बजेटको विनियोजन र कार्यान्वयन, लेङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था, लेङ्गिक हिंसा निवारण सम्बन्धी सचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यमा उक्त महिला बालबालिका सम्पर्क कार्यालयहरुलाई जिम्मेवार बनाउने, | • प्रत्येक स्थानीय तहमा महिला बालबालिका/सामाजिक विकास शाखा रहेको उक्त शाखाको प्रमुख लैङ्गिक सम्पर्क विन्दुकोरुपमा रही काम गरेको, मन्त्रालयले महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता लगायतका विषयहरुको सम्बोधन गर्न स्थानीय तहहरुमा सशर्त अनुदान उपलब्ध गराउने गरेको, |
| | | • विगतमा स्थापना भएको एकल महिला सुरक्षा कोष सञ्चालन नियमावलीलाई संङ्घीय संरचना अनुरुप संशोधन गरी सो को मापदण्ड तयार गरी शिघ्र सञ्चालनमा ल्याउनु पर्ने | • एकल महिला सुरक्षाकोष सञ्चालन नियमावली २०७० दफा ३ को उपदफा ३ ख मा स्थानीय तहले कोष स्थापना गर्न सक्ने व्यवस्था रहेको स्थानीय तहलाई नमुना कार्यविधि बनाई पठाउन समिति गठन गरी कार्य भईरहेको, |
| | | • सबै संङ्घीय स्तरका विषयगत मन्त्रालयहरु, आयोगहरु, प्रदेशका विषयगत मन्त्रालय/कार्यालयहरु तथा प्रत्येक स्थानीय तहमा लैङ्गिक सम्पर्क इकाई (Gender Focal Unit)सञ्चालन मापदण्ड तयार गरी कार्यक्षेत्रगत शर्त समेत तोकी लैङ्गिक सम्पर्क इकाईको भूमिका प्रभावकारी बनाउने। | • Gender Focal Unit को कार्यक्षेत्रगत शर्त तोकिएको, भूमिका प्रभावकारी बनाउन समय समयमा छलफल अन्तर्क्रिया हुने गरेको, |

<table>
<tr><td></td><td></td><td>● संयुक्त राष्ट संघ सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने।</td><td>● १३२५ र १८२० को दोस्रो कार्ययोजना बनाई संघ, प्रदेश र स्थानीय तहहरुमा कार्यान्वयन भई रहेको।</td></tr>
<tr><td></td><td></td><td>● योगमायालाई राष्ट्रिय विभूति घोषणा गर्ने र योगमाया स्मृति दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउन निर्णय गर्ने।</td><td></td></tr>
<tr><td>४.</td><td>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय</td><td>योगमायालाई राष्ट्रिय विभूति घोषणा</td><td>योगमायाका सम्बन्धमा यस मन्त्रालयबाट भएका कार्यहरुः<br>योगमाया राष्ट्रिय पुरस्कार कार्यविधि, २०७९ बमोजिम हालसम्म पुरस्कृत सष्टाहरुः
<table>
<tr><th>क.स</th><th>नाम, थर</th><th>ठेगाना</th><th>वर्ष</th></tr>
<tr><td>१.</td><td>श्री पवन आलिक कँडेल</td><td>भोजपुर</td><td>०७९/८०</td></tr>
<tr><td>२.</td><td>श्री डा. गोविन्दमान सिहं कार्की</td><td>भोजपुर</td><td>०८०/०८१</td></tr>
<tr><td>३.</td><td>श्री निलम कार्की निहारिका</td><td>बर्दिया</td><td>०८१/८२</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>राष्ट्रिय योजना आयोग</td><td>● नेपाल सरकारका विषयगत मन्त्रालयहरु अन्तर्गत सञ्चालित विकास आयोजनाहरुको कम्तिमा वर्षको एक पटक लेङ्गिक परीक्षणको व्यवस्था गर्ने।</td><td>● राष्ट्रिय नीति, योजना, रणनीति विकास कार्यक्रम आयोजना लगायतको कार्यन्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनार्थ राष्ट्रिय योजना आयोगको नेतृत्वमा तर्जुमा भएको अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० संङ्घीय ससंदबाट स्वीकृत भई कार्यान्वयनमा आएको,<br>● १६औं योजनाको कार्यान्वयनलाई त्रीबर्पीय मध्यमकालिन खर्च संरचना र वार्षिक विकास कार्यक्रमसँग आवद्ध गर्ने गरी विषयगत मन्त्रालय/निकायहरुबाट लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज लगायतका अन्तरसम्बन्धित विषयलाई प्राथमिकतामा राखिएको,<br>● लैङ्गिक समानता तथा सशक्तीकरणका लागि आयोगले नियमित निर्माण गर्ने गरेको मध्यमकालिन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा लैङ्गिक संकेतको</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | आधारमा बजेट विनियोजन गर्ने गरिएको। जसअनुसार आ.व. २०८२/८३ मा प्रत्यक्ष, अप्रत्यक्ष र तटस्थ लाभ पुर्याउने प्रकृतिका कार्यक्रममा बजेट विनियोजनको हिस्सा कूल बजेटको अनुपातमा क्रमशः७, २४, ६९ प्रतिशत रहेको।<br>● आयोगले नेतृत्व गरिरहेकोप दिगो विकास लक्ष्य (SDGs) कार्यान्वयन अन्तर्गत सन् २०२२ सम्मको राष्ट्रिय स्वेच्छिक प्रगति प्रतिवेदन (Voluntary National Review, 2024) तयार गरी लैङ्गिक परीक्षणको लागि तथ्याङ्कीय आधार प्रस्तुतगरिएको साथै यस सम्बन्धमा Needs Assesment, Costing and Financial Strategy: An update, 2025 सम्बन्धी प्रतिवेदनमा लक्ष्य ४ र ५ लाई समेत समेटी लैङ्गिक समानता प्रवर्द्धन गर्न आवश्यक लगानी अनुमान गरिएको,<br>● महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई आफ्ना विशेष कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्दा लैङ्गिकता परीक्षण समेत समावेश गर्न अनुरोध गरिए अनुसार सम्बन्धित मन्त्रालयबाट यस विषयमा कार्य हुंदै आएको,<br>● लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितहरुका लागि स्वास्थ्योपचार तथा समग्र कानुनी, आर्थिक, सामाजिक लगायतका सेवाहरु एकल विन्दुबाट प्रवाह हुने गरी नेपाल सरकारले संचालनमा लयायको "अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)" को आन्तरिक मूल्याङ्कन सम्पन्न गरी मूल्याङ्कनबाट प्राप्त सिफारिस कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरुलाई अनुरोध गरी पठाइएको। |
| ६. | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत बाणगङ्गा नगरपालिका बाणगङ्गा, कपिलवस्तुबाट प्राप्त | ● प्रत्येक स्थानीय तहमा लेङ्गिक हिंसा निवारण कोषको स्थापना गरी हिंसा पीडित महिलाको तत्काल, उद्धार, राहत, पुर्नस्थापना तथा जीविकोपार्जन सहयोगमा परिचालन गर्ने र प्रत्येक जिल्लामा लेङ्गिक हिंसा पीडितहरुको लागि अल्पकालिन आश्रयस्थलको व्यवस्था गर्ने/गराउने। | ● लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था गरिएको र हिंसा प्रबावितहरुका लागि जिल्लामा रहेको साथी अल्पकालिन आश्रयस्थलको लागि अनुदान स्वरुप प्रत्येक वर्ष बजेटको व्यवस्थापन गरी सोही संस्थाबाट हिंसा प्रभावितलाई अल्पलाकिन आश्रय दिदैं आएको, |

| | | | |
|---|---|---|---|
| | | • प्रत्येक स्थानीय तहमा समेत एकल महिला सुरक्षा कोष स्थापना गरी उक्त कोषलाई एकल महिलाको सुरक्षा, उद्धार, राहत र जीविकोपार्जन सहयोगमा परिचालन गर्ने। | छुट्टै एकल महिला कोषको व्यवस्था नरहेको तर कार्यविधि बमोजिम लैङ्गिक हिंसा निवारण कोषबाट नै एकल महिलाहरुलाई सम्बोधन गरी सुरक्षा तथा राहतको व्यवस्था हुदैं आएको, |
| | | • प्रत्येक स्थानीय तहबाट एकल महिलाको प्राथमिकीकरण गरी उनीहरुको सिप विकास र दीर्घकालिन रोजगारी सिर्जना हुन सक्ने किसिमले सिप विकास र वीउँपुँजीको व्यवस्था गर्ने। | नगर स्तरीय एकल महिला समूहको निर्णय र माग बमोजिम प्रत्येक वर्ष सिप विकास र सशक्तीकरण कार्यक्रमहरु वडा तथा नगर स्तरमा सञ्चालन हुदैं आएको |
| | | • सबै संङ्घीय स्तरका विषयगत मन्त्रालयहरु, आयोगहरु, प्रदेशका विषयगत मन्त्रालय/कार्यालयहरु तथा प्रत्येक स्थानीय तहमा लैंङ्गिक सम्पर्क इकाई (Gender Focal Unit)सञ्चालन मापदण्ड तयार गरी कार्यक्षेत्रगत शर्त समेत तोकी लैङ्गिक सम्पर्क इकाईको भूमिका प्रभावकारी बनाउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको व्यवस्था गरिएको र कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम स्थानीय तहमा समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत महिला विकास कार्यक्रम तर्फका कर्मचारीलाई लैङ्गिक फोकल पर्सन र कार्यक्षेत्रगत शर्त समेत तोकिएको |
| | | • प्रत्येक स्थानीय तहमा कानुनी सहजकर्ता (कानुन अधिकृत), मनोसामाजिक परामर्शकर्ता र बहिरा सेवाग्राही लक्षित दोभाषेको दरबन्दी सिर्जना गरी पदपूर्तिको व्यवस्था गर्ने, | • कानुनी सल्लाहकार र मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिएको<br>• बहिरा व्यक्तिहरुका लागि सेवामा सरलता ल्याइएको। |
| | | • नेपाल प्रहरी अन्तर्गत सबै महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुमा जनशक्ति संरचना पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने, | |

| | | | |
|---|---|---|---|
| | | • सेवा केन्द्रमा पदस्थापन भएका कर्मचारीहरुलाई पर्याप्त लेङ्गिक सम्वेदनशील सेवा प्रवाहसम्बन्धी अभिमुखीकरणको व्यवस्था गर्नुपर्ने, | स्थानीय कर्मचारीलाई दोभाषे तालिम दिई बहिरा व्यक्तिहरुका लागि सेवामा सरलता ल्याइएको। |
| | | • सेवा केन्द्रहरुमा एक जना मनोविमर्शकर्ताको समेत व्यवस्था गर्ने। | |
| | | • विद्यालयहरुका किशोर किशोरीलाई लक्षित गरी आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने। | आत्मरक्षा तालिम सञ्चालन गर्दै आएको। |
| | | • प्रत्येक स्थानीय तहले विद्यालयका विधार्थीहरुलाई लक्षित गरी ज्येष्ठ नागरिक/ज्येष्ठ महिला माथि हुने अवहेलना र दुर्व्यवहारको न्यूनीकरणमा प्रबर्द्धनात्मक उपाय स्वरुप आवधिक रुपमा अन्तर्पुस्ता सिप हस्तान्तरण कार्यक्रम गर्ने। | किशोर किशोरीहरुका लागि बालबिबाह, प्रजनन् स्वास्थ्य, महिनावारी स्वच्छता, आत्मरक्षा तालिम, ज्येष्ठ नागरिक अन्तर्पुस्ता सिप तथा अनुभव हस्तान्तरण, नयाँ पुस्ताले ज्येष्ठ नागरिकलाई गर्नुपर्ने आदर सत्कार र असल सस्कार जस्ता विषयमा तालिमहरु सञ्चलन गर्दै आएको |
| | | • नेपाल विविध सेवाका साविकको महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत सबै महिला कर्मचारीहरु कर्मचारी समायोजन ऐन, २०७५ अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएकोमा उक्त सेवाका कर्मचारीहरुको वृत्तिपथ सुनिश्चित गर्ने | कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत महिला विकास कार्यक्रम तर्फका कर्मचारीलाई सम्बन्धित शाखामा सोही क्षेत्रको काम गर्ने गरी खटाइएको। |
| ७. | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत गोदावरी नगरपालिका अत्तरीया कैलालीबाट प्राप्त | • प्रत्येक स्थानीय तहमा लेङ्गिक हिंसा निवारण कोषको स्थापना गरी हिंसा पीडित महिलाको तत्काल, उद्धार, राहत, पुर्नस्थापना तथा जीविकोपार्जन सहयोगमा परिचालन गर्ने र प्रत्येक जिल्लामा लेङ्गिक हिंसा पीडितहरुको लागि अल्पकालिन आश्रयस्थलको व्यवस्था गर्ने/गराउने। | भएको |

| | | | |
|---|---|---|---|
| | | • प्रत्येक स्थानीय तहमा समेत एकल महिला सुरक्षा कोष स्थापना गरी उक्त कोषलाई एकल महिलाको सुरक्षा, उद्धार, राहत र जीविकोपार्जन सहयोगमा परिचालन गर्ने। | नभएको |
| | | • प्रत्येक स्थानीय तहबाट एकल महिलाको प्राथमिकीकरण गरी उनीहरुको सिप विकास र दीर्घकालिन रोजगारी सिर्जना हुन सक्ने किसिमले सिप विकास र वीँउपूजिँको व्यवस्था गर्ने। | • सिप विकास आयआर्जन रोजगारी सिर्जना हुन सक्ने किसमले सिप विकास भएको<br>• वीँउपूजिँको व्यवस्था नभएको |
| | | • सबै संङ्घीय स्तरका विषयगत मन्त्रालयहरु, आयोगहरु, प्रदेशका विषयगत मन्त्रालय/कार्यालयहरु तथा प्रत्येक स्थानीय तहमा लैंङ्गिक सम्पर्क इकाई (Gender Focal Unit)सञ्चालन मापदण्ड तयार गरी कार्यक्षेत्रगत शर्त समेत तोकी लैङ्गिक सम्पर्क इकाईको भूमिका प्रभावकारी बनाउने। | भएको |
| | | • प्रत्येक स्थानीय तहमा कानुनी सहजकर्ता (कानुन अधिकृत), मनोसामाजिक परामर्शकर्ता र बहिरा सेवाग्राही लक्षित दोभाषेको दरबन्दी सिर्जना गरी पदपूर्तिको व्यवस्था गर्ने, | • कानुनी सहजकर्ता( कानुन अधिकृत ) मनोसामाजिक परामर्शकर्ता भएको<br>• बहिरा सेवाग्राही लक्षित दोभाषेको दरबन्दी सिर्जना गरी पदपूर्तिको व्यवस्था नभएको, |
| | | • नेपाल प्रहरी अन्तर्गत सबै महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरुमा जनशक्ति संरचना पुनरावलोकनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने, | नेपाल प्रहरीद्धारा भएको |

| | | | |
|---|---|---|---|
| | | • सेवा केन्द्रमा पदस्थापन भएका कर्मचारीहरुलाई पर्याप्त लेङ्गिक सम्वेदनशील सेवा प्रवाहसम्बन्धी अभिमुखीकरणको व्यवस्था गर्नुपर्ने, | भएको |
| | | • सेवा केन्द्रहरुमा एक जना मनोविमर्शकर्ताको समेत व्यवस्था गर्ने। | • नगरपालिकामा मनोविमर्शकर्ता भएको<br>• सेवा केन्द्रमा छैन। |
| | | • विद्यालयहरुका किशोर किशोरीलाई लक्षित गरी आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने। | आत्मरक्षा तालिम सञ्चालन गर्दै आएको। |
| | | • प्रत्येक स्थानीय तहले विद्यालयका विधार्थीहरुलाई लक्षित गरी ज्येष्ठ नागरिक/ज्येष्ठ महिला माथि हुने अवहेलना र दुर्व्यवहारको न्यूनीकरणमा प्रबर्द्धनात्मक उपाय स्वरुप आवधिक रुपमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम गर्ने। | |
| | | • नेपाल विविध सेवाका साविकको महिला विकास कार्यक्रम अन्तर्गत कार्यरत सबै महिला कर्मचारीहरु कर्मचारी समायोजन ऐन, २०७५ अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएकोमा उक्त सेवाका कर्मचारीहरुको वृतिपथ सुनिश्चित गर्ने | भएको |

| | | | |
|---|---|---|---|
| | | • कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत महिला विकास कार्यक्रम तर्फका कर्मचारीहरुलाई महिला विकास तथा सशक्तीकरण एंव महिला अधिकारको सरोकार विषयमा जिम्मेवारी नदिई अन्य किसिमका जिम्मेवारी दिइएको हुँदा स्थानीय तहमा महिलाका समस्याहरु संबोधन गर्न नसकेको देखिएकालेः<br>• प्रत्येक स्थानीय तहमा छुट्टै महिला विकास इकाई स्थापना गर्ने। संघबाट समायोजन भएका नेपाल विविध सेवा अन्तर्गत साविक महिला विकास, महिला सशक्तीकरण, लैङ्गिक हिंसा न्यूनीकरण तथा घटना व्यवस्थापन, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षण र सशक्तीकरण सम्बन्धी विषयमा कार्यक्षेत्रगत शर्त तोकी खटाउने। | • महिला विकास कार्यक्रम तर्फका कर्मचारीहरुलाई जिम्मेवारी दिएको।<br>• नगरपालिकामा शाखा स्थापना भएको र महिला विकास विविध कर्मचारीहरुलाई कार्यक्षेत्रगत शर्त तोकी खटाएको। |

# परिच्छेद - ८

## अनुगमन सम्बन्धी विवरण

### ८.१ माननीय अध्यक्षश्री कमला कुमारी पराजुलीको नेतृत्वमा आ.व. २०८१ मा ०८२/भएको अनुगमनहरुको विवरणः

| क्र. स. | मिति | अनुगमन गरिएको स्थान | अनुगमनको विषयसन्दर्भ | अनुगमनमै गरिएको प्रयास | आयोगबाट भएको पहल |
|---|---|---|---|---|---|
| १ | २०८१/०८/१९ | जिल्ला प्रशासन कार्यालय, कैलाली | जिल्ला प्रशासन कार्यालयबाट लैङ्गिक न्यायका सवालमा भएका व्यवस्थाका बारेमा जानकारी साथै सेवा प्रवाहको विद्यमान अवस्थाका बारेमा अनुगमन। | धेरै जसो महिला र ज्येष्ठ नागरिकको नागरिकता सम्बन्धी समस्या, बहुबिबाह, नाता प्रमाणितमा समस्या, महिला हिंसा, लागुऔषध दुर्व्यसनका घटना सम्बन्धी उजुरी धेरै आउने गरेकोले यी विषयहरुमा कारणको पहिचान गरी रोकथाममा पहल गर्न सुझाव प्रदान गरियो। | लागुऔषध दुर्वयवसनी नियन्त्रणका लागि गृहमन्त्रालयलाई नीतिगत सिफारिस गरिएको।<br>विशेष गरी लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरुका लागि जन्मदर्ता र नागरिकता सम्बन्धमा आमा सूचक वा संरक्षण सूचक भएर दिन मिल्नेसम्मको सहजताका लागि वहुसरोकारवालाबिच समन्वय वैठक बसी निर्णय गरिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०८१/०८/१९ | धनगढी उपमहानगरपालिका कैलाली | धनगढी उपमहानगरपालिका, कैलालीको न्यायिक समितिको लैङ्गिक न्यायका सवालमा कार्य सम्पादन असल अभ्यास समस्या र चुनौतीका विषयमा छलफल गरी जानकारी लिन र लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक मैत्री कार्यक्रमबारेमा अनुगमन। | उपमहानगरपालिकाको आफ्नै लैङ्गिक तथा अपाङ्गता मैत्री सेवा र भवन रहेको। यस पालिकामा गुनासो व्यवस्थापन शाखा रहेको। जम्मा १९ वडाहरुमध्ये १६ वडाहरुमा सामाजिक परिचालिका रहेको। लैङ्गिक हिंसा तथा मनोसामाजिक परामर्श तालिम प्रदान गर्ने गरेको। प्रत्येक शनिबार नगरपालिका उद्यमी बजार सञ्चालन गरी महिलाको आय आर्जन र सशक्तीकरणमा जोड दिने गरेको।<br>नगरपालिकाबाटै सेफ हाउस सञ्चालनमा रहेको र विभिन्न किसिमका महिला आत्मनिर्भरताका लागि सिपमूलक कार्यक्रमहरु भएको र महिलाको न्यायमा पहुँचको लागि सहज अवस्था रहेको देखियो। | कानुनी सल्लाहकार नभएका कारण न्यायमा सहज र गुणस्तरियता ल्याउन नसकिएको गुनासोलाई सम्बन्धित निकायमा नीतिगत सिफारिस गरिएको<br>लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा नीतिगत सिफारिस गरिएको। |
| ३ | २०८१/१२/१४ | शहीद भूमि गाउँपालिका, धनकुटा। | गाउँपालिकाको न्यायिक समितिबाट भएका कार्यहरु, पालिकाबाट प्रदान भएका सेवा तथासुविधाको गुणस्तर र चुनौतीहरु तथा लैङ्गिक हिंसा पीडितको न्यायमा पहुँचको अवस्था बारेमा अध्ययन / अवलोकन। | गाउँपालिकाको समन्वयमा सबै महिला जनप्रतिनिधि सहित अन्तर्क्रिया तथा परामर्श पालिकाबाट महिला सचेतना, सहभागिता र सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरु समेत सञ्चालन गरेर महिला तथा बालबालिकाको अवस्था सुधारको प्रयास सन्तोषजनक रहेको। महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष महत्व दिएर कार्यक्रम भएको। साथै आगामी दिनमा सिपमूलक तथा | आगामी वार्षिक कार्यक्रममा सामाजिक रुपान्तरण सहित महिलाहरुको आर्थिक सशक्तीकरणका लागि विशेष पहल गर्न सुझाव दिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आयआर्जनमूलक तालिम कार्यक्रमलाई जोड दिन सुझाव दिएको। | |
| ४ | २०८१/१२/१४ | जिल्ला प्रशासन कार्यलय, धनकुटा। | जिल्ला प्रशासन कार्यालयमा आउने गरेका महिला हिंसाका घटना, उजुरी र कारवाही एवं वर्तमान अवस्थाबारे जानकारी लिन अनुगमन। | छलफलका क्रममा बालबिबाह, जबरजस्तीकरणी, सुरक्षित आवासगृह, OCMC, न्यायिक समिति मार्फत समन्वय गर्दा आईपर्ने कठिनाई सम्बन्धी विषयहरुमा ध्यान दिनुपर्ने देखियो। साथै सेवा प्रदायक कार्यालयका कर्मचारीहरुमा लैङ्गिकमैत्री सोंच र व्यवहार ल्याउन तालिमको आवश्यकता रहेको सबै सरोकारवाला निकायसँग समन्वय र सहजीकरण गर्न सुझाव र निर्देशन दिईयो। | एकद्वार संकट व्यवस्थापन केन्द्रमा मा जनशक्ति व्यवस्थापन र सेवा प्रभावकारीताका लागि सम्बन्धित मन्त्रालयमा नीतिगत सिफारिस गरिएको।<br>बहुसरोकारवाला निकायसँगको समन्वात्मक बैठकमा यी विषयहरु जानकारी गराएको। |
| ५ | २०८१/१२/१५ | इटहरी उपमहानगरपालिका, सुनसरी। | उपमहानगरपालिकाले प्रदान गरिरहेको महिलासँग सम्बन्धित सेवा, न्यायिक समितिमा ,सुविधा ,आउने उजुरीको प्रकार गुणस्तर र ,सेवाग्राहीको पहुँच चुनौतीहरु बारेमा अध्ययन गर्ने। | विपन्न, सीमान्तकृत समूदायका महिला र किशोरीलाई सीपमूलक/आयआर्जनमूलक तालिम दिने गरेको, महिला सशक्तीकरणका लागि कार्यक्रमहरु सञ्चालन हुने गरेको, हिंसा पीडितका लागि सुरक्षित आवासको व्यवस्था रहेको र पीडित महिलाको तर्फबाट निःशुल्क फिरादपत्र लेख्ने यवस्था भएको देखियो।<br>प्रभावकारी सेवा प्रवाहको लागि खुशी व्यक्त गर्दै धन्यवाद दिएको। | लैगिक न्यायका सवालमा न्यायिक समितिसँग कार्यक्रम तय गर्न आयोगमा सुझाव दिएको |
| ६ | २०८<br>१/१<br>२/१<br>५ | अल्पकालिन सुरक्षित आश्रयस्थल, सुनसरी। ,इटहरी | इटहरी उपमहानगरपालिकाबाट सञ्चालित अल्पकालीन सुरक्षित आश्रयस्थलको अवस्था, प्रदान गरिने सेवा बारेमा | यस अल्पकालिन सुरक्षित आश्रयस्थल पीडितमैत्री भएतापनि मनोसामाजिक परामर्शकर्ता तथा प्राथमिक उपचारको अभाव रहेको देखियो। तत्काल संबोधनका लागि | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई एकद्वार संकट व्यवस्थापन केन्द्रका फोकल पर्सन ६ महिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अवलोकन/अध्ययन। | अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रसँग छलफल गरी निःशुल्क मनोसामाजिक परामर्श सेवा लिन सकिन्छ भन्ने सुझाव दिएको। | तालिमप्राप्तहरुको नामनामेसी वेभसाइटमा राख्नको लागि समन्वय गरियो। |
| ७ | २०८१/१२/१५ | इनरुवा नगरपालिका, सुनसरी। | न्यायिक समितिबाट भएका कार्यहरु, नगरपालिकाले प्रदान गरिरहेको सेवा तथा सुविधाको गुणस्तर र चुनौतीहरु, लैङ्गिक हिंसा पीडितको न्यायमा पहुँचको अवस्था बारेमा अध्ययन तथा अवलोकन गर्ने। | नगरपालिकाबाट महिला सशक्तीकरणका लागि कार्यक्रमहरु सञ्चालन हुने गरेको, स्यानिटरी प्याडको निःशुल्क व्यवस्था रहेको, न्यायिक समितिको इजलासको व्यवस्था रहेको, तालिम प्राप्त मनोसामाजिक परामर्शकर्ता कर्मचारीको व्यवस्था रहेको। समस्यासम्बन्धमा स्यानिटरीप्याडको गुणस्तर र वातावरणमैत्री भए नभएकोमा जानकारी लिएको। | स्यानिटरी प्याडको व्यवस्थापन सम्बन्धमा गुणस्तर र जैविक प्याडका लागि नीतिगत सिफारिस गरिएको। |
| ८ | २०८१/१२/१६ | एकीकृत अपाङ्गता पुनःस्थापना केन्द्र, दमक झापा। | केन्द्रको अवस्था, अपाङ्गमैत्री भौतिक ,नभएको-वातावरण भए पूर्वाधार, व्यवस्थापकीय पक्ष र आवश्यक जनशक्ति समेतको अध्ययन गरी छलफल गर्ने। | हाल उक्त केन्द्रमा अपाङ्गता भएका आश्रितहरु नरहेको। सम्पर्क गरी जानकारी लिन खोज्दा एकजना कर्मचारीबाट अन्यत्रै त्यसको कार्यालय सरेको जानकारी प्राप्त हुन आएको। | |
| ९ | २०८<br>१/१<br>२/१<br>७ | जिल्ला प्रशासन कार्यालय, सुनसरी। | यस कार्यालयमा आउने गरेका महिला हिंसाका घटना, उजुरी र काम कारवाही एवं वर्तमान लैङ्गिक हिंसाको प्रकृति र अवस्थाबारे जानकारी लिनका साथै आवश्यक छलफल गर्ने। | छलफलका क्रममा बालबिबाह, जबरजस्ती करणी, सुरक्षित आवासगृहको व्यवस्था, प्रहरी प्रशासन तथा न्यायलय र OCMC बीचको समन्वय सम्बन्धी विषयहरुमा ध्यान दिनुपर्ने सुझाव आयो। साथै सेवा प्रदायक कार्यालयका कर्मचारीहरुमा लैङ्गिकमैत्री सोंच र व्यवहार ल्याउन तालिमको आवश्यकता रहेको कुरामा | लैङ्गिक हिंसा व्यवस्थापन सम्बन्धमा एकीकृत सेवा प्रदान गर्ने OCMC सेवा प्रभावकारीता बनाउने सम्बन्धमा सम्बन्धित मन्त्रालयमा सिफारिस गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सहमति भएको। | |
| १० | २०८१/१२/१७ | इनरुवा इङ्गलिस बोर्डिङ्ग स्कूल, सुनसरी। | विद्यालयमा हुने लैङ्गिक हिंसा विरुद्धको सचेतना अभिमुखीकरण लगायत विद्यालयको अवस्था, भौतिक -लैङ्गिक मैत्री भए ,संरचना नभएको जानकारी लिन स्थलगत अनुगमन। | भौतिक पूर्वाधारको व्यवस्था राम्रो रहेको र स्कूलको वातावरण लैङ्गिक मैत्री रहेको, स्कूलमा स्यानिटरी प्याडको निःशुल्क व्यवस्था रहेको। छात्र-छात्राको फरक शौचालय भएको तर शौचालयमा डस्टविन नभएको, विद्यालयमा लैङ्गिक हिंसा, बालबिबाह, यौन तथा प्रजनन शिक्षाबारे छलफल र अभिमुखीकरण नभएको। साथै गुनासो उजुरी पेटिकाको व्यवस्था नरहेकोले विद्यार्थीले आफ्नो समस्या गोप्य तरिकाले राख्न कठिनाई हुने गरेको देखियो। तसर्थ अनुगमन र अन्तरक्रियाको क्रममा उल्लेखित विषयमा सुधार गर्न सुझाव तथा निर्देशन दिईयो। | आगामी कार्यक्रम र बजेट तयगर्दा यी विषयलाई संबोधन गर्न आयोगमा निर्देशन दिएको |
| ११ | २०८१/१२/१७ | एकद्वार संकट व्यवस्थापन केन्द्र, जिल्ला अस्पताल सुनसरी। ,इनरुवा | एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) का काम-कर्तव्यहरु, प्रभावकारिता, OCMC को सेवाग्रहीको पहुँच, भौतिक पूर्वाधार र चुनौतीहरुबारे छलफल तथा अवलोकन। | OCMC को भौतिक पूर्वाधार सन्तोषजनक रहेको। अधिकारकर्मी, अभियन्ता, सञ्चारकर्मी, जनप्रतिनिधिहरु, समूदायमा भएका सेवाग्राही तथा अस्पतालमा आउने हिंसा पीडितहरुलाई OCMC का सेवाहरुको बारेमा विस्तृत रुपमा जानकारी दिन अतिआवश्यक रहेको। | नीतिगत सिफारिस सम्बन्धित निकायमा पठाएको। आयोगकोविविधमा बैठकमा सेवा प्रभावकारीताको लागि समन्वय गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | २०८१/१२/१७ | यौनजन्य हिंसामा परेकी बालिकाको घटनाको स्थलगत अनुगमन, सुनसरी। ,इनरुवा | हिंसा पीडित बालिकाको वर्तमान अवस्थाबारे जानकारी लिन (Case Study) उद्धार, राहत र पुनःस्थापनाको जानकारी लिन<br>अनुगमन | २ वर्षअघि यौनजन्य हिंसा (ज.क.) मा परेकी एक बौद्धिक अपाङ्ग युवती महिलाको न्यायका लागि राष्ट्रिय महिला आयोगबाट समन्वय र सहजीकरण गरी कानुन बमोजिम पिडकले सजाय भोगिरहेको तर पीडितलाई क्षतिपूर्ति सहित न्याय, सुरक्षा र पुनःस्थापना को अभावमा सामाजिक - पारिवारिक रुपमा विस्थापित हुन बाध्य भएकोले पीडितको सुरक्षा, न्याय, क्षतिपूर्ति र पुनःस्थापनाको लागि स्थलगत अनुगमन गरी स्थानीय पालिका र जिल्ला प्रशासन कार्यालयमा समन्वयात्मक बैठक तथा छलफल भएको। | प्रदेश तथा स्थानीय तहसम्म पुनःस्थापना केन्द्र संचालनका लागि सम्बन्धित निकायमा नीतिगत सिफारिस गरिएको।<br><br>पुनःस्थापना लागि आगामी आ व मा सेवा केन्द्र अल्पकालिन तथा दीर्घकालिन पुनःस्थापना केन्द्रहरुको सूचीकरणका लागि आव्हान गर्न निर्देशन दिएको। |
| १३ | २०८१/१२/१७ | जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, काठमाण्डौ। | काठमाण्डौस्थित जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा २०८१ १५/१२/ मा भएको क्षतीको अनुगमन। | २०८१/१२/१५ गतेको आन्दोलनबाट जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको परिसरभित्र रहेको सबै साधनहरु, कम्पनीको भवन तथा बिक्रीका लागि तयरी अवस्थामा रहेका उत्पादनहरुमा आगजनी र तोडफोड गरी ठुलो क्षति भएको र सो को प्रत्यक्ष प्रभाव र कार्यरत ७९ प्रतिशत ज्यालादारी महिला श्रमिकमा परेको असर जसको कारण महिला श्रमिकहरु रोजगारीबाट बञ्चित हुने अवस्था भएको विवरण तयार गरिएको। | श्रम तथा रोजगार मन्त्रालय एवं महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा यस विषयको जानकारी गराईएको |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | २०८२/०१/१२ | जिल्ला प्रशासन कार्यालय, मुस्ताङ। | यस कार्यालयमा आउने गरेका महिला हिंसाका घटनाका प्रवृतिप्रकृति/, उजुरी र कारवाही एवं महिलाको वर्तमान अवस्थाबारेमा अनुगमन। | न्याय प्रणालीमा अझै पनि गाउँमा मुखियाको प्रभाव रहेकोले न्यायिक समिति ओझेलमा परेको। जिल्लामा बहुपति प्रथा विद्यमान रहेको। आर्थिक तथा अन्य व्यवस्थापनमा महिलाको अग्रणी भूमिका रहेको जानकारी भएको। साथै यस विषयलाई संबोधन गर्न न्यायिक समितिसँगको भेलामा यी विषयहरु जानकारी गराउने प्रतिवद्धता जनाएको। | मुखियाप्रथालाई कानुनी विधि प्रकृयाका बारेमा जानकारी गराउन सम्बन्धित न्यायिक समिति र गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई जानकारी गराएको र सम्बन्धित मन्त्रालयमा नीतिगत सिफारिसका लागि सुझाव पठाएको। |
| १५ | २०८२/०१/१२ | लोमान्थाङ ईलाका प्रहरी कार्यालय, मुस्ताङ। | ईलाका प्रहरी कार्यालयमा आउने गरेका महिला हिंसाका घटना, उजुरी र कारवाही प्रक्रियाबारे जानकारी लिनुका साथै न्याय प्रणालीको अनुगमन। | ईलाका प्रहरी कार्यालयमा आएका लैङ्गिक हिंसा, झै-झगडा, कुटपिट, दूर्घटना जस्ता सामान्य घटनाहरुलाई मुखियासँग समन्वय गरेर स्थानीय समूदायबिच मेलमिलापको माध्यमबाट समस्या सुल्झाउने गरिएको जानकारी हुन आयो। | आयोगमा समन्वात्मक वैठक राखी यी विषयहरु जानकारी गराएको। साथै नीतिगत सिफारिस सम्बन्धित निकायमा पठाएको। |
| १६ | २०८२/०३/१३ | दमक नगरपालिका, झापा। | मेलमिलापकर्ताले देखेका र हेर्नु पर्ने घटना तथा समस्याहरुबारे जानकारी लिने र समस्या समाधानका लागि न्यायिक समितिले निर्वाह गर्न सक्ने भूमिकाबारे छलफल, अन्तरक्रिया तथा अभिमुखीकरण। | न्यायिक समितिबाट कानुन व्यवसायी, अधिकारकर्मी, शिक्षक, सामाजिक अगुवाहरु तथा अन्य सरोकारवालाहरुलाई महिला हिंसाका बारेमा संवेदनशील भई सहजीकरण गर्न, आवश्यक अध्ययन र छलफल गरी मेलमिलाप मार्फत समस्या समाधान गर्नका लागि अभिमुखीकरण गरिएको। | न्यायिक समितिमा कानुनी सहायताका लागि सम्बन्धित विषयको जनशक्ति/कानुनी सल्लाहकार व्यवस्थापनका लागि सम्बन्धित निकायमा नीतिगत सुझावहरु पठाएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | २०८२/०३/१३ | हिंसा पीडित महिलाहरुको सुरक्षित आश्रय गृह, दमक, झापा। | सुरक्षित आश्रय गृहको भौतिक अवस्था, व्यवस्थापन, आश्रय गृहमा रहेका हिंसा पीडितको अवस्था, आश्रय गृहबाट प्रदान गरिएका सेवा तथा सुरक्षा र योजना सम्बन्धमा अवलोकन तथा अनुगमन। | आश्रय गृह सञ्चालनका लागि आवश्यक स्रोत दमक नगरपालिकाले प्रदान गर्ने गरेको। मनोपरामर्शकर्ताको व्यवस्था भएको, बालिका तथा किशोरीलाई विद्यालय भर्ना गराएर पढ्ने व्यवस्था र व्यवसायिक तालिम लिएर जिविकोपार्जन गर्न चाहनेलाई सोही अनुरुपको व्यवस्था गरिएको देखियो। हिंसा पीडित महिला र उँहाको श्रीमान/परिवारका सदस्यलाई संगै राखेर मनोपरामर्श दिई पुनर्स्थापना गराउने समेत गरेको। यस आश्रयस्थलको अवस्था सन्तोषजनक रहेको। | |
| १८ | २०८२/०३/१५ | हिंसा पीडित महिलाहरुको सुरक्षित आश्रय गृह, ,विराटनगर मोरङ्ग। | सुरक्षित आश्रय गृहको भौतिक अवस्था, आश्रय ,व्यवस्थापन गृहमा रहेका हिंसापीडितको आश्रय गृहबाट प्रदान ,अवस्था गरिएका सेवा तथा सुरक्षा र योजना सम्बन्धमा अनुगमन तथा अवलोकन। | गृह सञ्चालनको लागि अवश्यक स्रोत-साधन सामाजिक विकास मन्त्रालयबाट प्रदान गरिएको छ।<br>सबै जसो सेवाग्राही ज.क. का पीडित रहेका छन्। | आयोगबाट आगामी योजनामा न्यायिक समितिसँगको सहकार्य वृद्धि गर्न पहल गरिने। |
| १९ | २०८२/०३/१६ | न्यायिक समिति, दमक ,नगरपालिका झापा। | न्यायिक समितिबाट भएका नीतिगत व्यवस्थाहरु, सम्पन्न कामन्यायिक ,कारवाही- समितिका असल अभ्यासहरु तथा चुनौतीहरुबारे जानकारी अवलोकन तथा अनुगमन ,लिने | दमक नगरपालिकाबाट लैङ्गिक हिंसा विरुद्ध, बालअधिकार र सशक्तीकरणका लागि नीति योजना बनाई हिंसा पीडित महिला, बालिका र किशोरीका लागि सुरक्षित आश्रयस्थल, सडक बालबलिका तथा दुर्व्यसनमा परेका किशोर-किशोरीहरुको लागि सुधार गृह, ज्येष्ठ नागरिक | लागुऔषध दुर्व्यवसनी विरुद्धका कार्यक्रम तथा योजनाहरु स्थानीय तहमा लक्षित गरी गरिनुपर्ने विषय आयोगको विभिन्न बैठकमा राखी निकास खोजिएको। गृह मन्त्रालयलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | र सिफारिस गर्ने। | अवास गृह, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई घर-घरमा गएर औषधी उपचार सेवा र भत्ता वितरण, नगरपालिकामा दोभाषे (सांकेतिक भाषा)को व्यवस्था, अटिजम भएका बालबालिकालाई थेरापी र शिक्षा, नगरपालिकामा मनोपरामर्शकर्ताको व्यवस्था, मेलमिलापकर्ताको व्यवस्था गरी मानवीय विकासको क्षेत्रमा विशेष महत्वका साथ कार्य भएको अवस्था देखियो। | प्रभावकारी हस्तक्षेपका लागि नीतिगत सुझाव पठाएको। |
| २० | २०८२/०३/१६ | बालमैत्री शासन कार्यक्रम, ,दमक झापा। | दमक नगरपालिकाबाट बालबालिकाका सवालमा गरिएका नीति, कार्यक्रम र व्यवस्था बारेमा अनुगमन, अवलोकन र अभीमुखिकरण। | बालमैत्री शासनको अवधारणा अनुरुप बाल विकास, बालअधिकार, बाल संरक्षण र बाल सहभागिताका लागि विभिन्न किसिमका सचेतनामूलक, रचनात्मक र संरक्षणात्मक कार्यक्रमका लागि नीति तथा योजना बनाई कार्यान्वयन भएको अवस्था देखियो। बालबालिका उपर हुने विभेद, हिंसा, दुर्व्यवहार विरुद्ध बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि बालमैत्री अवधारणालाई प्रभावकारी बनाउन सुझाव तथा निर्देशन भयो। | आयोगबाट सन्देशमूलक जानकारीका लागि संचार क्षेत्र नेपाल टेलीभिजनसँगको कार्यक्रममा बालविबाह विरुद्धका विचारहरु विज्ञद्वारा प्रवाह/अन्तर्वार्ता को माध्यमबाट प्रशारण गरिएको। |
| २१ | २०८२/०३/१६ | ज्येष्ठ नागरिक संघ, ,दमक झापा। | दमक नगरपालिका स्थित ज्येष्ठ नागरिक दिवासेवा केन्द्रको असल अभ्यासहरु तथा चुनौतीहरुबारे जानकारी | दमक नगरपालिका र प्रदेश सरकारको समेत अनुदानमा निर्मित ज्येष्ठ नागरिक संघको आफ्नै दुईतले भवन रहेको।<br>ज्येष्ठ नागरिकहरुको भेटघाट तथा अनुभव | ज्येष्ठ नागरिकहरुको आवश्यकता मर्यादित जीवनका लागि नीतिगत, कानुनी, संस्थागत, वित्तीय र कार्यक्रमगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिई ज्येष्ठ नागरिकसँग आवश्यक छलफल गर्ने। | आदान प्रदान, विभिन्न किसिमका आध्यात्मिक तथा रचनात्मक कार्यक्रममा सहभागीता र दिवाखाजाको व्यवस्था पनि गरेको पाईयो। यस किसिमको दिवा मिलनले ज्येष्ठ नागरिकमा सकारात्मक भाव विकास हुने र तनाव व्यवस्थापन हुने देखियो। | व्यवस्थाका बारेमा जानकारी गराउने अभिप्रायले नेपाल टेलीभिजनमा विषय विज्ञद्वारा अन्तर्वार्ता सम्पन्न गरिएको। |

## ८.२ माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा आ.व. २०८१/०८२ मा सम्पन्न भएका अनुगमनहरुको विवरण

| क.सं | मिति | अनुगमन गरिएको स्थान | अनुगमनको विषय/सन्दर्भ | अनुगमनकै क्रममा संबोधनको प्रयास | आयोगबाट भएको पहल |
|---|---|---|---|---|---|
| १ | २०८१/११/०५ | ललितपुर न्यू भेन्चर नेपाल | आमा भएको बच्चाहरुका लागि नागरिकता, आमाहरुका लागि बिबाह दर्ताका साथै अंश नदिएकोले विभिन्न प्रकारको लैङ्गिक हिंसामा परेको जानकारी | • संस्थामा रहनुभएका १८ जना एकल आमाहरुको समस्या तथा आयोगले सहजीकरण गर्ने सक्ने विषयमा छलफल।<br>• १० जना मनोसामाजिक परामर्शको लागि १जना थेरापी गराउने व्यक्ति रहेको जानकारी लिएको।<br>• क्षमतानुसारको सिपमूलक तालिम प्रदान गरेको विषयमा जानकारी लिएको | • समस्या संबोधनका लागि विविध सरोकारवाला निकाय र प्रतिनिधिसँग छलफल गरिएको। |
| **सुनसरी जिल्लामा गरिएको अनुगमन- बराह नगरपालीका-१:** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०८१/१२/१३ | सुनसरी जिल्लाको वराह नगरपालिका चतराधाममा श्री राम शान्ती कुञ्ज अनाथ महिला सेवा आश्रमको व्यवस्थापन सम्बन्धमा अनुगमन | भवनको भौतिक संरचना, स्वस्थ वातावरण महिला ज्येष्ठ आमाहरुको शारीरिक तथा मानसिक अवस्थाका विषयहरु | • भौतिक संरचना राम्रो नै रहेको। यद्यपि सरसफाइमा ध्यान दिनुपर्ने सरसफाइको अभावमा रोग महामारी हुनसक्ने जोखिमका बारेमा जानकारी गराइयो।<br>• ज्येष्ठ नागरिक महासंघमा यो विषयका बारेमा जानकारी गराइ आवश्यक पहलका लागि छलफल भएको। | • महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई समस्या संबोधनका लागि पहल गरिदिन पत्राचार भएको।<br>• संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्बन्धित स्थानीय तहमा समस्या संवोधनका लागि समन्वय गरिदिन समन्वय बैठकमा विषय राखिएको। |
| **मोरङ जिल्लामा गरिएको अनुगमन कार्यक्रम:** | | | | | |
| ३ | २०८१/१२/१४ | विराटनगर भन्सार कार्यालय, मोरङ | विशेष गरी खुला सिमाना प्रयोग गरी बालिका किशोरी महिलाहरु के कसरी बाहिरिन्छन एवं इन्डियाबाट सरसामानहरु लिएर आउँदा भन्सारका कर्मचारीहरुबाट गरिने व्यवहार र प्रभावित सेवा प्रवाहको विषयमा सूक्ष्म अनुगमन। साथै निर्माण कार्यबाट जनमानसमा परेको | • निर्माण कार्यको ठेक्का सम्पन्न समयावधिका बारेमा सम्बन्धित कर्मचारीसँग जानकारी लिइयो<br>• एउटै व्यक्ति दिनमा दशौं पटक आवत जावत गर्नेहरुका हकमा सजिलो र लचिलो व्यवस्थापनका लागि सुझाव दिएको।<br>• सामान चेकजाँचलाई सजिलो र सम्बन्धित व्यक्तिलाई मर्यादित व्यवहारको लागि सुझाव दिएको।<br>• मानव बेचविखन तथा ओसारपसार हुनसक्ने सवालका बारेमा चासो लिएको। | • भारत जाने र निस्कने क्रममा परिचय खुल्ने आइडीलाई अनिवार्य गर्नु नीतिगत सिफारिसका लागि पहल भएको।<br>• गृह मन्त्रालयसँग समन्वय बैठकमा यस प्रकारका विषय संबोधन गर्न बैठक आयोजना गरिएको।<br>• खुला सिमाना व्यवस्थित गरिनुपर्ने सुझाव आयोगमा राखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | असरका बारेमा सूक्ष्म विश्लेषण। | | |
| ४ | २०८१/१२/१४ | आफन्त नेपाल, माइती नेपाल, नव अभियान नेपाल, साना हातहरु संस्था अनुगमन | मानव बेचबिखन बिरुद्धको साझा अभियान र संघसंस्थाबाट रोकथाम जनचेतना र जानकारी लिने सवालका विषयहरुको जानकारी लिन | • सिमानामा रहेका सरकारी तथा अन्य संस्थाहरुबिच समन्वयात्मक वातावरणका लागि निरन्तर पहल गर्न सुझाव दिएको।<br>• आवत जावतको अभिलेख दुरुस्त बनाउने, संस्थामा बस्ने कर्मचारीको जन धनको सुरक्षाको प्रभावकारी व्यवस्था गर्न सुल्झाएको। | • अनुगमन र चेकजाँचको लागि स्क्रेनिङ मेशिनको उपलब्ध गराउन समबन्धितलाई जानकारी गराउने।<br>• मानव बेचबिखन तथा लागु औषध जस्ता अवैध क्रियाकलाप नियन्त्रणका लागि सम्बन्धित निकायसँग जानकारी गराएको।<br>• अवैध रुपमा जफत सामग्रीहरुको उचित व्यवस्थापन र प्रयोगका बारेमा सम्बन्धित निकायमा जानकारी गराएको। |
| ५ | २०८१/१२/१४ | इलाका प्रहरी कार्यालय, विराटनगर | चेकजाँच सम्बन्धमा भएका गतिविधि जानकारी लिन | • चेकपासका सम्बन्धमा आएका समस्या उपर सम्बन्धित कर्मचारीसँग छलफल गरियो।<br>• महिला जनशक्तिको अवस्था र कार्यवातावरणका लागि जानकारी लिइएको।<br>• लागुपदार्थ र बेचबिखनमा संलग्न व्यक्तिको पहिचानको तौरतरिकाका बारेमा जानकारी लिएको। | • संघ संस्थाका क्रियाकलापमा पनि अनुगमन आवश्यक भएकोले सम्बन्धित निकायमा सिफारिस गरिएको।<br>• महिला कर्मचारीलाई मर्यादित व्यवहार तथा प्राविधिक सिपका लागि निरन्तर तालिम सिप विकास गर्नुपर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २०८१/१२/१४ | एकद्वार संकट व्यवस्थापन केन्द्र, कोशी अस्पताल विराटनगर (OCMC) | एकद्वार संकट व्यवस्थापन केन्द्रबाट प्रदान हुने निःशुल्क एकीकृत सेवासम्बन्धी विषय जानकारी लिन | • न्यूनतम मापदण्ड पूरा भएकोमा खुशी व्यक्त गरियो। घरेलु हिंसाका घटना सबैभन्दा धेरै हुने गरेको तथ्याङ्कबाट देखिएकोले आयोगको ११४५ मा समेत जोडिएर काम गर्न सकिने सल्लाह दिएको।<br>• डि.एच.एस. टुल्समा डाटा इन्ट्री सिस्टम राखिएको हुनाले तथ्यांक जुनसुकै बेला पनि हेर्न र लिन सकिन्छ तर समय समयमा प्रविधिको परिवर्तनले समस्या हुने विषयको जानकारी लिएको।<br>• स्रोत र साधनको राम्रो व्यवस्था भएतापनि भारतबाट समेत निःशुल्क सेवा पाइने भएकोले व्यवस्थापन गर्न जोखिम रहेको।<br>• गैरसरकारी संघसंस्था प्रदेश सरकार स्थानीय तहको प्रभावकारी समन्वय साथ र सहयोग भएको जानकारीमा सबैलाई धन्यवाद दिएको। | • दरबन्दी वृद्धी गर्न।<br>विपन्न वर्ग र लैंङ्गिक हिंसा पीडित महिलाको बिमा गर्ने कार्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नीतिगत सिफारिसका लागि सुझाव दिएको<br>• आयोगको खबर गरौ ११४५ हेल्पलाईन सेवासँग एकद्वार संकट व्यवस्थापन केन्द्रको सिधा सम्पर्क र निरन्तर समन्वय विकास गर्न आयोगमा जानकारी गराइएको। |
| ७ | २०८१/१२/१४ | नेपाल ग्रामीण विकास समाज केन्द्र, विराटनगर | असाहाय असक्त परित्यक्त लगायतका ज्येष्ठ नागरिकहरुका लागि स्वास्थ्य तथा | • भवनमा ब्रह्मज्ञानी बिश्रामय र ज्येष्ठ नागरिकहरुका लागी निःशुल्क फिजियोथेरापी सेवा संचालनमा रहेको विषयमा जानकारी लिएको। | • महिला ज्येष्ठ नागरिक हरुका सवालमा विशेष व्यवस्था गरिनुपर्ने र आयोगले वार्षिक कार्यक्रममा समावेश गरिनुपर्ने।<br>• बढ्दो ज्येष्ठ उमेरलाई उर्जाशिल र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मानसिक स्वाथ्यका विषयहरु जानकारीहरु लिन | • ज्येष्ठ नागरिकहरुले भोगेको जीवनको अनुभूति र अनुभवहरु सुन्दै सुनाउदै, भजन किर्तनमा सहभागी भै मनोरन्ज्न अवको समयमा भन्ने विषयमा प्रवचन दिएको र लिएको<br>• बिपन्न र पछाडि पारिएका नागरिकहरुको सामाजिक, आर्थिक रुपान्तरणका लागि विभिन्न जीवनपयोगी सिप, सचेतना र अन्तर्क्रियात्मक कार्यक्रमहरुको संचालनमा समेत निरन्तरता दिईरहेकोमा यसलाई वृद्धि गर्न सुझाव दिएको। | सक्रिय बनाउन सबै पक्षले विशेष पहल गर्न नीतिगत सुझाव। |
| ८ | २०८ १/१२ /१४ | विराटेश्वर वृद्धाश्रम सेवा समिति, विराटनगर | विशेष गरी ज्येष्ठ नागरिकहरुको मर्यादित जीवन स्वास्थ्य लगायत सरोकारका विषयमा छलफल गरियो। | • संरक्षणमा रहनुभएका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सरसफाई खानपान लगायतका विषयमा जानकारी लिएको<br>• स्वास्थ्यजनित समस्यामा कम्मर ढाँड हात खुट्टा बढी दुख्ने जानकारी भएकोले स्वास्थ्यसस्थासँग सामाजिक सेवा एकाइ शाखामा समन्वय गर्न र अस्पातको अस्पताल प्रमुखसँग समस्या संबोधनका लागि पहल गर्ने जानकारी दिएको | • स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई यी विषय संबोधन गर्न नीतिगत सुझाव दिएको<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ज्येष्ठ नागरिक महासंघसँग समस्या भएको विषय बहुसरोकार समन्वय बैठकमा राखी निकास खोजिने योजना रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • ज्येष्ठ उमेरलाई उर्जाशील र संक्रिय बनाउन सम्बन्धित स्थानीय तहसँग समन्वय गरी योग, ध्यान, कसरत, दिवा मिलन केन्द्रहरुसँग समन्वय गर्न अनुरोध गरियो | |
| ९ | २०८१/१२/१४ | जिल्ला प्रशासन कार्यालय, मोरङ | बालिका किशोरी र महिलाहरुको हिंसाको अवस्था र कार्यलयबाट भएका प्रयास सम्बन्धी विषय जानकारी लिन | • जिल्लामा घरेलु हिंसा, लागुऔषध प्रयोग, जवरजस्तीकरणी र आत्महत्याका घटनाहरु घट्ने गरेको जानकारी भएको।<br>• हिंसाका घटना रोकथाम गर्न योग तथा ध्यान र उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गरेको तर सोचे जति उपलब्धि प्राप्त हुन नसकेको समस्या पहिचान भएको<br>• एकद्वार संकट व्यवस्थापन केन्द्रको समन्वय बैठकको अवस्था सम्बन्धमा जानकारी लिएको | • पीडित प्रभावितहरुलाई निःशुल्क कानुनी सहायताका लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय भएको<br>• मनोपरामर्श सेवा र संरक्षणका सवालमा खबर गरौ ११४५ मा जोड्न थालिएको।<br>• नागरिकता बच्चाको जन्मदर्ता लगायतका समस्या संबोधनका लागि सम्बन्धित मन्त्रालय निकायमा नीतिगत सिफारिस गरिएको। |
| **झापा जिल्लामा गरिएको अनुगमन:** | | | | | |
| १० | २०८१/१२/१५ | आफन्त नेपाल, माइती नेपाल, नव अभियान नेपाल, साना हातहरु गैरसरकारी संघसंस्थाको अनुगमन | मानव बेचविखन तथा ओसारपसारका विषयमा यी संस्थाहरुबाट भएगरेका काम कार्वाही र प्रकृयाका बारेमा जानकारी लिन। | • जिल्ला प्रशासन कार्यालय भन्सार कार्यालय इलाका प्रहरी कार्यालयहरुसँग समन्वय र सहकार्य गरी सामाजिक कार्यगर्न सुझाव दिएको। | • आयोगमा यी विषयवस्तु संबोधनका लागि पहल गर्नुपर्ने कुरामा छलफल गरिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | २०८१/१२/१५ | एकद्धार संकट व्यवस्थापन केन्द्र, प्रादेशिक अस्पताल भद्रपुर (OCMC) | भौतिक संरचना आन्तरिक व्यवस्थापन तथा लैङ्गिक हिंसाका स्वरुपहरुका बारेमा जानकारी लिन। | • अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना तथा संचालन निर्देशिका, २०७७ अनुसारको मापदण्डले राखेको प्रावधान अनुसार भएको देखियो र सरसफाईमा ध्यान दिनुपर्ने विषयमा निर्देशन गरियो।<br>• अनलाइन रेकर्डिङ्ग र रिपोटिङ्ग प्रणालीका बारेमा सहजकर्तासंगै बसेर जानकारी लिएको।<br>• गुनासो समाधानका लागि सम्बन्धित मन्त्रालय निकायमा जानकारी गराउने प्रतिवद्धता राखिएको। | • दरबन्दी थप गरिनुपर्ने। कम्तीमा २ जना कर्मचारी हुनुपर्ने विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा नीतिगत सिफारिस भएको।<br>• विपन्न वर्ग र लैंङ्गिक हिंसा पीडित महिलाको बिमा गर्ने कार्यमा सहजीकरण गर्न स्वास्थ्य मन्त्रालयका जेसी शाखा प्रमुखलाई टेलीफोन मार्फत जानकारी दिएको। |
| १२ | २०८१/१२/१५ | भद्रपुर भन्सार कार्यालय, भद्रपुर झापा | भंसारमा महिलाहरुलाई गरिने व्यवहार र खानतलासीसम्बन्धमा गरिने व्यवहारका बारेमा जानकारी लिने | • व्यवस्थित र मर्यादित वातावरणका लागि भौतिक संरचना बोली व्यवहारलाई महिलामैत्री बनाउन जोड दिनुपर्ने सुझाव दिएको | • आयोगमा नीति योजना तथा कार्यक्रम तय गरिदा यस्ता मुद्दाहरुको संबोधन हुने गरी राखिनुपर्ने |
| १३ | २०८१/१२/१५ | भद्रपुर कारागार कार्यालय | विभिन्न प्रकारका कार्यबाट कानुनी सजाय भोगिरहेका किशोरी तथा महिलाहरुको जेल जीवनको अवस्था | • कारागारमा कति जना पुरुष र महिला राखिएको छ उनीहरुको वास्तविक अवस्था र जेलबाट सजाय भुक्तानिको समय र जेलमा रहनुपर्ने कारणका बारेमा जानकारी लिएको<br>• १५०० पुरुष र १०० जना | • गृह मन्त्रालयमा देखिएका समस्या संबोधनका लागि विभिन्न सरोकारवालाको छलफलमा यी विषयले प्राथमिकता पाएको<br>• नीतिगत सुझावहरु कार्यान्वयनका लागि पठाईएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जानकारी लिने उद्देश्यले अनुगमन गरिएको। | महिला रहेको पाईयो।<br>• एउटै रुममा धेरै कैदीबन्दीलाई | |
| १४ | २०८१/१२/१५ | जिल्ला प्रशासन कार्यालय, भद्रपुर झापा | जिल्लाभित्र महिला किशोरी र बालिकाहरुको हिंसा, विभेद र दुर्व्यवहार सम्बन्धी मुद्दाका बारेमा र एकद्वार संकट व्यवस्थापन केन्द्रको समन्वात्मक बैठकका विषयहरुमा जानकारी लिन। | • लागुपदार्थ ओसार पसारमा महिलाको संख्या बढी रहेको जानकारी भयो। नागरिकताको समस्या रहेको र नबनाइदिने विषयमा हिंसा दुर्व्यवहार हुने गरेको जानकारी भयो।<br>• एकद्वार संकट व्यवस्थापन केन्द्रको बैठक नियमित रुपमा हुने गरेको र पछिल्लो समयमा बालिकामाथि बालकहरुले गर्ने हिंसा को संख्या बढेको जानकारी भयो। एकद्वार संकट व्यवस्थापन केन्द्रले गर्दा हाम्रो कार्यबोझ र महिलामाथि हुने हिंसा व्यवस्थापनमा कार्यबोझ घटेको व्यवस्थापन राम्रो हुने गरेको जानकारी पाएको। | • खुला बोर्डर र हाम्रो सामाजिक सुरक्षामा भएका विशेष प्रावधानका कारण भारतीय नागरिकहरुको हिंसा विभेद र सेवामा संलग्न रहनुपर्ने विषयलाई सम्बन्धित निकाय गृह मन्त्रालय र प्रधानमन्त्रि तथा मन्त्रीपरिषदको कार्यालयलाई यी विषय संबोधनका लागि नीतिगत सिफारिस पठाएको। |
| १५ | २०८१/१२/२६ | धनगढी नगरपालिका | लैङ्गिक न्यायका सवालमा न्यायिक समितिको भूमिका असल अभ्यास, समस्या र चुनौतीका विषयमा अनुगमन। | • न्यायिक सपादनमा कानुनी सल्लाहका र कानुन विषयका विज्ञ र कर्मचारी नभएको विषयमा छलफल भयो<br>• कानुनी अधिकार, आर्थिक सशक्तीकरण र समाजमा भएका | • कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा न्यायिक समितिका लागि सबै नभएका स्थानीय तहहरुमा कर्मचारीको व्यवस्थापन यथाशिघ्र गराउने भनी आयोगमा छलफल गरी नीतिगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हानिकारक अभ्यासको अन्त्यका लागि घरदैलोमा सेवा दिएको भन्ने नगर उपप्रमुख र नगर प्रमुखको जानकारीले खुशी लागेको<br>• आयोगले प्रदेशमा कार्यालय किन खोल्न नसकेको र कानुनी जनशक्ति विषयमा पहल गरिदिनुपर्ने अपेक्षा रहेकोमा पहल गर्न सकिन्छ भन्ने धारणा राखेको<br>• निःशुलक सहायता नम्बर ११४५ ले स्थानीय तहसम्म काम गर्न नसकेकोमा कसरी गराउन सकिन्छ भन्ने विषयमा गहन छलफल भएको | सिफारिस गरिएको<br>• ११४५को सेवा विस्तारको लागि आयोगको बैठकमा एजेण्डा राखी छलफल भएको |
| १६ | २०८१/१२/२६ | मुख्यमन्त्रीको कार्यालय, धनगढी | लैङ्गिक न्याय प्रवर्द्धनका लागि सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहका न्यायिक समितिका पदाधिकारीसँग असल अभ्यास, समस्या चुनौती र आगामी दिनमा आयोगसँगको समन्वय सहकार्यका लागि सुझाव कार्यक्रम | • मुख्यमन्त्री मुख्य सचिव र कानुनका सचिवसँग कार्यक्रम संचालनका बारेमा जानकारी गराएको र पृष्ठपोषण लिएको।<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट न्यायिक समितले गरेका कार्यहरुको अनुगमन तथा आवश्यक सहयोग समन्वयको बारेमा जानकारी लिएको | • |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सञ्चालनको क्रममा समन्वात्मक बैठक गर्न सहजिकरणका लागि | | |
| १७ | २०८१/१२/३० | सुदुरपश्चिम नाका | गौरीफन्टा नाकामा माईती नेपालले मानवबेचबिखन तथा ओसारपसार नियन्त्रणका विषयमा जानकी लिने उद्देश्यले अनुगमन गरिएको। | • माथि उल्लिखित अन्य नाकाहरुमा गरिएको अनुगमनकै मुद्दा/विषयहरु पाइएको<br>• साथै वेचविखनमा परेका हुन/हैन्न भन्ने प्रष्ट तथ्यको जानकारी नहुने मुख्य समस्या देखियो। | आयोगमा खुला सिमानमा सचेतनामुलक कार्यक्रम र सनदेश प्रवाह गर्न सुझाव दिएको। |
| **हेटौडा, बारा र पर्सा जिल्लामा गरिएको अनुगमनः** | | | | | |
| १७ | २०८२/०२/१८ | विरगञ्ज नाका | माथि उल्लेखित अन्य नाकाहरुमा गरिएको अनुगमनकै प्रकृया अवलम्बन गरिएको | • अन्य नाकामा देखिएकै समस्याहरु प्रायःसबैतिरका नाका/बोर्डरमा देखिएको | • समस्याको समाधानका पहलहरु एकीकृत रुपमा संबोधन गर्ने प्रयास भएको |
| १८ | २०८२/०२/१९ | बिश्रामपुर गाउँपालिका, बारा | गाउँपालिकाको न्यायिक समितिमा आउने उजूरीहरुको बारेमा जानकारी लिन। | • गाउँपालिकामा विभिन्न समयमा खेतीपाती लगाउँदा खेतला कामदारहरु जो खेतका आलीबाट वारीपारी गर्ने छोरीचेलीलाई जवरजस्ती लिएर जाने र गर्भवती वा बच्चा भएपछि उक्त महिलाहरुलाई छोडिदिने गरेकाले धेरै कठिन भएको | • कृषि तथा सहकारी मन्त्रालयलाई नीतिगत सुझावको लागि सिफारिस गर्न सुझाव दिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भन्ने जानकारी प्राप्त भयो।<br>• गाउँ पालिका अध्यक्ष गाउँपालिका उपाध्यक्ष सँग गम्भीर रुपमा यिनै विषयमा छलफल भयो र खेतीको समयमा गाउँपालिकाले हिंसा विरुद्धका कार्यक्रम संचालनमा जोड दिन सुझाव दिएको। | |
| १९ | २०८२।०२।२२ | जिल्ला प्रहरी कार्यालय, विरगञ्ज पर्सा | लैङ्गिक हिंसा घटनै नदिन प्रहरीले गरेको कार्यहरु तथा पीडित प्रभावितप्रतिको व्यवहार र पिडकको खोजीकार्य र पिडक पत्तालगाउन गरिएका विधिहरुको जानकारी लिन। | • ४४ वर्षीय आफ्नै बाबुबाट विगत ३ बर्षदेखि पटक पटक बलात्कार भइरहेकी एक १८ वर्षीय किशोरी जिल्ला प्रहरी कार्यालयमा वयान लिएको प्रत्यक्ष हेरियो<br>• प्रमाणहरुको संकलन भण्डारन प्रयोगका विषयमा अस्पतालमा रहेका एकद्वार संकट व्यवस्थापन केन्द्रसँगको समन्वय र सहकार्यका सवालमा छलफल गरियो | • कतिपय सवालमा लैङ्गिक हिंसाका घटनाबाट प्राप्त प्रमाण र प्रमाणमा बुझ्न पर्ने अन्य सामग्रीहरुको व्यवस्थापन भएपनि समयमै सम्बन्धित निकायमा पुर्याउन नसक्दा न्यायमा अवरोध भएका विषयलाई संबोधन गर्ने सबै प्रदेशमा विधिविज्ञान प्रयोगशाला को व्यवस्थापन गर्न गराउन सम्बन्धित निकायमा नीतिगत सिफारिस गरिएको। |
| २० | | वाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा, मकवानपुर | माथि उल्लिखित प्रहरी कार्यालयमा उठान गरिएको मुद्दा तथा विषयवस्तुमा जस्तै छलफल गरिएको। | • प्रहरीमा महिलामैत्री बन्न र महिलाका हिंसाका विषयमा संवेदनशिल बन्दै पीडितका न्यायका लागि अघि बढ्न कुनै राजनैतिक दवाव भन्दा माथि उठेर र न्याय सम्पादनमा ध्यान दिन जोड दिएको | • मानव बेचविखन अनुसन्धान व्यूरो र गृह मन्त्रालयसँग समन्वात्मक बैठकमा सहभागिसहित छलफल राख्ने योजना रहेको।<br>• संवेदनशिल विषय संबोधनका लागि सम्बन्धित मन्त्रालय/निकायमा नीतिगत सुझाव दिएको। |

| सर्लाही, धनुषा र सिरहा जिल्लामा गरिएको अनुगमन: | | | | | |
|---|---|---|---|---|---|
| २१ | २०८२/०३/११ | जिल्ला प्रशासन कार्यालय, सर्लाही | कार्यालयको भवन परिषदको अवस्था सेवा प्रवाह र सेवामा बालिका र महिलाहरुको पहुँच एवं अपाङ्गता भएका महिलाहरुको हक अधिकार सम्बन्धमा जानकारी लिन। | • प्रशासनका सम्बन्धित कर्मचारीलाई विशेष गरी महिलाहरुको हिंसा विभेद र दुर्व्यवहारका समस्याहरु लिएर आउनेमा घरेलु हिंसा दाइजोका कारण भए नभएको जानकारी लिने।<br>• वालबिबाहमा नेता, वडाध्यक्ष नै सहभागिता हुने र प्रशासनलाई जानकारी नै नहुने भन्ने जानकारी भयो। | • दहेज व्यवस्थापनमा रुपान्तरणकारी कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सुझाव दिएको। |
| २२ | २०८२/०३/१२ | जिल्ला प्रहरी कार्यालय, मलंगवा सर्लाही | महिला हिंसा मानव ओसारपसार तथा खुला नाकामा हुने अवैध गतिविधिहरुको समसामयिक जानकारी लिन। | • विदेश गएका र अलपत्र परेका महिलालाई ल्याएर व्यवस्थापन गर्न समस्या भएको।<br>• प्रहरीहरुको दरवन्दी कम भएकोले उहाँहरुलाई Empowerment गर्नुपर्ने र राज्यवाट दिनुपर्ने विभिन्न तालिमहरु हुनु पर्ने।<br>• वालबिबाहमा नेता, वडाध्यक्ष नै सहभागिता हुने र प्रहरीलाई नै जानकारी नहुने हुँदा कारवाही गर्न गाह्रो भएको भन्ने जानकारी भयो।<br>• लागुपदार्थ ओसार पसारमा महिलाको संख्या बढी रहेको जानकारी भयो।<br>• स्रोत र साधनको कमीले गर्दा वृहतरुपमा कार्यक्रम संचालन गर्न कठीनाइ भएको। | • बालबिबाह विरुद्ध जिम्मेवार निकायहरुबिच निरन्तर वहस र पैरवीका लागि आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्न सुझाव दिएको।<br>• जेलमा रहेका किशोरी तथा महिलाहरुलाई लक्षित गरी आगामी वर्षमा कार्यक्रम राख्न सुझाव दिएको। |

## ८.३ माननीय सदस्य श्री विद्या कुमारी सिन्हाको नेतृत्वमा आ.व. २०८१/०८२ मा भएको अनुगमनको विवरण:

| क्र. सं. | अनुगमन मिति | अनुगमन स्थान | अनुगमनको सन्दर्भ /विषय | अनुगमनमा देखिएका विषय | आयोगबाट भएको पहल |
|---|---|---|---|---|---|
| १ | २०८१/चैत्र २० | हरिवन नगरपालिका सर्लाही | -मेलमिलाप समितिका पदाधिकारीहरुसँग लैङ्गिक हिंसाका विषयमा छलफल तथा अन्तर्क्रिया टिकटिकका कारण विवाद झैझगडा हुने घरेलु हिंसाका विविध विषय र लैङ्गिक उत्तरदायी बजेट विषयमा छलफल | -सामाजिक संजाल, टिकटकका कारण विवाद, झैझगडाका उजुरी बढी आउने भन्ने विषयमा नगर उपप्रमुखसँग बसी समाधानका उपाय खोजिएको<br>-घरमा पतिले जाड रक्सी खाएर श्रीमतीलाई पिटने गरेकोले जाड रक्सी खानेलाई सजाय दिन र पीडितलाई न्याय प्रदान गर्न नगरपालिकाले विशेष पहल गर्दैगरेको भन्ने जानकारी पाएको।<br>-बलात्कारका मुद्दाहरु फौजदारी अदालतमा जाने गरेको र न्यायिक समितिलाई छलफलमा राख्ने गरेको विषयमा जानकारी भयो।<br>-महिलाहरुको सवाल संबोधनका लागि योजना बजेट कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको विषयलाई लैङ्गिक उत्तरदायी बजेट प्रभावकारी रुपमा कार्यान्वयन गराउन पहल गर्नुपर्ने देखियो। | -लैङ्गिक हिंसामा परेका महिलालाई मनोसामाजिक परामर्श दिने कामका लागि आयोगले पहल गर्ने सुझाव।<br>-महिलालाई आत्मनिर्भर र सक्षम गराउन विभिन्न तालिम प्रदान गर्ने लैङ्गिक उत्तरदायी बजेट प्रभावकारी रुपमा कार्यान्वयन गर्न सुझाव।<br>-न्यायबाट बंचित महिलालाई न्यायमा पहुँचको लागि सहज वातावरण गराउन मेलमिलाप कर्तालाई कानुन को प्रचार प्रसार गर्न नीतिगत रुपमा सिफारिस गर्न सुझाव। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०८१/चैत्र/१६ | जिल्ला प्रहरी कार्यालय सर्लाही | लैङ्गिक हिंसाको विविध सवालहरुमा छलफल गर्न। | - महिलाहरु प्रहरी कार्यालयमा उजुरी गर्न आफ्ना गुनासो सुनाउन आउने गरेको जानकारी भयो<br>-कारागारमा मानव ओसारपसार तथा जाली नोटमा दुई युवतीहरु रहेको भन्ने विषयलाई लिएर प्रहरीसँग ठगी जालसाजीका विषयमा सन्देश प्रवाह गर्न जोड दिएको<br>-जिल्ला प्रहरी कार्यालयमा लैङ्गिक हिंसा निवारण कोष खडा गर्नुपर्ने विषयमा छलफल भएको | -सम्बन्धित निकायमा नीतिगत सिफारिस गर्न सुझाव दिएको।<br>-कोष खडा गर्ने विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय गर्ने योजना रहेको। |
| ३ | २०८१/ चैत्र/१७ | जिल्ला प्रशासन कार्यालय, सिराहा | महिला अधिकारको क्षेत्रमा कार्य गर्ने सरकारी एकद्वार संकट व्यवस्थापन केन्द्र र गैरसरकारी संस्थासँग प्रशासनले के कसरी काम कार्वाही गरेको छ सो विषयमा जानकारी लिन। | -महिला हिंसाबाट पीडित कार्यालयमा आउन अवरोध सृजना हुने र अस्पतालले पीडितको उद्धार गर्न बजेट कार्यान्वयन गर्न प्रक्रियामा झन्झटिलो भएको भन्ने जानकारी भएको<br>-एकद्वार संकट व्यवस्थापन केन्द्रमा महिनामा २५/३० वटा सम्म मुद्दा दर्ता हुने गरेको<br>-बलात्कार सामूहिक बलात्कारका घटना जिल्लामा बढी रहेकोले न्याय दिन कठिनाई देखिएको<br>-बाल बिबाह प्रेम बिबाह अन्तरजातीय बिबाहको विवादले सामाजिक विशृङ्खलामा खलल पुगेको जानकारी भएको<br>-आमा बुवा नभएका टुहुरा बालबालिका | -सामुहिक बलात्कारका मुद्दालाई कानुनी परामर्श तथा कानुनी सहायता दिन सम्बन्धित शाखामा पहल गरेको।<br>-किशोरी शिक्षा सचेतनामूलक कार्यक्रम संचालन गरी बाल बिबाहको बारेमा चेतना जगाउन निर्देशन तथा सम्बन्धित निकायमा नीतिगत सिफारिसका लागि सुझाव दिएको।<br>-मुस्लिम महिलालाई शिक्षामा पहुँच र क्षमता विकास /अवसर प्रदान गर्न नीतिगत सुझाव दिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नागरिकता लिदा मुचुल्कामा साक्षी बसिदिन छिमेकी नमान्ने र नागरिकताबाट बालिका बंचित रहेको जानकारी पाएको<br>-अनौपचारिक क्षेत्र श्रम क्षेत्रमा एकै किसिमको काममा तलबमा भिन्नता र यौन शोषण हुने गरेको<br>- वैदेशिक रोजगारबाट फर्केका हिंसामा परेका महिलालाई सरकारी निकाय र समाजले गर्ने अपहेलित व्यवहारले गर्दा पीडित महिलाले आफ्नो वास्तविक समस्या भन्न नसकी मानसिक रोगी बन्ने गरेको। | -सामुदायिक सचेतनामूलक कार्यक्रम संचालन गरी महिला हिंसा न्यूनीकरणमा जोड दिनु पर्ने सुझाव दिईएको। |
| ४ | २०८१/चैत्र/१७ | जिल्ला अदालत कार्यालय सिरहा | लैङ्गिक हिंसा पीडितको न्यायमा पहुँचको अवस्थाको बारेमा जानकारी लिन। | माना चामल सम्बन्ध विच्छेदसँग जोडिने घरेलु हिंसा बढी दर्ता हुने गरेको जानकारी भयो<br>-सम्बन्ध विच्छेद र मेलमिलाप लागि बढी मुद्दा आउने गरेको जानकारी भयो। | -सम्बन्ध विच्छेदका मुद्दाहरु बढन नदिन मिलापत्र गराउन जोड दिएको।<br>मिलापत्र सम्बन्धमा उजुरी तथा मुद्दा व्यवस्थापन शाखालाई लक्षित गरी तालिम सिप र क्षमता विकास गराउन सुझाव दिएको।<br>-सम्बन्ध विच्छेदका कारणबाट बालबालिका ज्येष्ठ नागरिकहरुको रेखदेख स्याहार संरक्षणमा कमी रहन सक्ने भएको। |
| ५ | २०८१/चैत्र/१७ | सिरहा नगरपालिका | लैङ्गिक हिंसा पीडीतको न्यायमा पहुँचको अवस्था | -न्यायिक समितिमा जग्गामा विवाद भएका उजुरी धेरै आउने गरेको बाटो र आली | संङ्घबाट सशर्त अनुदानका लागि जाने गरेको लैङ्गिक हिंसा निवारण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बारेमा जानकारी लिन। | सम्बन्धी पनि उजुरी आउने गरेको<br>-घरेलु साना- साना विवाद घरायसी परिवार सम्बन्धी विवाद मेलमिलापको माध्यमबाट समाधान गर्ने गरेको<br>-विदेशबाट फिर्ता भएका महिलालाई सिप जानेकोलाई सिपको प्रयोग गर्न सहयोग गरेको<br>-न्यायिक समितिमा राजनीतिक भागबन्डाका कारण न्याय प्रवाहित भएको<br>-संङ्घबाट सशर्त अनुदानका लागि जाने गरेको लैङ्गिक हिंसा निवारण कोषको बजेट कम रहेको। | कोषको बजेट कम रहेको सम्बन्धमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई जानकारी गराएको। |
| ६. | २०८१/चैत्र/१८ | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय धनुषा, प्रदेश प्रमुखको कार्यलय धनुषा | महिला हिंसा र महिलाको क्षेत्रमा गर्नुपर्ने सुधारको विषयमा छलफल तथा अन्तर्क्रिया | -मधेश प्रदेश प्रमुख कार्यालयमा मधेश प्रमुखसगँ महिला हिंसामा परेको र जसको न्यूनीकरण गर्न महिलामुखी कार्यक्रममा बजेटलाई प्राथमिकता दिइएको साथै महिलालाई आत्मनिर्भर सक्षम गराई महिला सशक्तीकरणमा जोड दिइएको र अन्धविश्वास, कुसंस्कार जस्ता सामाजिक विकृति हटाउन लागि मधेश प्रदेश लागि रहेको। पिडक महिलालाई कानुनी सहायता सहजीकरण प्रदान गरेको जानकारी भयो।<br>- राष्ट्रिय महिला आयोगले यसै विषयमा गर्दै गरेको काम कारवाहीका बारेमा जानकारी गराएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | २०८१/ चैत्र /१९ | जिल्ला प्रशासन कार्यालय, सर्लाही | जिल्लामा रहेका महिला अधिकारको क्षेत्रमा कार्य गर्ने सरकारी र गैरसरकारी सस्थाहरुसँग महिलाको अवस्था र हिंसाको विषयमा अन्तर्क्रिया र छलफल | -सरकारका नीति कार्यक्रमहरुको बारेमा जानकारी गराउन समूदाय स्तरमा जनचेतना जगाउने। <br>-दलित समूदायमा बालबिबाह बहुबिबाह रहेको जानकारी परास भएको <br>-नेपाल सरकारबाट मधेशी समुदायीक लक्षीत जनचेतनामूलक सन्देश प्रशारण गरिनु पर्ने सुझाव रहेको <br>-लैङ्गिक उत्तरदायी बजेट नछुट्टाएको कारणले महिला सम्बन्धी कार्यक्रम गर्न बजेटको कठिनाई <br>-मानव बेचबिखनको सँग सम्बन्धित विषय भारत र नेपाल सिमाना पर्ने घटना हुँदा भारत र नेपाल सरकारले समन्वय गर्न राष्ट्रिय महिला आयोगलाई सुझाव <br>-होटलहरुमा बालश्रम गरेको र उनीहरुलाई श्रम गर्न नदिदा अभिभावकविहिनलाई पालनपोषणमा सरकारले त्यस्ता बालबालिकालाई के गर्ने भन्ने कुनै स्पष्ट कानुन नरहेकोले बनाउन सुझाव <br>-पहिलो अधिकार बाच्न पाउने हकलाई प्राथमिकता दिने <br>-असल अभिभावकको कमीले गर्दा बालबिबाह गर्ने र आत्महत्या सम्मका घटना बढिरहेको <br>-हिंसा पीडित महिलालाई न्याय कानुनमा | लैङ्गिक समानताका लागि आयोग द्वारा प्रशारण हुने रेडियो र टि.भी को पाक्षिक कार्यक्रममा मधेशी भाषामा विज्ञहरुको सन्देश प्रवाहका लागि सुझाव दिहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ढिलाई नहुन छिटो छरितो गर्न सुझाव दिएको<br>-जन्मदर्ता र बिबाह दर्तामा मुस्लिम महिलालाई कठिनाई रहेको<br>-नेपाल र भारत सिमानामा रहेका महिलाहरुलाई गरिने हिंसालाई न्युनीकरण गर्ने। | |
| ८. | २०८१/चैत्र/१९ | कविलास नगरपालिका कार्यालय सर्लाही | लैङ्गिक हिंसा पीडितको न्यायमा पहुँचको अवस्था बारेमा अध्ययन, अवलोकन | -सम्बन्ध विच्छेद सम्बन्धी उजुरी मेलमिलापबाट गराउने गरेको<br>-५लाख महिलाको पाठेघर उपचारमा बजेट छुट्टाइएको<br>-लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि पहल भएको देखियो<br>-इच्छुक महिलालाई ब्युटिपार्लर सिलाई कटाई सम्बन्धी तालिम दिने गरेको जानकारी भयो।<br>-राष्ट्रिय महिला आयोगले कानुनी सल्लाहकार/जनशक्तिका लागि पहल गरिदनुपर्ने भन्ने सुझाव दिएको। | -कानुनी सहायताका लागि आयोगले सहजीकरण गरेको<br>- कानुनी सल्लाहकारका लागि नीतिगत सिफारिस गरेको। |
| ९. | २०८२/०१/१४ | जिल्ला प्रशासन कार्यालय, मुगु | महिला सुरक्षा र न्यायमा पहुँचको अवस्था हिंसा रोकथाममा जिल्ला प्रहरी कार्यालयको भूमिका, लैङ्गिक हिंसा विरुद्ध एकद्वार संकट(OCMC)व्यवस्थापन | -एकद्वार संकट व्यवस्थापन केन्द्रमा महिला तथा घरेलु हिंसा सम्बन्धी त्यति उजुरीहरु आउने नगरेको कारण गाँउमै मुखिया प्रथा विद्यमान रहेकोले मिलापत्र हुने जानकारी पाएको।<br>-जिल्लामा सुरक्षित आश्रय स्थल नभएको | -न्यायिक समितिसँगको असल अभ्यास समस्या र चुनौती सम्बन्धी विषयमा छलफलमा मुखिया प्रथाका बारेमा प्रष्ट जानकारी लिने र महिला हिंसा घरेलु हिंसाका मुद्दाहरु न्यायिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को केन्द्रको प्रभावकारिताको बारेमा जानकारी लिन। | -कुनै समस्याहरु आए घर-समाजमै मिलाउने गरेको<br>-सानै उमेरमा बिबाह हुदाँ महिलाहरुमा जटिल स्वास्थ्य एवं सामाजिक समस्या निम्तिने गरेको<br>-कतिपय घटनामा न्यायिक समितिले प्राथमिकता नदिई प्रहरी समक्ष नै पठाउने गरेको<br>-पीडितहरुलाई आयोगको हेल्पलाईन सेवा सम्बन्धी जानकारी नभएको भन्ने जानकारी पाएकोमा राष्ट्रिय महिला आयोगको काम कर्तव्य जिम्मेवारी र ११४५ हेल्पलाइन सेवाका बारेमा जानकारी दिएको | समितिमा जोड्न पहल गर्ने योजना रहेको। |
| १० | २०८२/०१/१४ | जिल्ला प्रशासन कार्यालय कालीकोट | महिला सुरक्षा र न्यायमा पहुँचको अवस्था हिंसा रोकथाममा जिल्ला प्रहरी कार्यालयको भूमिका, लैङ्गिक हिंसा विरुद्ध एकद्वार संकट(OCMC) व्यवस्थापन केन्द्रको प्रभावकारिताको बारेमा जानकारी लिन। | -केटाकेटीहरु उमेरै नपुगी भागी बिबाह गरेर भारततिर भाग्ने जानकारि पाएको<br>-पारिवारिक बेमेलका कारण सम्बन्ध विच्छेदका घटनाहर घट्ने जानकारी पाएको<br>-कलिलो उमेरमा बिबाह हुँदा कुपोषणको शिकार हुने एवं महिलाहरुमा जटिल स्वास्थ्य समस्या आउने गरेको पाइयो<br>-सिएसी नामक गैरसरकारी सस्थाले सुरक्षित आश्रयस्थलको व्यवस्थापन गरेको, उक्त संस्था मार्फत पीडित प्रभावितहरुलाई सुविधासम्पन्न अस्पताल सम्म पुन्याउने | सुरक्षित मातृत्व र प्रजननस्वास्थ्य अधिकारका विषयहरु जानकारी गराउन लक्षित कार्यक्रम राख्न सुझाव दिएको।<br>-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारका कार्यक्रम लैजान र एकद्वार संकट व्यवस्थापन केन्द्र मुगुलाई समेत कार्यक्रम संचालन र जानकारी गराउन पहल गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेको।<br>-महिलाको अवस्था अत्यन्त नाजुक। धेरैजसो पुरुषहरु कामको खोजीमा भारततिर जाने हुँदा हरेक कामहरुमा महिलाहरुले नै धान्नुपर्दा कार्यबोझले शारीरिक र मानसिक अवस्था जोखिममा रहेको पाइयो। | |
| ११ | २०८२/०१/१५ | जिल्ला प्रशासन कार्यालय जुम्ला | महिला सुरक्षा र न्यायमा पहुँचको अवस्था हिंसा रोकथाममा जिल्ला प्रहरी कार्यालयको भूमिका, लैङ्गिक हिंसा विरुद्ध एकद्वार संकट(OCMC)ब्यबस्थापन को केन्द्रको प्रभावकारिताको बारेमा जानकारी लिन। | -जिल्ला प्रहरी कार्यालयबाट सिफारिस भइ आएका हिंसा पीडित बालिका तथा महिलाहरुको OCMC मा स्वास्थ्य परीक्षण गर्ने गरेको<br>-जिल्लामा संचालित हिंसा प्रभावितहरुको लागि अल्पकालीन आश्रय सहितको सेवा केन्द्रबाट समेत पीडितहरु सिफारिस भई शारीरिक तथा मानसिक स्वास्थ्य परीक्षण हुने गरेको जानकारी पाएको<br>-OCMC को जानकारी भएपनि कानुनी झन्झट हुने आशंकाले कतिपय हिंसा पीडित ब्यक्तिहरु सेवा लिन अनिच्छुक रहेकोमा निरन्तर चेतना वृद्धि गरी पठाउन प्रउत्नशील रहन सुझाव दिएको<br>-नगरपालिका र गैरसरकारी संस्थाको साझेदारीमा सुरक्षित आश्रयस्थल संचालनमा रहेको।<br>-जिल्लामा संचालित हिंसा प्रभावित | एकद्वार संकट व्यवस्थापन केन्द्र मुगुलाई लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गर्न सल्लाह दिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ब्यक्तिहरुको लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्रबाट समेत पीडितहरु सिफारिस भई शारीरिक तथा मानसिक स्वास्थ्य परीक्षण हुने गरेको जानकारी पाएको | |
| १२ | २०८२/०३/१० | जिल्ला प्रशासन कार्यालय ईलाम | महिला तथा लैङ्गिक हिंसासँग सम्बन्धित उजुरीहरुका बारेमा जानकारी लिन। | -महिलाहरुले समाज परिवार र प्रतिष्ठाको कारण आफ्नो आवाज उठाउन नसक्ने अदृश्य हिंसाको शिकार हुने गरेको जानकारी पाएको<br>-लैङ्गिक हिंसा व्यवस्थापनका लागि क्षतिपूर्ति सहितको न्यायका लागि पिडकलाई कानुनी दायरामा मात्र नभई समाजिक दण्ड दिनुपर्ने भन्ने आवाज दरो उठेको<br>-श्रमिक महिलाहरु संरक्षण र सूचनाको हकबाट वञ्चित भएको नीतिको प्रभावकारी कार्यान्वयनको अभावले सम्बन्धविच्छेद पछि महिलाहरुको जीवनमा समस्या झन बढने गरेको,<br>-महिलाहरुका लागि परिचयपत्रको अभाव, मदिरा सेवनबाट परिवारमा समस्याका साथै जन्मदर्ता प्रमाणपत्र को समेत समस्याको अवस्थाको जानकारी आयो। | लागुऔषध प्रयोगलाई निवारण गर्न सम्बन्धित मन्त्रालयमा नीतिगत सिफारिस गरेको<br>-परिचयपत्र जन्मदर्ता नागरिकता जस्ता विषयहरुको सहजीकरणका लागि सरोकारवाला बैठक नीतिगत सिफारिसका समयमा जानकारी गराई सहज बनाउन पहल भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | २०८२/०३/१० | रोङ्ग गाउँपालिका इलाम | न्यायिक समितिमा लैङ्गिक न्यायका अवस्था बारे छलफल तथा अन्तर्क्रिया। | - नाबालिकालाई जबरजस्ती करणीमा चेकजाचको रिपोर्ट र प्रहरी को प्रतिबेदनले जघन्य फौजदारी अपराध अन्तर्गतको कसुरलाई कमजोर पार्न खोजेको भनी असन्तुष्टि देखिएको कमजोर प्रतिवेदनले अभियुक्त धरौटीमा बाहिर छुटी निष्फ्रिक्रि घुमिरहेको जानकारी प्राप्त भएको<br>-पालिकामा बहुबिबाह दर्ता नहुने गरेको बिवाहवारी पछिको बच्चाको जन्मदर्तामा समस्या आउने गरेको<br>-बहुबिबाह गर्ने महिलामा मुद्दाको भयत्रास रहेको जानकारी हुन आयो। | न्यायिक समितिसँग समन्वयका लागि कार्यक्रम राख्न सुझाव दिएको।<br>-नीतिगत सिफारिस कार्यान्वयन सहजीकरण बैठकमा यी विषयहरु संबोधनका लागि एजेण्डाको रुपमा प्रस्तुत गरिएको। |
| १४ | २०८२/ ०३/११ | भद्रपुर नगरपालिका, झापा | स्थानीय तहमा महिलाको हक, अधिकार र लैङ्गिक हिंसाको बारेमा हुने गरेका कार्य र प्रयासहरुको बारेमा जानकारी लिन। | -नगरपालिकाले गर्ने गरेको कार्यमा श्रीमतीबाट श्रीमानको अंश छुट्याउनका लागि उजुरी आउने गरेको जानकारी भएको<br>-निःशुल्क मुद्दा लड्नको लागि सिफारिस गर्ने गरेको<br>-कार्यक्रम गर्दा पुरुषको सहभागिता गराउने गरेको जानकारी भएको<br>-मेलमिलाप कार्यान्वयन बारे पक्षलाई बुझाउने गरेको जानकारी भएको<br>- लैङ्गिक उत्तरदायी बजेट कम रहेको जानकारी न्यून रहेकोले सोको बारेमा जानकारी गराएको | महिला र पुरुष समविकास कार्यक्रम विगतमा महिला बालबालिका तथा ज्येष्ठ नागरिकबाट संचालन हुने राम्रो कार्यक्रम भएकोले अहिलेपनि उत्तिकै सान्दर्भिकता रहेको भन्ने विषयलाई कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा जानकारी गराएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | -शिक्षा र ज्ञान विकासका लागि टोल टोलमा महिला पुरुष समविकास कार्यक्रम संचालन गरेको जानकारी प्राप्त भयो। | |
| १५. | २०८२/०३/११ | जिल्ला प्रशासन कार्यालय, झापा र एकद्वार संकट ब्यवस्थापन केन्द्र (OCMC) | महिला तथा लैङ्गिक हिंसासँग सम्बन्धित विषय र उजुरीहरु उपरको काम कारवाही बारे छलफल | -बैदेशिक रोजगारीमा गएका पीडित महिलाहरुको उद्धारका लागि राजदूतावाससँग छलफल गरिदिन सुझाव दिएको<br>-बसाईसराई तथा बैदेशिक रोजगारीमा गएका पुरुष महिलाको कारण बिबाह दर्ता जन्मदर्तामा समस्या भएको जानकारी प्राप्त भएको<br>-बुवाबाट छोरी बलात्कृत हुने गरेकोले बुबाहरुलाई मर्यादित बनाउन विशेष कार्यक्रम ल्याउन सुझाव दिएको<br>- घरेलु हिंसाका घटनामा उजुरी लिएर प्रहरी कार्यालय गएपनि पिडक पक्षको दबावले उजुरी दर्ता नगर्ने प्रवृत्ति रहेको जानकारी पाएको<br>-विद्यालयमा भएको यौनजन्य हिंसालाई शिक्षकबाट ढाकछोप गर्ने कार्य हुने गरेको जानकारी आयो। | बुबालाई विशेष गरी छोरीप्रतिको दायित्व अभिवृद्धिका लागि कार्यक्रम राख्न सुझाव दिएको।<br>पाठ्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथा छोरीहरुको महत्व बढाउनेसम्बन्धी विषय राख्न सम्बन्धित निकायमा नीतिगत सिफारिस गरिएको। |
| १६. | २०८२/०३/२४ | जनकपुरधाम, धनुषा<br>जनकपुर | अनिसा कुमारी सदा झा को रहस्यमय मृत्युको कारण पत्ता लगाउन अनुगमन | -घटनाका सम्बन्धमा जानकारी लिएको<br>पोष्ट मार्टम रिपोर्टमा कुनै प्रभाव र दबावमा नपरी स्वतन्त्र भएर प्रतिवेदन तयार गर्ने | -घटना रहस्यमय भएकोले मृत्यको कारण प्रभावकारी अनुसन्धान एवम तहकीकात |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रादेशिक अस्पताल, मानव अधिकार आयोग, जिल्ला प्रशासन कार्यालय धनुषा निजको माईतिघर, निज कार्यरत फिल्मको डाईरेक्टरलाई समेत भेटघाट गरेको | गरेको साथै मृतकको मृत्युको विषयमा माईतिघर निजले काम गर्ने फिल्मको डाईरेक्टर सँग भेटघाट गरेको | कुरामा जोड दिएको<br>- अनुगमन कै क्रममा प्रदेश मानव अधिकार आयोग, जिल्ला प्रशासन कार्यालय धनुषामा निज अनिसा कुमारी सदा झाको मृत्युका सम्बन्धमा जानकारी लिन गएको। | गर्नुपर्ने प्रतिवेदन आयोगमा पेश गरेको।<br>जनकपुर प्रादेशिक अस्पताललाई पोष्टमार्टम रिपोर्टको सार संक्षेपीकरण उपलब्ध गराउन पत्राचार गरेको।<br>-आत्महत्या गर्ने घटनामा महिला माथि हुने जबरजस्ती बिबाह दाईजो मानसिक यातना<br>आदि विषयमा जनचेतना अभिवृद्धि गर्न सुझाव दिएको।<br>-मृतक श्रीमान श्रीमती सम्बन्ध पारिवारिक अवस्था तथा संभावित घरेलु हिंसा बारे अनुसन्धान गर्ने |

## ८.४ माननीय सदस्य सावित्रा कुमारी शर्माबाट आ.वा.२०८१/८२ मा भएको अनुगमनको विवरण

| क्रम संख्या | मिति | अनुगमन गरिएको स्थान | अनुगमनको विषय /सन्दर्भ | अनुगमनमै गरिएको प्रयास | आयोग बाट भएको पहल |
|---|---|---|---|---|---|
| १. | २०८१/०७/२६ | यशोधारा गाउँपालिका, कपिलवस्तु | गाउँपालिको कार्यालयबाट न्यायिक समितिका पदाधिकारीको न्याय सम्पादनको क्रममा देखिएका समस्या चुनौती तथा असल अभ्यास तथा लैङ्गिक न्यायको विद्यमान अवस्थाको जानकारी लिन। | लैङ्गिक न्यायका सम्बन्धमा न्यायिक समितिले गरेका असल अभ्यास र चुनौतीका बारेमा जानकारी लिएको तथा चुनौतीको समाधानका लागि आयोगले गर्नसक्ने सहयोग गर्ने प्रतिवद्धता रहेको | -आयोगबाट उजुरीका बारे बुझ्न अनुगमन टोली खटीएको।<br>-जिल्ला अस्पतालमा भएका एकद्वार संकट व्यवस्थापन केन्द्रका सहजकर्तासँग सहयोगका लागि र प्रशासन कार्यालय कपिलवस्तुमा समन्वय/ सहजीकरण गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | २०८१/०७/२६ | कपिलवस्तु जिल्ला बाणगंगा नगरपालिका | घरेलु हिंसा तथा बालिका र महिलामा हुने हानीकारक अभ्यासका कारण भएका हिंसासम्बन्धी उजुरीबारे जानकारी तथा न्यायिक समितिको भूमिका विषयमा जानकारी लिने | घरेलु हिंसाका प्रकार तथा यसको निवारणका लागि न्यायिक समिति तथा अन्य सरोकारवालासँग बसी जानकारी लिएको न्यायिक समितिमा कानुनी सल्लाहकारको जनशक्ति अभावका विषयमा आयोगले संबोधनका लागि नीतिगत सिफारिस गरी पहल गर्ने आश्वसन दिएको<br>न्यायिक समितिका पदाधिकारीले महिलाका हक अधिकारका विषयमा प्रमुखहरुले खासै चासो नदिने तर न्यायसम्पादनको क्रममा यसो गर्नु त्यसो गर्नुभनी हस्तक्षेप गर्ने गरेको गुनासा आएको विषयमा आयोगको बैठकमा राखी समन्वय गर्ने जानकारी गराएको | सरोकारवालासँग समन्वय सहजीकरण एव न्यायिक समितिसँगको स्वीकृत कार्यक्रम संचालन गरिदा यी विषयका बारेमा जानकारी लिने तथा नीतिगत सिफारिसका लागि सम्बन्धित निकायमा पठाइएको। |
| ३. | २०८ १/०८ /१३ | श्री जनज्योती माध्यामिक विद्यालय लालबन्दी सर्लाही | विद्यालयको वस्तुस्थिति शौचालय तथा महिनावारी व्यवस्थापनका सामग्री एवं प्रयोग भएका सामग्रीहरुको उचित व्यवस्थापनका विषयमा जानकारी लिने | किशोरीमैत्री अध्ययन अध्यापनका लागि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारका विषयहरु अध्यापन गराउँदा खुलेर बुझ्नेगरी अध्यापन गराउने वातावरण हुनुपर्ने विषयमा जोड दिएको।<br>महिनावारीका कारण किशोरीहरुले कक्षा छोड्ने विषय नबनाउन प्याड शौचालय र स्वच्छ पानीको विद्यालयमा उचित व्यवस्थापन गर्न सुझाव दिएको | . शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारका विषयमा शिक्षकलाई तालिम र सचेतना दिलाउन नीतिगत सिफारिस गरिएको<br>महिनावारी व्यवस्थापनका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | किशोरहरुले महिनावारीको समयमा हेला गर्ने र अमर्यादित व्यवहार नगर्न यस विषयमा अन्तर्क्रिया गराउन प्रमुखलाई सुझाव दिएको। | लागि गुणस्तरीय सामग्री र वातावरणमैत्री सामग्री उत्पादन तथा प्रयोगमा जोडदिन सम्बन्धित निकायमा नीतिगत सिफारिस गरिएको। |
| ४. | २०८१/०८/१४ | बर्दिबास नगरपालिका बर्दिबास, महोत्तरी | न्यायिक समितिको कार्यसम्पादन र महिलाहरु सँग सम्बन्धित हिंसा बारे जानकारी तथा अन्य विविध समस्या बारे जानकारी लिन। | कार्यालयको दैनन्दित कार्य र सँगसंगै न्यायसम्पादनका कार्यमा कार्यबोझ हुने गरेको र कानुनी सल्लाहकार/विज्ञ नभएका कारण लैङ्गिक न्याय ओझेलमा परेको गुनासोलाई प्रदेश सरकार र प्रदेश कानुन विषयक मन्त्रालयसँग समन्वयका लागि पहल गर्ने तथा न्यायिक समितिको अन्तर्क्रिया कार्यक्रममा साझा धारणा लिने र सुझाव दिने जानकारी गराएको | सरोकारवालासँग समन्वय सहजीकरण गरेको।<br>न्यायिक समितिको स्वीकृत कार्यक्रम संचालनका क्रममा अन्य स्थानीय न्यायिक समितिका पदाधिकारिकामाझमा समस्या संबोधनका लागि समस्या राख्ने र साझा धारणा बनाइ नीतिगत सिफारिस गरिएको |
| ५. | २०८१/०८/१४ | महिला पुनःस्थापना केन्द्र ओरेक, धनुषा | पुनःस्थापना केन्द्रको वस्तुस्थिति प्रभावितहरुको अवस्था, पीडित महिलाको अवस्था बारे जानकारी लिन। | ओरेकले विगतैदेखि गरेको उद्धार राहत पुनःस्थापना सशक्तीकरण र सामाजिकीकरणसम्मका सेवाहरुको जानकारी लिएको र महिला आयोगको ११४५ खबर नम्बरको काम कर्तव्यका बारेमा जानकारी दिएको।<br>सामाजिकीकरण सहितको पुर्नमिलनमा | . सरोकारवाला सँग समन्वय सहजीकरण साथै पुनःस्थापना सेवाका लागि ओरेकसँग समन्वय गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अझै यस संस्थाले पहल गरिदिन लगाउने भनियो। | |
| ६. | २०८२/०३/११ | काँस्की, तनहुँ जिल्लाका जिल्ला प्रशासन कार्यालय पुनःस्थापना केन्द्र शुभअवसर ग्राम हेमजा नेपाल, OCMC, पोखरा विद्धाआश्रममा महिलाहरुसँग सरोकार शिक्षा स्वास्थ्य पुनःस्थापना सशक्तीकरणका विषयमा छलफल गरियो | जिल्ला प्रशासन कार्यालय र एकद्वार संकट व्यवस्थापन केन्द्रबिच लैङ्गिक हिंसा व्यवस्थापनमा भएका प्रयास समन्वय समितिको बैठक तथा कार्यक्रममा बजेटको शीर्षकगत बारेमा अन्तर्क्रिया गरियो। एकद्वार संकट व्यवस्थापन केन्द्रमा तोकिएको जनशक्ति न्यून भएकाले २४ सै घण्टा सेवा भनिएतापनि प्रभावकारी बनाउन नसकिएको भन्ने गुनासो रहेको | जिल्ला प्रशासन अधिकारीको गुनासोलाई सम्बन्धित मन्त्रालयमा नीतिगत सुझावका लागि पठाउने जानकारी गराएको।एकद्वार संकट व्यवस्थापन केन्द्र को सेवा प्रभावकारीता सम्बन्धमा सम्बन्धित मन्त्रालयमा सिफारिसका लागि लेखी पठाउने जानकारी गराएको<br>- पोखरा वृद्धाश्रममा ४ जना ज्येष्ठ नागरिकहरु नेपाली नागरिकता पाउन बाट बन्चित भएकाले नियमानुसार नागरिकता उपलब्धका लागि कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई जानकारी सहित चार जना ज्येष्ठ नागरिकहरुको नागरिकताको पहल गरी नागरिकता बनाउन समन्वय गरियो। | -अनुगमनको क्रममा लक्षित तनहुँ र कास्की जिल्लाका महिला बालबालिका किशोरकिशोरी तथा ज्येष्ट नागरिकहरुलाइ न्यायमा पहुँचको लागि संङ्घीय सरकार प्रदेश सरकार र स्थानीय सरकारले आ-आफ्नो तर्फबाट बिशेष पहल गर्नुपर्ने साथै राष्ट्रिय महिला आयोगले सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने आवश्यकता देखिएकोले पहल भयो। |

# परिच्छेद - ९

# उजुरी तथा मुद्दा व्यवस्थापन

## ९.१ उजुरी सम्बन्धी व्यवस्थाः

महिला हक, हित र अधिकारलाई संरक्षण र संवर्द्धन गर्दै महिला सशक्तीकरण गर्न तथा महिला विरुद्ध हुने सबै किसिमका भेदभावलाई निर्मूल गरी लैङ्गिक न्याय सुनिश्चित गर्न सघाउ पुऱ्याउन नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार वि.सं. २०५८ साल फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भएको हो। नेपालको संविधान, २०७२ को भाग २७, धारा २५२, २५३ र २५४ ले राष्ट्रिय महिला आयोगको स्थापना, काम कर्तव्य र अधिकार समेतको व्यवस्था गरेको छ। नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले निर्देशन गरेबमोजिम लैङ्गिक हिंसा नियन्त्रण र रोकथामका लागि आयोगले निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक रणनीति अवलम्बन गर्दै आएको छ। सोही बमोजिम आयोगका विभिन्न चारवटा शाखाबाट आयोगले कार्य सम्पादन गर्दै आएको छ।

नेपालको संविधानले लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने[1], महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने[2] व्यवस्था उल्लेख गरेको देखिन्छ।

महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने[3], महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा कुनै व्यक्ति वा संस्थाले महिला अधिकारको प्रयोग गर्नबाट वञ्चित गरेको विषयमा पीडित व्यक्ति वा निजको तर्फबाट जोसुकैले आयोग समक्ष लिखित वा मौखिक उजुरी दिन सक्ने[4] व्यवस्था उल्लेख गरेको छ।

यसैगरी लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन, [5] लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालिन आवास, पुनःस्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न[6], हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि

---

[1] नेपालको संविधान धारा २५३ को उपधारा (१)(घ)

[2] नेपालको संविधानको धारा २५३ को उपधारा (१) (च)

[3] राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ (छ)

[4] राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ (१)

[5] राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ को (घ)

[6] राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ को (ङ)

सञ्चालित सुरक्षित आश्रयस्थल, आवासगृह, पुनःस्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधारगृहको स्थलगत अनुगमन, निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन सक्ने[7] व्यवस्था गरेको छ।

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ ले व्यवस्था गरेका उल्लिखित काम, कर्तव्य तथा अधिकारको प्रचलनका लागि आयोगका बिभिन्न शाखाहरु मध्ये उजुरी तथा मुद्दा व्यवस्थापन शाखाले निम्नलिखित कार्यहरु गर्दै आएको छ।

## ९.२ राष्ट्रिय महिला आयोगमा आउने उजुरी/निवेदन सुनुवाईः

आयोगको अभिलेखअनुसार आयोगले दैनिक रुपमा टेलिफोन, ईमेल, तथा प्रत्यक्ष रुपमा कार्यालयमा उपस्थित भएका सरदर बीसजना पीडितको समस्या सुनी परामर्श सेवा उपलब्ध गराउने गरेको देखिन्छ। आयोगमा महिलाहरु आफ्ना बिभिन्न किसिमका कानुनी जटिलताहरु लिएर आउने गरेको देखिन्छ। यसरी महिलाहरु आफ्ना समस्या लिएर उपस्थित भएपश्चात आयोगमा कार्यरत रहेका कानुनी तथा मनोसामाजिक परामर्शकर्ताहरुले पीडितको आवश्यकता अनुसार परामर्श सेवा उपलब्ध गराउने गर्दछन्।

महिलाहरुको कानुनी जटिलताको विषयमा आवश्यक गुनासो सुनेपश्चात आयोगको क्षेत्राधिकार भित्रका उजुरीहरु विशेषतः महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको बिषय सम्बन्धका राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ८ को (१) बमोजिमका उजुरीहरु आयोगमा दर्ता गराई थप छानबिन तथा कारवाही गर्ने गर्दछ।[8] यसरी आयोगमा दर्ता भएका उजुरीउपर छानविन गर्दा मुद्दा दायर गर्नुपर्ने देखिएमा त्यस्तो विषयको मुद्दा गर्ने हदम्यादभित्र आयोगले मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने तथा सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्ने व्यवस्था छ [९] भने नेपाल सरकारवादी हुने मुद्दा महान्यायधिवक्ता समक्ष पेश गर्ने व्यवस्था रहेको छ। [१०]

यद्यपि प्रचलित कानुनबमोजिम अन्य कुनै निकायवाट अनुसन्धान भइरहेको वा भइसकेको विषयमा आयोगले छानविन वा कारवाही गर्ने छैन।[11] यसका साथै झूठ्ठा तथा काल्पनिक निवेदन, आयोगको क्षेत्राधिकार भन्दा बाहिरको विषय, अदालतमा विचाराधिन विषय, परिचय नखुलेको आयोगमा सम्पर्कमा नआएको उजुरीकर्ताको उजुरी, सामान्य विषयको उजुरी, आयोगले एकपटक कारवाही गरिसकेको विषय, अन्य कुनै निकायबाट अनुसन्धान भइरहेको वा भइसकेको विषयको उजुरी आयोगले खारेजी वा तामेलीमा राख्न सक्नेछ।[12]

आयोगमा विचाराधिन रहेको उजुरीका सम्बन्धमा पक्षहरुले मेलमिलाप गर्न चाहेमा प्रचलित कानुनबमोजिम मिलापत्र हुनसक्ने विषयमा मेलमिलाप गराइदिन सक्ने[13] व्यवस्था रहेको छ भने आयोगले मिलापत्र हुन

---

7 राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ को (झ)

8 राष्ट्रिय महिला आयोग ऐन २०७४ को दफा ८, ९ र १०

9 राष्ट्रिय महिला आयोग ऐन २०७४ को दफा १३ (१)

10 ऐजन ऐन दफा १३ (१)

11 ऐजन ऐन दफा ११

12 राष्ट्रिय महिला आयोग **नियमावली, २०७८ को नियम १४ उपनियम (१)**

13 राष्ट्रिय महिला आयोग ऐन २०७४ को दफा १४

नसकेका उजुरीका सम्बन्धमा लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानुनी सहायता उपलब्ध गराउन सक्नेछ। [14]

आयोगमा लैङ्गिक हिंसा बिरुद्ध उजुरी दिने उजुरीकर्ताले आफ्नो नाम, थर र ठेगाना गोप्य राख्न चाहेमा निजको विवरण गोप्य राख्नुपर्ने व्यवस्था भएको हुँदा आयोगले उजुरीको कारवाही गर्ने क्रममा पीडितको गोपनियताको ख्याल राखी कारवाही गर्ने गर्दछ।[15] आयोगमा परेको उजुरीको विषयसँग सम्बन्धित कागजातको नक्कल लिन चाहने सरोकारवाला पक्षलाई मिसिल संलग्न कागजातको प्रमाणित प्रतिलिपि उपलब्ध गराइने छ। तर उजुरीकर्ता पीडित र साक्षिको व्यक्तिगत परिचय, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क वा अन्य आवश्यक सूचना कानुनबमोजिम गोप्य रहनेछ[16]।

आयोगमा दर्ता भएको उजुरीको कारवाहीको सिलसिलामा पीडकबाट पीडित वा निजमा आश्रित परिवार वा साक्षिलाई थप हिंसा वा अपराध हुनसक्ने सम्भावना भएमा उजुरीकर्ताले त्यसको पर्याप्त र विश्वसनीय आधार खुलाई आयोग समक्ष निवेदन दिएमा निजहरुको सुरक्षाका लागि नजिकको प्रहरी कार्यालयमा लेखि पठाउनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। [17]

### ९.२.१ आ.व. २०८१/८२ मा आयोगमा प्राप्त भएका जम्मा उजुरी तथा निवेदन सम्बन्धी विवरणः

आयोगमा विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरी तथा निवेदनलाई घरेलु हिंसा, परामर्श सेवा र महिला अधिकार प्रयोग गर्नबाट बञ्चित गरेको सम्बन्धका उजुरी गरी तीन प्रकारका जम्मा १२०२ उजुरी दर्ता भएको देखिन्छ। आयोगको क्षेत्राधिकारभित्र दर्ता भएका ३९८ उजुरीमध्ये ३६५ वटा उजुरीमा दुवै पक्ष विपक्षबीच मेलमिलाप भई पारिवारिक पुर्नमिलन भएको देखिन्छ।




[14] राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम (३) (घ)

[15] राष्ट्रिय महिला आयोग नियमावली नियम (५) को उपनियम (५) )

[16] राष्ट्रिय महिला आयोग नियमावली नियम २० र ३१

[17] राष्ट्रिय महिला आयोग नियमावली नियम २२

### ९.२.२ आयोगमा प्राप्त हुन आएका गुनासो तथा उजुरीको प्रवृत्ति विश्लेषणः

आयोगमा विभिन्न प्रकृतिका समस्या तथा गुनासो लिएर सेवाग्राहीहरु आउने गरेको पाइन्छ। आयोगमा प्राप्त हुन आएका गुनासो तथा उजुरीको पछाडीको विभिन्न कारणहरु हुने गर्छन्। उल्लिखित उजुरी तथा गुनासोहरु मध्ये मुख्यतःदेहायबमोजिमका कारण दोहोरिने प्रवृत्ति देखिन थालेको पाइन्छ।

| क्र.सं | कारण | संङ्ख्या |
|---|---|---|
| १ | लिभ इन टुगेदर (मुख्यतः पीडित अविवाहित रहेको) | ३३ |
| २ | श्रीमानको विवाहेत्तर सम्बन्ध | १८२ |
| ३ | अदालतमा गएको विषय | ७१ |
| ४ | श्रीमान् बैदेशिक रोजगारीमा गई सम्पर्क बिहिन भएको | १०१ |
| ५ | श्रीमती तथा बालबच्चाहरुको रेखदेख हेरविचार तथा जीवनयापनका लागि सहयोग नगरेको | ११७ |
| ६ | नागरिकता बिबाहदर्ता र सन्तानको जन्मदर्ता नगरिदिएको | १२१ |
| ७ | सम्बन्ध विच्छेद, अंश तथा मानाचामलका लागि कानुनी परामर्श तथा सहायता | ८४ |
| ९ | नेपाल सरकार वादि भई चल्ने महिला विरुद्धका कसूर सम्बन्धमा | १० |
| १० | आमालाई सन्तान भेट्न नदिएको | ४ |
| ११ | लेनदेनका विषय | १० |

### ९.२.३ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्धारा प्रदान गरिएका सेवाहरुः

यस आर्थिक बर्षमा परामर्श सेवा, घरेलु हिंसाका उजुरी, निवेदन तथा इमेल/OR समेत गरी आयोगबाट जम्मा १२०२ जना सेवाग्राहीलाई सेवा प्रदान गरेको छ। आयोगको क्षेत्राधिकार भित्रको घरेलु हिंसाका उजुरी एक वर्षमा ३९८ वटा दर्ता भएका छन्। परामर्श सेवा प्रदान गरिएका संख्या सबैभन्दा उच्च ६१५ वटा रहेको छ। आयोगलाई ७४ वटा ठाडो निवेदन प्राप्त भएका छन् भने इमेल/OR बाट ११५ वटा उजुरी दर्ता भएको देखिन्छ। समग्रमा आयोगमा १२०२ वटा उजुरी दर्ता भएका छन्।

| महिना | परामर्श सेवा | घरेलु हिंसा | निवेदन | इमेल/OR |
|---|---|---|---|---|
| श्रावण | ७३ | ५० | ४ | ४ |
| भाद्र | ५३ | ४१ | ११ | ० |
| असोज | २५ | २२ | ८ | १४ |
| कार्तिक | ३२ | ३८ | ६ | १३ |
| मंसिर | ३६ | २९ | ५ | ३ |
| पुष | ४९ | ३१ | ८ | ७ |

| महिना | परामर्श सेवा | घरेलु हिंसा | निवेदन | इमेल/OR |
|---|---|---|---|---|
| माघ | ५२ | २१ | ११ | १९ |
| फागुन | ६० | २२ | ४ | १५ |
| चैत्र | ५७ | ३२ | २ | ९ |
| बैशाख | ५१ | २१ | ७ | १३ |
| जेठ | ५४ | ४१ | ३ | ८ |
| असार | ७३ | ४६ | ५ | ४ |
| जम्मा | ६१५ | ३९८ | ७४ | ११५ |

### ९.२.४ हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु:

आयोगमा दर्ता भएका उजुरीमा हिंसाको प्रकृति बहुआयामिक हुने गरेको देखिन्छ। मानसिक र शारीरिक हिंसाको संख्या बढ्दो क्रममा देखिएतापनि आर्थिक हिंसाको स्वरुप पनि पछिल्लो समय बढेकै छ। उजुरी दर्ताको क्रममा यौनजन्य हिंसाको संख्या न्यून देखिएतापनि दुवै पक्षसँग छलफल गर्दाको क्रममा यौनजन्य हिंसा पनि उत्तिकै हुने गरेको पाइएको छ।




### ९.२.५ आयोगबाट पीडित/प्रभावितलाई प्रदान गरिएका कानुनी तथा मनोसामाजिक परामर्श सेवाको विवरण:

आ.व. ०८१/०८२ मा आयोगमा दर्ता हुन आएका सबै किसिमका उजुरीमध्ये १०९७ जना सेवाग्राहीलाई कानुनी परामर्श सेवा प्रदान गरिएको छ। त्यसै गरी २५३ जना सेवाग्राहीलाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।




## ९.२.६ मनोसामाजिक विमर्श सेवा

### १. परिचय

मनोसामाजिक परामर्श भन्नाले मानसिक र सामाजिक पक्षसँग सम्बन्धित समस्या समाधान गर्न मद्दत गर्न व्यक्तिको व्यवसायिक सेवा कार्य हो। यसमा परामर्शकर्ताले सेवाग्राहीसँग विश्वासपूर्ण र गोप्य तरिकाले संगै बसेर उनीहरुको समस्या, चुनौती र भावनाहरुलाई बुझ्ने र उपयुक्त सहयोग गर्ने गरिन्छ।

### २. कार्य

तनाव, डिप्रेसन वा चिन्ता भएको व्यक्ति सम्बन्ध वा पारिवारिक समस्या भोगेको व्यक्ति, हिंसा दुरुपयोग र आघात भोगेको व्यक्ति, आत्महत्या गर्ने सोच बनाएका व्यक्ति, दीर्घ रोगी, वेरोजगारी समस्या, सामाजिक एक्लोपना जस्ता समस्या भोगेको व्यक्तिलाई मनोसामाजिक परामर्शकर्ताले विधि र प्रकृयामा रहेर दिईन्छ। जसमा सवैभन्दा महत्वपूर्ण पक्ष मनोसामाजिक परामर्शकर्ताले मानसिक समस्यामा रहेका व्यक्तिलाई सुन्ने र बुझ्ने गर्दछन्। भावनात्मक सहयोग दिन्छन्, समाधान खोज्न सहयोग गर्छन्, आत्म विश्वास बढाउँछन् र आवश्यक परे अन्य सेवामा पठाउने कार्य समेत गर्दछन्।

### ३. परामर्शका चरण

**क) प्रारम्भिक चरणः**

१.प्रथम भेटघाट,

२.परिचय आदानप्रदान,

३.उद्देश्य र गोपनीयता बारे जानकारी।

**ख) सम्बन्ध निर्माणको चरणः**

१.विश्वास र सूरक्षित वातावरण सृजना गर्ने,

२.खुला र सजिलो संबादको वातावरण बनाउने,

३.सेवाग्राहीलाई बोल्न सक्ने परिस्थितिको सिर्जना गर्ने।

**ग) समस्या पहिचानः**

१. सेवाग्राहीको समस्या ध्यानपूर्वक सुन्ने,

२. समस्याको प्रकार बुझ्ने (व्यक्तिगत, पारिवारिक, सामाजिक, भावनात्मक),

३. आवश्यकता अनुसार मानिसक समस्याको जड पहिल्याउन अन्य थप प्रश्नहरु सोध्ने र स्पष्ट बनाउने।

**घ) समस्याको विश्लेषण गर्ने**

१. समस्याको कारण, प्रभाव र तिब्रता बुझ्ने,

२. सेवाग्राहीको मानसिक अवश्था, उपलब्ध स्रोत र सहयोग प्रणालीको मूल्याङ्कन गर्ने।

**ङ) योजना बनाउने**

१. सेवाग्रहीसँग मिलेर समस्याको समाधानको बाटो खोज्ने,

२. अल्पकालीन र दीर्घकालीन लक्ष्य बनाउने।

**च) हस्तक्षेपको चरण**

१. तनाव व्यवस्थापन,

२. आत्मविश्वासको विकास,

३. संचार, सिप वा अन्य आवश्यक सहयोग प्रदान गर्ने,

४. व्यावहारिक अभ्यास र गृहकार्य गराउने।

**छ) मूल्याङ्कन र अभ्यासको चरण**

१. अपनाइएको उपायले पीडितलाई परेको प्रभाव वारे विश्लेषण गर्ने,

२. आवश्यकता अनुसार योजना परिमार्जन गर्दै जाने।

**ज) अन्य वा प्रेषणको चरण**

१. लक्ष्य प्राप्त भए परामर्श समाप्त गर्ने,

२. अझै गहिरो वा प्राविधिक उपचारको आवश्यकता भए अन्य विशेषज्ञ वा संस्थामा पठाउने।

## ९.२.७ आयोगबाट पीडित तथा प्रभावितहरुको सेवाका लागि विभिन्न संघ संस्थाहरुमार्फत प्रदान गरिएको सेवाको विवरणः

आयोगले विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी पीडित तथा प्रभावितहरुको व्यवस्थापनको लागि सेवा प्रदान गरेको छ। आफ्नो अधिकारक्षेत्र बाहिरका उजुरी आयोगमा प्राप्त भएका सम्बन्धित निकायमा समन्वय गर्ने गरेको छ। आयोगले पीडित महिलाको लागि तालिकामा उल्लिखित निकायसँग समन्वय निःशुल्क कानुनी सहायता प्रदान गर्ने गरेकोमा यो आ.व. मा ४० जना महिलालाई निःशुल्क कानुनी सहायता प्रदान गरेको छ। पीडितको तत्काल स्वास्थ्योपचारका लागी १४ जना महिलालाई नजिकको OCMC केन्द्रमा पठाएको तथ्याङ्कले देखाउँछ भने पीडित र आश्रीत बालबालिकाको लागी ७ जना लाई सुरक्षित आवासको प्रबन्ध गरेको छ। यसबाहेक प्रहरी कार्यालय, स्थानीय निकाय लगायतका सरोकारवाला निकायसँग पीडितको उपर्युक्त व्यवस्थापनको लागि सहजीकरण गरिएको छ।

| क्र.सं. | सेवाको प्रकार | संख्या |
|---|---|---|
| १ | कानुनी सहायता(ल्याक संस्था) | २४ |
| २ | कानुनी सहायता(नेपाल बार एसोसियसन) | १६ |
| ३ | शुभ अवसर ग्राम(सुरक्षित आवास) | ४ |
| ४ | एपिरोन नेपाल(सुरक्षित आवास) | ३ |
| ५ | OCMC (स्वास्थ्य उपचार) | १४ |
| ६ | अन्य निकाय(प्रहरी कार्यालय, स्थानिय निकाय समेत) | १२५ |

## ९.३ खबर गरौं ११४५ हेल्पलाइन सेवाः

महिला हिंसा बिरुद्दका उजुरीहरु दिनका लागि आयोगले निशुल्क हेल्पलाईन सेवा ११४५ चौबिसै घण्टा सातै दिन खुल्ला राखि सेवा प्रदान गर्दै आएको देखिन्छ। यसका साथै महिला हिंसा भएेको वा भएको थाहा पाएको जुनसुकै व्यक्तिले आयोगमा भौतिक रुपमै उपस्थित भई, आयोगको अन्य टेलिफोन नम्बरहरु, फ्याक्स तथा अन्य बिद्युतीय माध्यम इमेल तथा सिस्टम एस एम एसमा समेत उजुरी टिपाउन सकिनेछ। यसैगरी सञ्चारमाध्यम तथा अन्य कुनै स्रोतबाट आयोगलाई जानकारी हुन आएको विषयलाई समेत आयोगले उजुरी दर्ता गरी थप छानविन तथा स्थलगत अनुगमन गर्ने सक्ने व्यवस्था छ।

आयोगको निःशुल्क हेल्पलाइन सेवा "खबर गरौं ११४५" मार्फत देशभरबाट हिंसा पीडित तथा प्रभावित सेवाग्राहीबाट आफू उपर हिंसा भएको जानकारी प्राप्त हुनासाथ तत्काल प्रतिकार्य गर्नेगरी सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ। यस सेवालाई चौविसै घण्टा, सातै दिन उपलब्ध हुने गरी व्यवस्था गरिएको छ।यस आ.व. ०८१/०८२ मा १२०२ वटा उजुरी दर्ता भएको देखिन्छ। आयोगले हेल्पलाइन सेवा मार्फत् ७२४ सेवाग्राहीलाई सरोकारवाला अन्य निकायसँग समन्वय गरीदिइ सेवा प्रदान गरेको देखिन्छ। समग्रमा आयोगको हेल्पलाइन सेवा, नयाँ उजुरी तथा जानकारी टेलिफोन गरी जम्मा १९२६ जना सेवाग्राहीले सेवा प्राप्त गरेको देखिन्छ भने आयोगमा छलफल प्रयोजन, फलोअप तथा अन्य सेवाका लागी भौतिक रुपमा २८८५ जना सेवाग्राहीले सेवा लिनुभएको अवस्था देखिन्छ।

## ९.४ महिला बिरुद्धका हिंसासम्बन्धी कानुनी व्यवस्थाः

लिङ्गका आधारमा महिला उपर महिला भएकै आधारमा गरिने शारीरिक, मानसिक, सामाजिक, आर्थिक, धार्मिक वा यौनिक रुपले दिइने पीडा वा दुर्व्यवहारलाई महिला हिंसाका रुपमा बुझ्ने गरिन्छ।यसले बृहत रुपमा महिलामाथी निजको पेशा, अध्ययन, कार्यस्थल, परिवार तथा समाजमा वा कुनै पनि ठाउँमा घृणा गर्नु, कूटपिट गर्नु, यौनजन्य दुराचार, डरत्रास, धम्कि दिनु, पारिश्रम नदिनु वा कम दिनु, अश्लील शब्द बोल्नु, अश्लील फोटो देखाउनु, मानसिक वा मनोबैज्ञानिक हिंसा आदिलाई बुझाउदछ। महिला हिंसा लैङ्गिकताको आधारमा गरिने भेदभावका कारणले, असमान शक्ति सम्बन्धका कारणले, पितृसत्तात्मक सोच, रुढीवादी परम्परा, सामाजिक कुरितिका कारणले हुने गर्दछ।

### ९.४.१ नेपालमा महिला हिंसाका स्वरुपहरुः

नेपालमा महिला हिंसाका स्वरुपहरु समय अनुसार परिवर्तित भईरहेको देखिन्छ। आयोगमा दर्ता भएका उजुरीको विवरण केलाउँदा निम्नानुसारका हिंसाका स्वरुप देखिएका छन्।

- कुटपिट, घरबाट निकाला, गाली गलौज, स्रोत साधबाट वञ्चित गर्नु, घरेलु हिंसा
- अंङ्गभङ्ग, शारिरीक चोट, थुन्नु जलाउनु, मार्नु, बलपूर्ण गर्भपतन,
- डर, धाक, धम्की, त्रासपूर्ण व्यवहार, गालीगलौच, झुठ्ठा आरोप, बेइज्जती
- वैवाहिक बलत्कार, जबरजस्ती करणी, जबरजस्ती करणी उद्योग, यौन दुरुपयोग, हाडनाता करणी, यौन यातना तथा शोषण
- बालबिबाह, बहुबिबाह, बालिका भ्रुण पहिचान गरी गरिने गर्भपतन, ढाँटी बिबाह, दाइजो सम्बन्धी हिंसा
- छोराछोरीमा गरिने भेदभाव
- छाउपडी र महिनावारी भएको समयमा गरिने विभेदपूर्ण व्यवहार, बोक्सीको आरोप, बादी, देउकी, झुमा, छुवाछुत
- यौन शोषणका लागि महिला र बालिकाको बेचबिखन
- बिद्यूतीय माध्यमद्वारा अस्लील तस्वीर, भिडियो र शब्दको प्रयोग
- तेजाव प्रहार गर्ने वा जलाउने
- आर्थिक श्रोत तथा साधनबाट बञ्चिती, समपत्तिको दुरुपयोग, रोजगारी वा आयआर्जन गर्ने कार्यबाट बञ्चितिकरण

### ९.४.२ लैङ्गिक हिंसा भएमा सम्बोधन गर्ने संयन्त्र/निकायः

महिला हिंसा भएमा सो सम्बन्धी उजुरी गर्ने वा उजुरी सुन्ने विभिन्न निकाय रहेका छन्। पीडितले तत्काल निम्नानुसारका निकायबाट सेवा लिन सक्ने व्यवस्था रहेको छ।

- प्रहरी कार्यालय तथा नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र
- अस्पतालमा आधारित एकद्वार संकट केन्द्र (OCMC)
- मनोविमर्श सेवा केन्द्र
- सुरक्षित आश्रयस्थल (Safe Houses)
- स्थानीय तह/न्यायिक समिति
- अदालत
- जिल्ला सरकारी वकिलको कार्यालय
- राष्ट्रिय महिला आयोग
- जिल्ला प्रशासन कार्यालय
- राष्ट्रिय मानव अधिकार आयोग

### ९.४.३ लैङ्गिक हिंसाका सम्बन्धमा भएको संवैधानिक व्यवस्थाः

नेपालको संविधानले लैङ्गिक हिंसा निरुत्साहित गर्न मौलिक हकको रुपमा देहायबमोजिमको मौलिक हकको व्यवस्था गरेको छ।

- वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता (धारा १२)
- समानताको हक (धारा १८)
- शोषण बिरुद्धको हक
- महिलाको हक (धारा ३८)
- सामाजिक न्यायको हक (धारा ४२)
- सामाजिक सुरक्षाको हक (धारा ४३)
- संवैधानिक उपचारको हक ( धारा ४६)
- सामाजिक र सास्कृतिक रुपान्तरण सम्बन्धी नीति (धारा ५१ को खण्ड (ग) (५)

## ९.४.४ कानुनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४

**छाउपडी विरुद्धको व्यवस्थाः** महिलाको रजस्वला वा सुत्करीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य किसिमका भेदभाव छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुदैन। यस्तो कसूर गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद वा ३ हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ। यस किसिमको कसूर भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ।

**अभद्र व्यवहार गर्न नहुनेः** कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानुनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला वा बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यस्को उद्योग गर्न हुदैन।यस्तो कसुर गर्ने व्यक्तिलाई १ वर्षसम्म कैद वा १० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।अभद्र व्यवहारको कसूरमा कसूर भएको मितिले ३ महिनाभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्दछ।

**मञ्जुरीबिना बिबाह गर्न नहुने[18]ः** बिबाह गर्ने व्यक्तिको मञ्जुरीबिना कसैले कसैलाई बिबाह गर्न वा गराउन हुदैन।यसरी बिबाह गर्ने व्यक्तिको मञ्जुरीबिना बिबाह गराएमा २ वर्ष सम्म कैद र २० वर्षसम्म जरिवाना हुनेछ।यस किसिमको कसूर गरेको थाहा पाएको मितिले ३ महिनाभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्नेछ।

**बाल बिबाह गर्न नहुनेः** [19]बीस वर्ष नपुगी कसैले बिबाह गर्न वा गराउन हुदैन। बालबिबाह भएमा स्वतः बदर हुन्छ। यस सम्बन्धी कसूर गर्नेलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुन्छ। यस सम्बन्धी कसूरमा कसूर भए वा थाहा पाएको मितिले ३ महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ।

**बिबाहमा लेनदेन गर्न नहुनेः[20]** आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एक सरो गहना बाहेक बिबाह गर्ने, दुलाहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल अचल दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी बिबाह गर्न वा गराउन हुदैन। यदि गराएमा ३ बर्ष सम्म कैद वा ३० हजार रुपैयासम्म जरिवाना वा दुबै सजाय हुनेछ। यसैगरी कसैले बिबाह गरिसकेपछि चल अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही

---

[18] मुलुकी अपराध संहिता, २०७४ दफा १७१

[19] मुलुकी अपराध संहिता, २०७४ को दफा १७३

[20] मुलुकी अपराध संहिता, २०७४ को दफा १७४

वा निजका नातेदारहरुलाई हैरानी पार्न वा अमानवीय वा अपमानजनक व्यवहार गर्न हुदैन। गरेमा ५ वर्ष कैद वा ५० हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ। यस सम्बन्धी कसूर गर्नेलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुन्छ। यस सम्बन्धी कसूरमा कसूर भए वा थाहा पाएको मितिले ३ महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ।

**बहुबिबाह गर्न नहुने:**[21] विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को बिबाह गर्नु हुदैन। कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले बिबाह गर्नु हुदैन गरेमा १ बर्षदेखि ५ बर्षसम्म कैद र १० हजारदेखि ५० हजारसम्म जरिवाना हुनेछ र उक्त बिबाह सवतः बदर हुनेछ। यस सम्बन्धी कसूर गर्नेलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुन्छ। यस सम्बन्धी कसूरमा कसूर भएको वा थाहा पाएको मितिले ३ महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्छ।

**गाली गर्न नहुने** [22] कसैले कसैलाइ गाली गर्न हुदैन। गरेमा १ वर्षसम्म कैद वा १० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ। यस सम्बन्धी कसूरमा भए गरेको मितिले ३ महिनाभित्र अदालतमा फिरादपत्र दायर गर्नुपर्नेछ।

**बेइज्जती गर्न नहुने:**[23] कसैले कसैलाई बेइज्जती गर्न हुदैन। गरेमा २ वर्षसम्म कैद वा २० हजाररुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ। यस सम्बन्धी कसुर गरेमा भए गरेको मितिले ३महिनाभित्र अदालतमा फिरादपत्र दायर गर्नुपर्नेछ।

**जबरजस्ती गर्भपतन गराउन नहुने[24]:** कानुनले तोकिएको गर्भपतन गराउन सक्ने अवस्थामा बाहेक कसैले कसैलाई गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने काम गरी गर्भपतन गराउनु हुदैन गराएमा १२ हप्तासम्मको गर्भ भए १ वर्षसम्म कैद १० हजार जरिवाना, १२ हप्ताभन्दा बढी २५ हप्तासम्मको गर्भ भए ३ वर्षसम्म कैद ३० हजार जरिवाना र २५ हप्ताभन्दा बढीको भए ५ वर्षसम्म कैद र ५० हजार सम्म जरिवाना।

### वोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२

कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाएमा, बोक्सीको आरोपमा गाली बेइज्जती गरेमा, बोक्सीको आरोप लागेको व्यक्तिको परिवारको कुनै सदस्यप्रति अपमानजनक व्यवहार गरेमा, बोक्सीको आरोपमा सामाजिक बहिष्कार गरेमा, बोक्सीको आरोपमा बसोबास गरेको ठाउँबाट निकाला गरेमा, धामी, झाक्री टुनामुना, तन्त्रमन्त्र, झारफुक वा कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाएमा समेतका कार्य भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा लिखित निवेदन वा मौखिक रुपमा थाहा पाएको मितिले ९० दिनभित्र उजुरी दिन सक्दछ।

---

[21] मुलुकी अपराध संहिता, २०७४ को दफा १७५

[22] मुलुकी अपराध संहिता, २०७४ को दफा ३०५

[23] मुलुकी अपराध संहिता, २०७४ को दफा ३०६

[24] मुलुकी अपराध संहिता, २०७४ को दफा १८८

## ९.५ आयोगबाट प्रवाह हुने सेवा सम्बन्धी जानकारी

### ९.५.१ सेवा प्रदायकले पालना गर्नुपर्ने सर्तहरुः

१. सेवा प्रदायक कर्मचारीले सेवाग्राहीका समस्या तथा गुनासाहरु ध्यानपूर्वक सुन्ने तथा मर्यादित र संयमित तरिकाले न्यायसँग सम्बन्धित प्रसङ्गहरु/प्रश्नहरु सोध्ने।
२. लैगिक न्यायका लागि मेलमिलाप तथा अन्य कानुनी सहायतासम्बन्धमा सेवाग्राहीलाई समय तोकिदिदा मागबमोजिमको समय राखी जानकारी गराउने।
३. जानकारी गराइको समयमा सेवाग्राही आयोगमा उपस्थित हुनुपर्ने।यदि तोकिएको समयमा उपस्थित हुन असमर्थ भएमा संचारका माध्यमबाट जानकारी गराउने।
४. सेवाग्राहीको समस्या तथा गुनासाहरु सुरु उठान गर्ने कर्मचारीले फाइलमा व्यवस्थापन गरे पछि सोही अध्ययन गरी पटक-पटक दोहोरयाउ नपर्ने वातावरण तयार गर्ने।

यहाँहरुको सन्तुष्टि नै हाम्रो कर्म अनि धर्म हो।

### ९.५.२ राष्ट्रिय महिला आयोगमा सेवा लिन आउनुहुने सेवाग्राहिले पालना गर्नुपर्ने सर्तहरुः

१) प्रवेशद्वारमा रहनुभएको सुरक्षा निकायका कर्मचारीसँग समन्वय गरी रजिष्टर दर्ता गर्नुपर्ने।
२) सुरक्षा निकायका कर्मचारीहरुले सेवाग्राहीको शारीरिक र साथमा रहेका सरसामान मोबाइलको चेकजाँच गरी लकरमा संरक्षित रुपमा राख्ने।
३) ११४५ हेल्पलाइन कर्मचारीसँग मर्यादित र संयमित तरिकाले आफ्नो गुनासाहरु राख्ने
४) हेल्पलाइन शाखाले ध्यानपूर्वक गुनासा सुन्ने र मुद्दा उठान गर्ने।
५) आवश्यकतानुसार मनोसामाजिक परामर्श/कानुनी परामर्शका लागि सम्बन्धित शाखामा सहजीकरण गर्ने।
६) मर्यादित र संयमित तरिकाले सेवा प्रदायक निकायका कर्मचारीहरुसँग समस्या तथा गुनासाहरु प्रस्तुत गर्ने।

यहाँहरुको सन्तुष्टि नै हाम्रो कर्म अनि धर्म हो।

## ९.६ असल अभ्यासहरुः

### ९.६.१ असल अभ्यास १

एकजना एक्काईस बर्षकी युवती मलाई चिनजानको एकजना पुरुषले जबरजस्ती करणी गर्नुभयो। जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणीको कसूरमा जाहेरी दरखास्त दिन जाँदा प्रहरीले जाहेरी दरखास्त लिन मानेन। म जिल्ला सरकारी वकील कार्यालयमा पनि गएँ। पीडक हाइप्रोफायलको व्यक्ति हुनाले मेरो जाहेरीले दर्ता हुन सकेको छैन भन्दै राष्ट्रिय महिला आयोगमा लिखित निवेदन लिएर आउनुभयो। पीडितलाई निजको परिवारले नै सहयोग नगरेको कारण जटिल मानसिक समस्यामा हुनुहुन्थ्यो। पीडकको डर, धाकधम्की पनि लगातार आइरहेको बताउनुभयो। उक्त उजुरी निवेदनका सम्बन्धमा आयोगबाट सम्बन्धित प्रहरी कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयसँग पत्राचार र फोनमार्फत समन्वय गरियो। यहि

क्रममा पीडकले पीडितलाई हनी ट्रयापको उजुरी प्रहरीमा दर्ता गरायो। जसले पीडितलाई थप विक्षिप्त बनायो। आयोगले निरन्तर पीडितलाई कानुनी परामर्श र सहयोग प्रदान गर्यो। फलस्वरुप प्रहरीमा पीडक विरुद्ध जाहेरी दर्ता भयो। पीडक पक्राउ पर्यो र न्यायीक थुनामा रहेको छ। हाल उक्त केश सम्बन्धित अदालतमा विचाराधीन अवस्थामा रहेको छ। पीडितले केही राहत महसुस गर्नुभएको छ। आयोगले निरन्तर रुपमा पीडितलाई कानुनी लडाईंका लागि आवश्यक सहयोग, समन्वय र परामर्श सेवा प्रदान गरिरहेको छ।

## ९.६.२ असल अभ्यास २

एकजना पीडित श्रीमान तथा परिवारका अन्य सदस्यहरु सासु, ससुरा, जेठाजु र देवर समेतले शारीरिक तथा मानसिक यातना दिएको हुनाले आफ्नो घरबाट भागेर राष्ट्रिय महिला आयोगमा घरेलु हिंसाको उजुरी दर्ता गर्न आउनु भएको थियो। निज पीडीत आयोगमा उपस्थित हुँदा मानसिक तथा शारीरिक रुपमा एकदम कमजोर अवस्थामा हुनुहुन्थ्यो। आयोगमा छलफलका क्रममा निजलाई तत्काल सुरक्षित आवासको आवश्यकता रहेको महसुस भएकाले सुरक्षित आवासको लागि शुभअवसर ग्रामसँग समन्वय गरी पठाइयो। आयोगबाट पीडितलाई निरन्तर कानुनी तथा मनोसामाजिक परामर्श सेवा प्रदान गरियो। आयोगमा दर्ता भएको उजुरीको कारवाही प्रयोजनार्थ छलफल गर्न विपक्षीहरुलाई आयोगमा उपस्थित हुन अनुरोध गर्दा निजहरु उपस्थित नभएपछि जिल्ला प्रहरी कार्यालयमार्फत उपस्थित गराइयो। आयोगले दुवै पक्ष राखी पटक पटक छलफल गर्दा आपसी सहमतिमा मेलमिलाप भएतापनि पीडितले विपक्षीहरुलाई विश्वास गरी तत्काल घर जान सक्ने अवस्था नभएको बताएकाले निजको बहिनीको जिम्मा लगाइ पठाएको र मनोसामाजिक परामर्शलाई निरन्तरता दिएकाले पीडितको अवस्थामा सुधार भयो। पीडितलाई आत्मनिर्भर बनाउनका लागी सीपमूलक तालिमको लागि अन्य संस्थासँग समन्वय गरियो। फलस्वरुप पीडितले सिलाई कटाइ काम गरी आत्म निर्भर हुनुभयो। हाल पीडित निजको घर परिवारसँगै पुनर्मिलन गरी बस्नु भएको छ।

## ९.६.३ असल अभ्यास ३

एकजना पीडित आफ्नो श्रीमानले आफू र बच्चामाथी घरेलु हिंसा गरेको भनी आयोगमा उजुरी निवेदन दर्ता भएको थियो। विपक्षी रिटायर्ड नेपाली सेना थिए। आयोगमा दुवै पक्ष तथा बच्चाहरु समेत उपस्थित गराइ छलफल गराइयो। विपक्षी मानसिक रुपमा अस्वस्थ्य देखिए। पटक पटकको छलफलपश्चात पनि उनको व्यवहारमा परिवर्तन देखिएन। बच्चाहरुलाई सम्बन्धित स्थानीय तहको सहयोगमा पठनपाठनको लागी सहजीकरण गरियो। आयोगको निरन्तरको प्रयासले दुवै पक्षबिचमा आपसमा सहमती जुट्न सकेन। अन्ततः पीडित कानुनी रुपमा अगाडी बढ्न अदालत जाने निष्कर्षमा पुग्नुभयो। आयोगले पीडितलाई निःशुल्क कानुनी सहायता प्रदान गर्यो। हाल पीडितले सम्बन्धित अदालतमा विपक्षी विरुद्ध अंश चलन, मानाचामल र घरेलु हिंसाको मुद्दा दर्ता गर्नुभएको छ। पीडितको न्यायमा पहुँच पुर्याउँन आयोगले सहयोग गर्यो। हालम्म आयोगले पीडितलाई कानुनी तथा मनोसामाजिक परामर्श सेवा निरन्तर प्रदान गरिरहेको छ।

# परिच्छेद - १०

# लैङ्गिक न्याय तथा महिला सशक्तीकरणका सवालमा सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारणका लागि नेपाल टेलिभिजन तथा रेडियो नेपालसँगको महिला पाक्षिक कार्यक्रम विवरणः-

## १०.१ पृष्ठभूमिः

नेपालको संविधानको धारा २७ मा राष्ट्रिय महिला आयोगको व्यवस्था गरिएको छ जहाँ नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ भनिएको छ भने धारा २५४ मा आवश्यकताको आधारमा प्रदेशमा कार्यालय स्थापना गर्न सकिनेछ भन्ने प्रावधान रहेको छ। यद्यपि विविध कारणवश प्रदेशमा कार्यालय स्थापना गर्न नसकिरहेको विद्यमान अवस्था छ। आयोगको बारेमा जानकारी दिन तथा प्रदेश तथा स्थानीय तहमा घटेका घटनाहरुलाई तत्काल संबोधन गर्न एवं घरेलु हिंसा संबोधनसम्बन्धी जानकारी दिन, लैङ्गिक न्याय, महिला सशक्तीकरण, बालिका र किशोरीहरुको समसामयिक मुद्दाहरु तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, द्वन्द्व पीडित तथा प्रभावितहरुका मुद्दा, सबैलाई जानकारी गराउन र समस्या तथा चुनौतीहरुलाई आ-आफ्नो कार्यक्षेत्र तथा जिम्मेवारीबाट संबोधन गर्न विभिन्न संचारका माध्यमबाट थप प्रभावकारी हुने भएकोले राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजनबिच सम्झौता गरी महिला पाक्षिक कार्यक्रम निरन्तर सञ्चालनमा ल्याईएको छ।

## १०.२ कार्यक्रमको उद्देश्यः

सन्देशमूलक सामग्री उत्पादन तथा प्रशारण एवं विभिन्न विज्ञ सरोकारवालाहरुको विचार विमर्श तथा अध्ययन अध्यापनका विषयहरुबाट नीतिगत, कानुनी, संस्था/संरचनागत, वित्तीय र कार्यक्रमगत व्यवस्थाहरुमा रहेका सबलपक्ष अन्तर भएका विषयहरु समन्वय तथा सहकार्यमा जोड दिदै संवोधन गर्ने उद्देश्य रहेको।

- राष्ट्रिय महिला आयोगको काम, कर्तव्य, अधिकार तथा क्षेत्रका वारेमा जानकारी गराउने तथा लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरुलाई उद्धार, राहत, मनोसामाजिक परामर्श, कानुनी परामर्श, कानुनी सहायता, संरक्षण, सशक्तीकरण, पुनःस्थापना सहितका एकीकृत सेवाका बारेमा जानकारी गराउने,
- लैङ्गिक न्याय, महिला सशक्तीकरण, सामाजिक विभेद, हानीकारक अभ्यास विरुद्धमा विज्ञ तथा जिम्मेवार व्यक्तिहरुको विज्ञताका बारेमा जानकारी लिने,
- खबर गरौ ११४५ आयोगको हेल्पलाइन सेवाका बारेमा जानकारी गराउने,
- बालिका किशोरी तथा महिलाहरुको हक, हित र सरोकारका मुद्दाहरु व्यवस्थापन गर्न साथ, सहयोग र समन्वय अभिवृद्धि गर्ने।

## १०.३ नेपाल टेलीभिजनसँग संझौता भएबोजिम नेपालमा महिला पाक्षिक कार्यक्रमको प्रशारण समय, विषय विज्ञ,

### मुख्य मुद्दा र संबोधन सवालः-

| क.स. | प्रशारण मिति | प्रमुख विषय | विज्ञ सहभागी | संबोधन सवाल |
|---|---|---|---|---|
| १. | २०७९/०८/२८ | लैगिक हिंसा विरूद्धको १६ दिने अभियान सृजनात्मक, सूचनात्मक तथा सन्देशात्मक तवरबाट सञ्चालन गर्ने एवं जुनसुकै प्रकारका हिंसा तथा दुर्व्यवहारबाट पीडित प्रभावितमा पर्ने मानसिक समस्या र यसको संबोधनमा छलफल। | आयोगका सचिव, श्री पार्वती अर्याल र मानसिक अस्पताल पाटनका निर्देशक डा. अनन्त प्रसाद अधिकारी | हिंसाबाट उत्पन्न मानसिक समस्या र संबोधन। |
| २. | २०७९/०४/१२ | महिलाउपर हुने जुनसुकै प्रकारका हिंसा, विभेद र दुर्व्यवहार विरुद्धका नीतिगत, कानुनी, संस्था/संरचनात्मक पक्षका बारेमा जानकारी एवं संस्थागत सुदृढीकरणमा वहस। | महान्याधिवक्ताको कार्यालयका नायब महान्यायधिवक्ता, श्री खेमराज ज्ञवाली<br>नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख, श्री हिरादेवी निरौला | न्यायमा पहुँच तथा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को सेवा प्रभावकारीता। |
| ३. | २०७९/४/२३ | एकल महिलाको हक/अधिकारका विविध विषयहरुमा अन्तर्क्रिया। | मानव अधिकारका लागि महिला एकल महिला समूहका अध्यक्ष, श्री कविता पाण्डे, पद्मकन्या क्याम्पसका सहप्राध्यापक श्री निरा श्रेष्ठ | एकल महिलाहरुको मर्यादित जीवनका लागि आर्थिक सशक्तीकरण। |
| ४ | २०७९/१०/२५ | महिलाको प्रजनन स्वास्थ्य अधिकार सरकारको प्रयास, समस्या तथा चुनौती र आगामी कार्यदिशा। | शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सदस्य श्री दिपा शर्मा<br>महिला कानुन र विकास मञ्चका अधिवक्ता श्री नवीन श्रेष्ठ | महिलाको स्वास्थ्य सम्बन्धी मौलिक हक सुरक्षित मातृत्व तथा प्रजननन स्वास्थ्य अधिकार संरक्षण। |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८१/११/१३ | संचार क्षेत्रमा भएका महिला कर्मचारीहरुको वर्तमान अवस्था, अवसर चुनौतीका बारेमा छलफल। | नेपाल पत्रकार महासंघका अध्यक्ष श्री निर्मला शर्मा र डा. कुन्दन अर्याल | पत्रकारीता तथा संचार क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशीकरण प्रयास। |
| ६ | २०८१/१२/०८ | महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि सिडको सातौ प्रतिवेदन संयुक्त राष्ट्र संघमा पेश गरिने पूरक प्रतिवेदन तथा गैरसरकारी संघसंस्थाबाट पेश हुने छाँया प्रतिवेदनमा संलग्न भएका विषयवस्तुका सम्बन्धमा वहस | राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी पराजुली र महिला कानुन र विकास मञ्चका कार्यकारी निर्देशक श्री सविन श्रेष्ठ | महिलामाथी हुने जुनसुकै प्रकारका हिंसा केवल व्यक्ति विशेषको मात्र नभई परिवार समाज राष्ट्र र अन्तर्राष्ट्रिय मुद्दा समेत भएकोले साझा धारणामा सामूहिक प्रतिवद्धता प्रभावकरी बनाउन जरुरी। |
| ७ | २०८१/१२/२२ | महिला र अपाङ्गता सम्बन्धी विषयमा छलफल | मनोपरामर्शविद श्री सोनिका ढकाल<br>बहिरा संघको अध्यक्ष शिखा प्रधान | अपाङ्गता पहुँच सेवासम्बन्धी सवाल |
| ८ | २०८२/१/२३ | आत्महत्या नियन्त्रण तथा मानसिक स्वास्थ्य सवाल। | आयोगका सचिव श्री रेखा कंडेल<br>पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका मानसिक रोग विशेषज्ञ डा नितेश सापकोटा। | लैङ्गिक हिंसा व्यवस्थापन तथा मानसिक सबलता |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८२/०२/०९ | लैङ्गिक हिंसाका विविध स्वरुपमध्ये विद्युतीय माध्यमबाट हुने हिंसा तथा दुर्व्यवहार सम्बन्धी सन्देश प्रवाह तथा रोकथामका उपाय छलफल। | नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रहरी नायब उपरीक्षक/प्राविधिक सुनिल कुमार वनर्वाल।<br>अधिवक्ता तथा लैगिक विज्ञ श्री प्रतिमा शर्मा | प्रविधिको प्रयोगसंगै जोखिम तथा यसको सहि उपयोगका विविध आयामहरुको संबोधन |
| १० | २०८२/०२/२३ | बिबाहको उमेर घटाउने विरुद्ध खबरदारी तथा चाडो बिबाहले किशोर किशोरीहरुमा पार्ने शारीरिक मानसिक शैक्षिक आर्थिक पक्षमा वहस। | आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी पराजुली र कानुन न्याय तथा मानव अधिकार समिति माननीय सदस्य श्री प्रतिक्षा तिवारी<br>राष्ट्रिय किशोरी संजालको अध्यक्ष श्री कृपा घिमिरे। | बालबिबाहलाई निरुत्साहित गर्दै सुरक्षित प्रजनन तथा स्वास्थ्य अधिकार सुनिश्चित |
| ११ | २०८२/०३/०६ | आयोगबाट सञ्चालनमा रहेको हेल्पलाइन सेवा खबर गरौ ११४५को सेवाका बारेमा जानकारी तथा विद्यमान अवस्थामा महिलामाथि हुने लैगिक हिंसाको तथ्य तथा तथ्याङ्कको बारेमा जानकारी। | आयोगका सहायक न्यायाधिवक्ता श्री गायत्री वाग्ले र कानुनी सहायता तथा परामर्श केन्द्र ल्याकको कार्यकारी निर्देशक श्री अनिता थपलिया | हेल्प लाइन सेवा ११४५ को जानकारी तथा क्षतिपुर्ति सहितको सेवामा जोड। |
| १२ | २०८२/२/१४ | द्वन्द्वपीडित महिला तथा किशोरीहरुको मानसिक अवस्था तथा परिपुरण सम्बन्धमा भएका प्रयासहरु। | मनोसामाजिक परामर्शविद श्री खिमा रिजाल | लक्षित समूहका लागि लक्षित गरिएका सेवाहरुमा द्वन्द्व पीडित प्रभावितहरुको पहुँच अभिवृद्धि |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०८२/०३/२० | राजनीतिमा महिला नेतृत्व /प्रतिनिधित्व तथा सशक्तीकण। | आयोगको माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडा र प्रतिनिधीसभा सदस्य श्री सुशीला थिङ्ग | अर्थपूर्ण सहभागिता र खोजी |
| १४ | २०८२/०४/०४ | उमेर वृद्धिसंगै ज्येष्ठ नागरिक महिला माथि हुने लैङ्गिक हिंसा र यस विरूद्ध भएका नीति तथा कानुनहरुको जानकारी | आयोगका माननीय सदस्य श्री सावित्रा कुमारी शर्मा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव ज्ञानहरि घिमिरे | ज्येष्ठ नागरिकहरुको समानित र मर्यादित जिवनको खोजि |
| १५ | २०८२/०४/०९ | जलबायु परिवर्तन र यसले बालिका किशोरी र महिलाहरु माथि परेको प्रभाव | आयोगका माननीय सदस्य श्री विद्या कुमारी सिन्ह र जलबायु विज्ञ डा. सरोज गौतम | जलबायुले महिला माथि पारेको असरहरुको व्यवस्थापन |

## १०.४ रेडियो नेपालसँग संझौता भएबमोजिम प्रशारण गरिएका महिला आवाज पाक्षिक कार्यक्रम विषय विज्ञ आवाज प्रशारण विवरणः-

| क्र.स. | मिति | कार्यक्रमको नाम | विज्ञ सहभागी | संबोधनको सवाल |
|---|---|---|---|---|
| १ | २०८१/०६/१२ | अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको सन्दर्भमा ज्येष्ठ नागरिकको सवालमा राष्ट्रिय महिला आयोगले सम्पन्न गरेको अन्तर्क्रिया कार्यक्रम | आयोगको माननीय सदस्य श्री सावित्रा कुमारी शर्मा एवं राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको अध्यक्ष श्री छत्र प्रधान | ज्येष्ठ नागरिकभित्र पनि विशेष गरी महिला ज्येष्ठ नागरिकहरुको आवश्यकता समस्या तथा संबोधन। |
| २ | २०८१/०६/२६ | दशै विशेष महिला शक्ति र चाँडपर्वमा महिलाको जिम्मेवारी तथा कार्यबोझ। | प्राध्यापक डा. विना पौडेल राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी पराजुली | चाँडबाँड/उत्सव तथा महिलाको कार्यबोध संबोधन सवाल। |
| ३ | २०८१/०७/१० | विपद व्यवस्थापन तथा महिलामाथी पर्नसक्ने जोखिम विश्लेषण। | विपद व्यवस्थापन महाशाखाका महाशाखा प्रमुख गृह मन्त्रालयका सहसचिव श्री भिष्म कुमार भूषाल, सामाजिक अभियन्ता इन्दु पन्त आयोगका सचिव श्री पार्वती अर्याल | जोखिम व्यवस्थापनसंगै महिलामाथि आइपर्ने जोखिमको विश्लेक्षण तथा संबोधन। |
| ४ | २०८१/०७/२४ | महिला र चाँडपर्वसंगै संस्कृति धर्मधारक महिला संवाद। | प्राध्यापक डा. कान्ता भट्टराई, संस्कृतविद् श्री जगतमान गुरुङ्ग र मनोविमर्शकर्ता निर्जला भट्टराई | धर्मसंस्कार र महिला सशक्तीकरण। |
| ५ | २०८१/०८/०८ | अनलाइन विद्युतीय माध्यमबाट हुने लैङ्गिक हिंसा र यसबाट बच्ने उपायहरु। | साइबर व्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक श्री दिपक राज वस्ती, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव श्री ममता विष्ट | विद्युतीय सामग्रीहरुको उचित तथा साइबर सुरक्षा। |

| क्र.स. | मिति | कार्यक्रमको नाम | विज्ञ सहभागी | संबोधनको सवाल |
|---|---|---|---|---|
| ६ | २०८१/०८/२२ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सन्देश सूचना तथा सचेतना प्रवाह तथा कार्यक्रममा केन्द्रित सामग्री तयार तथा प्रशारण। | कार्यक्रममा सहभागीहरु | विशेष गरी कार्यक्रम लक्षित सन्देशमूलक सामग्री तयारी तथा प्रशारण। |
| ७ | २०८२/०९/१३ | खबर गरौ ११४५ हेल्पलाइन स्थापना दिवसको बारेमा तयार पारिएको सामग्री उत्पादन तथा प्रशारण। | कार्यक्रममा सहभागी तथा विशिष्ठ व्यक्तित्वहरु महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री नवल किशोर साह सुडी, आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली, जीवन विज्ञानका विशेषज्ञ श्री रमेश नेपाल, आयोगका माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडा, सहसचिव रोशनी श्रेष्ठ मानसिक अस्पताल पाटनका निर्देशक डा. अनन्त प्रसाद अधिकारी | लैङ्गिक न्यायका सवालमा हेल्प लाइन सेवाको सेवा प्रभावकारीतामा, सरोकारवाला निकायको उत्तम भूमिका सवाल। |
| ८ | २०८१/०९/१३ | राष्ट्रिय महिला आयोगको स्थापना दिवसको अवसरमा तयार पारिएको सामग्री उत्पादन तथा प्रशारण। | आयोगका कानुन अधिकृत मुना चौलागाइको सन्देशमूलक कविता उपसभामुख माननीय इन्दिरा राना, आयोगका अध्यक्ष कमला कुमारी पराजुली, सचिव पार्वती अर्याल उप सचिव लक्ष्मी शर्मा र लैङ्गिक हिंसा पीडितहरुका भनाइ सहित तयार पारिएको सन्देश सामग्री | आयोगको प्रगति, उपलब्धि, समस्या तथा चुनौतीहरुको संबोधन। |
| ९ | २०८१/०९/२७ | शिक्षामा महिला सहभागिता र पुरुषको वाहुल्यतासंगै तयार पारिएको सामग्री | खोटाङ्ग जिल्लाको ५७ वर्षको महिला जो शिक्षाबाट बञ्चित हुनुभएको र उहाँको वास्तविकतासंगै प्रतिनिधिमूलक उच्च शिक्षा अध्ययनमा स्वर्ण पदक विजेता चेतन कुँवर, | महिला र पुरुषबिच शिक्षा क्षेत्रमा देखिएको असमानता संबोधन। |

| क्र.स. | मिति | कार्यक्रमको नाम | विज्ञ सहभागी | संबोधनको सवाल |
|---|---|---|---|---|
| | | | भक्तपुर आस्था महिला विद्यालयको प्रधानअध्यापक डा. शुसील कुमार बज्राचार्य | |
| १० | २०८१/१०/१२ | वाल बिबाह विरुद्धको सन्दर्भ सामग्री | पीडित नाम परिवर्तित वर्दिया गुलरियाको रोशनी मन्डल, राष्ट्रिय बाल अधिकार परिषदको सूचना अधिकारी रामबहादुर चन्द, बालअधिकारकर्मी तारक धिताल, बर्दियाका शिक्षक प्रभात सुवेदी र वाल बिबाह विरुद्धका युवा सामाजिक अभियन्ता सुदिप चापागाई | सुरक्षित मातृत्व तथा प्रजनन अधिकार |
| ११ | २०८१/१०/२६ | अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC सेवा सञ्चालनका लागि भएका प्रयासहरु र लैगिक हिंसा व्यवस्थापनमा यसले खेलेको भूमिका | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, लैगिक हिंसा निवारण शाखाका शाखा प्रमुख श्री ममता विष्ट जिल्ला अस्पताल उदयपुरका एकद्वार संकट व्यवस्थापन केन्द्रका मनोसामाजिक परामर्शकर्ता श्री पूजा भण्डारी र आयोगका सचिव श्री पार्वती अर्याल | एकद्वार संकट व्यवस्थापनको एकीकृत सेवा प्रभावकारी बनाउन सरोकारवालाबिच वहस/ सरोकार |
| १२ | २०८१/११/१० | सिडमा नेपालको तर्फबाट तयार पारिएको सातौ प्रतिवेदन सम्बन्धी छलफल तथा अन्तर्क्रिया सम्बन्धी तयार पारिएको सामग्री | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी वस्नेत र आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली | सिड प्रतिवेदनमा उल्लेख भएका विषयहरु कार्यान्वयनको अवस्था |
| १३ | २०८१/११/२४ | ११५औ अन्तर्राष्ट्रिय महिला दिवस सञ्चालन तथा छलफलको अवसरमा तयार पारिएको सन्दर्भ सामग्री | ग्रामिण कृषक महिलाको हक अधिकारका विषयमा आवाज उठाउने ससरी जिल्लाको महिला अधिकारकर्मी रीता साह, नेपाल महिला संघको अध्यक्ष उषा रावल र महिला नेता शशी श्रेष्ठ | अन्तर्राष्ट्रिय महिला दिवस र स्थानीय ग्रामिण महिला कृषकको अवस्थाको जानकारी |

| क्र.स. | मिति | कार्यक्रमको नाम | विज्ञ सहभागी | संबोधनको सवाल |
|---|---|---|---|---|
| १४ | २०८१/१२/०९ | राष्ट्रिय महिला आयोगको २३ औ स्थापना दिवसको अवसरमा तयार पारिएको सन्देशमुलक सामग्री | कानुन अधिकृत मुना चौलागाईले सृजना गरेको महिला सशक्तीकरण कविता वाचन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री नवल किशोर साह सुडीको शुभकामना सन्देश आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली, माननीय सदस्यहरु श्री कृष्ण कुमारी पौडेल खतिवडा, श्री विद्या कुमारी सिन्हा श्री सावित्रा कुमारी शर्मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी वस्नेत आयोगको शाखा अधिकृत श्री टंक भट्टराईको महिला समानता सम्बन्धी विषयक कविता बाचन | २३ औ वर्ष पार गर्दाको आयोगको उपलब्धि समस्या तथा चुनौतीहरुको विश्लेषण वहस |
| १५ | २०८१/१२/२३ | महिलाहरुको महिनावारी तथा रजनोवृत्ति विषयमा तयार पारिएको सन्दर्भ सामग्री | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पतालका विशेषज्ञ डा वसन्तराज जोशी समाज शास्त्री निर्जला भट्टराई महिला अधिकारकर्मी धनकुटा जिल्लाको गिता अधिकारी, महिला आयोगका उप सचिव रोशनी देवी कार्की | महिनावारी मर्यादित बनाउने तथा महिनावारीको समयमा स्वास्थ्यजनित समस्या तथा संबोधन प्रयास |
| १६ | २०८२/०१/१३ | लैगिक न्यायका लागि कर्णाली प्रदेशका सबै स्थानीय तहका न्यायिक समितिसँगको सहकार्य असल अभ्यास समस्या तथा चुनौती सम्बन्धी अन्तर्क्रिया | आयोगका माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडा | महिला आयोग र न्यायिक समितिबिच लैगिक न्यायका सवालमा सीधा समन्वयको प्रयास |

| क्र.स. | मिति | कार्यक्रमको नाम | विज्ञ सहभागी | संबोधनको सवाल |
|---|---|---|---|---|
| १७ | २०८२/०१/२७ | लैगिक तथा यौनिक अल्पसंख्यक समूदायको हक अधिकारका विषयमा प्यानल छलफलको सन्दर्भ सामग्री तयार | लैगिक तथा यौनिक अल्पसंख्यक समूदायको श्री भूमिका श्रेष्ठ लिङ् पहिचानको सवालमा पीडित बताउने समता वमको अनुभव, महिला तथा सामाजिक समितिका माननीय सदस्य शोभा ज्ञावाली, आयोगका सचिव रेखा कंडेल गृह, मन्त्रालयका उप सचिव श्री प्रदर्शनी कुमारी साह सह न्यायधिवक्ता श्री दीप शिखा मुनाकर्मी महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव श्री बद्री बहादुर कार्की स्वास्थ्य सेवा विभाग नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाका जेसी फोकल पर्सन श्री कविता अर्याल, महिला आयोगका माननीय अध्यक्ष श्री कृष्णा कुमारी पौडेल खतिवडा र मितिनी नेपालको सरिता के सी | लैगिक तथा यौनिक अल्पसंख्यक समूदायका नागरिकहरुका लागि मर्यादित तथा सम्मानित वातावरण एवं सेवामा सहज पहुँच वृद्धि उपायको खोजी |
| १८ | २०८२/०२/१० | विद्युतीय माध्यमको प्रयोगबाट हुने र घट्न सक्ने हिंसाका बारेमा जानकारी तथा सचेतना केन्द्रित सामग्री निर्माण | कानुन अधिकृत मुना चौलागाई बाट ११४५ मा उजूरी आएका यथार्थ घटना जानकारी नेपाल प्रहरी प्रतिष्ठानका प्रहरी नायब उपरीक्षक श्री सुनिल कुमार वनरवाल तथा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | साइबर सुरक्षा तथा डिजिटल लिटरेसी सम्बन्धी जानकारी गराउने प्रयोजन |
| १९ | २०८२/०२/०७ | सातौ महिला अधिकार दिवसको अवसरमा आयोगबाट संचालित कार्यक्रममा तयार पारिएको सन्देश सामग्री | राष्ट्रिय किशोरी महासंघका अध्यक्ष श्री कृपा काफ्ले प्रतिनिधि सभा महिला तथा सामाजिक मामिला समितिका माननीय अध्यक्ष श्री किरण कुमार शाह महिला बालबालिका तथा ज्येष्ठ | |

| क्र.स. | मिति | कार्यक्रमको नाम | विज्ञ सहभागी | संबोधनको सवाल |
|---|---|---|---|---|
| | | | नागरिक मन्त्रालयका सचिव श्री लक्ष्मी कुमारी वस्नेत प्रतिनिधि सभा सदस्य माननीय शुसीला थिङ्ग आयोगका सचिव श्री रेखा कंडेल पूर्व मुख्य सचिव एवं वेपत्ता छानविन आयोगका अध्यक्ष श्री लिलादेवी गड्तौला वरिष्ठ संचारकर्मी श्री बबिता वस्नेत | |
| २० | २०८२/०२/१४ | आयोगको खबर गरौ ११४५ निःशुल्क हेल्पलाइन सेवा कार्यक्रमको विषयमा केन्द्रित रहेर तयार पारिएको सन्दर्भ सामग्री | ११४५ हेल्पलाइनमा प्रत्यक्ष कार्यरत कर्मचारीहरु श्री निशा वस्नेत र श्री शारदा शर्मा मनोपरामर्शदाता श्री तुलसा कटवाल र आयोगका उप सचिव श्री ऋषि कुमार दाहाल | ११४५ को सेवालाई थप प्रभावकारी बनाउने र जानकारी गराउने प्रयोजन। |
| २१ | २०८२/०२/२४ | आयोगबाट सञ्चालन भएका कार्यक्रमका बारेमा जानकारी गराउने उद्देश्यले पत्रकार संम्मेलन | आयोगका माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडा,<br>माननीय सदस्य श्री विद्या कुमारी सिन्हा,<br>माननीय सदस्य श्री सावित्रा कुमारी शर्मा, सचिव श्री रेखा कंडेल, मनोसामाजिक परामर्शकर्ता श्री तुलसा कटुवाल, नेपाल पत्रकार महासंघका उपाअध्यक्ष श्री उमेश बागचन | आयोगकले सम्पन्न गरेका कार्यक्रमका बारेमा जानकारी गराउँदै राम्रा कार्यक्रमको उजागर गर्ने प्रयत्न। |
| २२ | २०८२/०३/१० | योगमाया स्मृति दिवसको उपलक्ष्यमा आयोजित विशेष कार्यक्रमको झलक सामग्री निर्माण | उप सभामुख माननीय इन्दिरा राना मगर, आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी, पराजुली आयोगका सचिव श्री रेखा कंडेल आयोगका उप सचिव श्री सीता अधिकारी | महिला सशक्तीकरणको हिमायत योगमायाको समाज परिवर्तनमा खातिर उठाइएका कदमहरुको बारेमा स्मरण |

# परिच्छेद - ११

# निष्कर्ष तथा भावी कार्यदिशा

## ११.१ निष्कर्ष

- नेपालमा महिला हक अधिकार संरक्षण गर्दै लैङ्गिक हिंसाबाट पीडित र प्रभावित महिलाहरूलाई न्यायको पहुँचमा पुर्‍याउन तथा लैङ्गिक सवालमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयनका लागि आवश्यक सिफारिसको माध्यमबाट लैङ्गिक समानता प्रवर्धनका प्रयासहरूको सन्दर्भमा राष्ट्रिय महिला आयोगको भूमिका अत्यन्तै प्रभावकारी रहँदै आएको छ।
- नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ र राष्ट्रिय महिला आयोग नियमावली २०७८ मा भएका व्यवस्थाहरूको कार्यान्वयनबाट आयोगले सम्पन्न गर्दै आएका अध्ययन अनुसन्धान, अन्तरक्रिया छलफल तथा अनुगमनको माध्यमबाट प्राप्त सुझावको आधारमा गरिएका नीतिगत सिफारिसहरू राज्यका तीन तहकै सरकारले लैङ्गिक मैत्री व्यवस्थाहरू गर्नका लागि आधार स्तम्भको रुपमा पुष्टि भएको देखिएको छ।
- आयोगमा स्थापित उजुरी तथा मुद्दा व्यवस्थापन शाखा तथा खबर गरौं हेल्पलाइन ११४५ को सञ्चालनबाट जुनसुकै किसिमको लैङ्गिक हिंसाबाट पीडित महिलाले पनि राष्ट्रिय महिला आयोगको संरक्षकत्वको महसुस गर्ने अवस्था स्थापित भएको छ। यो विषय सम्पूर्ण नेपाली महिलाहरूका लागि एक उल्लेखनीय उपलब्धिको रुपमा लिनुपर्दछ।
- आयोगको छरितो संगठन संरचना सीमित कर्मचारी संख्या र संङ्घीयस्तरमा मात्र कार्यालय रहनुको सिमितताले वृहत प्रकृतिको कार्यक्षेत्र समेट्न जटिलता देखिएको भएतापनि विद्यमान चुनौतीहरूलाई सामना गर्दै आफ्ना उपलब्ध साधन स्रोतहरूको बृहत परिचालन गर्दै उत्कृष्ट शैलीको सेवा प्रवाह र नीतिगत कार्य सम्पादनमा आयोग अब्बल संविधानिक निकायको रुपमा ठहर भएको छ।
- महिला अधिकार, समानता र सशक्तीकरणको सवालमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन, संविधानले व्यवस्था गरेका लैङ्गिक सवालहरू तथा आवधिक योजनाहरूमा भएका महिलाका सवालहरू कार्यान्वयन गर्ने गराउने सन्दर्भमा आयोगले नियमित तथा आकस्मिक रुपमा अनुगमन गरी सम्बन्धित निकायहरूलाई सिफारिस र सुझावको रुपमा पृष्ठपोषण गर्दै आएको र यसको परिणाम स्वरूप लैङ्गिक सूचकहरूमा सुधार भइरहेको देखिएको छ।
- महिलाको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका सूचकहरू तथा लैङ्गिकतामा आधारित महिला हिंसा सम्बन्धी सूचकहरूको अवस्था हेर्दा महिला अधिकारको सवालमा प्रगति भएको देखिएता पनि अपेक्षाकृत परिणाम हासिल गर्नका लागि मौजुदा व्यवस्थाहरुमा अझै थुप्रै सुधारहरु गर्नुपर्ने देखिएको छ।
- देशमा संङ्घीय संरचनाको अभ्यास भएको तर राष्ट्रिय महिला आयोग संङ्घीय स्तरमा मात्र रहेको भए तापनि आयोगको क्षेत्राधिकार अनुरूप रहेका सवालहरू र स्वीकृत वार्षिक कार्यक्रमहरुलाई

यथासम्भव तीनवटै तहका सरकारसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी आफ्ना गतिविधिहरुलाई निरन्तरता दिइरहेको छ।

- महिला अधिकार र सशक्तीकरण सम्बन्धी दिवसीय कार्यक्रमहरुलाई बहुआयामिक सरोकारवालाहरुसँगको उपस्थितिमा सम्पन्न गरिने गरेको र यस्ता दिवसहरूको अवसरमा प्राप्त हुने सुझावहरू आयोगबाट हुने नीतिगत सिफारिसका लागि महत्त्वपूर्ण अस्त्रको रूपमा सावित भएको देखिएको छ।
- राष्ट्रिय महिला आयोग र स्थानीय न्यायिक समिति बीचको कार्यगत समानताका कारण घरेलु हिंसा तथा अन्य किसिमका महिला हिंसा सम्बन्धी उजुरीको सम्बोधनमा आपसी सहकार्य हुनुपर्ने र लैङ्गिक हिंसाका घटनाको उपयुक्त व्यवस्थापन एवं स्थानीय न्यायिक समिति मात्र नभएर नेपाल प्रहरी, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र लगायत मुख्य सेवा प्रदायक गैरसरकारी क्षेत्रसँगको समेत सम्पर्क र समन्वय संजाल विकास गर्नु पर्ने देखिएको छ।
- पछिल्लो समयमा प्रविधिमा आधारित महिला हिंसाको प्रवृत्ति बढ्दो देखिएको हुँदा जोखिम न्यूनीकरणमा सबै नागरिक स्वयं सचेत हुनपर्ने र प्रतिकार्यमा सहजीकरण गर्ने निकायहरू समेत यस सम्बन्धी जोखिम न्यूनीकरणमा सचेत हुनु पर्ने देखिएको छ।
- लैङ्गिकता र विकासको अवधारणासँगै नेपालमा समेत लगभग दुई दशक अघिदेखि नै अभ्यासको सुरुवात भइसकेको लैङ्गिक उत्तरदायी बजेट पद्धतिको पूर्ण कार्यान्वयनमा सबै सरकारी निकायहरूको ध्यानाकर्षण हुनु पर्ने देखिएको छ।
- नीजि तथा सार्वजनिक संस्थाहरुमा महिलाको अर्थपूर्ण सहभागिता र व्यवस्थापकीय निर्णयमा प्रत्यक्ष संलग्नताको लागि देशको सार्वजनिक क्षेत्रका उच्च तहको नेतृत्व गर्ने व्यक्तिहरु र प्रभावशाली निजी संगठनका उच्च व्यवस्थापकहरूका लागि लैङ्गिक संवेदनशीलता विकासको लागि सचेतना तथा उच्च तहमा महिलाको नेतृत्व तथा क्षमता विकासका लागि कार्यगत व्यवस्थाहरू गर्नुपर्ने देखिएको छ।
- आयोगबाट प्रत्येक आर्थिक वर्षमा सम्पन्न हुने कार्यक्रमहरू, अध्ययन, अनुसन्धान, अनुगमन एवं सेवा प्रवाहको माध्यमबाट प्राप्त तथ्यको आधारमा समसामयिक लैङ्गिक सवालहरुमा नीतिगत सिफारिसहरु गर्रिँदै आएको भएतापनि संङ्घीय विषयगत मन्त्रालयबाट पूर्ण कार्यान्वयन हुन नसकेको देखिएकोले तत् तत् निकायहरूले आयोगका सिफारिस कार्यान्वयनमा रहेका अवरोधहरु पहिचान गर्दै र हटाउँदै आयोगका सिफारिसहरू कार्यान्वयनतर्फ जोड दिनुपर्ने देखिएको छ।
- देशको विभिन्न स्थानमा पुगी महिलाका सवालहरू सम्बोधन गर्दै सरकारी एवं गैरसरकारी क्षेत्रको अनुगमनको कार्य आयोगले प्राथमिकता साथ गर्दै आएको र अनुगमन पश्चात गरिने पृष्ठपोषणबाट भएको सुधारहरूको समीक्षा गर्दा आयोगले अनुगमनको कार्यलाई अझ बृहत रुपमा सञ्चालन गर्नुपर्ने आवश्यकता ठहर भएको छ।
- देशका विभिन्न स्थानबाट आयोगमा उजुरी गर्ने महिलाहरूलाई उजुरीको प्रकृति अनुरूप सुरक्षित आश्रयस्थल, कानुनी परामर्श, मनोसामाजिक विमर्श, कानुनी सहायता जस्ता सेवाको उपलब्धता गराइएको छ। सेवाग्राहीहरूको प्रतिक्रिया अनुसार आयोगबाट हुने सेवा लैङ्गिक संवेदनशील तथा पीडित मैत्री रहेको देखिएको छ।

- आयोगबाट विभिन्न किसिमका सूचना तथा सन्देशमूलक सामग्रीहरू उत्पादन र प्रसारण भइरहेकोमा यस्ता सामग्रीहरुले आम नागरिकमा लैङ्गिक सचेतना प्रवर्द्धन गर्न तथा नीति निर्माणमा समेत लैङ्गिक संवेदनशीलता विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको देखिएको छ।

## ११.२. भावी कार्यदिशा

### ११.२.१ राष्ट्रिय महिला आयोगको संस्थागत सुधार तथा क्षमता विकासतर्फः

- आयोगको केन्द्रीय कार्यालयका लागि काठमाडौं उपत्यकाभित्र उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी महिला मैत्री तथा अपाङ्गता मैत्री कार्यालय भवनको व्यवस्था गर्ने।
- आयोगको संगठन संरचनालाई समय सापेक्ष तथा आयोगको जिम्मेवारी अनुकूल बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने।
- सातै प्रदेशमा आयोगको कार्यालय स्थापना गरी आयोगको सेवालाई सहज पहुँचयोग्य बनाउने
- आयोगका पदाधिकारी एवं कर्मचारीहरूमा विषय विज्ञता तथा लैङ्गिक संवेदनशीलता विकास गर्न कार्यक्रमहरू सञ्चालन गर्ने।
- आयोगको अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि गर्ने।
- महिलाको क्षेत्रमा क्रियाशील रहेका बहुसरोकारवाला निकायहरूसँग कार्यात्मक सञ्जाल विकास गरी आयोगको समन्वयकारी भूमिकालाई थप सुदृढ बनाउने।
- महिला अधिकारको क्षेत्रमा कार्यरत विज्ञ तथा संघसंस्थाहरूको रोस्टर तयार गरी विशेषज्ञताको उपयोग गर्ने।
- आयोगका काम कारबाहीहरूलाई सूचना प्रविधिमा आधारित बनाउने।
- नेपाल सरकारका लैङ्गिक सम्पर्क इकाई/बिन्दुहरू बीच को सञ्जाललाई थप कार्यमूलक बनाउने।
- आयोगमा महिला हक अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय दस्तावेजहरूको अत्याधुनिक सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने।

### ११.२.२ महिलाको हक, हित र अधिकारसम्बन्धी नीति कानुनको तर्जुमा, परिमार्जन र कार्यान्वयनका लागि समन्वय, सहजीकरण र पैरवी गर्ने तर्फः

- आयोगबाट प्रदान गरिएका सुझाव तथा सिफारिस गरिएका विषयहरू नेपाल सरकार तथा अन्य निकायबाट कार्यान्वयन भए नभएको अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने,
- महिलाको हकहित सम्बन्धी प्रचलित कानुनमा सुधार गर्नु पर्ने विषयहरू अध्ययन/अनुसन्धान, छलफल तथा परामर्शबाट यकिन गरी सुधारको लागि पहल गर्ने।
- महिला हक अधिकार सम्बन्धी कानुन तर्जुमा वा परिमार्जन गर्दा राष्ट्रिय महिला आयोगलाई अनिवार्य रुपमा संलग्न गराउने व्यवस्था गराउने।

### ११.२.३ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयनको अनुगमन गर्ने तर्फः

- नेपाल पक्ष भएका महिलाको हक अधिकार संरक्षण सम्बन्धी प्रतिबद्धता अन्तर्गतको दायित्वलाई राष्ट्रिय नीति, कानुन तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने।
- महिला अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिबद्धता र दायित्व कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा अनुगमन गर्ने संयन्त्र स्थापना गरी सूचकमा आधारित अनुगमन र प्रतिवेदन गर्ने।
- महिला हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समिति/मञ्चहरूमा प्रभावकारी सहभागिता र प्रतिवेदन गर्ने पद्धतिको विकास गर्ने।

### ११.२.४ लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक न्याय सुनिश्चितता गर्न अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिनेतर्फः

- नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहहरुबाट सञ्चालित कार्यक्रमहरू लैङ्गिक मैत्री भए नभएको विषय वार्षिक रुपमा अध्ययन गरी सुझाव गर्ने प्रवृत्तिको विकास गर्ने।
- कानुनमा विद्यमान असमानता र महिलाका जैविक आवश्यकताको स्थिति, सम्बन्धमा नियमित अनुगमन, अध्ययन, अनुसन्धान र सिफारिस गर्ने।
- महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापहरूको आर्थिक मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदान गर्ने व्यवस्थाका लागि आवश्यक पहल गर्ने।
